२६५
भक्तपुर
मासिक
Bhaktapur Monthly
माघ २०७५



# भक्तपुर नगरपालिकाको चौथो नगर सभा सम्पन्न

- भक्तपुर नपाको सपना : शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा
- नेकपाको सरकार पूँजीपति वर्गको सञ्चालक समिति
- जनतालाई विश्वासघात गर्नेहरू एक दिन फोहोर फाल्ने नालीमा फालिनेछन्
- जेलों पुखुचाको ढुङ्गेधाराको मुहान
- लगानी सम्मेलन र ५२ अर्बको कुरा
- भक्तपुर नपाको प्रतिनिधिमण्डल विभिन्न नपाको भ्रमणमा
- भक्तपुर नपाका गतिविधिहरू



भूकम्पबाट क्षतिग्रस्त भक्तपुर लायकुको केदारनाथ (बायाँ, निर्माण सम्पन्न) र
बत्सला मन्दिर (दायाँ, ५० प्रतिशत निर्माण सम्पन्न)



ऐतिहासिक भाजु पोखरीको पुन:निर्माणको लागि ख्वप इञ्जिनियरिङ्ग कलेजको
भक्तपुर पुन:निर्माण समितिले प्रस्ताव गरेको नक्सा ।

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #^★cÆ #★g]; =!#(★lj÷; =@)&%df3★A.D.2019

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

काठमाडौंको रानी पोखरीको पुरानो चित्र। यो चित्र जर्मनी (पर्सिया) का राजकुमार वाल्डेमर (सन् १८१७-१८४९) को सन् १८४४-१८४६ मा भारत, श्रीलंका, नेपाललगायतको भ्रमणबारे सन् १८५३ मा प्रकाशित 'दि जर्नी अफ हिज रोयल हाइनेस प्रिन्स वाल्डेमर अफ प्रसिया' पुस्तकमा रहेको छ।



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## ‘जीवनमा उनै असफल हुन्छन्, जो कामचोर हुन्छन् ।’– कन्फ्यूशियस

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाको चौथो नगरसभा | – | ३ |
| २) नपाका हरेक गतिविधि जनताबीच खुला पुस्तकसरह | – | २१ |
| ३) कराँते प्रतियोगिताबारे पत्रकार सम्मेलन | – | २५ |
| ४) ‘व्यवसायी तथा व्यापारीहरूले समाजलाई सभ्य र सुसंस्कृत बनाउन योगदान गर्नुपर्ने’ | – | २६ |
| ५) टौमढी क्षेत्रमा चारपांग्रे सवारी प्रवेश निषेध | – | २७ |
| ६) नगर प्रमुख प्रजापति विभिन्न नपामा | – | २८, ३२, ३४, ३५, ३६, ३७ |
| ८) ‘सरकारमा जाने नेताको गल्तीले देश डुब्छ’–सुनिल प्रजापति | – | २९ |
| ९) नेकपा सरकार नाममा कम्युनिष्ट तर व्यवहार पूँजीवादी | – | ३० |
| १०) नेकपाको सरकार पूँजीपति वर्गको सञ्चालक समिति | – | ३१ |
| ११) विदेशीलाई नागरिकता दिंदा राजनैतिक अधिकार पनि जान सक्ने | – | ३३ |
| १२) एभीन्युज टिभीसँग–जनतालाई विश्वासघात गर्नेहरू एक दिन फोहोर फाल्ने नालीमा फालिनेछन् | – | ३३ |
| १३) देश र समाज केन्द्रित राजनीति गर्नुपर्नेमा जोड | – | ३५ |
| १४) प्रमुख प्रजापतिको लाहानमा पत्रकार भेटघाट कार्यक्रम | – | ३८ |
| १५) भक्तपुर नपाद्वारा अरनिको सभाभवन निर्माण स्थल सरसफाइ | – | ३९ |
| १६) विद्यालयका छात्राहरूलाई आत्मरक्षासम्बन्धी तालिम | – | ३९ |
| १७) राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा भक्तपुर नगरपालिकाको प्रस्तुति | – | ४० |
| १८) नेमकिपा वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा संघर्षरत | – | ४१ |
| १९) विद्यार्थीले भक्तपुरको सम्पदाको अध्ययन–अनुसन्धानमा जोड दिनुपर्ने | – | ४२ |
| २०) अन्तर नगर कराँते प्रतियोगिता मूल समिति भेला | – | ४४ |
| २१) सल्लाघारीमा मापदण्डमा परेका घर टहरा हटाइयो | – | ४५ |
| २२) अँचा पोखरीको सत्तल पुनःनिर्माणको शिलान्यास | – | ५१ |
| २३) विश्व परिस्थितिबारे विद्यार्थीहरूलाई बताउनु पर्ने | – | ५२ |
| २४) पथप्रदर्शक इतिहास बंग्याउने कुराबाट सचेत हुनुपर्ने | – | ५४ |
| २५) राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिताको उद्घाटन | – | ५५ |
| २६) स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकतामा राख्नुपर्ने | – | ५९ |
| २७) तुमचो दुगुरे क्षेत्रमा विकास निर्माण कार्य तीव्र | – | ६१ |
| २८) भक्तपुर नपाको सपना:शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा | सुनिल प्रजापति | ६४ |
| २९) भक्तपुरका मेयरको नारा : मागेर विकास हुन्न, आईएनजीओ चाहिएन | विशाल सापकोटा | ६७ |
| ३०) पुनःनिर्माण कार्यमाकुनै विदेशीको सहयोग छैन | सुनिल प्रजापति | ६९ |
| ३१) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ७१ |
| ३२) भारतबारे कार्ल मार्क्स | फकरुल अलाम | ८३ |
| ३३) जेलाँ पुखुचाको ढुङ्गेधाराको मुहान | ओम धौभडेल | ८६ |
| ३४) लगानी सम्मेलन र ५२ अर्बको कुरा | बी. श्रेष्ठ | ८९ |
| ३५) SKETCHES FROM NIPAL (33) | Henry Ambrose Oldfield | ९२ |
| ३६) देश संघीयतामा जानु के गल्ती थियो ? (सम्पादकको पृष्ठ) | – | ९६ |


### साथमा


चिनियाँ नीतिकथा:आधा दिनको बिदा –२८/भूकम्प सुरक्षा दिवसमा दुईदिने शैक्षिक प्रदर्शनी –४३/विदेशमा एक वर्षमा ८७८ श्रमिकको मृत्यु–४४/मन्त्री भ्रमणमा साढे २ करोड–४६/ख्वपबाट कार्यालय सहयोगी थापाको बिदाइ–४६/ तस्बिरमा केही गतिविधि (रंगीन पृष्ठ)–४७/कृषि चुन प्रयोगसम्बन्धी अभिमुखीकरण–५३/रक्त तथा पिसाव परीक्षण शिविर सम्पन्न–५८/टौमढीमा सवारी प्रवेश निषेधबारे छलफल–६०/भक्तपुर नगर पालिकाको बजार अनुगमन–६२/सहकारी संस्थाहरूको अनुगमन जारी–६३/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–८५/बसिबियाँलो–८८/तपाईंको भान्सा:भान्साबाटै उच्च रक्तचाप नियन्त्रण–९०/पाटी विवरण (९)– वडा नं. ३ (साविक वडा नं.१३ र १६)–९१/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ पुस महिनाको प्रतिवेदन–९३/नेपालको संविधान २०७२, भाग–३०, संकटकालीन अधिकार (४०)–९४/पुस महिनाको पर्यटक तथ्याङ्क–९५ ।

# भक्तपुर नगरपालिकाको चौथो नगरसभा



स्थानीय तहको हरेक आर्थिक वर्षमा बजेट अधिवेशन र विधेयक अधिवेशन गरी दुईपटक नगरसभा गर्नुपर्ने कानुनी व्यवस्था छ। यसै व्यवस्थाअनुसार भक्तपुर नगरपालिकाको चौथो नगरसभा वा विधेयक अधिवेशन पुस ३० गते शुरु भई माघ २२ गते सम्पन्न भएको छ।

## समुद्घाटन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाको चौथो नगरसभा पुस ३० गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रमका **प्रमुख अतिथि बिजुक्छें**ले देशको स्थिति निराशाजनक रहे तापनि आशाका सम्भावना अझ बाँकी रहेको विचार व्यक्त गर्नुभयो।

विश्व राजनीतिको चर्चा गर्नुहुँदै नेता बिजुक्छेंले पूँजीवादी देशहरूमा अस्थिरता बढिरहेको बताउनुहुँदै नेपालका भूतपूर्व र वर्तमान सेनाप्रमुखहरू भारत भ्रमणमा रहनु शंकास्पद रहेको बताउनुभयो।











कार्यक्रममा बोल्नुहुँदै क्रमशः नारायणमान बिजुक्छें, प्रेम सुवाल, सुनिल प्रजापति, सुरेन्द्रराज गोसाई र सृजना सैंजु

अमेरिकामा सरकारी खर्चसम्बन्धी व्यवस्था हुन नसक्दा उत्पन्न गञ्जागोलको अवस्था र भारतमा धर्म, जात र भाषाको आधारमा राजनीति गरी फासीवादको अभ्यास भइरहेको विचार व्यक्त गर्नुभयो । उहाँले आसियानको प्रयोग गरी अमेरिकी साम्राज्यवाद एसियामा क्रियाशील हुन खोजिरहेको बताउनुभयो ।

साम्राज्यवादी देशहरूको एसियामा आफ्नो पकड बनाइ राख्न विभिन्न देशहरूमा आधार शिविर बनाउन क्रियाशील रहेकोप्रति नेपाल सचेत हुनुपर्ने विचार व्यक्त गर्नुहुँदै कम्बोडियाको राजनीतिक इतिहासको चर्चा गर्नुभयो ।

बिमस्टेकको बैठक बसेर सार्कको बैठक नबस्नुमा भारतीय विस्तारवादको मुख्य भूमिका रहेको विचार व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले हिन्द महासागरमा भारतीय र अमेरिकी साम्राज्यवादको सहकार्य गरी चीनमाथि प्रहार गर्न खोज्नु गलत भएको विचार व्यक्त गर्नुभयो ।

उहाँले चीनको विरुद्धमा नेपाललाई एसिया प्यासिफिक क्षेत्रको सैनिक आधार शिविरको रूपमा साम्राज्यवादीहरूले प्रयोग गर्न खोजिरहेको प्रति नेपाल सरकार र नेपाली जनताहरू सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् **सांसद प्रेम सुवाल**ले सहकारी ऐन संशोधनका लागि संसदमा विचाराधीन रहेको जानकारी गराउनुहुँदै सम्पदा विनास गरेर विकास निर्माण हुन नसक्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले पुस्तकालय व्यवस्थापन र सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने र भक्तपुर नगरलाई प्रकाश स्तम्भको रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विदेशमा प्रतिबन्धित औषधि नेपालमा बिक्री वितरण भइरहेको समाचार सुन्नमा आएको बताउनुहुँदै उहाँले सरकारी अस्पतालको सुविधाहरू व्यवस्थित गर्नुपर्ने बताउनुभयो । उहाँले देशभरिका मानिसहरू राजधानीकेन्द्रित हुनबाट रोक्न सरकारले देशको सन्तुलित विकासमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सभापतिको आशन ग्रहण गर्नुहुँदै भक्तपुर नपाका **प्रमुख सुनिल प्रजापति**ले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, कला–संस्कृति संरक्षित सांस्कृतिक नगर बनाउने उद्देश्य पूरा गर्न जनप्रतिनिधिहरू अग्रसर रहेको र नगरपालिकाको हरेक गतिविधि जनताबीच खुला पुस्तकसरह रहेको विचार व्यक्त गर्नुभयो ।

स्थानीय भाषा, संस्कृति, लिपि, सम्पदा, खेलकुदलगायत समाजको विभिन्न क्षेत्रहरूमा ख्यातिप्राप्त व्यक्तित्वहरूबारे जानकारी गराउने उद्देश्यले स्थानीय पाठ्यक्रम बनाई लागू गरिसकेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले सरसफाइलाई अझ व्यवस्थित गर्न फोहोर व्यवस्थापनको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपायहरू पहिल्याउन प्राविधिक टोली गठन गरिसकेको बताउनुभयो ।

*(प्रमुख प्रजापतिको मन्तव्यको पूर्ण पाठ २१ पृष्ठमा)*

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेश नं ३ का सांसद **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नगरपालिकाको क्रियाकलापहरू उत्साहजनक रहेको बताउनुभयो । सुन्दर नगरी निर्माण गर्न खोट–खराबी निमिट्यान्न पार्दै सबल पक्षलाई प्रवर्द्धन गर्दै लानुपर्ने बताउनुहुँदै सांसद गोसाईंले भक्तपुर नगरपालिकाले शिक्षा र संस्कृति प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेश नं. ३ का अर्का **सांसद सृजना सैंजु**ले पूँजीवादमा राजतन्त्र र लोकतन्त्रमा केही भिन्नता नहुने र पूँजीवादी व्यवस्था राजनैतिक रूपमा अप्रजातान्त्रिक र पतनशील व्यवस्था भएको विचार व्यक्त गर्नुभयो ।

नेपालमा अहिले कम्युनिष्ट भन्न रुचाउने पूँजीवादी पार्टीहरूले शासन गरिरहेको उल्लेख गर्दै स्थानीय तहले सहकारीमार्फत जनताको समस्या समाधानतर्फ ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका **प्रजिअ नारायणप्रसाद भट्ट**ले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम, योजना र बजेट कार्यान्वयन उत्साहजनक रहेको बताउनुहुँदै भक्तपुर नपाको कार्य अरुको



कार्यक्रममा बोल्नुहुँदै नारायणप्रसाद भट्ट, उकेश कवां, रविन्द्र ज्याख्व, पुरुषोतमलोचन श्रेष्ठ र रोहितराज पोखरेल




लागि नमुना र अध्ययनको विषयको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

**इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठ**ले भक्तपुर नपाले अरु नगरपालिकाको लागि अनुकरणीय कार्य गरी देखाएको र सम्पदा संरक्षण र सम्बर्द्धन गरी नगरका कुना-काप्चामा आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गरिरहेको छ भन्नुभयो ।

भक्तपुर नपाका **कार्यकारी अधिकृत रोहितराज पोखरेल**ले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का **वडाअध्यक्ष उकेश कवां**ले स्वागत गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का **वडाअध्यक्ष रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## पहिलो दिन

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको उद्घाटन पछि पुस ३० गते पहिलो बैठक बस्यो ।

भक्तपुर **नपा प्रमुख सुनिल प्रजापति**ले सभाअध्यक्षको आशनबाट भनपा सभाकक्षमा सभाको सुरुवात गर्नुभयो ।

सभाअध्यक्ष प्रजापतिले निर्माण समितिका संयोजक **उकेश कवां**लाई आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेटको रकमान्तरण सम्बन्धी प्रस्ताव पेश गर्न समय प्रदान गर्नुभयो ।

निर्माण समितिका संयोजक उकेश कवांबाट रकमान्तरण प्रस्ताव वाचन गरी सभामा पेश गर्नुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई नवदुर्गाको मुकुन्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका २०७५ छलफलको लागि सभामा पेश गर्न समय प्रदान गर्नुभयो ।

विधायन समितिका संयोजक सुवालले उक्त निर्देशिका वाचन गरी सभामा पेश गर्नुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले शिक्षा समितिका सदस्य **रविन्द्र ज्याख्व**लाई भक्तपुर नपाको चौथो नगरसभा उद्घाटन कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो ।

सदस्य ज्याख्वले सभामा धन्यवाद ज्ञापन प्रस्ताव वाचन गरी पेश गरेपछि सभाअध्यक्ष प्रजापतिले सो प्रस्ताव पारित गर्न सभामा प्रस्तुत गर्नुभयो । सभासद्हरूले हात उठाइ सो प्रस्ताव पारित गरेको जानकारी गराउनुहुँदै सभाअध्यक्ष प्रजापतिले माघ १ गते दिनको १ बजे अर्को बैठक बस्ने जानकारी गराउनुभयो ।

## दोस्रो दिन

- **बजेट रकमान्तरण प्रस्ताव पारित**
- **नवदुर्गा मुकुण्डो निर्माण अक्षयकोष निर्देशिका पारित**

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको दोस्रो बैठक माघ १ गते भनपा सभाकक्षमा सभाअध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले सुरु गर्नुभयो ।

सभाको सुरुमा सभाअध्यक्षबाट सभासद्हरूलाई नगरपालिकाको विभिन्न गतितिविधिहरूबारे राय सुझाव दिनको लागि विशेष समयको व्यवस्था गर्नुभयो ।




बैठकमा बोल्नुहुँदै उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू श्यामकृष्ण खत्री, हरिप्रसाद बासुकला, राजकृष्ण गोरा र कुमार चवाल

विशेष समयमा सभासद्हरूले बोल्नुहुँदै सभासद् **पूर्णगोपाल राजचल**ले टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारी प्रवेश निषेधपछि चासुखेल र खलाँमा सवारी चाप बढ्ने र सवारी जाम हुन सक्ने देखिएकोले यसको सम्बोधन हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले वडा वडामा नै फोहोर व्यवस्थापन गर्नुपर्ने र सोको लागि आवश्यक जग्गाहरू अधिग्रहण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले सहकारी संस्थाहरूको अनुगमनको क्रममा जगेडा कोषको १० प्रतिशत रकम सदुपयोग गर्नुपर्ने, शहीदस्मृति खेलमैदान व्यवस्थापन गर्नुपर्ने र बिस्केट जात्रामा भैरवको रथ गुडाउन बाटो छेउ ढुङ्गाको खम्बा व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सम्झना खाइजु**ले विभिन्न नगरपालिकाबाट भक्तपुर अध्ययन भ्रमणमा प्रतिनिधिहरू आएजस्तै भक्तपुर नपाका प्रतिनिधिहरूको पनि विभिन्न नगरपालिकाहरूको अध्ययन भ्रमणको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले वडा-वडामा विनियोजन गरेको रु. ५० लाख बजेटलाई नियमानुसार सदुपयोग गर्न लेखापालको तालिम दिनुपर्ने, नगरपालिकाका विभिन्न शाखाहरूमा जाडोको लागि हिटरको व्यवस्था गर्नुपर्ने, भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्यको प्रयोगशालामा आधुनिक यन्त्रको व्यवस्था गर्नुपर्नेलगायतका सुझाव दिनुभयो ।

सभासद् **कृष्णगोपाल छुस्याबाग**ले लिबाली आवास योजनाको खोलामा ग्याबलिङ वाल बनाउनुपर्ने, खोला बगरको सडक निर्माण शीघ्र सम्पन्न गर्नुपर्ने, लिबाली क्षेत्रमा खानेपानी, सडक पीच र कभर्ड हल यथाशीघ्र निर्माण गर्नुपर्नेलगायत विविध सुझावहरू दिनुभयो ।

सभासद् **इन्द्रबहादुर प्याथ**ले हनुमन्ते र खासाङखुसुङ खोलाको व्यवस्थापनको लागि छुट्याइएको बजेट अन्यत्र रकमान्तरण गर्नुपर्ने, आदर निकेतनको निर्माणसम्बन्धी प्रगति विवरण प्रस्ट पार्नुपर्ने, बहुउद्देश्यीय भवनको निर्माण कार्य शीघ्र सम्पन्न गर्नुपर्ने, लिबाली क्षेत्रको खानेपानी समस्या समाधान गर्नुपर्ने र भनपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा टिकेटिङ व्यवस्था सहज बनाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले भनपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा कम्प्युटर प्रणालीबाट टिकेटिङको व्यवस्था गर्नुपर्ने, हनुमानघाटको मसान नजिकै पार्टी प्यालेस खोल्न दिन नहुने र जनस्वास्थ्य केन्द्रको औषधि पसल अन्यत्र सार्नुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूले दिनुभएको सुझाव र जिज्ञासाहरूलाई सम्बोधन गर्न सभाअध्यक्ष प्रजापतिले सम्बन्धित समितिका संयोजकहरूलाई समय प्रदान गर्नुहुँदै सुरुमा आर्थिक समितिका संयोजक **हरिप्रसाद बासुकला**लाई समय प्रदान गर्नुभयो ।

संयोजक बासुकलाले सहकारी संस्थाहरूको जगेडा कोषको १० प्रतिशत सुरक्षण कोष कार्यविधि तयार पारेर परिचालन गर्ने र वडाका लेखापालहरूलाई तालिमको तयारी भइरहेको प्रष्ट पार्नुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले खानेपानी समितिका संयोजक **महेन्द्र खायमली**लाई समय प्रदान गर्नुभयो । संयोजक खायमलीले भक्तपुर नपामा खानेपानी मुख्य समस्याको रूपमा रहेको तर यसको सबै अधिकार काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा निहीत रहेको जानकारी गराउनुहुँदै नगरका विभिन्न स्थानहरूमा खानेपानीको पाइप बिछ्याउने काम भएको, तुमचोमा खानेपानीको व्यवस्था गर्न काउखालिलाई आवश्यक नक्सामात्र बनाउने जिम्मा दिएको र मेलम्चीको पानी पाण्डुबजारको ट्याङ्कीमा जम्मा भएपछि वितरणको लागि आवश्यक पाइप बिछ्याउन पत्राचार गरिसकेको जानकारी गराउनुभयो ।

सभाअध्यक्ष प्रजापतिबाट अनुमति प्राप्त गरी निर्माण समितिका संयोजक **उकेश कवां**ले लिबाली क्षेत्रमा पीच गर्न यस आ.व.मा बजेट विनियोजन नभएको, आदर निकेतन निर्माण गर्न आवश्यक तयारी भइरहेको, मसानघाटसँगै पार्टी



बैठकमा बोल्नुहुँदै वडाध्यक्षहरू प्रेमगोपाल कर्माचार्य, हरिराम सुवाल, उकेश कवां, महेन्द्र खायमली र रविन्द्र ज्याख्व

प्यालेस उपयुक्त नभएको, प्राविधिक कारणले लिबाली क्षेत्रको सडक पीच गर्ने काम ढिलाइ भएको बताउनुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति एवम् स्वास्थ्य समितिका सदस्य **रविन्द्र ज्याख्व**लाई सम्बन्धित समितिहरूबारे प्रष्ट पार्न समय प्रदान गर्नुभएको थियो ।

संयोजक ज्याख्वले सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफलपछि मात्रै टौमढी क्षेत्रमा बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक चारपाङ्ग्रे सवारीसाधन प्रवेश निषेध गरेको, वैकल्पिक मार्ग व्यवस्थापनको लागि ट्राफिकसँग सरसल्लाह भइरहेको, खलाँमा गाडी चलाउन मिल्ने गरी आवश्यक व्यवस्था गर्न तयारी भइरहेको, बिस्केट जात्रा व्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक तयारी भइरहेको, सानो ठाउँमा धेरै फोहोर व्यवस्थापन गर्न मिल्ने गरी तयारी भइरहेको, जनस्वास्थ्य केन्द्रलाई अझ व्यवस्थित गर्न फार्मेसी स्थानान्तरणको लागि तयारी भइरहेको, प्रयोगशाला भवन सडक मापदण्डमा पर्ने भएकोले सोको स्थानान्तरण गरी आधुनिक यन्त्र–उपकरण सम्पन्न गर्न योजना भइरहेको, जनस्वास्थ्य केन्द्रमा नयाँ कर्मचारी भर्ना गरी कम्प्युटर प्रणालीबाट टिकेटिङ व्यवस्था गर्न तयारी भइरहेको, ढलको स्लाब फेर्नको लागि नयाँ स्लाबहरू बनिसकेको र छिट्टै पुनःस्थापित हुने स्पष्ट पार्नुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले आ.व. २०७५/७६ को लागि विनियोजित वार्षिक बजेट रकमान्तरण प्रस्तावमाथि छलफल गर्न सभासद्हरूलाई समय प्रदान गर्नुभयो ।

छलफलमा भाग लिंदै सभासद् **ज्ञानकुमार मगजु**ले मर्मतसम्भारको रकमान्तरणसम्बन्धमा आ.व. २०७५/७६ को बजेटसम्बन्धी उल्लेख गर्नुपर्ने र राजकुलो पुनःनिर्माणको लागि बजेट व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजेन्द्र माक**ले बजेटमा उल्लेख गरेका योजना र कार्यक्रमहरू कार्यान्वयन नगरी रकमान्तरण गर्नुपर्ने कारण प्रस्ट पार्नुपर्ने, हनुमन्ते खोलाको सुधारको बजेट ब्रम्हायणी खोलामा रकमान्तरण गर्नुको उपयुक्त कारण प्रष्ट्याउनुपर्ने, हनुमन्ते खोला दिगो व्यवस्थापनको लागि जस्टिके पुलमुनिको सतह तल झार्नुपर्ने सुझाव दिनुभयो ।

बजेट रकमान्तरणसम्बन्धी छलफलमा भाग लिंदै सभासद् **सिद्धिराम अवाल**ले पाँच तल्ले मन्दिर जीर्णोद्धारको रकम अन्यत्र रकमान्तरण गर्न उचित कारण प्रस्ट पार्नुपर्ने र वाकुपति नारायण मन्दिरको छानामा सुनको जलप लगाउन रकमान्तरण गर्नुपर्ने कारण प्रस्ट पार्नुपर्ने सुझावहरू राख्नुभयो ।

सभासद्हरूले उठाएका विभिन्न विषयहरूलाई स्पष्ट पार्दै निर्माण समितिका संयोजक **उकेश कवां**ले राजकुलोको विषयमा छलफल भएको तर धेरै बजेट लाग्ने भएकोले यो आ.व.मा सम्भव नभएको, प्राविधिक कारणले यो वर्ष पाँच तल्ले मन्दिर जीर्णोद्धार सम्भव नहुने भएकोले यसको रकमान्तरण गरेको र हनुमन्ते खोला ब्रम्हायणीदेखि नै सुरु हुने भएकोले यसलाई यही रूपमा बुझ्न सभासद्हरूलाई अनुरोध गर्दै स्पष्ट पार्नुभयो ।

छलफलपश्चात् सभाध्यक्ष **सुनिल प्रजापति**ले आर्थिक वर्ष २०७५/७६ को लागि विनियोजित वार्षिक बजेटको रकमान्तरण प्रस्ताव निर्णयार्थ बैठकमा पेश गर्नुभयो । बैठकबाट सर्वसम्मतिले सो प्रस्ताव पारित भएको जानकारी गराउनुहुँदै आधा घण्टाको लागि बैठक स्थगित गर्नुभयो ।

बैठक पुनः सुरु गर्नुहुँदै सभाअध्यक्षले **नवदुर्गा मुकुन्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका २०७५** मा छलफलको लागि सभासद्हरूलाई समय प्रदान गर्नुभयो ।

छलफलमा भाग लिंदै सभासद् **राजेन्द्र माक**ले अक्षय कोषको बैंक खाता सरकारी बैंकमा खोल्नुपर्ने, नयाँ युवाहरूलाई पनि मुकुन्डो बनाउने तालिम दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले मुकुन्डो निर्माणको लागि पहिलेदेखिको गुठीको जग्गाको स्रोतको सोधखोज गरी सदुपयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले छलफलमा भाग लिंदै



बैठकमा बोल्नुहुँदै वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा, सभासद्हरू रोशनमैया सुवाल, बलराम न्हिसुतु, पूर्णगोपाल राजचल र हरिरत्न गोर्खाली

नवदुर्गाको मुकुन्डो बनाउन नसकिए जात्रा नै बन्द हुने भएकोले विगतमा स्रोतको व्यवस्थापन कसरी भइरहेको हो यसको अध्ययन अनुसन्धान गरी स्रोत परिचालन गर्नुपर्ने र गुठी संस्थानलाई जात्रा, पर्व सञ्चालनमा जिम्मेवार बनाउन आवश्यक पहल गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **सिद्धिराम अवाल**ले नवदुर्गाको मुकुन्डो अष्टमीसम्म निर्माण गरिसकी नवमीको दिन प्रदर्शनी गर्ने गरी संशोधन गर्नुपर्ने, समितिमा नगरपालिकाका प्रतिनिधिहरूको बहुमत हुने गरी व्यवस्था गर्नुपर्ने र दफा ८ मा ब्याज खर्च गर्ने सुझाव दिनुभयो।

त्यस्तै छलफलमा भाग लिंदै सभासद् **जितेन्द्र मुनंकर्मी**ले नवदुर्गा नाच सञ्चालनसम्बन्धी मुकुन्डो निर्माणबाहेक अन्य आवश्यक क्षेत्रहरूलाई पनि सम्बोधन गर्नुपर्ने, अक्षयकोष खर्च पुग्ने गरी ब्याज आउने गरी व्यवस्था गर्नुपर्ने, भक्तपुरका अन्य लोपोन्मुख जात्रा पर्वहरूको लागि पनि अक्षय कोषको व्यवस्था गर्नुपर्ने र उपत्यकाका अन्य विभिन्न ठाउँमा प्रचलित मुकुन्डो नाचको अध्ययन अनुसन्धान गरी नवदुर्गा नाचमा लागु गर्नुपर्नेलगायतका सुझावहरू दिनुभयो।

सभासद् **शिवप्रसाद बाला**ले नवदुर्गा नाच सम्बन्धमा वनमालाहरूको पनि समस्या भएकोले यसलाई पनि सम्बोधन गर्नुपर्ने, यस जात्राको पुरानो स्रोतहरू परिचालन गर्नुपर्ने र निर्देशिकाको बुँदा १.२ मा मुकुन्डो शब्द थप्नुपर्ने सुझाव दिनुभयो।

सभासद्हरूको जिज्ञासा र सुझाव प्राप्त भएपछि सभाअध्यक्ष **सुनिल प्रजापति**ले विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई प्रस्ट पार्न समय प्रदान गर्नुभयो। विधायन समितिका संयोजक सुवालले सभासद्हरूको जिज्ञासा सम्बोधन गर्दै अक्षय कोषको रकम 'क' वर्गको बढी ब्याज दिने बैङ्कमा जम्मा गर्ने तयारी भइरहेको, अन्य जात्रा र पर्व सञ्चालनसम्बन्धी विषय यो निर्देशिकामा उल्लेख गर्न जरुरी नभएको, अष्टमीसम्म मुकुन्डो निर्माण सकी नवमीमा प्रदर्शनी गर्ने गरी संशोधन गर्न सकिने र समितिमा नपाका प्रतिनिधिको बहुमत हुने गरी सदस्य राख्न उपयुक्त हुने र दाताहरूबाट सहयोग संकलन कार्य सहज बनाउन गुठी र जिल्ला प्रशासन कार्यालयसमेतलाई समितिमा सदस्य बनाएको स्पष्ट पार्नुभयो।

छलफलपश्चात सभाअध्यक्ष प्रजापतिले **नवदुर्गाको मुकुन्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका २०७५** निर्णयार्थ सभामा पेश गर्नुभयो। सभाबाट सर्वसम्मतिले उक्त निर्देशिका पारित भएको जानकारी गराउनुभयो।

त्यसपछि सभाअध्यक्षले सभासद्हरूलाई अध्ययनार्थ **शैक्षिक ऋण दिनेसम्बन्धमा बनेको निर्देशिका २०७५** र भक्तपुर नगरपालिकाका **अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी कार्यविधि २०७५** वितरण गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो।

सभाअध्यक्षले अर्को बैठक माघ २ गते बुधबार दिनको १ बजे बस्ने गरी आजको बैठक सम्पन्न भएको जानकारी गराउनुभयो।

## तेस्रो दिन

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको तेस्रो दिन माघ २ गते बुधबार सभाअध्यक्ष **सुनिल प्रजापति**ले सुरु गर्नुहुँदै आजको कार्यसूचिमा सुरुमा वडा–वडाको प्रगति प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको सभालाई जानकारी गराउनुहुँदै क्रमशः वडा नं. १ देखि १० सम्मका वडाअध्यक्ष एवम् प्रतिनिधिलाई समय प्रदान गर्नुभयो। त्यस क्रममा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री,** वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला,** वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा,** वडा नं. ४ का वडाध्यक्ष **कुमार चवाल** र वडा नं. ५ का वडाध्यक्ष **प्रेमगोपाल कर्माचार्य** ले आ–आफ्नो वडाका कार्यक्रम, योजना, प्रशासनिकलगायत विभिन्न विषयका प्रगति प्रतिवेदन बैठकमा पेश गर्नुभयो। त्यसपछि सभाअध्यक्षले आधा घण्टाको लागि सभा स्थगित गर्नुभयो।

सभा पुनः सुरु गर्नुहुँदै सभाअध्यक्ष प्रजापतिले बाँकी वडाका वडाध्यक्षहरू र प्रतिनिधिलाई सम्बन्धित वडाको प्रगति



बैठकमा बोल्नुहुँदै सभासद्हरू गंगालक्ष्मी बमनु, श्यामसुन्दर मातां, राजकुमार शिल्पकार, जितेन्द्र मुनंकर्मी र कृष्णगोपाल छुस्याबाग

प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो । त्यस क्रममा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल,** वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां,** वडा नं. ८ का वडाध्यक्ष **महेन्द्र खायमली** – वडा सदस्य **शिवप्रसाद बाला,** वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखाले** आ–आफ्नो वडाका कार्यक्रम, योजना, प्रशासनिकलगायत विभिन्न विषयका प्रगति प्रतिवेदन सभामा पेश गर्नुभयो ।

सभाध्यक्ष प्रजापतिले वडा नं. १ देखि १० सम्मका सबै वडाहरूको अर्धवार्षिक प्रगति प्रतिवेदन पेश भएको जानकारी गराउनुहुँदै नगरपालिकाका विभिन्न समितिहरूको प्रतिवेदन पनि सभामा पेश गर्ने तयारी भइरहेको जानकारी दिनुहुँदै आजको कार्यसूचिको बाँकी कार्यतालिका हटाएको बताउनुभयो ।

बैठक बिहीबार १ बजे बस्ने जानकारी गराउनुहुँदै सभाध्यक्षले आजको बैठक सम्पन्न गर्नुभयो ।

## चौथो दिन

### • शैक्षिक ऋणदिने सम्बन्धी निर्देशिका २०७५ पारित

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको चौथौं दिनको बैठक माघ ३ गते सभाध्यक्ष सुनिल प्रजापतिले सभासद्हरूलाई स्वागत गर्नुहुँदै आरम्भ गर्नुभयो । सुरुमा सभाअध्यक्ष प्रजापतिले कार्यसूचिअनुसार विशेष समयको व्यवस्था गरेको जानकारी गराउनुहुँदै सभासद्हरूलाई नपा र वडासँग सम्बन्धित भएर बोल्न चाहनेहरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो । प्राप्त नामअनुसार सभाअध्यक्षले क्रमशः निम्न सभासद्हरूलाई बोल्नको लागि समय प्रदान गर्नुभयो ।

विशेष समयमा बोल्नुहुँदै सभासद् **सिद्धिराम अवाल**ले देको मिवा इतापाके आवास योजना तीव्र गतिमा सम्पन्न गर्नुपर्ने, अरनिको सभाभवन छिट्टै निर्माण सुरु गर्नुपर्ने, पाँचतले मन्दिरको भुसारांको दिन झण्डोत्तोलन गजुर भएको तलामा गर्नुपर्नेमा पहिलो तल्लामै गरेको विषयमा नगरपालिकाको ध्यान जानुपर्ने र यसको समाधानको लागि पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजेन्द्र माक**ले विशेष समयमा बोल्नुहुँदै विभिन्न वडाका प्रगति प्रतिवेदन समस्याको प्रतिवेदनजस्तो प्रस्तुत भएकोले यस सम्बन्धमा स्पष्ट पार्नुपर्ने, सुकुन्डा फाँटमा व्यवस्थित आवास योजना सञ्चालन गर्नुपर्ने, भूकम्प पीडितहरूबाट निर्माण भइरहेको विना स्वीकृतिका टहराहरू नियमित गर्नुपर्ने, विद्यालय व्यवस्थापन समितिहरूमा स्रोत व्यक्ति आवश्यक नभएकोले सञ्चालक वा चन्दादातालाई समावेश गर्नुपर्ने, सहकारीको सुरक्षण कोषको धेरै विरोध भएकोले यसलाई सम्बोधन गर्नुपर्ने र हनुमन्ते खोलाको दिगो व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले नगरका विभिन्न क्षेत्रमा सोलार बत्तीहरू नबल्ने र झीप झीप हुने समस्या भएकोले यसको लागि छुट्टै कर्मचारी व्यवस्था गर्नुपर्ने, नगर खेलकुद समिति यथाशीघ्र गठन गर्नुपर्ने, हनुमन्ते खोलाको दुवै किनारहरू सिमाङ्कन गर्नुपर्ने, मठ–मन्दिर र दरबारका ऐतिहासिक भित्तेचित्रको संरक्षण गर्नुपर्ने, नगरका विविध सीपमूलक कलाहरूको प्रदर्शनी केन्द्र व्यवस्था गर्नुपर्ने, मूदीप क्षेत्रको रिटेनिङ वाल व्यवस्था गर्न छिटो निर्णय गर्नुपर्ने र अनियमित निर्माण नियन्त्रण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सुर्यप्रसाद श्रेष्ठ**ले नःपली सृजना नगर क्षेत्रमा सडक छेउको निर्माण सामग्री हटाउनुपर्ने, जोखिमपूर्ण काम गर्नुपर्ने कर्मचारीहरूको दुर्घटना बिमा गर्नुपर्ने, नगर क्षेत्रका पसलहरूलाई व्यवसाय दर्ता गराउने अभियान चलाउनुपर्ने, हनुमन्ते खोला छेउमा पीआइडीले बिछ्याएको ढलको पाइप खोलामा समेत परेकोले यसको अनुगमन गरी व्यवस्थित गराउनुपर्ने र सिद्धपोखरी पश्चिमदेखि चोडा गणेश क्षेत्रसम्म सडक बत्तीको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

विशेष समयमा बोल्दै सभासद् **हरिरत्न गोर्खाली**ले सहकारी संस्थाहरूलाई समुदायमा आधारित र अनाधारित रूपमा विभाजन गरी सुरक्षण कोष लगाउनुपर्ने र सहकारी



बैठकमा बोल्नुहुँदै सभासद्हरू गोविन्द दुवाल, रञ्जना त्वाती, सिद्धिराम अवाल, शिवप्रसाद बाला र सम्झना खाइजु

संघ–संस्थाहरूलाई विदेशी निकायहरूबाट नियन्त्रण हुन सक्ने भएकोले यसको सम्बोधनको लागि नीति नियम बनाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले कर्मचारीहरूलाई उनीहरूको योग्यता, क्षमता र दक्षताको आधारमा जिम्मेवारी दिनुपर्ने, शिशुस्याहार केन्द्रलाई अझै व्यवस्थित गर्नुपर्ने, पाँचतले मन्दिर परिसरमा चारपाङ्ग्रे सवारीसाधन प्रवेश निषेधलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देश विदेशको अनुभवलाई सिकेर प्रयोग गर्नुपर्ने र जगेडा कोषसम्बन्धी सुरक्षण बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति दिन अनिवार्य रूपमा सबै सहकारी संस्थाहरूलाई लागु गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गंगालक्ष्मी बमनु**ले विशेष समयको छलफलमा भाग लिंदै यस वर्षको बजेटमा उल्लेख भएको सल्लाघारीस्थित दूध चिस्यान केन्द्र मुनि खानेपानीको लागि डीप बोरिङ कार्य छिटो अगाडि बढाउनुपर्ने र सल्लाघारी क्षेत्रमा ढलको व्यवस्था गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

सभासद् **पूर्णगोपाल राजचल**ले छलफलमा भाग लिंदै पाँचतले मन्दिर परिसरमा चारपाङ्ग्रे सवारी निषेधबाट प्रभावित क्वाछेँ र भगवतीस्थानको बाटो खोल्नुपर्ने, नगरका महत्त्वपूर्ण क्षेत्रहरूमा ईँटा छपाइ गर्नुपर्ने, हकर्स नियन्त्रण गर्नुपर्ने, नगरपालिकाका कर्मचारीहरूले नगरभित्रको घर नक्सा लेख्न नपाउने नियम कडाइका साथ लागु गर्नुपर्ने सुझाव दिनुभयो ।

विशेष समयमा बोल्दै सभासद् **राजकुमार शिल्पकार**ले नगरपालिकाबाटै पोशाक भत्ता र सामाजिक सुरक्षा भत्ताको रकममा नक्कली हजारको नोट आएकोले त्यसप्रति गम्भीर हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सम्झना खाइजु**ले नगरका दमकल नजाने साँघुरा गल्लीहरूमा घटीमा ५ हजार लिटरको पानी ट्यांकीको व्यवस्था गरी सम्भावित आगलागीबाट हुने क्षति न्युनिकरण गर्नुपर्ने, घरघरमा दैनिक सेवामा गुल्कोमिटर र पल्स नाप्ने यन्त्रको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले नःपुखुसँगैको निर्माण सम्पन्न शौचालय यथाशीघ्र सञ्चालन गर्नुपर्ने, भूकम्प पीडितहरूका प्रयोग नभएका टहराहरू दुरूपयोग भइरहेकोले यसको व्यवस्थापन गर्नुपर्ने, बेखालस्थित टेबलटेनिस कभर्ड हल मर्मत सम्भार गर्नुपर्ने, देको मिवा इतापाके आयोजनाको यति कार्पेटसँगैको हल व्यवस्थापन गर्नुपर्ने, खौमाको सवारी पार्किङ व्यवस्थापन गर्नुपर्ने, खासाङखुसुङ खोला व्यवस्थापन गर्दा घाटहरू खोल्नुपर्ने, नगरका सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन नभएकोले ताकेता गर्नुपर्ने, छाडा चौपाया व्यवस्थित गर्नुपर्ने, देको मिवा इतापाके आवास योजना क्षेत्रको खासाङखुसुङ खोलामा अनधिकृत रूपमा बनाएका अव्यवस्थित पुलहरूको निर्माण रोक्नुपर्ने, सार्वजनिक सञ्चारमाध्यममा आएका विभिन्न खबरहरूको खण्डन गर्नुपर्ने र भक्तपुरको मूल सडकहरूमा दृष्टिविहीनमैत्री बनाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **शिवप्रसाद बाला**ले विशेष समयमा बोल्दै वडा वडामा वडा सदस्यहरूको लागि पनि कार्यविभाजन गर्नुपर्ने, नगरका वडाहरूको सिमाङ्कन भएको नक्सा व्यवस्था गर्नुपर्ने, बीउबिजन वितरण तयारीका साथ गर्नुपर्ने, परम्परागत शैलीमा निर्माण गर्ने निजी घरलाई दिने अनुदानको लागि मोहदा परिभाषित गर्नुपर्ने, खोला किनारको बाटो उठाउनुपर्ने भूकम्प पीडितहरूको अनधिकृत टहराहरू हटाउनुपर्ने र करको दायरा बढाइ राजश्व संकलन वृद्धि गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**लगायतले भक्तपुरको खानेपानी समस्या दिगो समाधानको लागि पहल गर्नुपर्ने, विभिन्न खुला ठाउँमा मन्दिर बनाउने र देवता स्थापना गर्नेहरूको लागि अनुमति आवश्यक नीति बनाउनुपर्ने, खुला जग्गा बाँकी भएका वडाहरूलाई व्यवस्थित आवास योजना सञ्चालन गर्न आवश्यक नीति बनाउनुपर्ने, पर्ति जग्गा र खुला ठाउँ मिच्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्ने र निर्माण सामग्रीको गुणस्तर नियन्त्रण गर्नुपर्ने लगायतका सुझाव दिनुभयो ।



बैठकमा बोल्नुहुँदै सभासद्हरू तुल्सी लक्ष्मी बाटी, राजेन्द्र माक, सूर्यप्रसाद श्रेष्ठ, ज्ञानकुमार मगजु र रत्नकाजी नायभारी

सभाअध्यक्ष प्रजापतिले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्न सुरुमा आर्थिक समितिका संयोजक **हरिप्रसाद बासुकला**लाई समय प्रदान गर्नुभयो ।

आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्नुहुँदै जगेडा कोषको परिचालनको लागि कार्यविधि बनाइ लागु गर्ने, देको मिवा इतापाके आवास योजना उपभोक्ता समितिमार्फत् तीव्र गतिमा काम भइरहेको, खौमा क्षेत्रको पार्किङ व्यवस्थित गर्न तयारी भइरहेको र हाल इन्द्रायणी सरोकार समाजले पार्किङ शुल्क उठाउँदै इन्द्रायणीको जात्रा सञ्चालन गरिरहेकोले सो सम्बन्धी छलफल भइरहेको र घर बहाल कर तथा डेरावालासँगको कर संकलन गरेर नगरपालिकाको राजस्व वृद्धि गर्ने तयारी भइरहेको स्पष्ट पार्नुभयो ।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**लाई सभासद्हरूले उठाउनुभएका विषयमा प्रस्ट पार्न समय प्रदान गर्नुभयो ।

संयोजक सुवालले सभासद्हरूको जिज्ञासालाई स्पष्ट पार्दै नगरपालिकाद्वारा सञ्चालित विभिन्न वडाहरूका शिशु स्याहार केन्द्रमा घामको व्यवस्थासम्बन्धी विवरण पेश गर्नुभयो । उहाँले शिशु स्याहार केन्द्र शिशुहरूको स्याहारसुसार गर्दै पोषणयुक्त खाना र सरसफाइमा विशेष ध्यान दिइरहेको र विद्यालयको रूपमा सञ्चालन नगरेको प्रष्ट पार्दै शिक्षिकाहरूबाट अभिभावकहरूलाई विद्यालय रिफर नगरेको प्रस्ट पार्नुभयो ।

विशेष समयको समाप्तिपछि सभाअध्यक्ष प्रजापतिले आधा घण्टाको लागि बैठक स्थगित गरेको जानकारी दिनुभयो ।

आधा घण्टाको सभा स्थगनपश्चात सभाअध्यक्ष प्रजापतिले बैठक पुनः सञ्चालन गर्दै **शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५** को छलफलमा भाग लिन चाहने सभासद्हरूलाई नाम टिपाउन र कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो ।




बैठकमा बोल्नुहुँदै सभादहरू इन्द्रबहादुर प्याथ र विश्वराज शिल्पकार

छलफलमा निम्न सभासद्हरूले आ–आफ्नो धारणा राख्नुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले निर्देशिका सम्बन्धी छलफलमा भाग लिंदै बुँदा ३.१ (क) मा सम्भव भएसम्म भन्ने शब्द प्रयोग गर्न नहुने, बुँदा ९ मा प्रत्येक वडाबाट प्रत्येक वर्ष हो वा एक वर्षमा एक पटकको लागि हो प्रस्ट पार्नुपर्ने, शैक्षिक ऋण दुरूपयोग हुनेप्रति सचेत हुनुपर्ने सुझाव दिनुभयो ।

छलफलमा सभासद् **हरिरत्न गोर्खाली**ले बुँदा २ को १ मा आर्थिक सहायता उल्लेख भएकोले यो ऋण हो कि सहयोग हो प्रस्ट पार्नुपर्ने, शैक्षिक ऋण गरिब र जेहेनदार विद्यार्थीलाई मात्र प्रदान गर्नुपर्ने र बुँदा नं. ७ मा अध्ययनपश्चात प्रत्येक वर्ष ऋण भुक्तानी गर्ने व्यवस्थामा बीचैमा अध्ययन छोड्ने विद्यार्थीको लागि छुट्टै व्यवस्था र एकमुष्ट भुक्तानीको व्यवस्था पनि गर्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले छलफलमा भाग लिंदै कम्तीमा पाँच वर्षदेखि स्थायी बसोबास गर्दै आएका गरिब, जेहेनदार र पीछडिएका विद्यार्थीलाई प्राथमिकता दिनुपर्ने, बुँदा १.५ मा परिवारको परिभाषा स्पष्ट हुनुपर्ने र प्रत्येक वडाबाट प्रत्येक वर्ष कम्तीमा २० जना विद्यार्थीलाई शैक्षिक ऋण दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले निर्देशिकामाथि छलफलमा भाग लिंदै दफा २.१ (क) मा शैक्षिक तहअनुसार ऋणको रकम भिन्न भिन्न व्यवस्था गर्नुपर्ने, प्रमाणित शैक्षिक योग्यताको प्रमाणपत्र उल्लेख गर्नुपर्ने, ऋण किस्ताबन्दीमा मात्र भुक्तानी गर्नुपर्ने र ऋण चुक्ता समयावधि थप्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले निर्देशिकाको ७ नं. बुँदामा साँवा र ब्याज उल्लेख हुनुपर्ने र परिवारको परिभाषा र परिवार सङ्ख्या किटान गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **पुर्णगोपाल राजचल**ले छलफलमा भाग लिंदै शैक्षिक ऋणमा ब्याज कहिलेदेखि लाग्ने हो प्रस्ट पार्नुपर्ने र गरिब र जेहेनदार विद्यार्थीलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **श्यामसुन्दर मातां**ले निर्देशिकामा 'सम्बन्धन प्राप्त' भन्ने शब्द उल्लेख गर्नुपर्ने, भूकम्प पीडित भइ विस्थापित भएका नगरवासीलाई मध्यनजर गरी तीन पुस्तादेखि नगरमा बस्दै आएका भन्ने वाक्यांश उल्लेख गर्नुपर्ने, विदेशी शैक्षिक संघ-संस्थाबाट अध्ययन गरेर आएका विद्यार्थीलाई निषेध गर्नुपर्ने, परिवार निर्धारण सफाइ शुल्कको आधारमा गर्नुपर्ने र निर्देशिका लागु गर्न आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

छलफलमा भाग लिंदै सभासद् **रञ्जना त्वाती**ले शैक्षिक ऋण दुरूपयोग गर्नेलाई दण्ड सजायको व्यवस्था गर्नुपर्ने, ऋण तिर्ने समयावधि थप्नुपर्ने र अध्ययन सकिएको दुई वर्षपछि मात्र ऋण तिर्न मिल्ने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजेन्द्र माक**ले समाजप्रति उत्तरदायी विद्यार्थीलाई मात्र शैक्षिक ऋण प्रदान गर्नुपर्ने, बुँदा नं. ३ मा अनाथहरूको बारेमा स्पष्ट पार्नुपर्ने र शैक्षिक ऋणको लागि सक्कल शैक्षिक योग्यताको प्रमाणपत्र नै जमानत राख्नुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूले उठाउनुभएका जिज्ञासालाई प्रस्ट पार्न विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई सभाअध्यक्ष प्रजापतिले समय प्रदान गर्नुभयो । संयोजक सुवालले सभासद्हरूको जिज्ञासालाई स्पष्ट पार्दै परिवार सङ्ख्या कम हुने विद्यार्थीलाई समेत सम्बोधन गर्न 'सम्भव भएसम्म' भन्ने शब्द उल्लेख भएको, नगरपालिकाको बजेटलाई मध्यनजर राखी विद्यार्थीलाई ऋण दिने प्रावधान राखिएको र किस्ताबन्दीमा ऋण असुलउपर गर्दा विद्यार्थीलाई सजिलो हुने, ऋण प्रदान गरेको दिनदेखि नै ब्याज लाग्ने, अध्ययन सकिएको १ वर्षपछि देखि नै ऋण फिर्ता गर्नुपर्ने व्यवस्था उचित भएको, स्थायी बसोबासको अर्थ पुस्तैनीदेखि नगरमा बस्दै आएको र सक्कल प्रमाणपत्र नै धितो राख्नुपर्ने व्यवस्था भएको प्रस्ट पार्नुभयो ।

बैठकमा सभाअध्यक्ष **सुनिल प्रजापति**ले शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ स्थानीय तहको निर्वाचनको दौरानमा घोषणापत्रमा उल्लेख भएअनुसार नगरका गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्न सहयोग गर्ने उद्देश्यका साथ तयारी गरेको बताउनुहुँदै ऋण दुरूपयोग हुनेप्रति सचेत हुँदै आवश्यक प्रक्रिया अपनाई ऋण असुलउपर गर्ने व्यवस्था गरेको बताउनुभयो ।

सभाअध्यक्ष सुनिल प्रजापतिले शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका २०७५ माथिको छलफल सकिएको जानकारी गराउनुहुँदै सो निर्देशिका पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत गर्नुभयो ।

सभाले सर्वसम्मतिबाट निर्देशिका पारित गरिदिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै सभाध्यक्ष प्रजापतिले शुक्रबार माघ ४ गते दिनको १ बजे बैठक बस्ने गरी आजको बैठक सम्पन्न भएको जानकारी गराउनुभयो ।

## पाँचौ दिन

**• अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी कार्यविधि २०७५ र लेखा समितिको प्रतिवेदन पारित**

सभाध्यक्ष **सुनिल प्रजापति**ले माघ ४ गते बैठक शुरु गर्नुहुँदै कार्यसूचीबाट विशेष समय हटाइएको जानकारी गराउनु भयो । भक्तपुर नगरपालिकाको **अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५** को छलफलमा बोल्न चाहनुहुने सभासदहरूले नाम टिपाउन र कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो । प्राप्त नामावली अनुसार कार्यविधिको छलफलमा निम्न सभासद्हरूले भाग लिनु भई निम्न राय सुझाव र जिज्ञासा राख्नुभयो ।

छलफलमा भाग लिनु हुँदै सभासद् **पूर्णगोपाल राजचल**ले समितिमा अभिभावकको प्रतिनिधित्व गर्नुपर्ने र तेस्रो लिङ्गीलाई अपाङ्गतामा समावेश गरे नगरेको जिज्ञासा राख्नुभयो ।

त्यस्तै सभासद् **तुल्सीलक्ष्मी बाटी**ले सरकारी नोकरी भएका अपाङ्गता भएका कर्मचारीले अपाङ्गता सम्बन्धी सेवा सुविधा पाउने वा नपाउने स्पष्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

छलफलमा भाग लिंदै सभासद् **राजेन्द्र माक**ले कार्यविधिको परिच्छेद नं. ३ को ६.१ (ग) मा स्रोतव्यक्तिको सट्टा सामुदायिक विद्यालयका प्रधानाध्याक र संस्थागत विद्यालयका प्रधानाध्यापक १ जना समावेश गर्नुपर्ने समितिमा अभिभावक वा समाजसेवी राख्नुपर्ने, परिच्छेद ४ (त) बाट कार्यविधिबाट हटाउनुपर्ने, बुँदा ८ नं. लाई प्रष्ट पार्नुपर्ने, परिचयपत्रको म्याद उल्लेख गर्नुपर्ने र नवीकरण गर्नु पर्ने वा नपर्ने प्रष्ट पार्नुपर्ने एवं अपाङ्गता भएका नगरवासीहरूको स्याहारको लागि केन्द्रको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद **हरिरत्न गोर्खाली**ले छलफलमा भाग लिंदै बुँदा नं. १२.१ मा पहिले नै अपाङ्गता परिचयपत्र लिइसकेका नगरवासीलाई पुरानो परिचयपत्र बुझाउने वित्तिकै नयाँ परिचयपत्र उपलब्ध गराउनुपर्ने र अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाको कार्यक्रम कार्यविधिमा उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले अपाङ्गता भएका व्यक्तिको स्याहार केन्द्र खोल्नुपर्ने र अपाङ्गता भएका शिशु जन्मदर घटाउन गर्भकाल देखिनै महिला स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूबाट राय सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले सभासद्हरूको जिज्ञासालाई प्रष्ट पार्न विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई समय प्रदान गर्नुभयो ।

सभासद्हरूको जिज्ञासालाई स्पष्ट पार्दै संयोजक सुवालले कार्यविधिमा तेस्रो लिङ्गीलाई अपाङ्गतामा समावेश नगरेको, सरकारी कर्मचारी अपाङ्गता भएकाले परिचयपत्र

पाउने तर सेवा सुविधा नपाउने, दफा ७ (ट) आवश्यक भएकोले हटाउन नपर्ने, परिचयपत्रमा म्याद उल्लेख गर्न नपर्ने, यो परिचपत्र अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण सम्बन्धी मात्र भएकोले अन्य विषयहरू उल्लेख गर्न नपर्ने तथा अपाङ्गता भएका व्यक्तिलाई सहज ढंगले परिचयपत्र वितरण गर्न यो कार्यविधि तयार पारेको स्पष्ट पार्नुभयो ।

विधायन समितिका संयोजकबाट सभासदहरूको जिज्ञासालाई स्पष्ट पार्नुभएपछि सभाध्यक्षले भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०७५ पारित गर्न निर्णयार्थ सभामा पेश गर्नुभयो । सभाबाट सर्वसम्मतिले कार्यविधि पारित भएको घोषणा गर्दै सभासद्हरूलाई सभाध्यक्ष प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभयो ।

त्यसपछि सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको **लेखा समितिको प्रतिवेदन**को छलफलमा भाग लिन चाहने सभासद्हरूको नाम टिपाउन र कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो ।

प्राप्त नामावलीअनुसार सभाध्यक्ष प्रजापतिले निम्न सभासद्हरूलाई लेखा समितिको प्रतिवेदनको छलफलमा भाग लिन समय प्रदान गर्नुभयो ।

छलफलमा भाग लिंदै सभासद् **शिवप्रसाद बाला**ले बेरुजुको चिठी पठाउँदा व्यक्तिको नामसँगै योजना पनि उल्लेख गर्नुपर्ने र प्रतिवेदनमा दोस्रो घटीवालासँग सामान खरिद गरेको सम्बन्धमा प्रष्ट पार्नुपर्ने जिज्ञासा राख्नुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले आन्तरिक लेखा परीक्षणको लागि ४ जना विद्यार्थीहरूले निवेदन दिएकोमा १ जना छनौट हुनुको कारण प्रष्ट पार्नुपर्ने, सफाइ कर्मचारी सिधै खरिद वाक्यांशको अर्थ प्रष्ट पार्नुपर्ने, नपाबाट विद्युत र खानेपानीको शुल्कमा जरिवाना तिर्नुपर्ने अवस्था आएको प्रति प्रष्ट पार्नुपर्ने जिज्ञासा राख्नुभयो ।

सभासद् **तुल्सीलक्ष्मी वाटी**ले प्रतिवेदनमा नगरका आधाभन्दा बढी संस्थागत विद्यालयको लेखा परीक्षण नभएको बारे प्रष्ट पार्नुपर्ने र संस्थागत विद्यालयमा बाहिरका लेखापरीक्षकले लेखा परीक्षण गर्न पाउने नपाउने स्पष्ट पानुपर्ने जिज्ञासा राख्नुभयो ।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले छलफलमा भाग लिंदै प्रतिवेदनमा नपाबाट सिफारिस गरिएका लेखा परीक्षकबाट लेखा परीक्षण नगराउने विद्यालयहरूको नाम खुलाउनुपर्ने, बेरुजु घटाउनुपर्ने, कर्मचारी कल्याण कोषको रकम आर्थिक नियम विपरीत सहकारीमा जम्मा गर्नुको कारण प्रष्ट पार्नुपर्ने विचार राख्नुभयो ।

छलफलमा भाग लिंदै सभासद् **राजेन्द्र माक**ले उपभोक्ता समिति मार्फत् विकास निर्माणमा लिएको पेश्की प्राविधिक कारणले काम हुन नसक्दा ब्याज असुल्ने गरी लेखा परीक्षकले प्रतिवेदन दिंदा उपभोक्ता समितिमा बस्ने नागरिकहरूलाई मर्का पर्ने भएकोले सो को संबोधन गर्नुपर्ने विचार राख्नुभयो ।

सभासदहरूको राय सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले सभासदहरूको जिज्ञासा प्रष्ट पार्न लेखा समितिका संयोजक **हरिप्रसाद बासुकला**लाई समय प्रदान गर्नुभयो ।

सभासदहरूको जिज्ञासालाई सम्बोधन गर्नुहुँदै संयोजक बासुकलाले उपभोक्ता समितिले समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने । ४ जना विद्यार्थीले आन्तरिक लेखा परीक्षणको लागि इन्टर्नको लागि निवेदन दिएकोमा १ जनामात्र विद्यार्थी इन्टर्न गर्न आएको, संस्थागत ६० वटा विद्यालयहरू मध्ये २५ वटा विद्यालयको मात्र लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको र केही विद्यालयहरूले लेखा परीक्षण सम्बन्धी नपाबाट सूचना पठाउनुभन्दा अगाडिनै लेखापरीक्षण गराइसकेको, १ जना लेखा परीक्षकले २ वा २ भन्दा बढी विद्यालयहरूमा लेखा परीक्षण गर्न सक्ने, सफाइ मजदुर सिधै खरिद वाक्यांशको अर्थ टेण्डर आव्हान गरेर सफाइ कार्य जिम्मा दिने भएको, टेण्डर आव्हान गर्दा सबैभन्दा घटी मूल्य राख्नेसँग सेवा वा सामान खरिद गर्नुपर्नेमा प्राविधिक कारणले दोस्रो हुने पक्षसँग सामान खरिद गरेकोले सो वाक्यांश प्रयोग भएको प्रष्ट पार्नुभयो ।

लेखा समितिका संयोजकबाट सभासद्हरूले उठाएका विषयहरूमा प्रष्ट पारिसकेपछि सभाध्यक्ष सुनिल प्रजापतिले महालेखा परीक्षकहरूसँग आर्थिक वर्ष २०७३/७४ को लेखा परीक्षण प्रतिवेदनसम्बन्धी आवश्यक छलफल भएको र छलफलको क्रममा भक्तपुर नपाले कुनै पनि आर्थिक गतिविधि निर्णय नगरी र कार्यविधि विपरीत नगरेको स्पष्ट पार्नुभयो । उहाँले प्रतिवेदनमा उल्लेख गर्दा केही विषयहरूलाई व्यवहारिक रूपमा पनि समाधान गर्नुपर्ने र केही कानुनी रूपमा समाधान गर्नुपर्ने बताउनुभयो । तत्पश्चात **लेखा समितिको प्रतिवेदन** पारित गर्न निर्णयार्थ सभामा पेश गर्नुभयो । सर्वसम्मतिबाट प्रतिवेदन पास भएको घोषणा गर्दै भक्तपुर नगरपालिकाको **युवा क्लव गठन तथा युवा संसद संचालन कार्यविधि २०७५** सभासदहरूलाई वितरण गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो र बैठक ४ बजे पुनः बस्ने गरी स्थगित गरिएको जानकारी गराउनुभयो ।

सभाध्यक्ष सुनिल प्रजापतिले बैठक पुनः सूचारु

गर्नुहुँदै भक्तपुर नगरपालिकाबाट गठित **विभिन्न समितिहरूको प्रतिवेदन** पेश गर्ने कार्यक्रम भएको सभालाई जानकारी गराउनुहुँदै निम्न समितिहरूका संयोजक एवं प्रतिनिधि सदस्यहरूलाई प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो।

विभिन्न समितिका प्रतिवेदन निम्न सभासदहरूले प्रस्तुत गर्नुभयो–

| समिति | पेश गर्ने |
|---|---|
| १. सहकारी अनुगमन समिति | – सदस्य श्यामसुन्दर माताङ्ग |
| २. महिला, बालबालिका तथा समाज कल्याण समिति | – संयोजक रोशनमैंया सुवाल |
| ३. कृषि तथा पशु समिति | – संयोजक राजकृष्ण गोरा |
| ४. बजार अनुगमन समिति | – संयोजक राजकृष्ण गोरा |
| ५. आर्थिक समिति | – सदस्य लक्ष्मीप्रसाद हयौंमिखा |
| ६. युवा तथा खेलकुद समिति | – संयोजक श्यामकृष्ण खत्री |
| ७. विधायन समिति | – संयोजक हरिराम सुवाल |
| ८. निर्माण समिति | – सदस्य कुमार चवाल |
| ९. विद्यालय अनुगमन समिति | – सदस्य उकेश कवां |
| १०. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति | – संयोजक रविन्द्र ज्याख्व |

भक्तपुर नगरपालिकाबाट गठित विभिन्न समितिहरूको प्रगति प्रतिवेदन प्रस्तुति पछि सभाध्यक्ष **सुनिल प्रजापति**ले अर्को बैठक सूचना प्रकाशित गरी बस्ने जानकारी गराउँदै बैठक स्थगित भएको जानकारी गराउनुभयो।

## छैटौं दिन

### • युवा समिति गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ पारित

सभाध्यक्ष **सुनिल प्रजापति**ले माघ ४ गते स्थगित गरिएको नगरसभाको बैठक माघ १९ गते शुरु गर्नुभयो। आजको बैठकको कार्यसूचीबाट विशेष समय हटाइएको जानकारी गराउनुहुँदै भक्तपुर नगरपालिकाको **युवा समिति गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५** को छलफलमा बोल्न चाहनुहुने सभासदहरूले नाम टिपाउन र कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो। प्राप्त नामावलीअनुसार कार्यविधिको छलफलमा निम्न सभासद्हरूले भाग लिनु भई निम्नअनुसारको राय सुझाव र जिज्ञासा राख्नुभयो।

सभासद् **बलराम न्हिसुतु**ले कार्यविधिको युवाको परिभाषा नेपाल सरकारको परिभाषासँग बाझिएकोले मिलाउनुपर्ने र युवा ऐनसँग बाझिएको हदसम्म मिलाउनुपर्ने सुझाव दिनुभयो।

सभासद् **सिद्धिराम अवाल**ले कार्यविधिको दफा २ को (घ) मा नगर युवा परिषद् हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनुपर्ने, “राष्ट्रिय युवा” उल्लेख भएको ठाउँमा “नगर युवा” लेख्नुपर्ने, कार्यविधिको परिच्छेद २ को (ज) को प्रावधान पुष्टि गर्नुपर्ने र जोखिममा रहेका युवाको परिभाषा प्रष्ट हुनुपर्ने बताउनुभयो।

सभासद् **हरिरत्न गोर्खाली**ले बुँदा नं. ३ मा समितिमा विजोर सदस्य राख्नुपर्नेमा ४ को (च) र (छ) दोहोरिएकोले एउटा मात्र समावेश गर्नुपर्ने बताउनुभयो।

सभासद् **शिवप्रसाद बाला**ले उमेर समूह १६ देखि २४ सम्म उचित रहेको, परिच्छेद २ को ३ मा “समिति” शब्द बढी भएको, समितिमा विजोर सङ्ख्या सदस्य राख्नुपर्ने बताउनुभयो।

सभामा बोल्दै सभासद् **राजेन्द्र माक**ले मर्यादापालक छनौट स्पष्ट पानुपर्ने, समितिमा सदस्य १५ जना राख्नुपर्ने, टिम क्लबबाट २ जना सदस्य राख्नुपर्ने, वडा खेलकुदका सदस्य समितिमा समावेश गर्न उमेर नमिल्न सक्ने प्रति सचेत हुनुपर्ने, खेलकुद सञ्चालन गरी युवालाई स्वस्थ र अनुशासित बनाउने व्यहोरा कार्यविधिमा उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **श्यामसुन्दर मातां**ले छलफलमा भाग लिंदै कार्यविधिमा युथ भिजन २०२५ र राष्ट्रिय युवा नीतिलाई मध्यनजर राखेर उल्लेख भएकोमा कार्यविधिका केही बुँदाहरू सो सँग बाझिएकोले प्रष्ट पार्नुपर्ने, नगरका युवाहरूको प्रतिशत उल्लेख गर्नुपर्ने र शपथ ग्रहणको ढाँचा उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

सभासद्हरूको राय, सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई सो सम्बन्धी प्रष्ट पार्न समय प्रदान गर्नुभयो।

संयोजक सुवालले सभासद्हरूको जिज्ञासालाई प्रष्ट पार्दै उमेरको हद बढाउन नपर्ने किनभने राष्ट्रिय युवा नीतिले दिएको उमेर समूह पनि १६ वर्षदेखि २४ वर्षनै उल्लेख भएकोले नेपाल सरकारको युवा समिति गठन र युवा संसद सञ्चालनमा व्यवस्था भए अनुसारनै उमेर समूह राखेको, युवा समितिमा सदस्य सङ्ख्या १५ राख्न सकिने, नगरको युवाहरूको प्रतिशत उल्लेख गर्न नपर्ने प्रष्ट पार्नुभयो।

सभाध्यक्ष प्रजापतिले नयाँ पुस्ताका युवा युवतीलाई संसद सञ्चालन सम्बन्धी जानकारी गराउन र युवालाई देश र समाजप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ यो कार्यविधि तयार पारेको प्रष्ट पार्नुभयो।

त्यसपछि सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको युवा समिति गठन तथा युवा संसद सञ्चालन

कार्यविधि २०७५ पारित गर्न निर्णयार्थ सभामा पेश गर्नुभयो।

सर्वसम्मतिबाट कार्यविधि पारित भएको घोषणा गर्नुहुँदै सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको **नगर प्रहरी सञ्चालन सम्बन्धमा बनेको विधेयक, २०७५** सभासद्हरूलाई वितरण गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो। साथै विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई विधेयक सभामा पेश गर्न समय प्रदान गर्नुभयो। संयोजक सुवालले विधेयक बाचन गरी सभामा प्रस्तुत गर्नुभयो। नगर प्रहरी सञ्चालन सम्बन्धी बनेको विधेयक सभामा पेश भएपछि आधाघण्टाको लागि बैठक स्थगन गरिएको सभाध्यक्षले जानकारी गराउनुभयो।

सभाध्यक्ष प्रजापतिले बैठक पुनः सूचारु गर्नुहुँदै भक्तपुर नगरपालिकाको आयोजनामा यही फागुन ५ गतेदेखि ८ गतेसम्म हुने अन्तरनगर कराँते प्रतियोगिता प्रचारार्थ विभिन्न स्थानीय तहहरूमा भ्रमणमा जानुभएका प्रतिनिधि मण्डलहरूको भ्रमण प्रतिवेदन नगर सभामा प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी गराउनुहुँदै सर्वप्रथम वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**लाई भ्रमणको प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो।

वडाध्यक्ष सुवालले गोरखा नगरपालिका, पालुङटार नगरपालिका भ्रमणको अनुभव र प्रतिवेदन सभामा पेश गर्नुभयो।

त्यसपछि वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले चितवनका भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकाको भ्रमणको अनुभव र प्रतिवेदन सभामा पेश गर्नुभयो।

त्यस्तै वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले मध्य पश्चिमको अछाम, दैलेख, कालिकोट र जुम्ला भ्रमणको अनुभव र प्रतिवेदन सभामा पेश गर्नुभयो। उहाँले भ्रमणको क्रममा नेपाल मजदुर किसान पार्टीको ४५ औं पार्टी स्थापना दिवस मनाउने क्रममा पार्टीको नीति र भक्तपुर नगरपालिकाको मुख्य मुख्य गतिविधिहरूबारे छलफल भएको सभालाई जानकारी गराउनुभयो।

वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले पूर्वी तराईका सर्लाही, सिरहा, महोत्तरी र धनुषा लगायतका जिल्लाहरूको भ्रमणको अनुभव र प्रतिवेदन वाचन गरी सभामा पेश गर्नुभयो।

सभाध्यक्ष प्रजापतिले अध्ययन भ्रमणको प्रतिवेदन प्रस्तुतिको औचित्यता सम्बन्धी सभालाई प्रष्ट पार्नुहुँदै भक्तपुर नगरपालिकाको **युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७५** सभासद्हरूलाई वितरण गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो र जारी चौथो नगरसभाको अर्को बैठक माघ २१ गते सोमबार दिनको १ बजे बस्ने जानकारी गराउनुहुँदै आजको बैठक समाप्त भएको घोषणा गर्नुभयो।

## सातौं दिन

- **नगर प्रहरी सञ्चालन विधेयक २०७५ पारित**
- **बेरूजु देखाइएका विषयहरुमा नियमित गर्ने प्रस्ताव पारित**

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको माघ २१ गते बसेको बैठकले भक्तपुर नगरपालिका **नगर प्रहरी सञ्चालन सम्बन्धमा बनेको विधेयक २०७५** सर्वसम्मतिले पारित गऱ्यो।

बैठकको सुरुवाट गर्नुहुँदै सभाअध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाका नगर प्रहरी सञ्चालन सम्बन्धमा बनेको विधेयक २०७५ माथि आफ्नो विचार राख्न चाहनुहुने सभासद्हरूको नाम संकलन गर्न कर्मचारीहरूलाई निर्देशन दिनुहुँदै सभासद्हरूलाई समय प्रदान गर्नुभयो।

छलफलमा भाग लिंदै सभासद् **जितेन्द्र मुनंकर्मी**ले ऐनको व्याख्या (३) मा प्रहरी असन्तुष्ट भएमा प्रमुख प्रशासकीय अधिकारी समक्ष निवेदन दिन सकिने व्यवस्था भएकोमा अरु सबै अधिकारहरू नगर प्रमुखमा निहित भएकोले यो अधिकार पनि नगर प्रमुखमा नै राख्नुपर्ने, काम कर्तव्य र अधिकारमा नगर प्रहरीले पूर्वाग्रही ढंगले काम गर्न सक्ने हुँदा यसको व्यवस्था गर्नुपर्ने, सडक पेटीमा राखिने सामानहरूसम्बन्धी मापदण्ड बनाउनुपर्ने वा कति मिटरसम्म छोड्नुपर्ने हो ऐनमा प्रस्ट पार्नुपर्ने सुझाव दिनुभयो।

त्यस्तै सभासद् **विश्वराज शिल्पकार**ले विधेयकमा करारमा भर्ना गर्ने शब्द हटाउनुपर्ने, अस्थायी वा स्थायी नियुक्ति गर्नुपर्ने, परिच्छेद ४ मा सांस्कृतिक प्रहरी व्यवस्थाबारे प्रस्ट पार्नुपर्ने, हालको अवस्थामा २० जना नगर प्रहरीबाट काम गर्न कठिन हुने, प्रहरी नियुक्ति गर्दा वर्षको हद म्याद थप्नुपर्ने र शारीरिक रूपले सक्षम जवान नियुक्ति गर्न उमेर २०, २१ वर्षको लागि प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो।

सभासद् **बलराम न्हिसुतु**ले परिच्छेद ३ (३) मा नाला खोला शब्द थप्नुपर्ने, परिच्छेद ३ क १८ नं. मा अन्य अनैतिक क्रियाकलाप रोक लगाउने र सजायको व्यवस्था थप गर्नुपर्ने, पुरानो पुरातात्त्विक पुलहरूमा गाडी प्रवेश रोक्नुपर्ने र पूर्व निर्मित अनियमित निर्माणको विषयहरूमा प्रस्ट हुनुपर्ने विचार राख्नुभयो।

बैठकमा भाग लिंदै सभासद् **राजेन्द्र माक**ले परिच्छेद ३ मा पर्यटकलाई दुःख दिने हकर्स नियन्त्रण गर्ने कार्य थप

गर्नुपर्ने, पुरानो नगर क्षेत्र बाहिरको सडकहरूमा छड्के जाँच गर्ने जिम्मा दिनुपर्ने, महिला पुरुषको तह छुट्याउनुपर्ने, व्यक्तिगत पूर्वाग्रही ढंगले दुःख दिने नगर प्रहरीलाई सजायको व्यवस्था गर्नुपर्ने, निरीक्षक र नगर प्रहरीहरूको सहकार्यको व्यवस्था गर्नुपर्ने, नगरवासीहरूलाई नगर प्रहरीबारे सुझावसहित आग्रह गर्नुपर्ने सुझाव दिनुभयो।

त्यस्तै सभासद् **रत्नकाजी नायभारी**ले परिच्छेद ३ (४) मा मापदण्ड विपरीत निर्माण गर्नेलाई सजाय गर्नुपर्ने, नगर प्रहरीको काम कारबाहीमा जनशक्ति नपुगे नपाका कर्मचारीले पनि सहयोग गर्नुपर्ने सुझाव दिनुभयो।

छलफलमा भाग लिँदै सभासद् **श्यामसुन्दर माता**ंले विधयकको बुँदा नं. २९ मा नगर प्रहरी कार्यालय भन्नाले कुन कार्यालयको हो स्पष्ट पार्नुपर्ने, नगर प्रहरी पदपूर्ति गर्दा शैक्षिक योग्यता र उमेरको हदबन्दी राख्नुपर्ने, सार्वजनिक स्थलमा धुम्रपान र मद्यपान गर्नेलाई कारबाहीको व्यवस्था गर्नुपर्ने, सामाजिक विकृति नियन्त्रण गर्न व्यवस्था गर्नुपर्ने, घरको कौसी र बार्दलीबाट बटुवाहरूलाई बाधा पुग्ने गरी सडकमा पानी फाल्नेलाई दण्ड जरिवाना गर्नुपर्ने, सडक छेकिने गरी ठूल्ठूला गाडी रोकेर सामान लोड-अनलोड गर्ने गाडीहरूलाई कारबाही गर्ने बुँदाहरू थप्नुपर्ने सुझाव दिनुभयो।

सभासद् **सिद्धिराम अवाल**ले यस विधेयकमा भएका नियमहरू पूर्ण कार्यान्वयन गर्न कठिनाइ हुने देखिएकोले यस विषयमा पुनःविचार गर्नुपर्ने, परिच्छेद ३ को काम कर्तव्य अधिकारमा नगरको कोषको मात्र नभई नगरवासीहरूको धनजनको पनि सुरक्षा गर्ने राख्नुपर्ने र पदपूर्ति खुला प्रतिस्पर्धा रहेकोमा भनपा क्षेत्रभित्रका लागि मात्र समावेश गर्नुपर्ने सुझाव दिनुभयो।

त्यस्तै सभासद् **रञ्जना त्वाती**ले बुँदा नं. १० मा रहेको बेवारिस लासहरूको व्यवस्थापन गर्ने उल्लेख गर्नुपर्ने र सोको लागि नगर प्रहरी परिचालन गर्ने व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो।

सभासद् **गोविन्द दुवाल**ले छलफलमा भाग लिँदै अनियमित निर्माण हटाउन नगर प्रहरी परिचालन गर्नुपर्ने, परिच्छेद ३ दफा ८ मा छाडा कुकुर नियन्त्रण गर्ने उल्लेख गर्नुपर्ने र आवश्यकताअनुसार दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने, समुदाय उल्लेख भएको ठाउँमा जनता शब्द उल्लेख गर्नुपर्ने, बुँदा नं. ९ मा भत्काउन लगाउने शब्दको सत्तामा भत्काउने राख्नुपर्ने, दफा २७ मा सार्वजनिक स्थानमा बसेका भूकम्प पीडितहरूको व्यवस्थापनको लागि कम्तीमा १० वर्ष शब्द उल्लेख गर्नुपर्ने, महानगर शब्द प्रयोग भइरहेको हटाउनुपर्ने र पदपूर्ति गर्दा भूतपूर्व सैनिक प्रहरी तालिम प्राप्त खेलाडीको प्रमाणपत्र भएकालाई प्राथमिकता दिने उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो।

सभाअध्यक्ष **सुनिल प्रजापति**ले सभासद्हरूले दिएका सुझाव र प्रश्नहरूको बारेमा स्पष्ट पार्न विधायन समितिका सदस्य **महेन्द्र खायमली**लाई समय प्रदान गर्नुभयो।

सदस्य खायमलीले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्दै ऐनको कार्यान्वयन नगर प्रमुखको निर्देशन बमोजिम हुने, सैनिक र प्रहरी शब्द उल्लेख गर्न सकिने, महानगर शब्द हटाउन सकिने प्रस्ट पार्नुभयो।

सभामा उठेका केही विषयहरूमा प्रस्ट पार्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले कार्यकारी अधिकृत नै कर्मचारी परिचालनमा जिम्मेवार हुने, सडक पेटीमा कति मिटर छोड्न भन्नेबारे नक्सा पास प्रक्रियामै प्रस्ट हुने, नगरपालिकाबाट करार कर्मचारीमात्र नियुक्ति दिने अधिकार भएको, श्रेणीविहीन कर्मचारीमात्रै नगरपालिकाले भर्ना गर्न पाउने र अरु बाँकी कर्मचारी प्रदेश सरकारले भर्ना गर्ने कानुनी व्यवस्था रहेकोले 'करार' शब्द उल्लेख भएको, उमेर हद प्रचलित कानुनअनुसार हुने, महिला र पुरुष प्रहरीको अनुपात आवश्यकताअनुसार मिलाइने, निरीक्षकको काम-कारबाहीमा असर नहुने, प्रस्तुत ऐनले नगर प्रहरीलाई शक्तिशाली बनाइने, कानुनी अधिकार प्राप्त नगर प्रहरीको लागि थप हतियारको आवश्यकता नहुने, धनजनको सुरक्षा गर्ने वाक्यांशले सबै अधिकार समेटिने प्रस्ट पार्नुभयो।

त्यसपछि सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका नगरप्रहरी सञ्चालन सम्बन्धमा बनेको विधेयक २०७५ निर्णयार्थ सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट सो विधेयक पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सभाअध्यक्ष प्रजापतिले **आर्थिक वर्ष २०७४/७५ को महालेखा परीक्षकको प्रतिवेदनमा बेरुजु देखाइएका विषयहरूमा नियमित गर्ने प्रतिवेदन** सभामा प्रस्तुत गर्दै कर्मचारीहरूलाई वितरण गर्न निर्देशन गर्नुभयो र प्रतिवदन वाचन गरी सभामा प्रस्तुत गर्न लेखा समितिका संयोजक हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो। संयोजक **हरिप्रसाद बासुकला**ले प्रतिवेदन वाचन सम्पन्न गरिसकेपछि सभाध्यक्ष प्रजापतिले न्यायिक समितिका संयोजक एवम् उपप्रमुख **रजनी जोशी**लाई **न्यायिक समितिको प्रगति प्रतिवेदन** सभामा पेश गर्न समय प्रदान गर्नुभयो। संयोजक जोशीले चालू आ.व. को ६ महिनामा न्यायिक समितिको इजलासले सम्पन्न गरेका न्यायिक निर्णयहरूको प्रगति प्रतिवेदन सभालाई जानकारी गराउनुभयो।

सभाअध्यक्ष प्रजापतिले जनप्रतिनिधिहरूबाट विभिन्न

नगरपालिकाहरूको भ्रमणको क्रममा भक्तपुर नपाबाट गर्दै आएका विभिन्न गतिविधि र न्यायिक समिति तथा इजलासको कार्यबारे धेरै सोधखोज भएको जानकारी गराउँनुहुँदै भक्तपुर नगरपालिका सबै स्थानीय तहहरूको अध्ययनको विषयको रूपमा आइरहेको सन्दर्भमा सबै जनप्रतिनिधिहरू र जिम्मेवार कर्मचारीहरूले गम्भीरताका साथ कार्य सम्पादन गर्नुपर्ने जानकारी गराउनुभयो र सभा आधा घण्टाको लागि स्थगित भएको जानकारी दिनुभयो ।

आधा घण्टाको स्थगन पछि बैठक पुनः सुरु गर्नुहुँदै सभाध्यक्ष प्रजापतिले आ.व. २०७४/७५ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा बेरुजु देखाइएका विषयमा नियमित गर्नेसम्बन्धी छलफलमा भाग लिन चाहनुहुने सभासद्हरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

प्राप्त नामअनुसार छलफलमा भाग लिन चाहनुहुने निम्न सभासद्हरूलाई सभाअध्यक्ष प्रजापतिले समय प्रदान गर्नुभयो ।

सभामा भाग लिँदै सभासद् **विश्वराज शिल्पकार**ले प्रतिवेदनको ५ नं. बुँदामा फछ्र्यौट हुन बाँकी रु. ५ करोडभन्दा बढी कसरी भयो सभामा प्रस्ट पार्नुपर्ने र नगरपालिकाले नयाँ प्रविधि र कार्यक्रमहरू सञ्चालन गर्दा सभासद्हरूलाई जानकारी गराउनुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले ५ नं. बुँदामा प्राप्त भएको सुझावलाई नेमकिपाको सिद्धान्तअनुसार कानुनी र गैरकानुनी भ्रष्टाचारलाई नियन्त्रण गर्न आवश्यक कदम चाल्नुपर्ने र गत वर्षका प्रतिवेदनमा यो वर्षमा सुधार गर्दै जाने उल्लेख भएको विषयवस्तुमा के–कति सुधार भए नभएको उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूको सुझाव र जिज्ञासा प्राप्त भएपछि सो सम्बन्धी प्रस्ट पार्न लेखा समितिका संयोजक **हरिप्रसाद बासुकला**लाई सभाअध्यक्ष प्रजापतिले समय प्रदान गर्नुभयो ।

संयोजक बासुकलाले सभासद्हरूको जिज्ञासालाई प्रस्ट पार्दै आर्थिक नियमाअनुसार एउटा आ.व.मा लिएको पेश्की साही आ.व.मा नै फछ्र्यौट हुनुपर्ने नियम रहेको तर धेरै योजनाहरू चालु रहेकोले फछ्र्यौट हुन बाँकी देखिएको र भ्रष्टाचार गर्ने उद्देश्यले पेश्की बाँकी नरहेको प्रष्ट पार्नुभयो ।

त्यसपछि **सभाअध्यक्ष प्रजापति**ले आ.व. २०७४/७६ को महालेखा परीक्षकका प्रारम्भिक प्रतिवेदनमा बेरुजु देखाइएका विषयहरूमा नियमित गर्ने प्रस्ताव पारित गर्न निर्णयार्थ सभामा पेश गर्नुभयो । सभासद्हरूले सर्वसम्मतिबाट प्रतिवेदन पास गरिदिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै नगरसभाबाट नगरपालिकाद्वारा सञ्चालन विभिन्न कलेजहरूको विनियमहरू पारित गर्नुपर्ने र सो विनियमहरू कार्यपालिका सदस्यहरूलाई वितरण गरिसकेकोले समूहगत रूपमा अध्ययन गरेर अर्को बैठकमा उपस्थित हुन जानकारी गराउँदै सभाको अर्को बैठक २०७५ माघ २२ गते मंगलबार १ बजे बस्ने जानकारी गराउँदै आजको बैठक सम्पन्न भएको घोषणा गर्नुभयो ।

## आठौं दिन

- **कलेजहरूको विनियम पारित**
- **लेखा समिति गठनको प्रस्ताव पारित**
- **कर संकलन अभियान प्रस्ताव पारित**
- **मापदण्ड संशोधन प्रस्ताव पारित**
- **कर्मचारी प्रशासन विनियम २०६५ मा संशोधन**

भक्तपुर नगरपालिकाको चौथो नगरसभाको आठौं दिनको बैठक माघ २२ गते सुरु गर्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले आजको कार्यसूचिमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप इञ्जिनियरिङ कलेज, ख्वप कलेज अफ इञ्जिनियरिङ, ख्वप बहुप्राविधिक संस्थानका विनियमहरू नगरसभाबाट छलफल गरी पारित गर्ने कार्यक्रम रहेको जानकारी गराउनुहुँदै सबै विनियमहरू सभासद्हरूलाई वितरण गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो र विनियमहरू वितरणपछि अध्ययनको लागि बैठक आधा घण्टा स्थगित गर्नुभयो ।

आधा घण्टाको स्थगनपछि सभा पुनः सुरु गर्नुहुँदै **विभिन्न कलेजहरूका विनियम**को छलफलमा बोल्न चाहनुहुने सभासद्हरूको नाम टिप्न कर्मचारीहरूलाई आदेश दिनुहुँदै प्राप्त नामावलीअनुसार निम्न सभासद्हरूलाई बोल्न सभाध्यक्ष प्रजापतिले समय प्रदान गर्नुभयो ।

छलफलमा भाग लिँदै सभासद् **ज्ञानकुमार मगजु**ले विनियममा कलेजहरूमा अध्ययन बिदाको व्यवस्था भएकोले नगरपालिकामा पनि व्यवस्था गर्नुपर्ने, कलेजमा जस्तै नगरपालिकामा पनि बढुवाको लागि विनियम बनाउनुपर्ने र लामो समयसम्म एउटै तहमा सेवारत कर्मचारीलाई बढुवाको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **जितेन्द्र मुनंकर्मी**ले सरकारी कार्यालयमा विशेष बिदा, कडा रोग लाग्दा तलबी बिदा र उपचार खर्चको व्यवस्था भएकोले नपा र कलेजहरूमा पनि सोहीअनुसार व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले विनियमको बुँदा ४६ (क) को बुँदा १, २, ३ असमान भएकोले समान बनाउनुपर्ने,

३ नं. बुँदामा २ वर्ष राख्नुपर्ने र नगरपालिका र नगरपालिकाका कर्मचारीहरूलाई पनि यस्तो सुविधाको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **श्यामसुन्दर मातां**ले नपाबाट सञ्चालित ६ वटै शैक्षिक संस्थाहरूमा समान नियम लागु हुनुपर्ने, व्यवस्थापन समितिमा शिक्षाविद्, विशेषज्ञ र महिला समावेश गर्नुपर्ने, बहुप्राविधिकको विनियममा संशोधनसहित उल्लेख हुनुपर्ने, बसाइसराइ भएर गएकालाई नगरपालिकाले दिने सुविधा नपाउने गरी संशोधन गर्नुपर्ने, कर्मचारी भत्ता कटौती भएकोबारे उल्लेख हुने/नहुने स्पष्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **रञ्जना त्वाती**ले प्राचार्यहरूलाई लिलाम गर्न अधिकार दिन हुने/नहुने स्पष्ट पार्नुपर्ने, बजेटको परिधिभित्र रही खर्च गर्ने अधिकार लेखालाई दिनुपर्ने, सञ्चालक समितिको कार्यअवधि तोकिनुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **विश्वराज शिल्पकार**ले तीनवटै विनियममा एउटै सञ्चालक समिति रहेकोमा स्पष्ट पार्नुपर्ने, विनियममा सुरुमा नगरपालिकाको प्रमुख अध्यक्ष हुने व्यवस्था बीचमा व्यक्तिको नाम उल्लेख गरी प्रेम सुवाल राखिनु र अहिले पुनः व्यक्तिकै नाम उल्लेख गरी सञ्चालक समितिको अध्यक्ष राख्न हुने/नहुने प्रस्ट पार्नुपर्ने विचार राख्नुभयो ।

त्यस्तै सभासद् **शिवप्रसाद बाला**ले परिच्छेद १ को १९ नं. बुँदामा परिवारको परिभाषामा छोराको बुहारी परिवारभित्र पर्छ/पर्दैन स्पष्ट गर्नुपर्ने, परिच्छेद ६ को १९ मा निर्माण परामर्श समितिबारे प्रस्ट पार्नुपर्ने र यस अघिका र आजको बैठकमा शून्य समय व्यवस्था नगर्नुको कारणबारे प्रस्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले विनियममा गरिब जनताका छोराछोरी उल्लेख गर्नुपर्ने, हाम्रो कलेजले उत्पादन गर्ने जनशक्ति समाज र देशप्रति जिम्मेवार बनाउनुपर्ने, पाँच वर्षपछि पनि सञ्चालक समितिमा वडाअध्यक्ष पदेन सदस्य राख्नुपर्ने, महिला सदस्य थप्नुपर्ने र सबै कर्मचारीहरूलाई निष्पक्ष ढंगले समान सुविधा दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूको सुझाव प्राप्त भएपछि सभाध्यक्ष एवम् नगर प्रमुख **सुनिल प्रजापति**ले कलेजबाट दीक्षित विद्यार्थीहरूले देश विदेशमा नगरपालिका र नेमकिपाको ख्याति विस्तार गर्ने, नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भक्तपुरको गरिमा बढाइरहेको, २०५६ सालमा ख्वप कलेज र ख्वप माविबारे गहन छलफलपछि सञ्चालन गरी निरन्तरता दिइरहेको, कलेजहरूको विकासको लागि नगरपालिकाबाट आवश्यक आर्थिक सहयोग दिँदै स्वायत्त संस्थाको रूपमा विकास गर्न सञ्चालक समितिहरू गठन गरेको, ६ वटै शैक्षिक संस्थाहरूमा समान व्यवस्थाको लागि तयारी भइरहेको प्रस्ट पार्नुभयो र उपप्रमुख रजनी जोशीलाई नपाबाट सञ्चालित कलेजहरूको विषयमा थप प्रस्ट पार्न समय प्रदान गर्नुभयो ।

उपप्रमुख **रजनी जोशी**ले ६ वटै कलेजका विनियमको बारेमा उठेका विविध विषयमा प्रस्ट पार्नुहुँदै कलेजहरूले उदाहरणीय काम गरिरहेको, कलेजका नियमहरूमा समानता ल्याउन प्रयास भइरहेको बताउनुहुँदै सञ्चालक समितिको गठनबारे प्रस्ट पार्नुभयो ।

त्यसपछि **सभाध्यक्ष प्रजापति**ले विगतमा भक्तपुर शिक्षा क्षेत्रमा धेरै पछाडि परेको स्मरण गर्दै नेमकिपा र भक्तपुर नगरपालिकाको प्रयासबाट २०-२५ वर्षमा भक्तपुर शिक्षा क्षेत्रमा उदाहरणीय रूपमा विकास भएको स्मरण गर्नुभयो । नगरको चौतर्फी विकासको लागि नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूले निरन्तर कार्य गर्दै आएकोमा हाल संघीयता लागु भएपछि भक्तपुर नगरपालिकालाई नगर क्षेत्रका ९२ वटा विद्यालयहरूको जिम्मा काँधमा आएको, संविधानमा शिक्षा स्थानीय तहको पूर्ण रूपमा एकल अधिकारको रूपमा रहेकोमा हाल विभिन्न बहानामा अधिकार खोस्न संघीय सरकारले संविधानमै संशोधन गर्न खोजेको विचार व्यक्त गर्नुभयो ।

त्यसपछि सभाध्यक्ष प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित ६ वटा कलेजहरूको विनियम अनुमोदनको लागि सभामा पेश गर्नुभयो । सभाले विनियम पारित गर्नुभएकोमा सभाध्यक्ष प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभयो ।

सभाध्यक्षले भक्तपुर नपाको मापदण्ड संशोधनसम्बन्धी प्रस्ताव सभामा वितरण गर्न कर्मचारीलाई निर्देशन दिँदै प्रस्ताव वितरण गर्नुभयो ।

महालेखा परीक्षकको सुझाव अनुसार **लेखा समिति गठन** र **कर संकलन समिति गठन** नगर सभाबाट अनुमोदन गर्नुपर्ने भएकाले सो प्रस्ताव सभामा पेश गर्न लेखा समितिका संयोजक हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो ।

लेखा समितिको संयोजक बासुकलाले संयोजक हरिप्रसाद बासुकला, सदस्यहरू सरिना द्योला, हरिरत्न गोर्खाली, जितेन्द्र मुनंकर्मी, प्रमुख प्रशासकीय अधिकृत र सदस्य सचिवमा विनोद आगन्जा रहने गरी लेखा समिति गठनको प्रस्ताव र भक्तपुर नगरपालिकाले संकलन गर्ने घरजग्गा मूल्यांकन कर, बहाल, सफाइ शुल्क, व्यवसाय करलगायत अन्य करहरू संकलन गर्न र बढीभन्दा बढी करदातालाई करको दायरामा

ल्याउन २०७५ फागुन र चैत्र महिनालाई कर संकलन अभियान महिनाको रूपमा अगाडि बढाउने प्रस्ताव सभामा पेश गर्नुभयो ।

सो प्रस्ताव निर्णयार्थ सभाध्यक्षले सभामा पेश गरेपछि सर्वसम्मतिबाट प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

लेखा समितिको प्रस्ताव पारित भएपछि आधा घण्टाको लागि सभा स्थगित भएको जानकारी गराउनुभयो ।

आधा घण्टाको स्थगन पछि सभा पुनः शुरु गर्नुहुँदै **सभाध्यक्ष प्रजापति**ले हाल कार्यरत प्रमुख प्रशासकीय अधिकृतको अनिवार्य अवकाश २०७५ माघ २५ गते हुने भएकोले विकास निर्माणको लागि आवश्यक पेश्की माघ २३ र २४ गते भित्रनै लिन सबै सभासद्हरूलाई सूचित गराउनुभयो ।

त्यसपछि सभाध्यक्ष प्रजापतिले **मापदण्ड संसोधन प्रस्ताव** सभामा पेश गर्न उपप्रमुख रजनी जोशीलाई समय प्रदान गर्नुभयो । उपप्रमुख जोशीले मापदण्ड संसोधन सम्बन्धी प्रस्ताव वाचन गरी सभामा पेश गर्नुभयो ।

प्रस्तुति पछि सो प्रस्तावमा बोल्न चाहने सभासद्हरूले नाम टिपाउन सभासद्हरूलाई जानकारी गराउँदै कर्मचारीहरूलाई नाम टिप्न निर्देशन दिनुभयो । प्राप्त नामावलीअनुसार निम्न सभासद्हरूलाई प्रस्तावमा बोल्न समय प्रदान गर्नुभयो ।

सभासद् **विश्वराज शिल्पकार**ले प्रस्तावमा बोल्दै २ को ३ नं. बुँदामा २०३७ सालमा बसपार्क अधिकरण भएकोमा हालसम्म पूर्ण सीमांकन नहुनुका कारण स्पष्ट पार्नुपर्ने, सो बसपार्क क्षेत्रमा एउटा घर ४ आना २ पैसा कित्ताकाट भै सिफारिस हुँदै क्रमशः विभिन्न व्यक्तिलाई बिक्री हुँदै गएको, हाल ३ मिटर मापदण्ड छोडेर पनि नक्सा पास नभएकोले उचित निर्णय गर्नुपर्ने र एकै स्थानमा एउटै नियमबाट कसैको नक्सा दर्तानै नहुने र कसैको नक्सा पास हुने भएकोले एकरूपता हुनुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **शिवप्रसाद बाला**ले ४ नं. मा संसोधनबारे ४ मिटरको ठाउँमा ६ मिटर कायम गर्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **बलराम न्हिसुतु**ले १ नं. बुँदामा संस्थागत भवन बनाउनेमा २ दामको क्षेत्रफलमा ५ तल्ला सम्मको भवन बनाई राखेकोले मापदण्डअनुसार नभएको, ब्यासीमा २६ फुटको बाटो नभएपनि घर बनाउन सकिने वा नसकिने प्रष्ट पार्नुपर्ने, मापदण्ड छोडेको जग्गामा खुड्किलो राख्न पाउने नपाउने र साँघुरा गल्लीहरू पुल राख्न पाउने नपाउने बारेमा प्रष्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **हरिरत्न गोर्खाली**ले मापदण्ड अनुसार नक्सा स्वीकृत गर्ने तर मापदण्डअनुसार निर्माण नगर्ने भवनहरू भत्काउनु पर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **राजेन्द्र माक**ले वडा नं. ३ मा जनप्रतिनिधि बहाल हुनुभन्दा अगाडि मापदण्ड विपरीत ६/७ तल्लासम्म निर्माण गरी बनाएका अनियमित भवनहरूलाई नियमित गर्नुपर्ने र विश्वसम्पदा क्षेत्रभित्रका बढी भएका तल्लाहरू भत्काउनुपर्ने, वडा निरीक्षकहरू कम्तीमा दैनिक २ पटक वडामा निरीक्षणमा जानुपर्ने र बार्दली राख्ने नियम कडाईका साथ लागू गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले ३ नं. बुँदामा भक्तपुर नगरको सट्टा भक्तपुर नगर क्षेत्र हुनुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै सभासद् **गोविन्द दुवाल**ले यो प्रस्ताव अनियमित गर्नेहरूलाई नियमित गर्ने जस्तो भएकोले अनियमित निर्माण बढ्न सक्ने प्रति सचेत हुनुपर्ने, नक्सामा नभएको झ्याल, ढोका, बार्दली राख्नेलाई समयमै निरीक्षण गरी नियन्त्रण गर्नुपर्ने, अनियमित गर्नेलाई छुट दिन नहुने, प्राविधिकहरूले नगरवासीहरूलाई नक्सा नियमबारे प्रष्टसँग बुझाउनुपर्ने, दकर्मीहरूलाई नक्सा नियम सम्बन्धी सही ज्ञान नभएकोले निर्माण सम्पन्न प्रमाणपत्र लिन कठिनाई भएकोले दकर्मीहरूलाई सुसूचित गर्नुपर्ने, वडाहरूमा कर्मचारीहरू अभाव भएको गुनासो आएकोले सो को सम्बोधन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद्हरूको राय, सुझाव र जिज्ञासा प्राप्त भएपछि सभाध्यक्ष प्रजापतिले सो सम्बन्धी प्रष्ट पार्न उपप्रमुख **रजनी जोशी**लाई समय प्रदान गर्नुभयो ।

उपप्रमुख जोशीले सभासद्हरूको जिज्ञासालाई प्रष्ट पार्दै वडाहरूको सीमांकन प्रष्ट गर्न पहल गर्ने, बुँदा नं. ३ मा विशेष ध्यान दिने, विश्वसम्पदा क्षेत्रमा निर्माण भएका घरहरूलाई विशेष ध्यान दिने, नगरभित्र सडकको केन्द्रबाट ६ मिटर मापदण्ड पुऱ्याउन नसक्ने, २ नं. बुँदा सम्बन्धी पुनर्विचार गर्ने, संस्थागत भवन सानो क्षेत्रमा बनाउँदा मापदण्ड पूरा नहुने, १ मिटर मापदण्ड छोडेकोमा खुड्किला राख्न सकिने, ५ तल्ले मन्दिर क्षेत्रमा रहेका ट्रष्टबारे आवश्यक व्यवस्था गर्न आन्तरिक तयारी भैरहेको, ६/७ तल्ला भएका घरहरू भत्काउने सन्दर्भमा आवश्यक छलफल भएको, निरीक्षकहरूलाई वडा कार्यालयप्रति जिम्मेवार बनाउन आवश्यक व्यवस्था गरेको, सूचिकृत गरिसकेपछि मापदण्डमा जाने हुँदा पहिला सूचिकृतको लागि तयारी गरेको र आवश्यक कर्मचारी भर्ना गर्न लिखित परीक्षा र अन्तर्वार्ता भइरहेको सभालाई जानकारी गराउनुभयो ।

**सभाध्यक्ष प्रजापति**ले मापदण्ड संसोधन प्रस्ताव

निर्माण कार्यलाई नियमित गर्न बनाइएको, पुरानो नगर क्षेत्रमा संस्थागत भवनलाई ३ आना जग्गा सम्ममा भवन बनाउन दिने की भन्ने सुझाव आएको, तत्कालीन र हालको मापदण्डसँग मिल्ने र नमिल्ने भवनहरूको सूचिकरण गर्ने र सार्वजनिक जग्गा मिचेका र रोक्का राखेका र नक्सा पास नभएका भवनहरूलाई निर्माण रोकेको प्रष्ट पार्नुभयो।

सभासद्हरूको जिज्ञासालाई प्रष्ट पारिसकेपछि सभाध्यक्ष प्रजापतिले मापदण्ड संसोधन प्रस्ताव निर्णयार्थ सभामा पेश गर्नुभयो। सर्वसम्मतिबाट प्रस्ताव पारित भएको घोषणा गर्दै सभाध्यक्ष प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभयो।

त्यसपछि सभाध्यक्ष सुनिल प्रजापतिले २०६५ सालमा भक्तपुर नगरपालिकाले पारित गरी कार्यान्वयनमा आएको कर्मचारी विनियममा केही संसोधन गर्नुपर्ने, ६०१ दरबन्दी मिलान गर्नुपर्न र पद मिलान गर्नुपर्ने र कार्यरत कर्मचारीहरूलाई प्रेरित गर्न केही सुविधा दिन संसोधन गर्नुपर्ने भएकोले **भक्तपुर नगरपालिकाको कर्मचारी प्रशासन विनियम २०६५ मा संसोधन प्रस्ताव २०७५** सभामा प्रस्तुत गर्न सभासद् **रविन्द्र ज्याख्व**लाई समय प्रदान गर्नुभयो। संसोधन प्रस्ताव सभामा पेश गर्नुहुँदै सभासद् ज्याख्वले भनपामा प्रशासनिक व्यवस्थापनको लागि धेरै अघिदेखि यो संसोधन प्रस्ताव तयारी भैरहेको, स्थानीय तह सञ्चालन ऐन आएपछि यस विनियममा संसोधन गर्नुपर्ने देखिएकोले हालको स्थानीय ऐन बमोजिम कर्मचारी प्रशासन नियमावली २०६५ को संसोधन प्रस्ताव २०७५ वाचन गरी सभामा पेश गर्नुभयो।

सो सम्बन्धी छलफलमा भाग लिन सभाध्यक्ष प्रजापतिले सभासद्हरूलाई आव्हान गर्नुभएपछि सभासद् **महेन्द्र खायमली**ले यो संसोधन प्रस्तावमा प्रस्तावना देखिनै केही नमिलेका वाक्यांशहरू प्रयोग भैरहेकोले भोलि राजपत्र बनाएर सार्वजनिक गरेर जाँदा नगरसभा र नगरपालिकाको गरिमालाई नै अप्ठ्यारो पर्न सक्ने हुँदा यसप्रति छलफलको लागि समय प्रदान गरेर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो।

सभाध्यक्ष प्रजापतिले संसोधन पछि यो विनियम हालको ऐन अनुसार आवश्यक शब्दहरूमात्र प्रयोग गरी राजपत्रमा प्रकाशन हुने भएकोले यसलाई निर्णयार्थ सभामा पेश गर्नुभयो। सभाले सर्वसम्मतिबाट भक्तपुर नगरपालिका कर्मचारी प्रशासन विनियम २०६५ मा संसोधन प्रस्ताव २०७५ पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सभाध्यक्ष प्रजापतिले नगर सभाबाट पारित गर्नुपर्ने विविध प्रस्तावहरू पेश गर्न सभासद् उकेश कवांलाई समय प्रदान गर्नुभयो। सभासद् कवांले विभिन्न १२ वटा प्रस्तावहरू सभामा वाचन गरी पेश गर्नुभयो।

सभाध्यक्ष प्रजापतिले सो प्रस्तावहरू निर्णयार्थ सभामा पेश गर्नुभयो। सभाले सर्वसम्मतिबाट प्रस्तावहरू पारित भएको घोषणा गर्दै सभाध्यक्षले धन्यवाद ज्ञापन गर्नुभयो।

## समापन

**सभाध्यक्ष सुनिल प्रजापति**ले चौथो नगरसभाबाट पारित विधेयक, ऐन, नियम, निर्देशिका र कार्यविधिहरूलाई अन्तिम रूप दिन विधायन समितिलाई जिम्मेवारी दिने बताउनु हुँदै राजपत्रमा प्रकाशन गर्नु अघि आवश्यक संसोधन हुने सभालाई जानकारी गराउनुभयो।

२०७५ पुष ३० गते सोमबारदेखि शुरु भएको भक्तपुर नगरपालिकाको चौथो नगरसभाको ८ दिनको सम्पूर्ण क्रियाकलापहरूको प्रतिवेदन सभामा सभाध्यक्ष सुनिल प्रजापतिले प्रस्तुत गर्नुभयो।

त्यसपछि सभाध्यक्ष सुनिल प्रजापतिले चौथो नगरसभाको सबै बैठकहरूमा उपस्थित हुनु भई संयमित र मर्यादित ढंगले दिनु भएको सबै राय सुझाव र जिज्ञासा नगरपालिकालाई अझ व्यवस्थित ढंगले अगाडि बढाउन मद्दत पुग्ने बताउनु भयो।

अन्तमा, यस नगरसभामा प्रस्तुत भएका सबै विधेयकहरू, ऐनहरू, निर्देशिकाहरू, कार्यविधिहरू र संसोधन प्रस्तावहरू पारित गरिदिनु भएकोमा सबै सभासद्हरूलाई धन्यवाद ज्ञापन गर्दै चौथो नगरसभा सम्पन्न भएको घोषणा गर्नुभयो।

**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :

- कमलविनायक (वडा नं १० को कार्यालय भवन)
- email - bhaktapurmasik@gmail.com

मन्तव्य

# नपाका हरेक गतिविधि जनताबीच खुला पुस्तकसरह

• सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, कला–संस्कृति संरक्षित सांस्कृतिक नगर बनाउने उद्देश्य पूरा गर्न हामी जनप्रतिनिधिहरू लागिरहेका छौं। हामीले काम गर्ने आधार निर्वाचनअघि नेपाल मजदुर किसान पार्टीले जारी गरेको निर्वाचन घोषणापत्र र जनताबीच गरेको प्रतिबद्धता नै हो। हामी जतिञ्जेल बस्छौं नगर र नगरवासीहरूको सर्वोपरि हितलाई ध्यानमा राखेर काम गर्छौं। नैतिकता, पारदर्शिता, इमानदारी र आर्थिक अनुशासन नेमकिपाले सिकाएको पाठ हो। हामीले हाम्रो **हरेक गतिविधि जनताबीच खुला पुस्तकसरह** राख्दै आएका छौं र राख्दै जानेछौं।

**आदरणीय जनसमुदाय,**

'गाउँ–गाउँमा सिंहदरबार' भनिए पनि जनताले त्यो अनुभूति गर्न पाएनन्। संघीय सरकारका उच्च पदाधिकारीहरू संविधानले स्थानीय तहलाई दिएका अधिकारहरूसमेत छाड्न चाहिरहेका छैनन्। ती पदाअधिकारीहरू स्थानीय तहहरू विगतमा झैं केन्द्रकै मातहतमा सञ्चालन हुनुपर्ने मानसिकतामा छन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकारहरूसमेत विभिन्न बहानामा एक–एक गरी नियन्त्रण गर्न खोजिंदैछ। आ.व. २०७५/७६ को बजेटमा स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई तोकियो र कर्मचारीहरूको तलब र विकास बजेटसमेत नगरपालिकाको बैङ्क खातामा जम्मा गरियो। तर हाल पुरातत्त्व विभागले पत्र पठाई काठमाडौं, भक्तपुर, ललितपुरलगायतका विश्व सम्पदा क्षेत्रभित्र पर्ने कार्यालयहरू, संघीय सरकारले हेर्ने भनी बजेट फिर्ता लगिएको छ। संविधानले मावि तहसम्मको शिक्षा स्थानीय तहलाई हेर्ने एकल अधिकार दिएकोमा जिल्ला शिक्षा समन्वय एकाइ खडा गरी खारेज भइसकेको जिशिकालाई ब्यूँताउन खोजिंदैछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्राविधिक कर्मचारी र श्रेणीविहीन कर्मचारी स्थानीय तहले नै राख्न पाउने स्पष्ट कानुनी व्यवस्था गरेपनि नेपाल सरकारले 'कुनै पनि कर्मचारी भर्ना नगर्नु' भनी पत्राचार गरेको छ। नयाँ संवैधानिक व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तह आ–आफ्नो क्षेत्राधिकारभित्र काम गर्न स्वतन्त्र छन्। कोही कसैको मातहतमा बसेर काम गर्नु पर्दैन। स्थानीय तहले आवश्यक कर्मचारी आफैले राख्न पाउनु पर्दछ। कुनै पनि बहानामा स्थानीय तहको अधिकारमाथि संघ वा प्रदेशले हस्तक्षेप गर्न मिल्दैन। संघ सरकारले यसबारे ध्यान दिने आशा गर्दछौं।

सहकारी, शिक्षा, स्वास्थ्य, कृषिलगायत संविधानको अनुसूची ९ मा उल्लेखित साझा सूचीमा रहेका १५ वटा विषयहरूबारे अहिलेसम्म कुनै छलफलै भएको छैन। **संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी अधिकार बाँडफाँट गर्नुपर्नेमा प्रदेश सरकार गठन भएको वर्ष दिन भइसक्दा पनि त्यसको कुनै पहल नहुनु** विडम्बनाको कुरा हो। संविधानको पूर्ण कार्यान्वयनको निम्ति यो काम शीघ्रातिशीघ्र हुनु जरूरी छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वर्षको २ पटक नगरसभा बस्नुपर्ने व्यवस्था छ। तेस्रो नगरसभा २०७५ असार ८ गते सुरु भई असार ३० गते सम्पन्न भएको थियो। तेस्रो नगरसभाले आ.व. २०७५/७६ का लागि रु. १ अर्ब ७३ करोड ४० लाखको विनियोजन बजेट पारित गऱ्यो। नीति तथा कार्यक्रमको आधारमा पारित उक्त बजेट कार्यान्वयन गर्दैछौं। मुलतः यो नगरसभा विधेयक सभा हो। बजेटबारे समीक्षा गर्ने र नपाको अधिकार क्षेत्रभित्र रहेका विषयहरूमा आवश्यक विधेयक र कार्यविधिहरू यस नगरसभाले पारित गर्नेछ।

### आयतर्फ

आ. व. २०७५/७६ मा विनियोजित बजेटमा अपेक्षा गरेअनुसार राजश्व संकलनमा वृद्धि भएको छ। २०७५ साउनदेखि मंसिरसम्म आन्तरिक राजश्व १७ करोड ९७ लाख ५९ हजार ५ सय ७४ रूपैयाँ संकलन भयो भने २०७४/७५ को सोही अवधिमा १३ करोड ९९ लाख ४३ हजार ७ सय ६९ रूपैयाँ संकलन भएको थियो। यो गत वर्षको तुलनामा राजश्व संकलन २८.४५ प्रतिशतले वृद्धि हो।

त्यसैगरी बाह्य स्रोत अर्थात् नेपाल सरकार राजश्व बाँडफाँट र अन्यबाट २०७५ साउनदेखि मंसिर मसान्तसम्म ३१ करोड ९३ लाख ७२ हजार ६ सय रूपैयाँ प्राप्त भयो भने ०७४/७५ को सोही अवधिमा २८ करोड ९२ लाख ७७ हजार ६९४ प्राप्त भएको थियो। यो गत वर्षको सोही अवधिको तुलनामा १०.४० प्रतिशत वृद्धि हो। आन्तरिक र बाह्य गरी कूल आयमा १६.२९ प्रतिशत वृद्धि भएको छ।

घरजग्गा करमा गत वर्षदेखि नै ५० प्रतिशत छुटको व्यवस्था गर्दै आएका छौं। यो वर्ष बितेको ५ महिनामा रु. १ करोड ९२ लाख उठ्यो भने गएको वर्ष सोही अवधिमा ९६

लाख ७४ हजार उठेको थियो। यो गत वर्षको तुलनामा शत प्रतिशत वृद्धि हो।

पर्यटक शुल्कमा बितेको ५ महिनामा १२ करोड २२ लाख ४४ हजार रूपैयाँ राजश्व संकलन भयो भने गत वर्ष सोही अवधिमा १० करोड २५ लाख रूपैयाँ संकलन भएको थियो। गत वर्षको तुलनामा यो वर्ष १९.१७ प्रतिशतले वृद्धि हो।

करको क्षेत्रलाई वृद्धि गरिँदै लगेको छ। कवाडी कर, माटो, बालुवालगायतमा पनि कर लगाउने व्यवस्थाले थप राजश्व संकलन भएको छ।

## खर्च तर्फ

आर्थिक वर्ष २०७५/७६ मा ४१ वटा नगरस्तरीय योजनाको लागि रु. ३६ करोड ५१ लाख २३ हजार विनियोजन गरिएकोमा ख्वप अस्पताल, हनुमानघाट सुधार, भाजु पोखरी, वडा नं. १ र ३ का वडा कार्यालय भवनहरू निर्माण, आकासे पानी संकलन, दत्तात्रयमा ढुङ्ग छपाइ, वडा-वडामा व्यायामस्थल निर्माण, भेलुखेलस्थित गयः भिन्द्यो पुल निर्माण, भैरवनाथ मन्दिर जीर्णोद्धार, नगरकोट सडकको पेटी निर्माणलगायत स्वीकृत अधिकांश योजनाहरू चालू अवस्थामा छन्। दरबार क्षेत्रस्थित केदारनाथ मन्दिरको निर्माण अन्तिम चरणमा छ भने वत्सला मन्दिर निर्माणको करिव ५० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ।

रु. १६ करोड २३ लाख बराबरको क्रमागत योजनाहरूमध्ये भौतिक पूर्वाधार विकासतर्फ २० वटा र सम्पदातर्फ १३ वटा गरी ३३ वटा सम्पन्न भइसकेका छन् भने बाँकी चालू अवस्थामा छन्। वडा-वडाको लागि विनियोजित रकमबाट यो अवधिमा एक दर्जन पाटी, ढुङ्गेधारा, सत्तललगायत विभिन्न भौतिक पूर्वाधार निर्माण कार्यहरू सम्पन्न भएका छन् भने कतिपय योजनाहरू चालू अवस्थामा छन्।

आ.व. २०७४/७५ मा चालुतर्फ रु. ३३ करोड ४७ लाख ५७ हजार बजेट विनियोजन गरेकोमा सोही वर्षको मंसिर मसान्तसम्म रू. १४ करोड २० लाख २८ हजार ६ सय १५ रूपैंया खर्च भएको थियो भने यस आ.व. मा चालुतर्फ रू.८७ करोड ९३ लाख ८८ हजार विनियोजन गरेकोमा मंसिर मसान्तसम्म रु.२३ करोड ४४ लाख ९८ हजार खर्च भएको छ, जुन विनियोजनको २६.६६ प्रतिशत हो।

पूँजीगततर्फ आ.व. २०७४।७५ मा ७२ करोड ७ लाख ४३ हजार रूपैयाँ विनियोजन भएकोमा सोही वर्षको मंसिर मसान्तसम्ममा रू.१७ करोड उनान्नब्बे लाख ७६ हजार खर्च भएको थियो। आ.व. २०७५।७६ मा ८५ करोड ४६ लाख १२ हजार रूपैयाँ विनियोजन भएकोमा यस आ.व.को मंसिरसम्ममा रु. १८ करोड १२ लाख ७२ हजार खर्च भई २१.२१ प्रतिशत खर्च भएको छ। यसरी यस आ.व.मा जम्मा १ अर्ब ७३ करोड ४० लाख विनियोजन बजेट पारित भएकोमा चालु तथा पूँजीगततर्फको समेत गरी जम्मा ४१ करोड ५७ लाख ७० हजार रूपैयाँखर्च भएको छ। गत वर्षको भन्दा ९ करोड ४७ लाख ६५ हजार रूपैयाँ भन्दा बढी खर्च भएको छ। क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मष्तिष्कघात जस्ता कडा रोग लागेका नगरवासीहरूलाई यस वर्षको मंसिर मसान्तसम्म जम्मा ९० जनालाई जनही रु. १० हजारका दरले जम्मा रु. ९ लाख वितरण भइसकेको छ।

**आदरणीय जनसमुदाय,**

तेस्रो नगरसभापछि नगरपालिकाले गरेका गतिविधिहरू संक्षिप्तमा जानकारी गराउन चाहन्छौं –

- दोस्रो नगरसभाले स्वीकृत गरेको नगरपालिका शिक्षा ऐन २०७४ बमोजिम नगरभित्र सञ्चालित विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन गरियो। स्थानीय भाषा, संस्कृति, लिपि, सम्पदा, खेलकुदलगायत समाजको विभिन्न क्षेत्रहरूमा ख्यातिप्राप्त व्यक्तित्वहरूबारे विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले **स्थानीय पाठ्यक्रम बनाई** लागू गरियो। कक्षा १ र ६ मा हाल पठनपाठन भइरहेको छ भने आगामी शैक्षिक सत्र २०७६ को लागि कक्षा २ र ७ का पाठ्यक्रम तयारी हुँदैछ। सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर सुधार गर्न शिक्षकहरूको तालिम, विद्यालय अनुगमन, विद्यार्थी शिक्षक अनुपात मिलाउन शिक्षकहरूको काज सरुवा र भौतिक सुधारको निम्ति आर्थिक सहयोग गर्दै शैक्षिक क्यालेन्डरमा एकरूपता ल्याउने तयारी गरिरहेका छौं।

  विद्यार्थीहरूको शैक्षिक र चारित्रिक विकासको निम्ति आधारभूत र मावि तहका विद्यार्थीहरूको अलग-अलग चित्रकला प्रतियोगिता, निबन्ध र वक्तृत्वकला प्रतियोगिता साथै खेलकुद प्रतियोगिता सम्पन्न गरेका छौं। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **कलेजहरूमा अनुसन्धान**लाई जोड दिइएको छ।

  शिक्षा ऐनअनुसार कक्षा ८ को परीक्षा सञ्चालन गर्न समिति गठन गरी २०७५ साल चैत ७ गतेबाट **परीक्षा सञ्चालन** तयारी गरिएको छ।

- **घरदैलो नर्सिङ सेवा**लाई निरन्तरता दिँदै वडा-वडामा स्वास्थ्य शिविर सञ्चालन सुरु गरेका छौं। गत कार्तिक महिनाभित्र सबै वडाहरूमा महिला पाठेघर परीक्षण शिविर सम्पन्न गऱ्यौं। वडा वडामा कार्यरत नर्सहरूबाट नगरवासीहरूमा चिनी रोग, उच्च रक्तचाप र थाइराइडजस्ता नसर्ने रोगहरू बढी देखिएको प्रतिवेदन प्राप्त भएको हुँदा आगामी फागुन महिनाभित्र चिनी रोग, उच्च रक्तचाप र मृगौला रोगसम्बन्धी शिविर गर्ने निर्णय

गरेका छौं। सोही अनुसार केही वडाहरूमा शिविर सञ्चालन समेत भइसकेको छ।

- ♦ **आयुर्वेदिक उपचार**प्रति जनताको आकर्षण बढ्दो छ। यो आर्थिक वर्षमा कूल ६२०० ले उपचार पाइसकेका छन् भने अब विद्यालय र कलेजहरूमा गएर स्वास्थ्यकर्मीबाट कक्षा सञ्चालनको तयारी गर्दैछौं।
- ♦ भूकम्प पीडितहरू धेरैले घर बनाउन सकेका छैनन्। भक्तपुर नगरभित्र लाभग्राही सङ्ख्या ७६२२ भएकोमा पहिलो किस्ता लिने ५५६८, दोस्रो किस्ता लिने १४४१ मध्ये २६ जना लाभग्राही किस्ता बुझ्न बाँकी र तेस्रो किस्ता लिनेको सङ्ख्या १२८६ मात्र छन्। साढे तीन वर्षमा पनि भूकम्प पीडितमध्ये २५ प्रतिशतले पनि तेस्रो किस्ता लिन सकेको छैन। अहिले घर नबनाउने पीडितहरूलाई पहिलो किस्तावापत् प्राप्त ५० हजार फिर्ताको सूचनाले पीडितहरू थप चिन्तित बनेका छन्। **भूकम्प पीडितहरूलाई** अनुदान समय र अनुदान रकम वृद्धिको लागि नगरपालिकाले जोड दिइरहेको छ।
- ♦ प्रत्येक वर्ष **सांस्कृतिक प्रतियोगिता** गर्ने प्रतिबद्धताअनुसार गत वर्ष गाईजात्रामा प्रदर्शन भएका घिन्ताङघिसी, सांस्कृतिक नाच र बाँसुरीबाजा प्रतियोगिता सम्पन्न गर्‍यौं। यो वर्ष पनि गाईजात्राको बेला प्रस्तुत सांस्कृतिक विधाहरूको मूल्यांकन गरी पुरस्कारको व्यवस्था गर्‍यौ भने गत पुस २१ गते धाँ बाजा प्रतियोगिता सम्पन्न गर्‍यौं। ३७ वटा धाँ बाजा समूहले भाग लिएको उक्त प्रतियोगिताले नयाँ पुस्ताका युवाहरूलाई थप उत्साह प्रदान गर्‍यो। संस्कृति संरक्षणको लागि यस्ता प्रतियोगिताहरू निरन्तर चलाइरहनेछौं।
- ♦ भक्तपुर नपाको आयोजनामा गत कार्तिक ११ गतेदेखि १७ गतेसम्म अन्तरविद्यालय **खेलकुद प्रतियोगिता** सम्पन्न भयो। प्रतियोगितामा १३ वटा खेलविधाहरूमा कूल ७० वटा विद्यालयका १८ सयभन्दा बढी विद्यार्थीहरूले भाग लिएका थिए।
- ♦ प्रत्येक वर्ष एकवटा अन्तर नगर खेलकुद प्रतियोगिता सम्पन्न गर्ने निर्वाचन घोषणापत्रअनुरूप यो वर्ष आगामी फागुन ५ देखि ८ गतेसम्म **अन्तर नगर कराँते प्रतियोगिता** गर्ने घोषणा गरी हामी त्यसको तयारीमा जुटेका छौं। यही पुस २५ गतेदेखि २७ गतेसम्म भक्तपुर नपा वडा नं. ४ खेलकुद समितिको आयोजनामा राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिता सम्पन्न भयो। यही माघ महिनाबाट जिम्नेष्टिक खेलको प्रशिक्षण प्रारम्भ हुँदैछ। अहिले फुटबल, भलिबल, बक्सिङ, कराँते, टेबुलटेनिस खेलको नियमित **प्रशिक्षण** चालू छ।
- ♦ खानेपानी समस्या कम गर्न नगरका विभिन्न क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी भक्तपुर नपा २, भनपा ७ र भनपा ९ मा **भूमिगत पानी निकाल्ने काम** भइरहेको छ। प्रशोधन गरी पानी पिउन योग्य बनाउन फिल्टर व्यवस्थापनका लागि छलफल भइरहेको छ। हामीसँग पानीका स्रोत नहुँदा दीर्घकालीन समाधानको लागि मेलम्ची खानेपानीकै भर पर्नुपर्ने अवस्था छ।
- ♦ २०७५ माघ १ गते भोलिबाट विश्व सम्पदा सूचीमा सूचीकृत टौमढी क्षेत्रभित्र चारपांग्रे गाडी निषेध गर्ने भनपाको निर्णयअनुसार हामी तयारीमा छौं । सम्पदा जोगाउन साथै पैदल यात्रु र पर्यटकहरूलाई सुरक्षाको प्रत्याभूति दिन नगरपालिकाले **सवारीसाधन निषेध** गर्न लागेको हो। यस कार्यमा प्रहरी प्रशासन, ट्राफिक प्रहरी र स्थानीय जनतासँग समन्वय गरिरहेका छौं।
- ♦ जनज्योति पुस्तकालयको स्तरवृद्धि गरी आधुनिक र सुविधासम्पन्न पुस्तकालयको रूपमा सञ्चालन गर्न यो आर्थिक वर्षमा ८ लाख ९४ हजार रूपैयाँ बराबरको ४ हजार १५ वटा पुस्तक थपेका छौं। साथै **इ-लाइब्रेरीको** तयारी गरिरहेका छौं।
- ♦ किसानहरूको हितलाई ध्यानमा राखेर कृषकहरूसँग विभिन्न विषयमा अन्तरक्रिया, छलफल, वडा-वडामा थ्रेसर मेसिन वितरण, आलु र गहुँको बिऊ निःशुल्क वितरण, कृषि चुन वितरण गर्दैछौं भने ५ महिने **कृषि प्राविधिक तालिम** सुरु गर्ने तयारीमा छौं।
- ♦ युवाहरूलाई विभिन्न **सीपमूलक तालिमहरू** सञ्चालन गर्दै आएका छौं। चिनियाँ भाषा र नेपालभाषा लिपी तालिम, काष्ठकला, कपाल काट्ने, कृषि, सिलाई, बगैंचा व्यवस्थापनलगायतको तालिम सञ्चालन गर्दै आएका छौं।
- ♦ सहकारीको जिम्मेवारी नगरपालिकालाई आएपछि सहकारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न समय-समयमा सहकारी प्रतिनिधिहरूलाई सहकारी ऐन, पर्ल्स प्रणालीबारे तालिम सञ्चालन गर्दै आएका छौं। नगरपालिकाले नगरमा संचालित **सहकारी संस्थाहरूको** अनुगमन पनि गरिरहेको छ।
- ♦ जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने खाद्यान्नलगायतका वस्तुहरू बजारमा बेचिरहेको पाइएकाले **बजार अनुगमनलाई** जोड दिइरहेका छौं। नियमित अनुगमनले नियम विपरीत जथाभावी सामान बेच्नेहरू कारबाहीमा परेका छन्। अनुगमनको क्रममा मिसावट सामान बेच्ने र म्याद नाघेको औषधि बिक्री गर्ने, फाइदाको निम्ति जनताको स्वास्थ्यलाई असर पर्ने काम गर्ने व्यापारीहरूलाई चेतावनी दिने र सामान जफत गर्ने तथा कानुन बमोजिम दण्ड सजाय गर्दै आएका छौं। यसलाई निरन्तर अगाडि बढाइरहनेछौं।
- ♦ भक्तपुर दरबार क्षेत्रमा **रात्रीकालीन बत्ती**को व्यवस्था

गर्न प्राविधिकहरूको समूहलाई जिम्मेवारी दिई कार्य अगाडि बढाइरहेका छौं। नगरको नयाँ तथा पुराना बस्तीहरूमा आवश्यकताअनुसार बिजुलीको पोल गाड्ने काम भइरहेको छ।

- २०७२ सालको भूकम्पपछि बन्द रहेको **पचपन्न झ्याल दरबार** सर्वसाधारण जनता र विदेशी पर्यटकहरूका लागि खुला गरेका छौं।
- **भाजु पोखरी** जीर्णोद्धारसँगै सो पोखरीको बीचमा अवस्थित मन्दिरबारे विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा समिति गठन गरी कार्य भइरहेको छ।
- नगरको सरसफाइ कार्यलाई थप व्यवस्थित गर्न फोहरमैला व्यवस्थापनको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपायहरू पहिल्याउन प्राविधिक टोली गठन गरी त्यसको **अध्ययन** भइरहेको छ। २०७४ साउन १ गतेदेखि हरेक महिनाको १ गते र १५ गते नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय विद्यालय, कलेज, टिम, क्लव, दाफा, भजन एवं स्थानीय जनताको व्यापक सहभागितामा **पाक्षिक सरसफाइ** कार्यक्रमलाई निन्तरता दिंदै आएका छौं।
- घर निर्माण कार्य तीव्र गतिमा भइरहेको छ। यो आर्थिक वर्षमा ३०९ वटा नक्सा दर्ता भएकोमा २५७ वटा नक्सा पास भइसकेको छ भने २४५ वटा तल्ला थपको नक्सा स्वीकृत भएको छ। तर निर्माण सम्पन्न प्रमाणपत्र लिनेहरूका सङ्ख्या अत्यन्त न्युन अर्थात् जम्मा ५९ वटा मात्रै छन्। **नक्सा पास** पूर्व नक्सावाला नगरवासीहरूलाई नियमित रूपमा नक्सासम्बन्धी अभिमुखीकरण सञ्चालन भइरहेको छ।
- **शिशु स्याहार** केन्द्रहरूको समयानुकूल सुधार गर्दै लाने प्रयास भइरहेको छ। लामो समयसम्म निरन्तर सेवारत शिक्षिकाहरूलगायत अन्य कर्मचारीहरूको सेवालाई ध्यानमा राखेर कानुन बमोजिम स्थायीको लागि आवश्यक प्रकृया अगाडि बढाइने छ।
- भनपा वडा नं ६ देकोचास्थित ख्वप कलेज रहेको जग्गामध्ये करिब २८ रोपनी जग्गामा आधुनिक सुविधा सम्पन्न **अरनिको सभाभवन** निर्माणको तयारी भइरहेको छ। हाल शहरी विकास तथा भवन विभागबाट नक्सा डिजाइनको काम भइरहेको र त्यो अन्तिम चरणमा पुगेको छ।
- तुमचो दुगुरे **आवास योजना**को काम अन्तिम चरणमा पुगेको छ। सडकहरू पीच गर्ने, वातावरण सुधार, इँटा छपाइ, पेटी तथा ढल निकास निर्माणलगायत कार्यहरू भइरहेका छन् र हालसम्म रु. ६ करोड ९१ लाख बराबरका योजनाहरू सम्पन्न भइसकेका छन्। त्यहाँको आवश्यकताअनुसार थप कामहरू पनि गर्दै जानेछौं। त्यस्तै १६५३ रोपनी जग्गामा सञ्चालित देको मिवा इटापाके आवास योजनाको पूर्वाधार निर्माण कामहरू उपभोक्ता समितिमार्फत भइरहेका छन्। अहिलेसम्म सो क्षेत्रमा ५ किलोमिटर सडकमा रिटेनिङ वाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने नक्सा नं. १५ क, १५ ख र १५ ग मा जग्गा रिप्लटिङ गर्ने कार्य शुरु भएको छ।
- भक्तपुर नगरपालिकाले गरिरहेको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतका विषयमा अध्ययन गर्न विभिन्न महानगर, उपमहानगर र नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख र वडाअध्यक्षहरूले **भक्तपुरको भ्रमण** गर्नुभयो। काठमाडौं, ललितपुर, कैलाली, सिराहालगायतका विभिन्न जिल्लाका ३१ वटा स्थानीय तहका प्रतिनिधिहरूले भक्तपुरको अवलोकन भ्रमण गर्नुभयो।
- मित्रराष्ट्र चीनको संस्कृति तथा पर्यटनमन्त्री लुओ सुकाङले २०७५ कार्तिक २९ गते भक्तपुरको भ्रमण गर्नुभयो। दरबार क्षेत्र र टौमढी क्षेत्रको भ्रमणपछि उहाँले *'भक्तपुर चिनियाँहरूका लागि तीर्थस्थल'* भएको बताउनुभयो। यसलाई भावी दिनमा **चिनियाँ पर्यटकहरू** वृद्धि हुने संकेतको रूपमा लिन सकिन्छ।
- विकास निर्माणलगायत विभिन्न गतिविधिहरू गरिरहँदा हाम्रोसामु थुप्रै **चुनौतीहरू** पनि खडा छन्। यातायात व्यवस्थापनका लागि पार्किङ अभाव, खानपानीको स्रोत नहुनु, व्यवस्थित खेल मैदान नहुनु, हनुमन्ते खोला सुधारलगायत भक्तपुरका जनताका चुनौतीहरू हुन्। त्यसलाई सरोकारवाला पक्षहरूबीच आपसी छलफल गरी क्रमशः सुधार गर्दै लाने कोसिस भइरहेका छ।
- भनपा १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा संरक्षणका लागि माननीय सांसद प्रेम सुवालबाट शिलान्यास भई **पर्खाल** लगाई संरक्षणको काम भइरहेको छ।
- हाम्रा हरेक गतिविधि जनताले थाहा पाउन् भन्ने उद्देश्यले 'भक्तपुर मासिक', 'ख्वप पौ' नेपालभाषा प्रकाशन, फेसबुक पेज, भक्तपुर खबर अनलाइन पत्रिका, हप्ताका २ दिन एफ.एम. मा ख्वप सः (भक्तपुर आवाज) कार्यक्रम **प्रशारण** गर्दै आएका छौं।

हामी निर्वाचित जनप्रतिनिधिहरू जनताबीच परीक्षाको घडीमा छौं। हाम्रा सफलता हामीमा मात्रै होइन, स्थानीय जनताका साथ र सहयोगमा भर पर्छ। सदाझैं निरन्तर सहयोगको अपेक्षा गर्दछौं।

*(प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर नगरपालिकाको चौथो नगरसभा उद्घाटन कार्यक्रम (पुस ३० गते) मा व्यक्त मन्तव्य)*

# कराँते प्रतियोगिताबारे पत्रकार सम्मेलन

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा हुने अन्तरनगर कराँते प्रतियोगिताबारे पत्रकार सम्मेलन माघ २४ गते भयो ।



पत्रकार सम्मेलनमा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले शहीदहरूको सम्झनास्वरूप नगरपालिकाले प्रत्येक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिताको आयोजना गरेको र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडी तयार गर्नु उद्देश्य रहेको बताउनुहुँदै युवाहरूलाई खेलकुद क्षेत्रमा अगाडि बढाउन नगरपालिकाले विभिन्न खेलहरूको प्रशिक्षण दिँदैआएको बताउनुभयो ।

नगरका सबै वडाका वडा खेलकुद समितिहरूमार्फत् खेलकुद गतिविधिहरूलाई वडागत तहमा व्यापक बनाएको बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो – 'भक्तपुर नगरपालिकाको प्रशासन पारदर्शी र जावफदेही बनाउन नगरपालिकाका गतिविधिहरू सञ्चारमाध्यममार्फत् प्रचारप्रसार गरिरहेका छौं । अनलाइनमार्फत् नगरपालिकाको प्रशासनिक सेवा पनि अगाडि बढेको छ ।'

भक्तपुर नगरपालिकाले खेलकुदलाई मौलिक हकको रूपमा राखेको बताउनुहुँदै प्रमुख प्रजापतिले सिङ्गो समाजलाई अगाडि बढाउन र अनुशासित नागरिक तयार गर्न भक्तपुर नगरपालिका लागि परेको बताउनुभयो । उहाँले भन्नुभयो – 'खेलकुदको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू तयार गरी भक्तपुरको मात्रै होइन, देशको नाम संसारभर चिनाउने हाम्रो उद्देश्य हो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्ताका युवालाई देश र समाजप्रति उत्तरदायी बनाउन खेलकुद प्रतियोगिताको आवश्यकता रहेको र खेलकुदको माध्यमबाट अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न र सार्वभौमिकता रक्षा गर्ने देशभक्त नागरिक तयार गर्ने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको बताउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष उकेश कवां र श्यामकृष्ण खत्रीले प्रतियोगिताबारे प्रचारप्रसारको निम्ति आग्रह गर्नुभयो ।

फागुनमा हुने कराँते प्रतियोगितामा अहिलेसम्म १८ वटा नगरपालिकाले नाम दर्ता गराइसकेको र नाम दर्ता गर्ने समय माघ २५ गतेसम्म रहेको तथा प्रतियोगिताको लागि जम्मा रु. २८ लाख विनियोजन गरेको आयोजक समितिले कार्यक्रममा जानकारी दियो ।

पत्रकार सम्मेलनमा वितरित प्रेसविज्ञप्तिमा भनिएको छ – भक्तपुर नगरपालिकामा हामी जनप्रतिनिधिहरूले पद्भार ग्रहण गरेको १ वर्ष ८ महिना बित्यो । यस अवधिमा विभिन्न युवा लक्षित कार्यक्रमहरू गर्दै आएको छ ।

युवाहरूलाई विभिन्न विकृतिहरूबाट अलग गरी अनुशासित, देशभक्त र सार्वभौमिकता रक्षा गर्न सक्ने अनुशासित युवाहरू तयार पार्नु आजको आवश्यकतालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रलाई जोड दिइरहेको छ ।

निर्वाचनको बेला प्रत्येक वर्ष एउटा अन्तरनगर खेलकुद प्रतियोगिता गर्ने प्रतिबद्धताअनुसार गत वर्ष भलिबल प्रतियोगिता २१ वटा नगरपालिकाहरूको सहभागितामा र विद्यालय तहदेखि नै खेलकुद गतिविधि बढाउने उद्देश्यले अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू सम्पन्न गर्‍यौं ।

प्रतियोगिताबारे जानकारी दिन भनपाका



जनप्रतिनिधिहरू देशका विभिन्न नगरपालिकामा पुगी प्रचारप्रसार गर्नुका साथै निमन्त्रणा दियौं ।

विज्ञप्तिमा खेलाडीहरूको उत्साह बढाउन भक्तपुर नगरपालिकाले जिल्लाभरिका खेलाडी, रेफ्री र प्रशिक्षकहरूलाई सम्मान गर्दै आएको उल्लेख गर्दै 'भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ फागुन ५ गतेदेखि ८ गतेसम्म हुने अन्तरनगर कराँते प्रतियोगिताको समाचार प्रचारप्रसार गरी सहयोग गर्नुहुन सम्पूर्ण पत्रकारहरूलाई हार्दिक अनुरोध गर्दछौं ।'

**भक्तपुर ट्रक व्यवसायी संघको १९ औं साधारणसभा**

# ‘व्यवसायी तथा व्यापारीहरूले समाजलाई सभ्य र सुसंस्कृत बनाउन योगदान गर्नुपर्ने’

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर ट्रक व्यवसायी संघका १९ औं वार्षिक साधारणसभा तथा ७ औं अधिवेशन माघ १८ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

उद्घाटन समारोहमा बोल्नुहुँदै प्रमुख प्रजापतिले राजनीति कामदार वर्गको हातबाट खोसिँदै ठेकेदार, गुण्डा र तस्करहरूको हातमा जाने आशंका व्यक्त गर्नुभयो । सरकारले अपराधीलाई सजाय दिनुको सट्टा सांसदको शपथ ग्रहण गराउने र पुनः जेल पठाउने दोहोरो चरित्र प्रदर्शन गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले ठेकेदारहरूले गुणस्तरहीन निर्माण गर्नु अपराध हो । त्यस्ता ठेकेदारहरूलाई कडा कारबाही नगरेसम्म निर्माण संरचना बलियो बन्दैन भन्नुभयो ।



प्रमुख प्रजापति साधारण सभाको उद्घाटन गर्नुहुँदै

यातायात व्यवसाय सेवामुखी व्यवसाय भएको बताउनुहुँदै प्रजापतिले नाफालाई भन्दा सेवा लक्षित भावनाले काम गर्न व्यवसायीहरूमाझ अनुरोध गर्नुभयो । सियो उत्पादन नहुने देशमा अरबौं रूपैयाँको सवारीसाधन भित्रिनुमा चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले दुर्घटना हुँदा सवारीसाधन जलाउने, तोडफोड गर्नु समस्याको समाधान नभएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो – ‘व्यवसायी तथा व्यापारीहरूले समाजलाई सभ्य र सुसंस्कृत बनाउन योगदान गर्नुपर्ने र गलत कामको समयमै विरोध हुनु आवश्यक छ । राजनीतिलाई व्यापार ठान्नेहरूले देशका जनतालाई वस्तुसरह विदेशमा बेचिरहेका छन् ।’

उहाँले व्यसायीहरूमाझ सवारीसाधन नियमानुसार नगरपालिकामा दर्ता आह्वान गर्नुहुँदै देश विकास र सडक चौडा गर्ने नाममा प्राचीन सम्पदाहरू पुराना ढुंगेधारा, पाटी–पौवाहरू भत्काउन तथा आदिवासी जनजातिलाई विस्थापित गर्न खोज्नु गलत भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर ट्रक व्यवसायी संघका अध्यक्ष महेन्द्र खायमलीले राज्यले देशको उद्योग व्यवसायीको पक्षमा काम गर्न नसकेको, सिन्डिकेटलाई बढावा दिँदै व्यवसायीलाई तर्साउने काम भइरहेको बताउनुहुँदै दिउँसोको समयमा गाडी निषेध गर्ने हो भने व्यवसायीसँग उठाएको कर पनि घटाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष विजयबहादुर सुवालले निजी क्षेत्रमाथिका हस्तक्षेपले देशमा समृद्धिको सम्भावना नभएको बताउनुहुँदै सरकारले सडक इन्जिनियरिङ र मापदण्डबारे नीतिगत निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर इँटा उद्योग व्यवसायी संघका अध्यक्ष नातिभाई ह्योम्बाले ट्रक व्यवसायी र इँटा व्यवसायीहरू प्रत्यक्ष सम्बन्ध गाँसेको र सामाजिक उत्तरदायित्व बहन गर्ने परिपूरक संस्था भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका उपाध्यक्ष यादवलाल श्रेष्ठ, प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघका अध्यक्ष पुष्कर बुढाथोकी, महानगरीय ट्राफिक महाशाखा प्रमुख वसन्तकुमार पन्त, भक्तपुर ट्रक व्यवसायी संघका उपाध्यक्ष लक्ष्मीप्रसाद गोराले शुभकामना सन्देश दिनुभएको थियो ।

# 6f}d9L If]qdf rf/kfª\] ;jf/L k|j]z lgif]w

भक्तपुर, २०७५ माघ १ गते मंगलबार। भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइअन्तर्गत माघ १ गते जनचेतना र्‍यालीको आयोजना गरी कार्यक्रम सम्पन्न गर्‍यो।




जनचेतना र्‍याली कार्यक्रममा बोल्नुहुँदै प्रमुख सुनिल प्रजापतिले विश्व सम्पदा क्षेत्रमा सूचीकृत टौमढी क्षेत्रमा माघ १ गतेदेखि बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म दैनिक चारपाङ्ग्रे सवारीसाधन प्रवेश निषेध गरिएको मुख्य कारण सावरीसाधनको आवतजावतले कम्पन सिर्जना हुने र यसले ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूमा सम्भावित क्षतिलाई कम गर्ने उद्देश्य रहेको बताउनुभयो।

उहाँले सवारी निषेधले टौमढी क्षेत्र शान्त र सुरक्षित हुने र यसले आन्तरिक र बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। सवारी प्रवेश निषेधको लागि ग:हिटी क्षेत्रमा सिक्री व्यवस्था र साकोठामा सिक्रीमा ताला लगाई प्रमुख प्रजापतिले आरम्भ गर्नुभयो।

सवारी प्रवेश निषेधबाट सर्वसाधारण जनतामा पर्न जाने असुविधाप्रति नगरपालिका सचेत रहेको बताउनुहुँदै उहाँले बिहान ७ बजे अगाडि र साँझ ७ बजे पछाडि सो क्षेत्रबाट अत्यावश्यक सेवा सुविधाको लागि सवारी आगमनको व्यवस्था गरेको बताउनुभयो। आकस्मिक सेवाहरू एम्बुलेन्स, दमकल भने खुला रहने जानकारी दिनुभयो।

कार्यक्रममा ५ नं. वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य र ४ नं. वडाअध्यक्ष कुमार चवालले टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारी प्रवेश निषेधसम्बन्धी आ–आफ्ना विचारहरू राख्नुभएको थियो।




जनचेतना र्‍यालीको लागि खौमामा भएको भेलामा भनपा वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोरा र वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाले गर्दै आएका विभिन्न गतिविधिहरूमाथि प्रकाश पार्नुभयो।

र्‍याली खौमा, भार्वाचो, सिद्धपोखरी, वंशगोपाल, नासमना हुँदै टौमढीमा पुगी एकसभाको आयोजना गरी सम्पन्न भएको थियो।



कार्यक्रममा उपस्थित सहभागी

# नगर प्रमुख प्रजापतिले भेटे विभिन्न नपाका उपप्रमुखहरू




भनपाका प्रमुख प्रजापति सहितको टोली र विभिन्न नपाका उपप्रमुखहरुसँग खिचिएको सामूहिक तस्बिर

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १७ गते लालबन्दी नगरपालिकाका उपप्रमुख शान्ति लामा, तामाकोसी गाउँपालिकाका उपाध्यक्ष उर्मिला खड्का, बागमती नपाका उपप्रमुख लीलाकुमारी मोक्तान, जिरी नपाका उपप्रमुख कृष्णमाया बुढाथोकी, भीमेश्वर नगरपालिकाका उपप्रमुख कमला बस्नेतसँग लालबन्दीमा संयुक्त भेट गर्नुभयो ।

भेटमा बोल्नुहुँदै प्रमुख प्रजापतिले केन्द्र सरकारको हस्तक्षेप स्थानीय सरकारमा अस्वीकार्य हुने बताउनुभयो । उहाँले देशको सन्तुलित विकासको निम्ति स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृतिमा गरिरहेको कार्यबारे जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाको स्वामित्वमा ख्वप विश्वविद्यालय सञ्चालन गरी सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने, सस्तो र गुणस्तरीय चिकित्सा शिक्षा दिने र भक्तपुर नगरलाई एक उदाहरणीय नमुना नगर बनाउने लक्ष्य बोकेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले गरिब तथा जेहेनदार विद्यार्थीको निम्ति ५ लाखसम्मको ऋणको कायविधि पास गरेको बताउनुहुँदै कडा रोग लागेका नगरवासीहरुको निम्ति रु. १०,०००/- को आर्थिक सहयोग प्रदान गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भनपाको स्वामित्वअन्तर्गत २५ शैय्याको ख्वप अस्पताल निर्माणको कार्य अगाडि बढिसकेको र नगरको १० वटै वडामा घरदैलो नर्सिङ सेवा दिइरहेको बताउनुभयो ।

भेटमा लालबन्दी नगरपालिकाका उपप्रमुख शान्ति लामाले कर्मचारी समायोजनका कारण नगरपालिकाको कार्यसञ्चालनमा बाधा परेको, स्थानीय तह स्वायत्त सरकार भए पनि स्वतन्त्र रूपमा काम गर्न गाऱ्हो भएको बताउनुभयो ।

भेटमा भनपा वडा नं. ५ का वडाअध्यक्ष राजकृष्ण गोरा, वडा १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, ख्वप इ. कलेजका उपप्राचार्य रविन्द्र फोजु, नेत्राविसंघका केन्द्रीय अध्यक्ष सबिन ख्याजुलगायतको उपस्थिति थियो ।

**चिनियाँ नीतिकथा**

## आधा दिनको बिदा

एकपल्ट एकजना ठूला हाकिमलाई रमाइलो गरी समय बिताउन कुनै बौद्ध विहारमा जान मन लाग्यो । उसका कर्मचारीहरूले ऊ त्यहाँ जानुभन्दा तीन दिनअघि विहारका भिक्षुहरूलाई हाकिम आउँदैछ भन्ने सूचना दिए । विहारका सबै भिक्षुहरू हाकिमको स्वागतको तयारी गर्न जुटे ।

बौद्ध विहार डाँडामाथि थियो । त्यसको वरिपरि बाँसको बाक्लो जंगल थियो । वातावरण निकै शान्त थियो । त्यहाँ पुगेर हाकिम निकै खुशी भयो । खाना खानुभन्दा पहिले उसले अलिकति रक्सी खायो । अनि उसले भिक्षुहरूलाई कविता सुनाउन थाल्यो : बाँसका गाँजहरूको माझमा मन्दिरको अनौठो वैभव, भिक्षुहरूसँग सत्सँग गर्ने पूर्व अवसर, कति सुखमय छ आजको दिन, मेरो आधा दिनको यो बिदाको क्षण !

कविता सुनेर एक जना पाका भिक्षु हाँस्न थाल्यो । हाकिमले उनीसँग हाँस्नुको कारण सोध्यो ।

भिक्षुले जवाफ दियो, 'तपाईंको लागि त यो आधा दिनको बिदा हो । तर हाम्रो लागि भने लगातार तीन दिनसम्म खटेर मिहिनेत गर्नुपर्यो ।

# 'सरकारमा जाने नेताको गल्तीले देश डुब्छ'-सुनिल प्रजापति

नेपाल मजदुर किसान पार्टीको ४५ औं स्थापना दिवसको अवसरमा सर्लाही जिल्ला समितिको आयोजनामा माघ १७ गते चन्द्रनगर गाउँपालिकामा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले कामदार वर्गको शासन सत्ता स्थापना गर्न, किसानहरूको समस्या समाधानको निम्ति क्रान्तिकारी भूमिसुधार आवश्यक भएको, देशमै रसायनिक मल कारखाना स्थापना गर्नुपर्ने र शोषणको विरुद्धमा सशक्त भएर लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले पटक पटक सरकारहरू फेरिए पनि जनताको जीवनस्तरमा कुनै परिवर्तन नआएको बताउनुहुँदै नेता प्रजापतिले सरकारमा जाने नेताहरूको व्यक्तिगत स्वार्थ, राजनीतिक भागबण्डा र सत्ताको लोभले गर्दा देश झन् झन् गरिब हुँदै गएको बताउनुभयो । भागबन्डाको राजनीति गलत भएको बताउनुहुँदै उहाँले योग्य व्यक्ति मुख्य पदहरूमा पुगेमा मात्रै देशको विकास सम्भव हुने बताउनुहुँदै जनता केन्द्रित राजनीति गर्नु पर्नेमा जोड दिनुपर्ने बताउनुभयो ।

काम गरी खाने जनताले राजनीति गरेन भने देशको राजनीति गुण्डा, तस्कर र ठेकेदारको हातमा जाने संकेत गर्नुहुँदै नेता प्रजापतिले राजनीतिलाई व्यापारको रूपमा नभई शोषित पीडित जनताको हकहितमा लक्षित हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो – 'पूँजीपति वर्गले आफ्नो वर्गीय स्वार्थको निम्ति गरिब जनतालाई विश्वासघात गर्छन् । नेताले गरेको गल्तीले पनि देश डुब्छ । देशलाई सिक्किमीकरण हुनबाट बचाउन संसदमा नेमकिपाले पूँजीवादीहरूको गलत कामको विरोध गर्दै आएको छ ।'

उहाँले भारतीयहरूको इसारामा चलिरहेको यो कम्युनिष्ट नामधारी सरकार भारतीय दलाल भएको स्पष्ट गर्नुभयो । उहाँले छिमेकी राम्रो भएमात्र नेपालीले सुख पाउने बताउनुहुँदै राम्रो मित्र र खराब मित्र चिन्न छिमेकीको व्यवहार र नीतिलाई बुझ्नु आवश्यक छ भन्नुभयो । नेपाल मजदुर किसान पार्टी भारतीय कामदार जनताको पक्षमा रहेको बताउनुहुँदै त्यहाँको शासक वर्ग र हस्तक्षेप नीतिको विरोध नेमकिपाले गरेको हो भन्नुभयो ।

विदेशीलाई नागरिकता दिंदा नेपालीहरू विस्थापित हुने सम्भावना भएको बताउनुहुँदै प्रजापतिले नागरिकताको विषयमा सरकार संवेदनशील हुनुपर्ने र नेपाल–भारतबीचको सिमाना नियमित गर्नुपर्ने धारणा राख्नुभयो । नेमकिपाले



प्रमुख प्रजापति प्रशिक्षण दिनुहुँदै

तराईका जनताको पक्षमा स्थापनाकालदेखि जोड दिंदै आएको बताउनुहुँदै उहाँले किसानलाई मोहियानी हक दिनुपर्ने, तराईको विभिन्न ठाउँमा सिंचाईको बन्दोबस्त गर्नुपर्नेमा जोड दिइरहेको बताउनुभयो ।

कम्युनिष्टले सिद्धान्तअनुसार व्यवहार गऱ्यो भने देशको राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन राम्रो हुने बताउनुहुँदै देशका ठूल्ठूला कलकारखाना र उद्योगहरू राष्ट्रियकरण गर्नुपर्ने र सरकार कम्युनिष्ट सिद्धान्तअनुरूप चल्नुपर्छ भन्नुभयो । जनताले कम्युनिष्ट सरकार भनी नेकपा सरकारलाई जिताएका थिए तर कम्युनिष्ट सरकार दाबी गर्नेले भाइ कांग्रेसको चरित्र प्रदर्शन गरिरहेको प्रजापतिले स्पष्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो घोषणापत्रअनुसार काम गरिरहेको बताउनुहुँदै नेता प्रजापतिले भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि विश्वविद्यालय स्थापना सञ्चालन गरी सिंगो समाजलाई बुद्धिजीवीकरण गर्ने सोचले अगाडि बढिरहेको बताउनुभयो । लगानी बोर्डलाई संसदले बलियो बनाइरहनु गलत भएको बताउनुहुँदै नेमकिपाले लगानी बोर्ड ऐन खारेज हुनुपर्ने आवाज सुरुदेखि राख्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'समाजवादउन्मुख राज्य भनी संविधानमा लेख्ने तर नेकपा सरकार पूँजीपति वर्गको सञ्चालक समिति भएर पूँजीवादी चरित्र प्रदर्शन गरिरहेको छ ।'

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य दिनेश साहले नेपाल मजदुर किसान पार्टीको स्थापना र भूमिकाबारे बताउँदै शोषित पीडित जनताको पक्षमा संघर्ष गरिरहेको बताउनुभयो । देशको समग्र समस्याहरूमा सडकदेखि संसदसम्म संघर्षरत नेमकिपाले किसानको समस्या, शोषित–पीडित जनताको हकहितको निम्ति बुलन्द आवाज

**प्रमुख प्रजापति धुकधुकी एफ.एम.मा**

# नेकपा सरकार नाममा कम्युनिष्ट तर व्यवहार पूँजीवादी

'देशमा समाजवादी बन्दोबस्त स्थापना गर्न नेमकिपाले निरन्तर संघर्ष गर्दै आएको र नेपाल मजदुर किसान पार्टी कम्युनिष्ट सिद्धान्तअनुसार चल्ने र देशघाती सन्धिविरुद्ध सशक्त आवाज उठाउने सच्चा कम्युनिष्ट पार्टी हो ।'

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले माघ १७ गते ललबन्दी नगरपालिकाको धुकधुकी एफ.एम.का प्रस्तोता क्षितिज विश्वकर्मासँगको अन्तरवार्तामा बताउनु भएको हो ।

प्रमुख प्रजापतिले नेकपा सरकार नाममा कम्युनिष्ट तर व्यवहार पूँजीवादी चरित्रअनुरूप चलिरहेको स्पष्ट पार्नुभयो ।

उहाँले नेमकिपाको उद्देश्य काम गरी खाने वर्गलाई शासन सत्तामा पुऱ्याउने रहेको र देशमा समाजवादी बन्दोबस्त स्थापनाको निम्ति अग्रसर भएर काम गरिरहेको बताउनुभयो ।

देशका ठूला भनिने पार्टीहरूले पैसा खर्च गरी चुनाव जितेको तर नेपाल मजदुर किसान पार्टीले जनताको विश्वासको मतले चुनाव जितेको स्पष्ट पार्नुभयो । उहाँले चुनावमा थोरै मत पाए पनि जनताको विश्वासको शक्तिशाली मत पाएको बताउनुभयो ।




उहाँले अहिले देशको राजनीति क्रमशः ठेकेदार, अपराधी र गुण्डाको पकडमा गइरहेको बताउनुहुँदै राजनीतिक दबाबका कारण अपराधी र गुण्डा आरोपितहरूलाई शपथ ग्रहण गराउनु निन्दनीय कुरा भएको बताउनुभयो ।

उठाउँदै आएको बताउनुभयो । कृषकहरूको निम्ति आवश्यक मल कारखाना खोल्ने, मलखादको उपलब्धता आवश्यक भएको बताउनुहुँदै सत्तासीन पार्टीले जनताको सेवा भन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थपूर्ति र पद प्राप्तिको निम्ति राजनीतिलाई उपयोग गर्दै आएको बताउनुभयो । नेमकिपाले गरिब र धनीबीचको भिन्नता हटाउन र गरिब जनताको पक्षमा लक्षित समाजवादी गणतन्त्र स्थापनामा जोड दिइरहेको बताउनुभयो ।

पूँजीवादी सरकारमा गएर कामदार जनताको पक्षमा आमूल परिवर्तन सम्भव नभएको बताउनुहुँदै नेता प्रजापतिले नेमकिपा पूँजीवादी सरकारमा नजाने पार्टी हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर संघका केन्द्रीय सदस्य राजकृष्ण गोराले जनता सचेत र संगठित हुँदा कामदार जनताको राज्य सत्ता स्थापनाको लागि कामदार जनताको राजनैतिक सचेतना आवश्यक भएको बताउनुभयो । देशमा कृषक तथा मजदुरहरूको बहुमत भएको हुँदा कामदार वर्गको हकहितको लागि नेमकिपाले आवाज उठाउँदै आएको बताउनुभयो । कामदार वर्गको ठूलो शत्रु पूँजीपति वर्ग भएको हुँदा नेमकिपाले बहुमत जनतालाई राजनैतिक रूपमा सचेत र संठगित गर्न देशव्यापी अभियान चलाइरहेको बताउनुभयो ।

कार्यक्रममा सर्लाही जिल्लाका रमाकान्त कापरले नेमकिपाले वास्तविक शोषित पीडित जनताको निम्ति काम गरिरहेको, कम्युनिष्ट चरित्रअनुरुप काम गरिरहेको बताउनुभयो । उहाँले जनताको आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्ने सरकारले लगाएको हावादारी ठूल्ठूला नाराको औचित्य नभएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका अध्यक्ष सबिन ख्याजुले नेपाल भारतबीच सीमा समस्या भएको बताउनुहुँदै नेपालको स्वाधीनता र सार्वभौमिकताको निम्ति नबोल्ने सत्तासीन पार्टीकै कारण देशमा अतिक्रमण बढिरहेको बताउनुभयो । सीमा नियमित गरी विदेशीलाई जन्मसिद्धको आधारमा नागरिकता दिन नहुनेमा पर्नेमा जोड दिँदै वैज्ञानिक भूमिसुधारको सट्टा क्रान्तिकारी भूमिसुधारमा नेमकिपाले जोड दिइरहेको बताउनुभयो ।

उहाँले नेमकिपाले तराईको भूभागमा किसान आन्दोलनलाई सशक्त पार्नुपर्ने बताउनुहुँदै शिक्षा, स्वास्थ्यलगायत जनतालाई आवश्यक आधारभूत आवश्यकताहरू निःशुल्क र अनिवार्य हुनुपर्ने बताउनुभयो ।

नेमकिपा सर्लाही जिल्ला समितिका राघुबिन्द्र कुसवाहले नेपाल मजदुर किसान पार्टीले शोषित पीडित जनताको पक्षमा काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल ख्वप कलेज इञ्जिनियरिङ कलेजका उपप्राचार्य रविन्द्र फोजुले पनि बोल्नुभएको थियो ।

# नेकपाको सरकार पूँजीपति वर्गको सञ्चालक समिति

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १६ गते जनकपुरका पत्रकारहरूसँग भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले पूँजीवादी व्यवस्थामा काम गरी खाने जनतामाथि शोषण हुने बताउनुहुँदै पूँजीवादी सरकारमा नेमकिपा सामेल नहुने बताउनुभयो ।

विदेशीहरूले सहज नागरिकता पाउने व्यवस्थाबाट भविष्यमा नेपालमा विदेशीहरू शासक र नेपालीहरू शाशित बन्नुपर्ने सम्भावना भएकोबारे नेमकिपाले सचेत पारिरहेको बताउनुहुँदै नेपालीहरूको राजनैतिक अधिकार खोसिने गरी जन्मको आधारमा नागरिकता वितरण गर्नु गलत छ भन्नुभयो । नेपाल–भारतबीचको खुला सिमाना नियमित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

बताउनुभयो ।

देशको सन्तुलित विकासको निम्ति सांसदहरूले नीति निर्माण गर्ने हो, विकास निर्माणको सम्पूर्ण जिम्मेवारी स्थानीय तहकै हुने बताउनुँहुँदै प्रमुख प्रजापतिले सांसदहरूले विकासे कार्यकर्ताको रूपमा काम गर्नु गलत छ भन्नुभयो ।

उहाँले समाजवाद कामगरी खाने वर्गको स्वर्ग भएको हुँदा समाजवादी क्रान्ति अगाडि बढाउन नेपाली जनता एक ढिक्का हुनुपर्ने र जनताको सैद्धान्तिक चेतनास्तरलाई उकास्नुपर्ने पत्रकारहरूको एक प्रश्नको जवाफमा भन्नुभयो ।

के नेमकिपा संविधान संशोधनको विपक्षमा छ भनी सोधिएको अर्को प्रश्नको जवाफमा प्रमुख प्रजापतिले समाजको आवश्यकता र परिवर्तित समयअनुसार परिमार्जन वा संशोधन




प्रमुख प्रजापति जनकपुरका पत्रकारहरुसँग

नेकपा सरकारको नाम र झन्डा मात्रै कम्युनिष्ट भएको बताउनुहुँदै नेता प्रजापतिले नेकपा सरकारले पाखण्डी चरित्र प्रदर्शण गरिरहेकोले जनतालाई सचेत पार्न नेमकिपाले सैद्धान्तिक रूपमा आवाज उठाइरहेको हो भन्नुभयो । नेमकिपा आफ्नो स्थापनाकालदेखि नै सिद्धान्तनिष्ठ र इमानदारीपूर्वक देश र जनताको सेवाको निम्ति राजनीति गरिरहेको पार्टी भएको स्पष्ट पार्नुहुँदै कम्युनिष्ट दाबी गर्ने नेकपा सरकार पूँजीपति वर्गको सञ्चालक समितिको रूपमा काम गरिरहेको

नभए कुनै पनि संविधान जनताले च्याटेर फाल्ने स्पष्ट पार्नु हुँदै नेमकिपा कामदार वर्गको हितमा संविधान संशोधनको पक्षमा रहेको बताउनुभयो । नेपाल मजदुर किसान पार्टीले जातीयता र क्षेत्रीयताको कुरालाई कहिल्यै नउठाएको पत्रकारहरूमाझ स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य दिनेश साह र पत्रकार महासंघ धनुषाका सचिव पुरण शाहले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

# भक्तपुर नगरपालिकाको प्रतिनिधिमण्डल विराटनगर महानपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १५ गते विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली, उपप्रमुख मीरा कार्कीसँग महानगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले स्थानीय सरकार जनताको नजिकको सरकार भएको हुँदा अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको पुरानो बस्तीमा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई अघिल्लो मोहडामा ईँटा र काठमा लाग्ने कुल खर्चको ३५ प्रतिशत अनुदान नगरपालिकाले दिँदै आएको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगर नेपालकै सानो र प्राचीन नगर भएको तथा नगरपालिकाको मुख्य आयस्रोत पर्यटन भएको र पर्यटन विकासमा विशेष जोड दिइरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नपाले कलेजको स्वामित्वमा कलेजहरू सञ्चालन गरी देशभरिका विद्यार्थीलाई सस्तो र गुणस्तरीय शिक्षा दिइरहेको बताउनुहुँदै नगरपालिकाअन्तर्गत ख्वप विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्य रहेको बताउनुभयो । भक्तपुर नपाअन्तर्गत २५ शैय्याको ख्वप अस्पताल सञ्चालनको तयारी गरिरहेको बताउनुभयो ।

भेटमा विराटनगर महानपाका प्रमुख भीम पराजुलीले महानपा विकास निर्माणमा खरिद ऐनलाई टेकेर अगाडि बढिरहेको, सरकारी विद्यालय स्तरोन्नति गर्न पाँचवटा विद्यालयलाई नमुना विद्यालयको रूपमा सञ्चालन गर्ने योजना रहेको, अपांगमैत्री नमुना विद्यालय बनाउने उद्देश्य रहेको र महानपाको तेस्रो नगरसभा सम्पन्न भइसकेको जानकारी गराउनुभयो ।

उक्त भेटमा भक्तपुर नगरपालिकाका वडाअध्यक्षद्वय श्यामकृष्ण खत्री, राजकृष्ण गोरा, ख्वप इ. कलेजका उपप्राचार्य रविन्द्र फोंजु, नेत्राविसंघका केन्द्रीय अध्यक्ष सबिन ख्याजु, विराटनगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडाका वडाअध्यक्षहरू र वडा सदस्यलगायतको सहभागिता रहेको थियो ।






प्रमुख प्रजापतिबाट विराटनगर महानपाका प्रमुखलाई उपहार प्रदान गर्नुहुँदै (बायाँ) र नपा भवन अगाडि

## हार्दिक समवेदना



**स्व. रामकाजी गाइँजू**

जन्म : २००७ पुस १८ निधन : २०७५ माघ ०९

भक्तपुर नगरपालिकाको साविक वडा नं. ३ का पूर्व वडासदस्य **रामकाजी गाइँजू**को दु:खद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# विदेशीलाई नागरिकता दिंदा राजनैतिक अधिकार पनि जान सक्ने





नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नपा प्रमुख सुनिल प्रजापति कार्यक्रममा सम्बोधन गर्नुहुँदै

नेपाल मजदुर किसान पार्टी मोरङ जिल्ला समितिको आयोजनामा माघ १५ गते विराटनगरमा पार्टीको ४५ औं स्थापना दिवसको अवसरमा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टीको उद्देश्य कामदार वर्गलाई शासन सत्तामा पुऱ्याउने र देशमा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्ने भएको बताउनुभयो ।

विदेशीलाई नागरिकता दिंदा देशको राजनैतिक अधिकार उनीहरूको हातमा जानसक्ने बताउनुहुँदै प्रजापतिले विदेशीलाई नेपाली नागरिकता दिनु भनेको देशको सार्वभौमिकता गुमाउनुसरह हुने धारणा व्यक्त गर्नुभयो । उहाँले विदेशमा बस्नेहरूलाई मतदानको अधिकार दिनु गलत भएको बताउनुभयो ।

कम्युनिष्टको नारा दिएर चुनाव जितेको नेकपा सरकारले कम्युनिष्टको सिद्धान्तविपरीत काम गरिरहेको बताउनुहुँदै निजीकरणलाई बढावा दिने यो सरकार पूँजीवादी सरकार भएको बताउनुभयो । उहाँले नेकपा सरकारले पाखण्डी चरित्र प्रदर्शन गरिरहेको बताउनुभयो ।

अपराधी, तस्कर र गुण्डालाई सांसदको सपथ ग्रहण गराउनु गलत भएको बताउनुहुँदै प्रमुख प्रजापतिले गुण्डा र अपराधीलाई चुनावमा मत दिएर जिताउने जनता पनि यसमा दोषी भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नरेन्द्र हुमागाईंले नेमकिपाले शोषित पीडित महिलाहरूको हकहितमा निरन्तर संघर्ष गर्दै आएको र किसानहरू राज्यको पहुँचबाट टाढा रहेको हुँदा किसान र मजदुरहरू राजनैतिक रूपमा संगठित हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सबिन ख्याजुले नेमकिपाले स्थापनाकालदेखि क्रान्तिकारी भूमिसुधारको वकालत गर्दै आएको बताउनुहुँदै युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । उहाँले देशको राजनैतिक परिवर्तनको लागि कामदार वर्गको सैद्धान्तिक विकास अति आवश्यक भएको बताउनुभयो ।

प्रशिक्षण कार्यक्रमा नेमकिपा मोरङका जिल्ला अध्यक्ष सालिकराम रावत र सोमराज काफ्ले पनि बोल्नुभएको थियो ।

**एभीन्युज टिभीसँग**

# जनतालाई विश्वासघात गर्नेहरू एक दिन फोहोर फाल्ने नालीमा फालिनेछन्

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वर्तमान सरकारको नाम कम्युनिष्ट तर चरित्र पूँजीवादी भएको बताउनुहुँदै जनतालाई विश्वासघात गर्नेहरू एक दिन फोहोर फाल्ने नालीमा फालिनेछन् भन्नुभयो ।

एभीन्युज टेलिभिजनका पत्रकार सचिन पोखरेलसँग इटहरीमा माघ १५ गते भएको कुराकानीमा प्रमुख प्रजापतिले नेमकिपाले देश र समाज केन्द्रित राजनीतिलाई बढी प्राथमिकतामा राखेको बताउनुभयो । नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाले कार्य सञ्चालन गर्दै आएको बताउनुहुँदै नेता प्रजापतिले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी कार्य सञ्चालन गर्नेमा जोड दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले एनजीओ, आइएनजीओ र विदेशी सहायताविना नै भक्तपुरको सम्पदा संरक्षण र विकास निर्माणका कार्यहरू गर्दै आएको बताउनुहुँदै स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्रभित्र बसी भक्तपुर नगरपालिकाले पारदर्शी र आर्थिक अनुशासन कायम

# भक्तपुर नपा प्रमुख प्रजापति र इटहरी उपमहानपाका प्रमुख चौधरीबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सोमबार इटहरी उपमहानपाका प्रमुख द्वारिकालाल चौधरीसँग माघ १४ गते भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले एनजीओ र आइएनजीओले जनतामा मागेर खाने प्रवृत्ति विकास गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले सरकारी र गैरसरकारी संस्थाहरूलाई निषेध गर्ने योजनाले काम गरिरहेको बताउनुभयो ।



भक्तपुर नपाको प्रमुख प्रजापति सहितको टोली इटहरी उपमहानपाका प्रमुख चौधरीसँग

भक्तपुर नपाबाट सञ्चालित कलेजले देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले नपाले २५ शैय्याको ख्वप अस्पताल निर्माण कार्य सुरु गरिरहेको जानकारी दिनुभयो ।

उहाँले नगरपालिकाभित्रका सामुदायिक आधारभूत विद्यालयहरूको शैक्षिक स्तर उठाउन शिक्षक–शिक्षिकाहरूलाई मन्टेश्वरीको सिकाइ प्रविधिको तालिम नियमित रूपमा सञ्चालन गरिरहेको बताउनुभयो । साथै नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको भौतिक सुधारको लागि नपाले आर्थिक सहयोग प्रदान गर्दै आएको जानकारी उहाँले दिनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो– ‘भक्तपुर नगरपालिका भक्तपुरको कला र संस्कृतिलाई व्यवसायीकरण गर्दै भक्तपुर नगरलाई सफा स्वच्छ सांस्कृतिक नगर, पर्यटकीय गन्तव्य र शिक्षाको केन्द्र बनाउने उद्देश्यले अगाडि बढिरहेका छौं ।’

भेटमा इटहरी उपमहानपाका प्रमुख द्वारिकालाल




चौधरीले इटहरी महानपाले समाजको स्वामित्व कायम गर्ने पक्षमा काम गरिरहेको र नगरपालिकाले इटहरीको पर्यटकीय स्थलको विकासको निम्ति आर्थिक सहयोग र अनुदानको व्यवस्था गरेको बताउनुभयो ।

भेटमा भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ५ का वडाअध्यक्ष राजकृष्ण गोरा, इन्जिनियर समाज नेपालका अध्यक्ष रविन्द्र फोंजु, नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सबिन ख्याजु, इटहरी उपमहानपा वडा नं. ६ का वडाअध्यक्ष दीपक गौतम, इटहरीका मानवअधिकारकर्मी गणेश खत्रीलगायतको उपस्थिति थियो ।

---

➲➲ गरी अगाडि बढ्ने बताउनुभयो ।

भक्तपुरको इतिहास, कला–संस्कृति, सम्पदा, खेलकुद,



स्थानीय उपचार विधिलगायतका विचार नयाँ पुस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रम तयार गरी नगरपालिकाभित्रका विद्यालयहरूमा पाठ्यक्रम लागू गरिरहेको जानकारी दिनुभयो ।

उहाँले निजी र सरकारी विद्यालयको शैक्षिक गुणस्तरको भिन्नतालाई कम गर्दै लान भक्तपुर नपाले शिक्षक–शिक्षिकाहरूलाई विभिन्न तालिम सञ्चालन गरी स्तरवृद्धि गर्ने काम गरेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले नगरको १० वटै वडामा नर्सको र स्वास्थ्य स्वयम्सेविकाहरूको व्यवस्थासहित घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेको बताउनुभयो ।

# देश र समाज केन्द्रित राजनीति गर्नुपर्नेमा जोड





नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले समाजवादी आन्दोलन अगाडि बढाउन व्यापक जनता राजनैतिक रूपमा सचेत र संगठित हुन आवश्यक भएको बताउनुभएको छ ।

नेमकिपा सप्तरी जिल्ला समितिको आयोजनामा माघ १४ गते राजविराजमा सम्पन्न पत्रकार भेटघाटमा बोल्नुहुँदै प्रजापतिले नेमकिपा देश र समाज केन्द्रित राजनीति गर्नुपर्छ भन्ने उद्देश्यले अभिप्रेरित भएको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीले नक्कली कम्युनिष्टहरूको तीखो आलोचना गर्दै सैद्धान्तिक रूपले जनतालाई सचेत गरिरहेको प्रस्ट पार्नुभयो ।

उहाँले नेकपाको सरकार समाजवादी सिद्धान्त विपरीत चलिरहेको नक्कली कम्युनिष्ट भएको बताउनुभयो । उहाँले नेमकिपाको उद्देश्य नेपालमा पूँजीवादी व्यवस्थाको अन्त्य गरी जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्ने रहेको बताउनुभयो ।

तराईका गरिब किसान मजदुरहरूको पक्षमा नेमकिपाले क्रान्तिकारी भूमिसुधार लागु हुनुपर्ने, नेपालमै मल कारखाना स्थापना गर्नुपर्ने, तराईका कृषियोग्य जमिनमा सिंचाईको राम्रो बन्दोबस्त गर्नुपर्नेमा जोड दिइरहेको बताउनुभयो ।

उहाँले जनताको आर्थिक समानताका लागि राज्यले शिक्षा र स्वास्थ्यलाई निःशुल्क गर्नुपर्ने बताउनुहुँदै देशको सन्तुलित विकासको लागि विकेन्द्रिकरण र स्वायत्ततालाई प्राथमिकता दिनु आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो– 'नागरिकता बस र सिनेमाको टिकट होइन । राजनैतिक अधिकारअन्तर्गत पर्ने नागरिकता र मताधिकारको व्यवस्था जस्ता संवेदनशील विषयमा सरकार सचेत हुनुपर्छ । विदेशीलाई नागरिकता दिंदा नेपालीहरू अल्पमतमा पर्न सक्ने कुराप्रति सचेत गर्दै नेता प्रजापतिले विदेशीलाई मताधिकारको व्यवस्था गर्नु गलत भएको बताउनुभयो ।'

कार्यक्रममा नेमकिपा सप्तरी जिल्ला समिति अध्यक्ष दिगम्बर यादवले पनि आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# भक्तपुर नपा प्रमुख सुनिल प्रजापति धरान उपमहानपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सोमबार धरान उपमहानगरपालिका कार्यवाहक प्रमुख मञ्जु भण्डारी, प्रमुख प्रशासकीय अधिकृत विनोदप्रसाद पोखरेल, विशेष प्रशासकीय अधिकृत कल्याणीप्रसाद खतिवडासँग माघ १४ गते धरान उपमहानपाको सभाकक्षमा भेट गर्नुभयो ।

भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिसँग धरानका कार्यवाहक प्रमुख मञ्जु भण्डारीलगायत

# भक्तपुर नपाका प्रमुख प्रजापति र राजबिराज नपाका प्रमुख यादवबीच भेट



भक्तपुर नपाका प्रमुख प्रजापतिसहितको टोली र राजविराज नपाका प्रमुख यादवलगायत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १३ गते राजबिराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, उपप्रमुख साधना झा र प्रमुख प्रशासकीय अधिकृत राजेशराज कर्णसहितको टोलीसँग राजविराज नपाको कार्यालयमा भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले कुनै क्षेत्रको विकासमा त्यहाँको नेतृत्वको भूमिका महत्त्वपूर्ण हुने बताउनुहुँदै समाज परिवर्तनको लागि नयाँ पुस्ताको सैद्धान्तिक स्तर उकास्नुपर्ने बताउनुभयो । राज्यको नेतृत्व राम्रो भए समाजको विकास व्यवस्थित तरिकाले अगाडि बढ्ने बताउनुहुँदै भक्तपुर नगरपालिकामा एनजीओ र आइएनजीओलाई प्रवेश निषेध गर्ने सोचले अगाडि बढिरहेको बताउनुभयो ।

भेटमा राजविराज नगरपालिका प्रमुख यादवले नेपालको विकास नहुनुमा एनजीओ/आइएनजीओ प्रभाव बढी हुनु रहेको र राष्ट्रलाई आत्मनिर्भर बनाउन यस्ता विदेशी संस्थाहरूलाई पूर्ण रूपमा निषेध गरिनुपर्ने विचार राख्नुभयो ।

विदेशी सहयोगविना भक्तपुरका सांस्कृतिक सम्पदाहरूको संरक्षण हुनु गौरवको कुरा भएको र नगरवासीहरूको हितमा भक्तपुर नगरपालिकाको गतिविधि सराहनीय भएको बताउनुभयो ।

भेटमा भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ५ का वडाअध्यक्ष राजकृष्ण गोरा, इञ्जिनियर समाज नेपालका अध्यक्ष रविन्द्र फोंजु, नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सबिन ख्याजुलगायतको उपस्थिति थियो ।

---

➲➲ भेटमा प्रमुख प्रमख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा फागुन ५ गतेबाट अन्तरनगर कराँते प्रतियोगिता सञ्चालन गर्न लागेको जानकारी गराउनुहुँदै सो प्रतियोगितामा धरान नपाको सहभागिता रहनेमा आशा व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाले देशैभरका विद्यार्थीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो । भक्तपुरका पुराना सम्पदाले नयाँ पुस्ताको सेवा गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगर सांस्कृतिक महत्त्व बोकेको र कलाकारहरूको सहरको रूपमा यसको पहिचान रहेको जानकारी गराउनुभयो ।

उहाँले कुनै ठाउँको विकास निर्माणका काममा स्थानीय जनताको सहभागिता र अपनत्व महत्त्वपूर्ण हुने बताउनुहुँदै भूकम्पबाट क्षतिग्रस्त मठ, मन्दिर, पाटी, पौवा, पोखरीलगायतका सम्पदाहरूको संरक्षण कार्य पनि विदेशीको सहयोगविना नगरपालिका स्वयम्ले नै गरिरहेको बताउनुभयो ।

भेटमा धरान उपमहानपाका कार्यवाहक प्रमुख भण्डारीले धरान बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय सहर भएको र यहाँको विकास निर्माणका कार्यमा जनताको सहभागितालाई प्राथमिकता दिएर अगाडि बढिरहेको बताउनुभयो ।

धरान उपमहानपामा भूकम्पप्रतिरोधी भवन निर्माण संहिता कडाईका साथ लागु गरेको र यहाँको फोहरमैला निजी क्षेत्रमार्फत् व्यवस्थापन भइरहेको जानकारी दिनुभयो । धरान खेलकुद क्षेत्रमा धेरै अगाडि भएको जानकारी उहाँले गराउनुभयो ।

सो भेटमा भक्तपुर नपाका वडाअध्यक्षद्वय राजकृष्ण गोरा र श्यामकृष्ण खत्री, धरान उपमहानपाका जनप्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

# भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति लाहान नगरपालिकामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १३ गते सिरहा जिल्लाको लाहान नगरपालिकाका प्रमुख मुनी साह गुडीसँग भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकता राखेको र नपाकै स्वामित्वमा ६ वटा कलेज, १ वटा मावि र ६ वटा शिशुस्याहार केन्द्र सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले स्थानीय सरकार जनताको नजिकको सरकार भएको हुँदा स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुरका सरकारी विद्यालयको स्तरोन्नतिको लागि शिक्षक–शिक्षिकाहरूलाई विभिन्न प्रशिक्षणहरू सञ्चालन गरेको र कानुनले दिएको अधिकारभित्र बसेर शिक्षा ऐन लागू गर्दै भक्तपुर नगरपालिकाको शिक्षा क्षेत्रमा प्रगति गर्दै आएको बताउनुभयो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, सरसफाइमा नमुना नगर र कला–संस्कृति संरक्षित सांस्कृतिक नगर बनाउन जनप्रतिनिधिहरू क्रियाशील भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको भाषा, लिपी, कला–संस्कृति, विभिन्न क्षेत्रका व्यक्तित्वहरूको जीवनी, खेलकुद, उपचार विधिहरू सम्मिलित स्थानीय पाठ्यक्रम लागू गरिसकेको बताउनुभयो ।

सोही भेटमा लाहान नगरपालिकाका प्रमुख मुनी साह गुडीले भक्तपुर नगरपालिका देशकै सानो नगरपालिका भए पनि सबै क्षेत्रमा व्यवस्थित विकास भएको र अरु नपाको लागि अनुकरणीय कार्य गरिरहेको बताउनुभयो ।

सप्तरीमा प्राविधिक कलेज सञ्चालन गर्न सम्बन्धन दिन सरकारले असहयोग गरेको बताउँदै व्यापारिक केन्द्रको रूपमा रहेको यस जिल्ला अहिले खाद्यान्न निर्यातमा कमजोर हुँदै गएको बताउनुभयो ।


भक्तपुर नपाका प्रमुखसहितको टोली र लाहान नपाका प्रमुख गुडीलगायत

भेटमा भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ५ का वडाअध्यक्ष राजकृष्ण गोरा, इन्जिनियर समाज नेपालका अध्यक्ष रविन्द्र फोंजु, नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष सबिन ख्याजुलगायत र सिरहा नगरपालिकाका वडाअध्यक्षहरूको पनि उपस्थिति थियो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**कृषि प्राविधिक तालिम सञ्चालनसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाको आयोजनामा ५ महिने कृषि प्राविधिक तालिम बासु माध्यमिक विद्यालयमा बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरूले दर्ता शुल्क रु. १००।- र तालिम शुल्क रु. ३०००।- आ-आफ्नो वडा समितिमा बुझाइ तालिममा सहभागी हुनको लागि निवेदन दिनुहुन सम्पूर्ण नगरवासीहरूमा अनुरोध गर्दछौं । तालिम सञ्चालन हुने मिति पछि प्रकाशित गरिनेछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**कृषि चुन वितरणसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट नगरका कृषकहरूलाई कृषि चुनमा पचास प्रतिशत सहुलियत दरमा प्रतिपरिवार २/२ बोरा कृषि चुन वितरण गर्ने भएकोले कृषि चुन लिन चाहने कृषकहरूले भनपा कर उपशाखामा रु. ३०।- नगद तिरी कृषि चुन लिनुहुन सम्पूर्ण नगरवासी कृषकहरूमा अनुरोध गर्दछौं ।

# प्रमुख प्रजापतिको लाहानमा पत्रकार भेटघाट

नेपाल मजदुर किसान पार्टीको ४५ औं स्थापना दिवसको अवसरमा सिरहा जिल्ला समितिको आयोजनामा माघ १३ गते लाहनमा पत्रकार भेटघाट कार्यक्रम भयो ।

भेटघाटमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपाले नेकपा सरकारको सैद्धान्तिक रुपमा तीव्र आलोचना गरिरहेको बताउनुभयो । उहाँले नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नु नेमकिपाको उद्देश्य भएको बताउनुभयो ।





प्रमुख प्रजापति लाहानका पत्रकारहरूसँग

पूँजीवादी व्यवस्था आफै फोहोर व्यवस्था भएको हुँदा नेमकिपा पूँजीवादी व्यवस्थामा सामेल नभएको प्रस्ट पार्नुहुँदै प्रजापतिले पूँजीवादी सरकारमा गएर आमूल परिवर्तनको सम्भावना नभएको बताउनुभयो ।

पत्रकारको जिज्ञासामाथि प्रस्ट पार्नुहुँदै नेता प्रजापतिले नेमकिपाले भारतीय जनताको नभई भारतको शासन व्यवस्था र हस्तक्षेपको नीतिको विरोधमा आवाज उठाइरहेको बताउनुभयो । उहाँले नेकपा सरकार कम्युनिष्ट सिद्धान्तअनुसार सञ्चालन भइरहेको छैन, राज्यको स्वामित्वमा आउनुपर्ने कलकारखाना निजीकरण गर्ने र पुँजीपति वर्गको सेवा गर्ने सरकार कम्युनिष्ट सरकार हुन नसक्ने दाबी गर्नुभयो ।

जनताको नजिकको सरकार भनेको स्थानीय सरकारको हो । नेपाल मजदुर किसान पार्टीले देशको सन्तुलित विकासको निम्ति स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिइरहेको छ । – उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो – ‘प्रजग कोरियालगायत धेरै देशहरूमा अमेरिकी साम्राज्यवादले लगाउँदै आएको नाकाबन्दीको विरोध गर्दै ती देशका न्यायप्रेमी जनताप्रति नेमकिपाले ऐक्यबद्धता जनाउँदै आएको छ ’

सांसदहरूलाई पेन्सन दिने विधेयक, ३ प्रतिशत थ्रेसहोल्ड, उद्योगधन्दाहरूको निजीकरणजस्ता देश र जनताको हित विपरीत संसदमा प्रस्तुत विधेयकहरूमा नेमकिपाले विरोध गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेमकिपाले पूँजीवादी सत्तामा गएर समाजवाद आउनेजस्ता पूँजीवादी विचारलाई कहिल्यै स्वीकार नगर्ने धारणा व्यक्त गर्नुभयो ।

जुन देशको राजनीति राम्रो हुन्छ, त्यस देशका जनता सुखी हुने बताउनुहुँदै प्रजापतिले नेपाल मजदुर किसान पार्टी समाजवादी आन्दोलनको बाटोमा अग्रसर भएर लाग्ने बताउनुभयो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# भक्तपुर नपाद्वारा अरनिको सभाभवन निर्माण स्थल सरसफाइ






भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सरसफाइअन्तर्गत माघ १५ गते देकोचास्थित अरनिको सभाभवन निर्माण स्थल सरसफाइ कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधीहरू, कर्मचारीहरू, विद्यालय र कलेजका शिक्षक र विद्यार्थीहरू, स्थानीय दाफा, भजन, टीम, क्लब र नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

सरसफाइ कार्यक्रममा भक्तपुर नपाका कार्यवाहक प्रमुख रजनी जोशीले नगरपालिकाले उक्त स्थानमा यथाशिघ्र पूर्वघोषणाअनुसार अरनिको सभाभवन निर्माण गर्न नक्सा, डिजाइन तयार गरिसकेको र नेपाल सरकार पूर्वाधार विकास तथा भौतिक योजना मन्त्रालयबाट अनुदान प्राप्त हुने प्रकृयामा रहेको जानकारी गराउनुहुँदै सो अनुदान प्राप्त हुने बित्तिकै निर्माण कार्य शुरु गर्ने बताउनुभयो । उहाँले नगरपालिकाले सरसफाइको समस्याको दिगो समाधानका लागि आवश्यक तयारी गरिरहेको र यस कार्यमा नगरवासीहरूको सहयोगको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडासदस्य गोविन्द दुवाल र भनपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले पनि बोल्नुभएको थियो ।

# विद्यालयका छात्राहरूलाई आत्मरक्षासम्बन्धी तालिम

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भनपा वडा नं. ७ द्वारा आयोजित पाँच दिने आत्मसुरक्षा तालिमको एक कार्यक्रमबीच माघ ११ गते उद्घाटन गर्नुभयो । उहाँले समाज झन्झन् जटिल तथा आपराधिक बन्दै गएको सन्दर्भमा छोरीचेलीहरू असुरक्षित हुने सम्भावना भएकोले हरेक छात्राहरूलाई आत्मरक्षासम्बन्धी तालिम दिनु सान्दर्भिक भएको विचार व्यक्त गर्नुभयो । उहाँले भक्तपुर नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रम बमोजिम विभिन्न सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले आत्मरक्षासम्बन्धी तालिम प्रत्येक वडामा सञ्चालन हुँदै जाने बताउनुभयो । नेमकिपा ७ गोल्मढी एकाइका अध्यक्ष बलराम गोसाईले नेपाल मजदुर किसान पार्टीले स्थानीय तहको निर्वाचनताका जनतासमक्ष दिएको घोषणापत्रबमोजिम भक्तपुर नगरपालिकाले कार्य गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो ।

वाइजल्याण्ड सेकेण्डरी स्कूलका प्रिन्सिपल




आशकुमार चिकंबञ्जारले अवाञ्छित घटनाहरू हुनुअगावै विद्यालयका छात्राहरूलाई आत्मरक्षाको तालिम सञ्चालन गरेकोमा वडा समितिलाई धन्यवाद व्यक्त गनुभयो ।

वडा नं. ७ का वडा सदस्य हरिरत्न गोर्खालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडा सदस्य रञ्जना त्वाती, वडा सचिव विजय लोहला, आत्मरक्षा तालिमका प्रशिक्षक पद्मा खयरगोलीले पनि बोल्नुभएको थियो ।

# राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा भक्तपुर नगरपालिकाको प्रस्तुति

## कार्यसम्पादनमा विभिन्न समस्याहरू

राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आयोजनामा काठमाडौं उपत्यकाका भक्तपुर नगरपालिका, ललितपुर र काठमाडौं महानगरपालिकाको हालसम्म भएका विकास निर्माण, नगर व्यवस्थापन लगायतका कार्यहरू, घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताहरू, कार्यसम्पादन हुन नसक्नुका कारणहरू, कार्यसम्पादनका क्रममा देखिएका समस्याहरू र भावी योजनाहरूको विषयमा छलफल कार्यक्रम माघ ११ गते सम्पन्न भयो ।



प्रमुख प्रजापति छलफल कार्यक्रममा भाग लिनुहुँदै

कार्यक्रममा भाग लिनुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय तहको निर्वाचनपश्चात हालसम्म सम्पदा पुनर्निर्माण ६८ वटा, सडक स्तरोन्नतिका योजना १५ वटा, सडक ढुङ्गा र इँटा छपाइ योजना २७ वटा, खानेपानीको लागि डीप बोरिङ र आवश्यक व्यवस्था सम्बन्धी योजना ७ वटा, सार्वजनिक जग्गा संरक्षण १ वटा, भवन निर्माण योजना १६ वटा र ख्वप अस्पताल निर्माण कार्य प्रारम्भ भएको प्रस्तुति गर्नुभयो ।

उहाँले नगरको व्यवस्थापनको लागि ऐन, नियम, कार्यविधि र निर्देशिका तयार पारी राजपत्र मार्फत सार्वजनिक गर्दै आएको, नियमित पाक्षिक सरसफाइ भइरहेको, नगरवासीहरूको दक्षता वृद्धिको लागि सीपमूलक तालिम सञ्चालन भइरहेको, उपभोक्ता हकहितको लागि नियमित बजार अनुगमन भइरहेको, स्थानीय पाठ्यक्रम तयार गरी नगरका विद्यालयहरूमा लागू गरेको, जनस्वास्थ्य सञ्चालन गरी नगरवासीहरूलाई स्वास्थ्य सुविधा प्रदान गरिरहेको, घर घरमा नर्सिङ सेवा शुरु गरेको, जनज्योति पुस्तकालयमा पर्याप्त सन्दर्भ पुस्तकको व्यवस्था गरी अध्ययन सुविधा मिलाएको, नियमित रूपमा 'भक्तपुर' मासिक र 'ख्वप पौ' पाक्षिक पत्रिका प्रकाशन, वेवसाईट, अनलाईन पत्रिका, फेसबुक पेज, मोबाइल एप, एफ.एम. कार्यक्रम, अडियो नोटिस, वेव एस.एम.एस. सञ्चालन गरी नगरपालिकाका गतिविधिहरू पारदर्शी ढंगले सार्वजनिक गर्दै आएको समितिलाई जानकारी गराउनुभयो ।

उहाँले स्थानीय चुनावको बेला विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजीवीकरण गर्न योगदान गर्ने, अस्पताल सञ्चालन गर्ने, स्थानीय घरेलु र सानो उद्योगलाई प्रबर्द्धन गर्न हस्तकलाग्रामको व्यवस्थापन गर्ने, सांस्कृतिक नगर घोषणा गराउन पहल गर्ने, भूकम्प पश्चातको पुन:निर्माण सम्पन्न गर्ने, कृषि बजार र वधशालाको व्यवस्था गर्ने, आदर निकेतन व्यवस्था गर्ने लगायतका प्रतिबद्धता चुनाव घोषणापत्र मार्फत व्यक्त गरेको स्मरण गर्दै कार्यसम्पादनको लागि पर्याप्त बजेट नहुनु, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय नहुनु र संविधानको अनुसूचि ९ बमोजिमका अधिकारहरू बाँडफाँड नहुनु लगायतका समस्याहरू रहेको जानकारी गराउनुभयो ।

उहाँले कार्यक्रममा प्रस्तुति गर्दै सम्पदा संरक्षणको लागि आवश्यक विभिन्न साइजका काठ सहज उपलब्ध नहुनु, दक्ष जनशक्तिको अभाव, सरकारी नर्म्स र बजार भाउमा भिन्नता हुनु, परम्परागत निर्माण सामग्री सहज ➲➲



प्रमुख प्रजापति प्रस्तुतिका तथ्य-तथ्याङ्क, राजपत्र र प्रकाशनहरू हस्तान्तरण गर्नुहुँदै

नेपाल मजदुर किसान पार्टी ४५ औं वर्षमा प्रवेश

# नेमकिपा वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा संघर्षरत




नेपाल मजदुर किसान पार्टीले पार्टीको ४५ औं स्थापना दिवसको अवसरमा देशव्यापी विभिन्न कार्यक्रम गरी मनाएको छ। यसक्रममा नेमकिपा काठमाडौं जिल्ला समितिको आयोजनामा माघ १० गते प्रवचन कार्यक्रम सम्पन्न भयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रममा पार्टीको दीर्घकालीन उद्देश्य पूरा गर्न पार्टीले कानुनी र गैरकानुनी संघर्ष गर्दै आएको बताउनुहुँदै जनताको पक्षमा लड्नेहरूले ढिलो या चाँडो विजय प्राप्त गर्ने धारणा व्यक्त गर्नुभयो।

नेमकिपाले संसदमा भाग लिएर राष्ट्रघाती महाकाली सन्धि, १९५० को असमान सन्धि सम्झौताको विरोध र सरकारले ल्याउने हरेक जनविरोधी विधेयकहरूको विरोध गरी प्रखर प्रतिपक्षको भूमिका खेल्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो।

उहाँले भन्नुभयो –'मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्त मानी संघर्षका विभिन्न रूपहरूद्वारा चरणबद्ध तरिकाले समाजवाद स्थापना गरी साम्यवादी समाजसम्म पुऱ्याउने नेमकिपाको उद्देश्य हो।' सोही उद्देश्य पूरा गर्न २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टीको स्थापना भएको उहाँले बताउनुभयो।

उहाँले नेपालको कम्युनिष्ट आन्दोलनमा देखापरेका वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा निरन्तर संघर्ष गर्दै कम्युनिष्ट आन्दोलनलाई सही बाटोमा हिंडाउने काम नेमकिपाले गर्दै आएको बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनको सभापतित्वमा सम्पन्न उक्त प्रवचन कार्यक्रममा काठमाडौं जिल्ला समितिका अध्यक्ष नरमान महर्जन, काठमाडौं जिल्ला समितिका सचिव राजबीर डंगोल, भक्तपुर नगर समितिका संयोजक नारायणबहादुर दुवालले पनि बोल्नुभएको थियो।

---

➲➲ उपलब्ध नहुनु, ठेक्कापट्टाको काम कमसल हुनु, उपभोक्ता समिति मार्फत कार्य गर्दा बजेट सीमा अपर्याप्त हुनु लगायतका विभिन्न समस्याहरू कार्यसम्पादनको दौरानमा देखिएको जानकारी गराउनुभयो।

उहाँले घोषणापत्रलाई पूर्ण कार्यान्वयन गर्न भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउने, पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्ने, ज्ञान विज्ञानको केन्द्र बनाउने, सफाइको नमूना सहर बनाउने, पारदर्शी र आर्थिक अनुशासित सहर बनाउने, ख्वप विश्वविद्यालय स्थापना गर्ने र ख्वप अस्पताल सञ्चालन गर्ने भावी योजनाहरू रहेको जानकारी गराउनुभयो।

उहाँले माननीय सांसदहरू खेमराज नेपाली, कोमल ओली, रमेश प्रसाद यादव र खिमलाल भट्टराई लगायतले राख्नुभएको जिज्ञासालाई स्पष्ट पार्दै लगानी बोर्ड ऐन खारेज गर्नुपर्ने, पुरातत्व विभागले गर्ने पुनर्निर्माणको कार्य अनुगमन र नियमन गर्नुपर्ने, निर्माण सामग्री परीक्षणको व्यवस्था मिलाउनुपर्ने, स्थानीय तहको स्वायत्तता माथि प्रदेश र संघबाट हस्तक्षेप गर्न नहुने, सार्वजनिक खरिद ऐन व्यवहारिक हुनुपर्ने धारणा राख्नुभयो।

प्रस्तुति पछि प्रमुख प्रजापतिले प्रस्तुतिसँग सम्बन्धित तथ्य तथ्याङ्क, भक्तपुर नगरपालिकाका राजपत्रहरू र प्रकाशनहरू समितिलाई हस्तान्तरण गर्नुभएको थियो।

छलफल कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य र ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले पनि आ–आफ्ना महानगरपालिका सम्बन्धी प्रस्तुति गर्नुभएको थियो।

# विद्यार्थीले भक्तपुरको सम्पदाको अध्ययन-अनुसन्धानमा जोड दिनुपर्ने

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङको आयोजनामा माघ ३ गते २१ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा प्रवचन कार्यक्रम गर्‍यो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इञ्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरूले भक्तपुरको सम्पदाको अध्ययन-अनुसन्धानमा लाग्नु उपयुक्त हुने र विद्यार्थीहरूलाई नयाँ प्रविधिसँगसँगै मौलिक प्रविधि र पुरानो शैलीको पनि अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले अरू देशको प्रविधिमात्र हामीले सिको गर्ने होइन, हाम्रो मौलिक प्रविधिबारे पनि विदेशीलाई थाहा दिनुपर्ने र संसारभरि प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नेपालमा २०७२ सालमा गएको भूकम्प पछिको नवनिर्माण भक्तपुर नगरपालिकाभित्र मौलिक शैलीको घर निर्माणमा जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा प्रदेश नं. ३ का सभासद् सुरेन्द्रराज गोसाईंले चीनको भूकम्पले क्षतिग्रस्त सिचुवान शहर अहिले अर्थक्वेक टुरिज्म शहरको रूपमा विकास भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'प्रदेश सभा गठन भएको एक वर्ष बितिसक्दा पनि प्रदेशसभामा संघीयताबारे छलफल नै भएन, त्यसैले यो संघीयता भारतीय पूँजीद्वारा लादिएको संघीयता हो ।'

उहाँले माघ २ गते भएको भूकम्पसम्बन्धी जनचेतनामूलक प्रदर्शनीले जनतालाई भूकम्पप्रतिरोधी भवन निर्माण गर्न सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले भूकम्पसम्बन्धी दोस्रो अन्तराष्ट्रिय सम्मेलन यही २०७६ वैशाख १२, १३ र १४ गते हुन गइरहेको जानकारी दिनुभयो ।

ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवालले टाउन प्लानिङले कृषियोग्य भूमी मास्ने नभई अनियमित निर्माणलाई व्यवस्थित गर्ने र भौतिक संरचना निर्माण गर्दा मानवीय मूल्यमान्यतालाई पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा डा. सुवेगमान बिजुक्छेंले अर्थक्वेक भल्नराबिलिटी, डा. मञ्जिप शाक्यले रिसर्च वोर्क फर रिकन्स्ट्रक्सन अफ कल्चरल हेरिटेज स्ट्रक्चर र डा. विजयकृष्ण श्रेष्ठले पनि भूकम्पसम्बन्धी प्रस्तुतीकरण देखाउनुभएको थियो ।

कार्यक्रममा उपप्राचार्यद्वय ई. रविन्द्र फोंजू र रत्नशोभा प्रजापति, आ. लिवास फैजू र राजन जतीले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**पचपन्न झ्याले दरवार खुला हुनेबारे सूचना**

विश्व प्रसिद्ध पचपन्न झ्याले दरवार सर्वसाधारण जनता र पर्यटकहरुका लागि यही मिति २०७५ पुस २ गते सोमबार एक दिन नि:शुल्क खुला हुने र त्यसपछि हरेक हप्ताको दुई दिन **मङ्गलबार र शुक्रबार** कार्यालय समयमा देहायअनुसारको शुल्कमा खुला हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सर्वसाधारण जनताका लागि रू. २०।-**
२. **विद्यार्थीहरूका लागि रू. १०।-**
३. **पाँच वर्षमुनिका बालबालिका एवं ज्येष्ठ नागरिक, अशक्त अपाङ्गहरूलाई नि:शुल्क**
४. **विदेशी पर्यटकहरूका लागि नि:शुल्क**

## २१ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस

# दुईदिने शैक्षिक प्रदर्शनी

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङको संयुक्त आयोजनामा माघ २ गते २१ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा दुईदिने शैक्षिक प्रदर्शनीको उद्घाटन गर्नुभयो।




कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले बैंक डुबे पनि देश डुब्नु हुँदैन र बैङ्कले देश र जनताको हितको निम्ति काम गर्नुपर्ने बताउनुभयो।

जनतालाई दु:ख दिनको लागि ऐन–कानुन बनाएको हुँदैन भन्नुहुँदै उहाँले जनताको स–साना समस्या सम्बोधन गर्नको निम्ति बन्ने ऐन–कानुन निर्माणबारे सचेत हुनुपर्ने बताउनुभयो।

हाम्रो देशमा अहिले विदेशीको प्रभाव बढिरहेको हुँदा देशको सार्वभौमिकता खतरामा भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले पूँजीवादी व्यवस्थामा नाफा र कमिसनले देश चल्ने बताउनुभयो।

विदेशीले भनेको सामान किन्ने भए मात्रै सहयोग गर्ने विदेशी दाताको मानसिकता ठीक नभएको बताउनुहुँदै छाउपडी अहिलेसम्म हट्न नसक्नुमा सरकारकै कमजोरी रहेको उहाँले स्पष्ट पार्नुभयो।

प्रतिनिधिसभाका सांसद प्रेम सुवालले भूकम्पको जोखिमबाट बच्न जनचेतना नै आवश्यक भएको र घर बनाउँदा बलियो जग, माटो परीक्षण, नक्सा राम्रोसँग बनाई प्राविधिक सरसल्लाह गर्नुपर्नेमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

भूकम्पको क्षतिलाई बिर्सेर अग्लो घर बनाउँदा भविष्यमा खतरा हुने औंल्याउनुहुँदै सांसद सुवालले स्थानीय तहलाई पुन:निर्माणको जिम्मा दिनु उपयोगी हुने बताउनुभयो।

कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदा निर्माणमा पुरातत्त्व विभागको कार्यालयबाट ठेकेदारमार्फत काम गराएकोमा भक्तपुर नगरपालिकाले कमसल निर्माणलाई सच्याउने काम गरेको बताउनुहुँदै सबै सरकारी निकायहरूले पनि प्राचीन स्मारक संरक्षण ऐन र नगरपालिकाको नियम पालना गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भूकम्प पीडितलाई अनुदान रकम एकमुष्ट दिनुपर्ने र अनुदान रकम र समय बढाउन आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवालले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित इञ्जिनियरिङ कलेजले नेपालमै पहिलोपटक भूकम्पसम्बन्धी स्नातकोत्तर तहको अध्यापनको अवसर प्रदान गरिरहेको बताउनुभयो।



कार्यक्रममा ख्वप कलेज अफ इञ्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापतिले पनि बोल्नुभएको थियो।

# अन्तर नगर कराँते प्रतियोगिता मूल समिति भेला

भक्तपुर नगरपालिकाको आयोजनामा माघ २ गते भक्तपुर नगरपालिकाका अन्तर नगर कराँते प्रतियोगिता मूल समिति भेला सम्पन्न भयो।




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले खेलकुद प्रतियोगिताले भेलालाई सम्बोधन गर्नुहुँदै राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने अवसर भएको र विद्यालय तथा कलेज तहमा पनि विभिन्न प्रतियोगिता आयोजना गर्नुपर्ने बताउनुभयो।

युवाहरूलाई विकृति र बिसंगतिबाट जोगाउन खेलकुदको आवश्यकता भएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रतियोगितामा भाग लिने खेलाडीहरूलाई अनुशासित र राम्रो व्यवहार प्रदर्शनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

हरेक युवा एउटा न एउटा खेलमा संलग्न होस भन्ने उद्देश्यका साथ भक्तपुर नपाले विभिन्न खेलहरूको नियमित तालिम प्रदान गरिरहेको बताउनुभयो।

उहाँले धेरैभन्दा राम्रो काम र व्यवहारले मानिसहरू प्रभावित हुने भएकोले नगरपालिकाले राम्रो र नगरवासीको हित हुने कार्यक्रम र योजनाहरू नगरवासी र सम्बन्धित सारोकारवालाहरूसँग आवश्यक छलफल गरी लागू गरिरहेको बताउनुभयो।

भेलामा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, भक्तपुर नपा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकला, वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो।



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

**6fp9L lf[qdf rf/kfª\u] ;jf/L ;fwg kj]z lgif]w ;DaGwL ;'rgf**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिमा स्वपुंग भैरव, उत्तरमा चतुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निषेध गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## विदेशमा एक वर्षमा ८७८ श्रमिकको मृत्यु

एक वर्षयता मात्र ८ सय ७८ जनाको मृत्यु भएको छ। यिनमा ३५ जना महिला छन्।

### कुन देशमा कति ?

| | | | |
|---|---|---|---|
| मलेसिया | ३२२ | जोर्डन | ४ |
| साउदी अरब | २०८ | दक्षिण कोरिया | २६ |
| कतार | १४१ | इजरायल | ३ |
| यूएई | १०३ | युगान्डा | १ |
| कुवेत | ४८ | नाइजेरिया | १ |
| ओमन | ११ | अन्य | ९ |
| बहराइन | १० | | |

*(कान्तिपुर, २०७५/९/२६ बाट)*

# ; Nnf3f/Ldf dfkb08df k/]sf 3/ 6x/f x6fOof]

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार परिच्छेद ३ को ११ को दफा २ क २ को क र छ अनुसार पर्ती जग्गा संरक्षण र मापदण्डको अनियमितता हटाउने नगरपालिकाको कर्तव्य हो । अव्यवस्थित ढंगले बाटोको मापदण्डमा घर, टहरा र पर्खाल निर्माण गर्दा बाटोमा गाडी आवत जावत गर्न अवरोध हुने, बाटोमा हिंड्ने बटुवाहरूको दुर्घटना भई अङ्गभङ्ग भई जीवन समेत बर्बाद हुन सक्ने भएकोले त्यसको व्यवस्थापनमा नगरपालिकाहरूले कडाई साथ व्यवस्थापन गर्नु पर्ने र नगरवासीहरूलाई सचेत पार्नु पर्ने दायित्व पनि हो । तर सचेत गर्दा समेत अटेर भएकालाई र थाहापाई जानाजान गल्ति गर्नेलाई कानुनको कठघरामा उभ्याई दण्डित गर्नु पर्ने दायित्व पनि हो ।

भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धि विनियम २०६० संशोधित २०७२ को परिच्छेद ५ को ५.३७ को अनुसार बाटोको केन्द्रबाट ५.५ मीटर छोडी निर्माण गर्नु पर्नेमा उक्त मापदण्डमा पर्ने गरी बनाएको टहरा र पर्खाल सम्बन्धित धनी र नगरपालिकाले माघ ३ गते भत्काएको छ । पहिलो चरणमा नःपली सृजनानगर प्रवेश मार्गदेखि नःपली पुलसम्म र पीपलबोटदेखि इशानेश्वर महादेव मन्दिर एरिया हुँदै पश्चिम अरनिको राजमार्गमा पर्ने क्षेत्र भक्तपुर नगरपालिका वडा नं १ नःपली एरियामा सडक मापदण्डमा पर्ने गरी निर्माण गरिएका टहरा, पर्खाल, कम्पाउण्डवाललगायत अन्य भौतिक संरचनाहरू हटाउने निर्णय भएकोले मिति २०७५ पौष मासन्तसम्ममा आ–आफूले हटाउनुहोला अन्यथा



नगरपालिकाबाट हटाई हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल उपर गरी नियमानुसार कारबाही भईजाने व्यहोराको सूचना पन्ध दिन अगाडि नै प्रकाशित गरेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो । मापदण्डमापरेका टहरा र पर्खाल आफै भत्काउनेमा कान्छी सुवाल, बिकुलाल बासु र बहादुर ताम्राकारको घरमा पसल राख्ने गोबिन्द र मानन्धर भन्ने पसल धनीहरू छन् भने बरूण नेपाल, बालकृष्ण थापा, बलराम न्यौपाने, भिमेश्वर प्रजापतिको अन्य मापदण्ड र पर्ती जग्गामा परेको टहरा नगरपालिकाले हटाएको छ । त्यस्तै ईन्द्रमान श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, सिताराम न्यौपाने, बलराम न्यौपाने, बालकृष्ण थापा, भिमेश्वर प्रजापति, बद्री प्रजापति, महेश सुवाल, विश्वराम सुवाल, लक्ष्मी अवाल, रामभक्त श्रेष्ठले केही भाग हटाई बाँकी भएका पोलहरू केही दिन भित्र निजहरू आफैले हटाउने भएको वडा निरीक्षक राम सुवालले जानकारी दिनुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) २०७५ सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरुको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने नगरस्तरीय आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा २०७५ तपसिल बमोजिम सञ्चालन हुने सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा कार्यतालिका**

**समय : दिउँसो १:०० बजेदेखि**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०७५/१२/०७ बिहीबार | अंग्रेजी |
| २ | २०७५/१२/०८ शुक्रबार | नेपाली |
| ३ | २०७५/१२/१० आईतबार | गणित |
| ४ | २०७५/१२/११ सोमबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा |
| ५ | २०७५/१२/१३ बुधबार | विज्ञान तथा वातावरण |
| ६ | २०७५/१२/१४ बिहीबार | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा |
| ७ | २०७५/१२/१५ शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा |
| | | नैतिक शिक्षा |
| ८ | २०७५/१२/१७ आइतबार | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य |

**पुनश्च** : विशेष कारणवश माथि उल्लेखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ । साथै परीक्षा केन्द्र पछि प्रकाशित गरिने ।

**नगर शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**फोन नं : ०१-६६१०११६**

# ख्वपबाट कार्यालय सहयोगी थापाको बिदाइ

ख्वप माविका कार्यालय सहयोगी भैरवबहादुर थापा अनिवार्य अवकाश भएको माघ १८ गते विद्यालयले बिदाइ एवम् सम्मान कार्यक्रमको आयोजना गऱ्यो ।




विद्यालय सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अवकाश प्राप्त थापालाई कार्यक्रममा सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले सेवामा प्रवेश गरेपछि एक दिन अवकाश हुनु स्वाभाविक भएको चर्चा गर्दै कानुनको परिधिभित्र रही इमानदारीपूर्वक सेवा गर्न सके उदाहरणीय र अनुकरणीय हुने बताउनुभयो ।

'एक जनाको गल्तीले सिङ्गो संस्था र संस्थासँग सम्बन्धित नेतृत्वमाथि प्रश्न उठ्ने भएकोले संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरू सबैले इमानदारीपूर्वक पदीय दायित्व निर्वाह गर्नु आवश्यक छ', उहाँले भन्नुभयो ।

शिक्षा र स्वास्थ्यमा भनपाले गरेको योगदानलाई सिङ्गो देशको लागि उदाहरणीय कार्य भइरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले नेमकिपाका अग्रज नेता र कार्यकर्ताहरूको योगदान र मिहिनेत खेर नगएको बताउनुभयो ।

व्यक्तिगत फाइदा र स्वार्थको लागि काम गर्न नहुने उल्लेख गर्दै उहाँले समाज र देशको निम्ति सक्दो योगदान गरी देशलाई अगाडि बढाउन सबैले मिहिनेत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । विद्यालय सञ्चालक समितिका सदस्य एवम् वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्वले एक घर एक स्नातकको परिकल्पनाअनुसार ख्वप सर्कलका कलेजहरू स्थापना भई योग्य र दक्ष जनशक्ति तयार गर्न सक्षम रहेको बताउनुभयो ।

ख्वप विश्वविद्यालयको स्थापना र सञ्चालनमा सबैको उत्साहप्रद सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले संस्था सफल हुनको लागि सबैले इमानदारीपूर्वक कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका प्राचार्य प्रकाशकुमार श्रेष्ठले संस्थामा पदीय जिम्मेवारीअनुसार सार्थक हुने कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै सामूहिक भावना जागृत भएमात्र संस्थाले प्रगति गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा ख्वप माविका उपप्राचार्य विष्णुप्रसाद किसी र शिक्षक गोकर्ण दुलालले पनि बोल्नुभएको थियो ।

## dGqL e|d0fdf ;f9]@ s/f8

प्रधानमन्त्री केपी ओलीले नियुक्तिकै दिनदेखि मितव्ययी बन्न र भ्रष्टाचार नगर्न आफ्ना मन्त्रीलाई झक्झक्याइरहेका छन् । तर १० महिने कार्यकालमा मन्त्रीहरूले जिल्ला भ्रमणमा गरेको खर्च केलाउँदा कसैले पनि निर्देशन पालना गरेको देखिन्न । २५ मन्त्रीले देउवाको 'जम्बो मन्त्रिपरिषद्' लाई पनि उछिनेका छन् । गएको फागुनदेखि मंसिर मसान्त सम्ममा राज्यको ढुकुटीबाट २१ जना मन्त्रीले पटक-पटक विदेश भ्रमण गरेका छन् । साढे २ करोड रूपैयाँ सिध्याइएको छ ।

- लालबाबु पण्डित (संघीय मामिला तथा सामान्य प्रशासन): रू. १३,८३,९६०।-
- रवीन्द्र अधिकारी (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन): रू. १२,९७,७२०।-
- गिरिराजमणि पोखरेल (शिक्षा, विज्ञान तथा प्रविधि) : रू १०,३३,४७०।-
- जगतबहादुर सुनार विश्वकर्मा (युवा तथा खेलकुदमन्त्री): रू ९,५५,५३०।-
- रघुवीर महासेठ (भौतिक पूर्वाधार तथा यातायात) : रू ९,१८,४३५।-
- चक्रपाणि खनाल : रू.६,८३,१००।-
- मातृकाप्रसाद यादव : रू.५,९४,१००।-
- थममाया थापा : रू.४,३५,१००।-
- मोहम्मद इस्तियाक राई : रू.३,९७०,५०।-
- विना मगर : रू.३,५१,५५०।-
- गोकुलप्रसाद बाँस्कोट : रू.२,४६,९००।-
- शक्तिबहादुर बस्नेत : रू.२,२७,२४०।-
- उपेन्द्र यादव : रू.२,११,३५०।-
- प्रदीप ज्ञवाली : रू.२,००,२००।-
- ईश्वर पोखरेल : रू.१,४९,६००।-
- गोकर्ण विष्ट : रू.१,२९,७००।-
- युवराज खतिवडा : रू.१,४०,५००।-
- धनबहादुर बुढा : रू.१,१५,२१५।-
- वर्षमान पुन : रू.१,८६,७५०।-
- रामकुमारी चौधरी : रू.६,६२,६८५।-
- पद्मा अर्याल : रू.३,३७,७९०।-
- सुरेन्द्र यादव : रू.१,९५,००।-
- भानुभक्त ढकाल : रू.१,६४,८००।-
- पूर्वकानुनमन्त्री शेरबहादुर तामाङ : रू.१,२२,११०।-

*(कान्तिपुर, २०७५/९/२६ बाट)*

# cFf kf]v/Lsf] ;Qn kg'lgdf{0fsf] lznfGof;

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुस ३० गते भक्तपुर नपा वडा नं. ६ स्थित ऐतिहासिक अँचा पोखरीको सत्तल पुनःनिर्माणको शिलान्यास तथा शारीरिक व्यायामका साधनहरूको उद्घाटन गर्नुभयो ।




कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले समाज अगाडि बढाउन नगरवासीहरू स्वस्थ र शिक्षित हुनुपर्ने बताउनुभयो ।

सम्पदा क्षेत्र संवेदनशील क्षेत्र भएको हुँदा त्यसको संरक्षणको निम्ति माघ १ गतेदेखि टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारी प्रवेश निषेध गर्ने र दरबार क्षेत्रमा रात्रीकालीन बत्तीको व्यवस्था गर्न प्राविधिकहरूको समूहलाई जिम्मेवारी दिई कार्य अगाडि बढाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'भक्तपुर नगरपालिकाले गरिरहेको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतका विषयमा अध्ययन गर्न विभिन्न महानगर, उपमहानगर र नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख र वडाअध्यक्षहरूले भक्तपुरको भ्रमण गर्नुभयो ।'

भक्तपुर नपा युवा तथा खेलुकद समितिका संयोजक श्यामकृष्ण खत्रीले शारीरिक व्यायाम सही तरिकाबाट गर्नुपर्ने र भक्तपुर नपाले खेलकुद क्षेत्रलाई प्राथमिकता दिँदै फागुन ५–८ गते अन्तर नगर कराँते प्रतियोगिता आयोजना गर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले उपभोक्ता समितिमार्फत् काम हुँदा कम लागत पर्ने र निर्माण पनि गुणस्तरीय हुने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडा सदस्य गोविन्द दुवाल, उपभोक्ता समितिका अध्यक्ष गणेशराम थुसाले पनि बोल्नुभएको थियो ।

यसैगरी भक्तपुर नपा वडा नं. ९ वाकुपति नारायण परिसरभित्रका द्यःपमि फल्चा जनप्रतिनिधिको उपस्थितिमा शिलान्यास भयो ।

यसैबीच चन्द्रविन्दु द्वीप नजिकैको मसान पाटी निर्माणको पनि सोमबार शिलान्यास सम्पन्न भयो ।

भनपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले भक्तपुर नपाले २०७२ सालको भूकम्पले क्षतिग्रस्त सम्पदाहरूको पुनःनिर्माण गरिरहेको चर्चा गर्दै हनुमानघाट सुधार कार्य पनि अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष रत्नलाल साँधले पनि बोल्नुभएको थियो ।



# विश्व परिस्थितिबारे विद्यार्थीहरूलाई बताउनु पर्ने

'एसिया-प्रशान्त क्षेत्रको एकताको नाममा संरा अमेरिका हिन्द महासागर वरपरका देशमा युद्ध भड्काउन खोज्दैछ ।'

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले प्रमुख अतिथिको आशनबाट ख्वप मावि, ख्वप कलेज तथा शारदा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम मा पुस २८ गते बताउनु भएको हो ।




कार्यक्रममा मञ्चासीन प्रमुख अतिथि का.रोहितलगायत

प्रमुख अतिथि बिजुक्छेंले समाजवादी देशहरूमा बाहेक विश्वका अन्य देशहरूमा अशान्ति र भैं-भगडा भइरहेको बताउनुभयो ।

चीनको साथ र सहयोगले अफ्रिकी देशहरू नयाँ ढङ्गले अगाडि बढिरहेको चर्चा गर्नुहुँदै उहाँले विश्वको परिस्थितिबारे विद्यार्थीहरूलाई बताउनु आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'चीनसँगको व्यापार युद्धमा हारेको कारण संरा अमेरिकाले चीनलाई युद्धमा धकेल्न खोज्दैछ । भारतलाई अगाडि सारेर अमेरिका एसियामा युद्ध थोप्ने योजना बुन्दैछ ।'

सरकारमा रहेका नेताहरूमा इतिहास, भूगोल र परराष्ट्र मामलाबारे जानकारी नभएकोले दक्षिण कोरियाको हतियार कारोबार गर्ने संस्था यूपीएफले सरकारी नेताहरूलाई फसाएको उल्लेख गर्नु हुँदै अध्यक्ष बिजुक्छें परराष्ट्र मामलामा जानकार दक्ष व्यक्तिहरूलाई राजदूत नियुक्ति गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले नयाँ पुस्तालाई हरेक क्षेत्रमा दक्ष बनाउन शिक्षकहरूले मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले, 'शिक्षामन्त्रीले सार्वजनिक शिक्षा सुधारलाई प्राथमिकता राख्ने बताए तर केही दिनअघि त्रिभुवन विश्वविद्यालयका ७०-८० हजार दीक्षित विद्यार्थीमध्ये ११ हजारले पनि रोजगारी नपाएको, एक कक्षामा भर्ना भएका १०० जना विद्यार्थीमध्ये ७२ जना एसईई नपुग्ने, ११ र १२ कक्षाका विद्यार्थी विद्यालयमा भर्ना हुने तर पढ्न नजाने परीक्षामात्र दिने स्थिति छ । यसले मन्त्रीको भनाइमा सत्यता नभएको पुष्टि गर्छ ।' भन्नुभयो ।

उहाँले भन्नुभयो महिनावारी भएका जनप्रतिनिधि, शिक्षिका र मानव अधिकारवादी महिलासमेत अलग कोठामा वा छाउगोठमा सुत्नुपर्ने समाचारले आजसम्मका सरकारहरूले अन्धविश्वास हटाउने काम नगरेको पुष्टि गर्छ ।

पारमाणविक र रेडिया-धर्मीसम्बन्धी विधेयक र जीवनाशक विषादीसम्बन्धी विधेयकमा प्राध्यापकहरूले पनि सुझाव दिनुभए मानव जातिको अहित हुने दफा हटाउन मद्दत मिल्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'भारतीय विस्तारवादको मार्गचित्रमा सरकार हिंडेर देश र जनताको हित हुँदैन । प्रम र मन्त्रीहरू त्यही बाटोमा हिंडेको बारे प्राध्यापकहरूले नयाँ पुस्तालाई सचेत गर्नु आवश्यक छ ।'

कार्यक्रमका सभापति एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले शिक्षाको जिम्मेवारी स्थानीय निकायमा आइसकेको जानकारी दिंदै ९ र १० का कक्षाहरू भनपाले सञ्चालन गर्ने योजना रहेको बताउनुभयो । शिक्षा अध्ययनको नाममा वार्षिक ४० अर्ब रूपैयाँ बाहिर गइरहेको तथ्याङ्क प्रस्तुत गर्दै प्रमुख प्रजापतिले सरकारको नीति नियम राम्रो नभएपछि जनताले दुःख पाउने चर्चा गर्नुभयो ।

शिक्षामा विदेशी प्रभाव बढिरहेको काम रोक्नुपर्ने आवश्यकता औंल्याउनु हुँदै उहाँले भन्नुभयो, 'सहयोगको नाममा जे पनि स्वीकार गर्नु राम्रो होइन ।'

इतिहास, संस्कृति लगायत महत्त्वपूर्ण विषयहरूमा अध्ययन गर्ने विद्यार्थीहरू कम हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले उक्त विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईले राजतन्त्र समाप्त भए पनि शासक दलका नेताहरू नयाँ नयाँ

# कृषि चुन प्रयोगसम्बन्धी अभिमुखीकरण

भक्तपुर नगरपालिकाको आयोजनामा आइतबार नगरपालिकाको सभाकक्षमा पुस २९ गते कृषकहरूलाई कृषि चुन प्रयोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कृषिको समस्या देशको प्रमुख समस्या भएको बताउनुहुँदै कृषि उत्पादन वृद्धिको लागि वैज्ञानिक र अनुसन्धानात्मक अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले कृषिमा आधुनिक विकासले राष्ट्रिय उत्पादन बढाउन सहयोग पुग्ने र त्यसको व्यवस्थित बजारीकरण आवश्यक भएको बताउनुभयो। उहाँले पर्यटकबाट उठ्ने आम्दानी नगरको विकास र नगरवासीकै हितको निम्ति प्रयोग भइरहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीले बहुमत किसान–मजदुरको हितका निम्ति काम गर्ने उद्देश्य बोकेको बताउनुहुँदै प्रमुख प्रजापतिले पारदर्शिता, अनुशासन र जनताको सहभागितामार्फत् भक्तपुर नगरपालिकाले कार्य अगाडि बढाइरहेको स्पष्ट पार्नुभयो।

सम्पदा क्षेत्र संवेदनशील क्षेत्र भएकोले टौमढी क्षेत्रमा माघ १ गतेदेखि चारपांग्रे गाडी निषेध गर्न लागेको जानकारी उहाँले दिनुभयो। उहाँले नगरपालिकाको हरेक काममा नगरवासीको सहयोग भए मात्र सफल हुने बताउनुभयो।

कार्यक्रममा कृषि प्राविधिक प्रशिक्षक रमिन्द्र सुवालले भक्तपुरको माटोमा अम्लियपना बढी भएको र त्यसलाई घटाउन चुनको प्रयोगको आवश्यकता भएको बताउनुभयो। उहाँले कृषि चुन प्रयोग नै समस्या समाधान नभएको बताउँदै घर–घरमा जैविक मल निर्माण गर्नु आवश्यक भएको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा, वडा नं. ५ का वडाअध्यक्ष राजकृष्ण गोरा, कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल र सुनिता अवाललगायतले आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

---

➲➲ राजा-रानीहरूको रूपमा उदय भइरहेको हुँदा देश र जनताले दुःख पाइरहेको बताउनुभयो।

भारतीय एकाधिकार पूँजी, भारतीय विस्तारवाद, पश्चिमा शक्तिहरूले नेपाललाई प्रयोगशाला बनाइरहेको र नेपाली समाजलाई नै निराशातर्फ धकेलिहरेको सांसद गोसाईले बताउनुभयो।

उहाँले भन्नुभयो,'बौद्धिक वर्ग जागेमात्र समाजमा छिटो परिवर्तन हुनेछ। सिद्धान्तमा दृढ हुन नसक्ने र विचार शून्यता हुनेहरू राजनीतिक दल हुनसक्दैन।'

प्रदेश नं.३ का अर्का सांसद सृजना सैंजूले विश्वविद्यालयको तयारी गर्नु भनेको अनुन्धानमा जोड दिनु हो भन्नुहुँदै भक्तपुर नगरपालिका द्वारा सञ्चालित कलेजहरूले अनुसन्धानलाई पनि जोड दिनुपर्ने बताउनुभयो।

अर्थतन्त्रमा सरकारको नियन्त्रण भएको कारण आर्थिक रूपमा चीन विश्वका महाशक्ति हुन सफल भएको जानकारी दिनुहुँदै उहाँले चीनले कसरी प्रगति गऱ्यो भन्नेमा विद्यार्थीहरूलाई जानकारी दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

शिक्षित महिलाहरू राजनीतिमा आएपछि समाजमा परिवर्तन आउने उल्लेख गर्नुहुँदै सांसद सैंजूले राजनीतिक सुझबुझ नभएका मानिस राजनीतिमा आएपछि पद र पैसाको मात्र कुरा गर्ने बताउनुभयो।

शिक्षाशास्त्र सङ्कायका पूर्वडीन प्रा. पृथुचरण वैद्यले शिक्षकहरू पाठ्यपुस्तकमा मात्र सीमित हुन नहुने चर्चा गर्नुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र शिक्षक प्रणेश बाटीले पनि बोल्नुभएको थियो।

# पथप्रदर्शक इतिहास बंग्याउने कुराबाट सचेत हुनुपर्ने

भक्तपुर नगरपालिकाको आयोजनामा पुस २७ गते स्थानीय पथ प्रदर्शक भेला तथा प्रवचन कार्यक्रम भयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पथ प्रदर्शकहरूले इतिहास बंग्याउने कुराबाट सचेत भई पर्यटकहरूलाई सत्यतथ्य जानकारी दिनुपर्ने




बताउनुभयो। भाषाले पर्यटकलाई आकर्षित गर्ने बताउनुहुँदै उहाँले पर्यटकहरूसामु शिष्ट र सभ्य रूपमा प्रस्तुत हुन मार्गनिर्देशन दिनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको भविष्य अहिले पर्यटनमा भएको र विदेशीको ध्यान यहाँका सम्पदा र मौलिकतामा हुने हुँदा यसको संरक्षण र सम्बर्द्धनमा भक्तपुर नगरपालिका लागिपरेको बताउनुभयो।

उहाँले भक्तपुर शान्त, व्यवस्थित, सुरक्षित र पर्यटकीय सम्भावना बोकेको नगर भएको र यसको सकारात्मक सम्बर्द्धनमा पथ प्रदर्शकको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो। पथ प्रदर्शकहरूले यहाँको सम्पदाहरूबारे गहन रूपमा अध्ययन गर्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले टौमढी क्षेत्रमा माघ १ गतेदेखि चारपांग्रे सवारी साधन प्रवेश निषेध गर्न लागेको जानकारी दिनुभयो।

विश्व सम्पदामा सूचीकृत सम्पदाको संरक्षणको जिम्मा स्थानीय सरकारको भएको हुँदा नगरपालिकाले यसको संरक्षण र सम्बर्द्धन र पर्यटकहरूको बसाइ विभिन्न सांस्कृतिक गतिविधिहरू गर्ने तयारीमा लागेको बताउनुभयो। उहाँले सम्पदा संरक्षणको निम्ति केही नोक्सानी हुन सक्ने औंल्याउनुहुँदै भक्तपुर नपाले अधिकांश नगरवासीको हितमा कदम चाल्ने बताउनुभयो।

'सय वर्षपछिको भक्तपुर' को परिकल्पनालाई मूर्त रूप दिन नगरपालिका अग्रसर रहेको बताउनुहुँदै उहाँले नगरपालिका, पथप्रदर्शक र स्थानीय जनता एकाकार भएर अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो।

पर्यटक सेवा केन्द्रका प्रमुख गौतम लासिवाले भक्तपुर नगरपालिकाले विदेशी सहायताविना यहाँका सम्पदाहरूको संरक्षण कार्य अगाडि बढाएको, स्थानीय अपनत्व हुने गरी उपभोक्ता समितिमार्फत् पुनःनिर्माणको कार्य अगाडि बढाइरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष



कार्यक्रममा बोल्नुहुँदै गौतम प्रसाद लासिवा र रामसुन्दर भेले

रामसुन्दर भेलेले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पथ प्रदर्शकको सहयोगको आवश्यकता औंल्याउनुभयो।



# राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिताको उद्घाटन




'अनुशासन, मित्रता र जागरुकताका लागि खेलकुद' भन्ने मूल नाराका साथ भक्तपुर नपा वडा नं. ४ खेलकुद समितिको आयोजनामा महिला आमन्त्रण कबड्डी प्रतियोगिताको प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्वलन गरी पुस २५ गते समुद्घाटन गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले खेलकुद क्षेत्रलाई सरकारले प्राथमिकतामा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा ध्यान दिनु आवश्यक भएको बताउनुभयो। भक्तपुर नपाले आफ्नो क्षमताले भ्याएसम्म खेलकुद क्षेत्रको प्रबर्द्धनको निम्ति काम गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

खेलकुद क्षेत्रमा ब्याप्त भ्रष्टाचार र अनियमितताका कारण राम्रा खेलाडीहरू ओझेलमा परिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले खेलकुद क्षेत्रलाई संविधानको मौलिक हकमा समावेश गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले खेल क्षेत्रलाई प्राथमिकतामा राख्दै विभिन्न खेलहरूको प्रशिक्षण तथा प्रतियोगिताहरू



आयोजना गर्दै आएको बताउनुहुँदै खेलाडीहरूले अनुशासित र सभ्य ढंगले खेल खेल्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुरको सल्लाघारीस्थित १०८ रोपनी जग्गा अतिक्रमण हुनबाट रोक्न भक्तपुर नपाले ९८ लाखको बजेटमा पर्खाल निर्माण कार्य अगाडि बढाएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा अखिल नेपाल कबड्डी संघका उपाध्यक्ष




प्रमुख सुनिल प्रजापति, वडाध्यक्ष श्याम कृष्ण खत्री, वडाध्यक्ष कुमार चवाल, वडा सदस्य पशुपति प्रजापति र कबड्डी संघका उपाध्यक्ष संगीता हमाल




रेफ्रिको तर्फबाटशपथ लिंदै बलराम राजचल




खेलाडीको तर्फबाट शपथ लिंदै नीतु गुरुङ

संगीता हमालले खेल मर्यादित र अनुशासित भइ खेल्नुपर्ने र खेलमार्फत् देशको सेवा गर्नुपर्ने बताउनु भयो।

भक्तपुर नपा वडा नं. १ का वडाअध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नपाले नगरवासीको निम्ति आत्मरक्षाको तालिम सञ्चालन गरेको र प्रतियोगिता सभ्य ढंगले अगाडि बढाउन सबैको सहयोग आवश्यक भएको बताउनु भयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल, वडा सदस्य पशुपति प्रजापति, राजेन्द्र माक र अखिल नेपाल कबड्डी संघका महासचिव विनोद प्रजापतिले पनि आ–आफ्नो विचार राख्नुभएको थियो। प्रतियोगितालाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न रेफ्रिका प्रतिनिधि बलराम राजचल र खेलाडीका प्रतिनिधि नीतु गुरुङले शपथ लिनुभएको थियो।

२०७५ पुस २५ गतेदेखि २७ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा भक्तपुर, कैलाली, नवलपरासी, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नवलपुरका गरी ६ वटा टीमहरूले सहभागिता जनाएको आयोजक समितिले जानकारी गराएको छ।

कार्यक्रमको उद्घाटन ऱ्याली बाजागाजासहित भक्तपुरको टौमढीबाट सुरु भई शहीदस्मृति खेलमैदानमा पुगेर समापन भएको थियो। उद्घाटन ऱ्यालीमा भक्तपुर नपाका प्रमुख, जनप्रतिनिधि, विभिन्न विद्यालयका प्रतिनिधि र शिक्षक–शिक्षिकाहरूको सहभागिता रहेको थियो।




उद्घाटन ऱ्यालीमा सहभागी

# राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिता सम्पन्न




'अनुशासन मित्रता र जागरूपकताका लागि खेलकुद' भन्ने मूल नाराका साथ भक्तपुर नपा वडा नं. ४ खेलकुद समितिको आयोजनामा २०७५ पुस २५ गतेदेखि २७ गतेसम्म सञ्चालित राष्ट्रिय महिला आमन्त्रण कबड्डी प्रतियोगिता पुस २७ गते सम्पन्न भयो।

उक्त प्रतियोगितामा नेपाल पुलिस क्लब प्रथम, भक्तपुर टीम द्वितीय, काठमाडौं र एपीएफ टीमले तृतीय स्थान हासिल गरेका थिए।

कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सभ्य समाज निर्माण गर्न युवाहरूलाई अनुशासित र क्रियाशील बनाइराख्नुपर्ने बताउनुभयो। खेलकुदले युवाहरूमा प्रतिस्पर्धाको भावना विकास गर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा देशलाई चिनाउन जिम्मेवारीपूर्वक खेल्नुपर्ने बताउनुभयो।

खेलकुद क्षेत्रको प्रबर्द्धनको निम्ति भक्तपुर नगरपालिका निरन्तर लागिरहने बताउनुहुँदै उहाँले भक्तपुर नपाले माघ महिनादेखि जिम्न्यास्टिक खेल प्रशिक्षणको आयोजना गर्न लागेको जानकारी पनि दिनुभयो।

योग्य र राम्रा खेलाडीहरूलाई राज्यले प्रोत्साहन गर्न आवश्यक रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले खेलकुदमार्फत् युवाहरूले आफ्नो दक्षता प्रदर्शन गर्ने राम्रो अवसर भएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाअध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले देशको सार्वभौमिकता रक्षा गर्न युवाहरूलाई सैनिक तालिमको आवश्यकता औंल्याउनुहुँदै युवाहरूलाई कुलतबाट जोगाउन खेलकुदको महत्त्व भएको बताउनुभयो।

४ नं. वडा खेलकुद समितिका संयोजक पशुपति प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अखिल







प्रमुख सुनिल प्रजापति, वडाध्यक्ष श्याम कृष्ण खत्री, वडाध्यक्ष कुमार चवाल, वडा सदस्य पशुपति प्रजापति र कबड्डी संघका महासचिव विनोद प्रजापति



नेपाल कबड्डी संघका महासचिव विनोद प्रजापति, भक्तपुर नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल, भारती माविका प्रअ न्हुछेराम भेले, वडा सदस्य राजेन्द्र माकलगायतले बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले प्रतियोगिताका विजयी टीमहरूमा प्रथम समूहलाई रू. ५०,०००।-, द्वितीय समूहलाई रु. ३०,०००।- र तृतीय समूहलाई रु. १०,०००।- को चेकका साथ मायाको चिनो प्रदान गर्नुभएको थियो ।




# रक्त तथा पिसाव परीक्षण शिविर सम्पन्न

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा स्थानीय वडावासीहरूको मधुमेह तथा मृगौला रोगसम्बन्धी जाँचका लागि रक्त तथा पिसाव परीक्षण शिविर पुस २५ गते सम्पन्न भयो । नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रको प्राविधिक एवं जनशक्ति सहयोगमा वडा कार्यालयले विहान ८ देखि १२ बजेसम्म दत्तात्रय चोकमा आयोजना गरेको शिविरमा २१४ जनाको परीक्षण गरिएको थियो ।

विहान स्थानीय ज्येष्ठ नागरिक हरिलाल छुस्याबागको रक्त परीक्षणबाट शुरुवात गरिएको उक्त शिविरमा सहभागी सबैको प्रेसर समेत जाँच गरिएको कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू (प्रजापति)ले बताउनुभयो । उहाँले नगरपालिकाले घरदैलो नर्सिङ सेवा संचालन गर्दा धेरै सङ्ख्यामा वडावासीहरूमा प्रेसर, मधुमेह, मृगौलालगायतका रोगहरू देखिएको हुँदा वडावासीहरूको स्वास्थ्य स्थितिबारे जानकारी लिई प्रभावकारी उपचार सेवा दिनसमेत शिविर संचालन गरेको जानकारी दिनुभयो ।

शिविरमा संकलन गरिएका रगत तथा पिसावको ल्याव परीक्षण रिपोर्ट आएपछि रिपोर्टमा समस्या देखिएका वडावासीहरूलाई उपयुक्त समयमा विशेषज्ञ वा चिकित्सकबाट स्वास्थ्य परामर्श सेवा प्रदान गर्ने वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो ।

# स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकतामा राख्नुपर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् पूर्व सांसद नारायणमान बिजुक्छेँ (रोहित) ले मानव सभ्यताको विकासमा महिलाहरूमा भएको सीपले समाजलाई अगाडि बढाउन मद्दत पुगेको र समाज विकासमा महिलाहरूको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग संघको १४ औं तथा महिला उद्यमी समितिको १३ औं जिल्ला अधिवेशन २०७५ को पुस २५ गते उद्घाटन समारोहमा बोल्नुहुँदै प्रमुख अतिथि बिजुक्छेँले स्थानीय उत्पादनलाई सरकारले सम्वर्द्धन र प्रवर्द्धन गर्नुपर्ने र विदेशी वस्तु उपभोगमा निरुत्साहित गर्दै स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

घरेलु तथा साना उद्योगले जनताको स-साना आवश्यकता पूरा गर्ने र भविष्यमा आइपर्ने संकटमा आत्मनिर्भर भएर स्वदेशी उत्पादन गर्न मद्दत पुग्ने बताउनुहुँदै अतिथि बिजुक्छेँले यस्ता उद्योगहरूलाई संरक्षण गर्ने जिम्मा सरकारको भएको बताउनुभयो। सरकारले यसको संरक्षण र सम्वर्द्धनमा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले देशको आर्थिक पक्ष बलियो बनाउन यस्ता स-साना उद्योगहरूलाई जोगाउन आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशको आर्थिक पक्ष कहालीलाग्दो स्थितिमा पुग्नुमा सरकार जिम्मेवार भएको बताउनुभयो। उहाँले सरकारको समृद्ध नेपाल र सुखी नेपाली नारामा मात्र सीमित रहेको बताउनुहुँदै व्यवहारिक रूपमा युवाहरूलाई रोजगारी दिने उद्योगहरूको स्थापना आवश्यकता रहेको बताउनुभयो।

भक्तपुर नगर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको र मौलिक वस्तु उत्पादन र उपभोगमा पनि नगरपालिकाले सकारात्मक कदम चालिरहेको बताउनुभयो। उहाँले भक्तपुरमा अवस्थित उद्योग-व्यवसायहरू व्यवस्थित रूपमा दर्ता गरी स्थानीय सरकारसँग समन्वय गरी अगाडि बढ्न उद्योग व्यवसायीहरूमाक्ष आग्रह गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि नेपाल घरेलु उद्योग तथा साना उद्योग संघका कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले भक्तपुर घरेलु तथा साना उद्योग संघले देशभरिका जिल्लाका लागि उदाहरणीय कार्य गरिरहेको र नेपाल सरकारले उद्योगहरू सञ्चालन गरी युवाहरूलाई स्वदेशमै रोजगारी दिने वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुरका प्रजिअ नारायणप्रसाद भट्टले भक्तपुर जिल्ला धेरै सम्भावना बोकेको जिल्ला भएको र भक्तपुर नगरपालिकाले मौलिक वस्तु उत्पादन र सम्पदाको सम्वर्द्धनमा महत्त्वपूर्ण योगदान दिइरहेको बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग संघका अध्यक्ष विरेन्द्र जतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संघका पूर्वअध्यक्ष सत्यनारायण प्रजापति, जिल्ला समन्वय समितिका प्रमुख नवराज गेलाल, भक्तपुर घरेलु संघ प्रदेश नं. ३ का अध्यक्ष सूर्यकिरण श्रेष्ठ, नेपाल घरेलु तथा साना उद्योग महासंघका विभिन्न प्रतिनिधिहरूलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो।

कार्यक्रममा भक्तपुर घरेलु तथा साथा उद्योग संघको नवनिर्मित भवन निर्माण कार्यमा सहयोग गर्ने महानुभावहरूलाई प्रमुख अतिथि बिजुक्छेँले मायाको चिनो प्रदान गर्नुभएको थियो।

# टौमढीमा सवारी प्रवेश निषेधबारे छलफल

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको टौमढीमा अवस्थित भैरवनाथ मन्दिर जीर्णोद्धार तथा ङातापोल क्षेत्रमा चारपांग्रे सवारीसाधन प्रवेश निषेधसम्बन्धी उद्योगी–व्यवसायी प्रतिनिधिहरूसँग पुस २४ गते छलफल कार्यक्रम सम्पन्न भयो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भैरवनाथ मन्दिर जीर्णोद्धारमा उद्योगी– व्यवसायीहरूसँग आर्थिक र भौतिक सहयोगको अपेक्षा गरेको र नगरपालिकाको काममा नगरवासीहरूको साथ र सहयोग महत्त्वपूर्ण भएको बताउनुभयो । सहयोगको भावनाले मन्दिर जीर्णोद्धारमा सक्नेले सक्दो सहयोग गरे भैरवनाथ मन्दिर जीर्णोद्धार सजिलो हुने बताउनुभयो ।

'यहाँको सम्पदा पुन:निर्माणमा नगरवासीको अपनत्व कायम गर्न जनसहभागिता जुटाई काम गरिरहेको र विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा पुन:निर्माणमा नगरवासीहरू सचेत हुन आवश्यक छ ।' – उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सल्लाघारीस्थित १०८ रोपनी जग्गा संरक्षण गर्न त्यहाँ पर्खाल लगाउन शिलान्यास गरिसकेको बताउनुहुँदै सार्वजनिक जग्गा अतिक्रमण हुनबाट रोक्न र पर्ति जग्गा संरक्षण गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले पर्खाल बनाएर त्यहाँको व्यवस्थापन गर्न लागेको बताउनुभयो ।

समाजवादउन्मुख राज्य व्यवस्थाअनुसार जनता केन्द्रित भएर काम गर्नमा अग्रसर भएर काम गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले दक्ष जनशक्ति तयार गरिरहेको र देशकै निम्ति ठूलो योगदान पुऱ्याइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका सम्पदा पुन:निर्माणमा विदेशी सहयोग नभएको जानकारी गराउनुहुँदै उहाँले विनासर्त नगरपालिकाई सहयोग गर्छ भने त्यस्तो सहयोग स्वीकार्य हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले पुरानो सहरलाई पुरानै शैलीले बनाउनुपर्ने जिकिर गर्दै यसको संरक्षणले आम्दानीको स्रोत जुटाउन मद्दत पुग्ने बताउनुभयो ।

उहाँले सम्पदा नयाँ पुस्तामा हस्तान्तरण गर्ने अभियानमा नगरपालिकाले काम गर्दै आएको बताउनुहुँदै, भक्तपुर नगरपालिकालाई नमुना नगरको रूपमा विकास गर्न नगरवासीहरूको भूमिका आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा उपस्थित उद्योगी–व्यवसायीहरू युवा व्यवसायी समाजका अध्यक्ष विश्वराम कवां, इँटा व्यवसायी संघका अध्यक्ष नाति ह्योम्बा, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेले र भक्तपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष के.पी. अवाललगायतले भैरवनाथ मन्दिर जीर्णोद्धार निर्माण कार्य र ङातापोल क्षेत्रमा सवारीसाधन प्रवेश निषेधसम्बन्धी आ–आफ्नो सुझाव दिनुभएको थियो ।

कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका आर्किटेक्ट रबिना शिल्पकारले भैरवनाथ मन्दिर जीर्णोद्धारबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरू लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरूलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

# तुमचो दुगुरे क्षेत्रमा विकास निर्माण कार्य तीव्र

भक्तपुर नगरपालिकाद्वारा संचालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गत नक्सा नं. ६ का सडकहरूमा कालोपत्रेको कार्य पुस २३ गते एक कार्यक्रम गरी शुरु भयो।

कार्यक्रममा वडाध्यक्ष रविन्द्र ज्याख्वले आयोजनास्थलका उपभोक्ताहरूको माग र स्थानीय आवश्यकताअनुसार नगरपालिकाले आयोजनाका सबै सडकहरू क्रमशः कालेपत्रे गर्दै जाने बताउनुभयो।

उपभोक्ता समितिमार्फत कार्य गर्दा कम लागतमा गुणस्तरीय हुनुका साथै विकास निर्माणप्रति अपनत्व हुने चर्चा गर्दै उहाँले कालोपत्रे कार्यमा सबै जनताको साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो।

त्यस क्षेत्रका सडकहरू कालोपत्रे गर्न स्थानीय युवा सिताराम कासिछ्वाको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति र कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) को संयोजकत्वमा अनुगमन तथा निरीक्षण समिति गठन गरिएको वडा सचिव पुण्यराम लाखाले बताउनुभयो।

सोमबारदेखि नै सडक कालोपत्रेका लागि ग्राबेल फिक्ने कार्य शुरु गरिएको उपभोक्ता समितिका अध्यक्ष कासिछ्वाले बताउनुभयो। उहाँले त्यस क्षेत्रका सबै बाटोहरूमा आसफाल्ट पिच गर्ने र त्यसका लागि ७२ लाख ३२ हजार ९०९ रूपैयाँको लागत इष्टिमेट भएको जानकारी दिनुभयो।

त्यस्तै सोही आयोजनाको नक्सा नं. ७ मा रहेका सडकहरू कालोपत्रे गर्न स्थानीय जगनाथ प्रजापतिको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति तथा वडा सदस्य इन्द्रबहादुर प्याठको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति गठन गरियो। उक्त क्षेत्रमा कालोपत्रे गर्न आयोजनाको तर्फबाट २९ लाख २३ हजार ७७ रूपैयाँ बराबरको लागत इष्टिमेट तयार गरिएको आयोजना प्रमुख ओमहरि था श्रेष्ठले बताउनुभयो। उहाँले नक्सा नं. २ र ३ का सडकहरू कालोपत्रे गर्न तीर्थराम कोजूको अध्यक्षतामा उपभोक्ता समिति तथा वडा सदस्य इन्द्रबहादुर प्याठको संयोजकत्वमा अनुगमन समिति गठन भइसकेको पनि बताउनुभयो।

चालू आर्थिक वर्षको अन्त्यसम्ममा आयोजना क्षेत्रका सबै सडकहरूमा कालोपत्रे गरिसक्ने योजनासहित तीव्र गतिमा कार्य भइरहेको वडाध्यक्ष ज्याख्वले बताउनुभयो। नयाँ बस्ती भएकोले विकासका पूर्वाधारहरू एक एक गर्दै तयारी गर्नुपर्ने उल्लेख गर्दै उहाँले बिजुलीको व्यवस्थाको लागि पोलहरू गाडिरहेको र केही समयपछि तार तथा ट्रान्सफर्मरहरू जडान गरिने बताउनुभयो।

स्थानीय क्षेत्रका बासिन्दाहरूलाई खानेपानीको आपूर्ति गर्ने उद्देश्यले त्यस क्षेत्रमा डिप बोरिङ कार्य सम्पन्न भइसकेको र प्रशोधन एवं वितरणको लागि काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग छलफल भइरहेको समेत उहाँले बताउनुभयो।

आयोजना क्षेत्रमा हाल उपभोक्ताहरूका समस्या समाधान गर्दै जग्गाको पूर्जा फिर्ता दिइरहेको र केही स्थानमा खुल्न बाँकी बाटोहरू समेत खुलेको आयोजना प्रमुख श्रेष्ठले बताउनुभयो। उहाँले पुरानो तुमचो क्षेत्रका बाटोहरूमा इँटा छपाइ कार्य समेत भइरहेको जानकारी गर्नुभयो।

**पाठक पत्र**

## नगरपालिकाको ईज्जतमा धक्का नपुगोस्

भक्तपुर नगरमा जनप्रतिनिधि आएदेखि हरेक क्षेत्रमा व्यापक रूपमा कार्यहरू हुनुको साथै शिक्षा स्वास्थ्य, विकास निर्माण, खेलकुद, सरसफाइमा नमुना हुँदै गएको छ। तर पौष २७ गतेको कुरा हो राममन्दिर शौचालय एकदम फोहर भएकोले मोटरसाईकल मर्मत पसल अगाडि उभिरहेकासँग सोध्दा सफाइ मजदुरको घरमा श्राद्ध भएकोले नआएको सुनियो। त्यहाँ बस्नेहरूको गुनासो के रह्यो भने सफाइ मजदुरले शौचालय राम्रोसँग सफा नगरेकोले सरूवा गरी गपलि क्षेत्रमा बढार्ने अथवा सर सफाइ गर्नेमा राख्यो र अर्को सरसफाइ गर्नेलाई शौचालयमा राख्ने गरी पत्र दियो। तर महिनौं भइसक्यो उक्त पत्रको कार्यान्वयन भएन। सम्बन्धित शाखा, उपशाखाहरू के हेरिरहेको छ। जाँचकीले हेर्नु पर्दैन ? यसरी कार्यालयको मर्यादा, अनुशासन, काम चोर र ठगहरूलाई कार्बाहीको सट्टा बचाई राखेकोमा स्थानीयहरू तीन छक्क परेका छन्। आशा छ त्यस्ता कर्मचारीहरूको कारण भक्तपुर नगरपालिकाको ईज्जतमा धक्का नपुगोस् भनी समयमै ध्यान आकर्षण हुने छ।

**-तेज थापामगर**

# भक्तपुर नगरपालिकाको बजार अनुगमन

## अधिकांश पसल दर्ता नभएको

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा पुस २६ गते बाराही स्थान डोकाफल्चादेखि घलांटेसम्म पच्चीस वटा पसल अनुगमन गरियो।

अनुगमनमा पच्चीस वटा पसल मध्ये पसल दर्ता नभएको पसलहरूमा रोज मःमः, त्रिपुरा सुन्दरी ट्रेडर्स, लक्ष्मी वाथ वेयर, तेज चश्मा पसल, न्यू फेमस टेलर्स, टु व्हिलर, सालिमार हेलमेट एण्ड बाइक फेसन, मोर्डन जिन्स टेलर्स, जि.वाई.एस. ट्रेडिङ्ग हाउस प्रा.लि., जगन्नाथ स्टोर, कोहिनुर इनर्जी होम सप्लार्यस, ग्याजेटस एण्ड एसोसरिज स्टोर, हाम्रो ट्रेडिङ्ग, तथाना ट्रेड लिंक, के.बि. एण्ड सन्स, लक्ष्मी तयारी पोशाक, इमेजिन वर्ल्ड, मनिष चौगुठीको फर्निचर पसल, बाराही कफि सप, न्यू राजु वि.एस. टेलर्स, अजिमा दही भण्डार, सुवाल स्टोर रहेको पाइएको छ ती पसलहरूलाई पसल दर्ता गर्न निर्देशन दिइयो। त्यस्तै मूल्य सुची नभएको, विनास्वीकृति मादक पदार्थ बेचबिखन गरेको र म्याद नाघेको समानहरू पहिलो पटकको लागि नष्ट गर्न, दही भण्डारमा दही उत्पादन मिति राख्न, जलपान पसलको फ्रिज सफा राख्न, किराना पसलमा मादक पदार्थ बिक्री वितरण गर्न नपाउने निर्देशन दिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू वडाध्यक्ष हरिराम सुवाल, कार्यपालिका सदस्य रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, महानगरीय प्रहरी प्ररिसरका प्रहरी सहायक निरीक्षक प्रेम सिंह कुवँर, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र जिल्ला प्रशासन कार्यालय भक्तपुरका कर्णाखर आचार्य, जिल्ला जनस्वास्थ्य भक्तपुरका धनञ्जय आचार्य, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी रहेको थियो।

## अधिकाशं मासु पसल सुधारउन्मुख

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा व्यासी र कासानमा पुस २७ गते नौ वटा मासुपसलमा अनुगमन गरियो र अधिकांश पसल सुधार उन्मुख रहेको पाइएको छ।

अनुगमनमा इतुसा मिट शप तीन दिनभित्र दर्ता गर्न र भक्तपुर फ्रेस हाउस एण्ड अण्डा सेन्टर पहिला अनुगमन कै क्रममा दर्ता गर्न अनुरोध गर्दा नगरेकोले डिजिटल तराजु एक उठाई ल्याएको र तीन दिन भित्र दर्ता गर्न निर्देशन दियो। अनुगमन गरिएका पसलहरूमा एप्रोन सेतो प्रयोग गर्ने, मासु धूलो नलाग्ने गरी जालीले छोपेर राख्न मिल्ने बनाउन, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, भुईं सफा गर्न मिल्ने गरी प्लाष्टर वा टायल राख्न, मासु काट्ने औजार खिया नलाग्ने गरी सफा राख्न, ढक तराजु नवीकरण गर्न, पसल नवीकरण गर्न, विगतको अनुगमनमा दिइएको सुझावअनुसार बालाखु गणेश कोल्ड स्टोर, एभरेष्ट चिकेन स्टोर, रामेछाप कोल्ड स्टोर धेरै सुधार गरेको र सरसफाइलगायत अन्य सबै कुरा व्यवस्थित गरी पसल संचालन गरको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य रोशनमैया सुवाल, सदस्य सचिव दिलिप कुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका विष्णुकेशरी जोशी, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका धनञ्जय आर्चाय, महानगरीय प्रहरी परिसरका प्र.स.नि. राजकुमार नेपाली, जिल्ला प्रशासन कार्यालय भक्तपुर र भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधि सहभागी थिए।

## सबै पसल दर्ता नभएको

भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य एवं कार्यपालिका सदस्य रोशनमैया सुवालको नेतृत्वमा माघ १८ गते घलांटेदेखि चुनदेबीसम्म एकाईस वटा पसल अनुगमन गरिएकोमा एउटै पसल दर्ता नभएको पाइयो।

अनुगमनमा दर्ता नभएको पसलहरूमा शंकर ईन्जिनियरिङ अटो वर्कशप, न्यू सोफा होम, सुजाता होटल, फर्निचर वर्कशप, सोलु खाजा घर, ब्रर्दश इन्टरप्राइजेज, सूर्यविनायक टायल्स एण्ड मार्वल हाउस, एबिआर हार्डवेयर, फर्निचर वर्कशप, मुक्तिनाथ काष्ठ फर्निचर उद्योग, भक्तपुर ग्लास हाउस, रिङ उद्योग, चवाल किराना स्टोर, मोटरसाईकल वर्कशप, निशा फुड्स चाउचाउ उद्योग, नारायण भुजा सप्लार्यस, जगतराम खाजा घर रहेको छ भने निशा फुड प्रडक्स चाउचाउ उद्योग अर्कै नगरपालिकामा दर्ता गरिराखेकोले भक्तपुर नगरपालिकामा दर्ता गर्न, चाउचाउ उत्पादन गर्ने मेशिन भएको स्थानमा बाहिर लाउने जुत्ता निषेध गरी सफा राख्न, एप्रोन प्रयोग गर्न, भुईंमा पोखिएको मैदा फेरी चाउचाउ

नै बनाउने भनेकोले भुईं सफा राख्न र भुईंमा पोखिएको मैदा पुनः प्रयोग नगर्न, त्यस्तै नारायण सप्लार्यसमा प्याकेजिङ सामानमा लेवल राख्न, त्यस्तै चवाल किराना पसलमा मुल्य सुचि नभएको र म्याद नाघेको समानहरू नष्ट गर्न निर्देशन दिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक संजय कोजू, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी र जिल्ला प्रशासन कार्यालय भक्तपुर, जिल्ला जनस्वास्थ्य भक्तपुर, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी रहेको थियो ।




बरामद गरिएका म्याद नाघेका सामान

### ठूलो मात्रामा म्याद नाघेको सामान बरामद

भक्तपुर नगरपालिकाको अनुगमन टोलीले ठूलो मात्रामा म्याद नाघेको सामान बरामद भएपछि पसलको सामानहरू सबै झिकेर नष्ट गरी गोदाममा शिलबन्दी गरेको गरेको अनुगमन टोलीका संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ चुनदेबी स्थानमा माघ १९ लगतेको अनुगमनमा रहेको चुनदेबी किराना पसलमा अनुगमन टोलीले छापा मार्दा पसल दर्ता नभएको, सरसफाइ र व्यवस्थित नभएको साथै ठूलो मात्रामा बिस्कुट, तेल, नुडल्स, पापड, चकलेट, आदि म्याद नाघेको सामान भेटिएको छ । ती सामान नष्ट गरिनुका साथै गोदाममा म्याद भएको र नभएको तेल, ध्यु, चामल, आटालगायत सामान भएकोमा शिलबन्दी गरी आएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो । साथै स्थानीयहरूले म्याद नाघेको मितिलाई मेटेर फेरी नयाँ मिति लगाउने गरेको गुनासो आएकोसमेत बताउनुभयो ।

अनुगमनमा वडाध्यक्ष श्यामकृष्ण खत्री, प्रहरी नायब निरीक्षक प्रभु खत्री, प्र.स.नि प्रेम सिं कुवंर, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नारायणप्रसाद लघु, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, जिल्ला जनस्वास्थ्य भक्तपुर, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी रहेको थियो ।

## सहकारी संस्थाहरूको अनुगमन जारी

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको आयोजनामा पुस २४ गते भक्तपुर नपा वडा नं. १० स्थित बेखाल बचत तथा ऋण सहकारी संस्था लि. को अनुगमन गरियो ।

उक्त अनुगमनमा संस्थाको सहकारी शिक्षा, सदस्य केन्द्रित गतिविधि, संस्थाको आर्थिक पक्ष, सुशासन पक्षबारे छलफल भएको थियो । साथै तरलता, जगेडा कोष, शेयर पूँजी, सदस्यता वृद्धि, धितो मूल्याङ्कन तथा अनुगमन प्रविधिलगायत विभिन्न विषयमा निरीक्षण गरियो । अनुगमनमा समितिका सदस्यहरू हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां र रञ्जना त्वातीको सहभागिता रहेको थियो ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

**कुराकानी**

# भक्तपुर नपाको सपना:शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा

*'भक्तपुर नगरपालिका नै नेपालको त्यस्तो पहिलो नगरपालिका हुनेछ, जसले शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा दिन्छ'* – **मेयर प्रजापति**

*(ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय जिल्ला भक्तपुरको सबैभन्दा जेठो नगरपालिका हो भक्तपुर । स्थानीय भाषामा ख्वप भनिने यो नगर नेपालको रोम शहरको रूपमा समेत परिचित छ । पोखरीहरूको शहरको रूपमासमेत परिचित भक्तपुरलाई सिद्धपोखरी, नःपुखु, भाजुपोखरी, कमलपोखरीले शोभायमान बनाएका छन् । 'संस्कृतिको नगर', 'जीवित सम्पदा', 'नाचगानको राजधानी' र 'नेपालको सांस्कृतिक रत्न'को उपमासमेत पाएको यस नगरको जुजु धौ, कालो भादगाउँले टोपी, हाकुपटासी, माटोका भाँडा, हस्तकला, काष्ठकला विश्व प्रख्यात छन् । १२ औं शताब्दीमा राजा आनन्द मल्लबाट स्थापित भक्तपुर १५ औं शताब्दीसम्म मल्ल राज्यको राजधानी थियो । यहाँको दरबार स्क्वायर, न्यातपोल, दत्तात्रय परिसर विश्व सम्पदा सूचीमा सूचीकृत छन् ।*

*यतिमात्र नभएर भक्तपुर भन्नेबित्तिक्कै शिक्षाको केन्द्रको रूपमा चिनिएको नगरपालिका हो । शिक्षामा राम्रो गरिरहेको नगरपालिकाहरूमध्ये अग्रस्थानमा रहेको यो नगरपालिकाका मेयर सुनिल प्रजापतिसँग गरिएको कुराकानी)*

विगत १७ महिनामा भक्तपुर नगरपालिकाले शिक्षाको क्षेत्रमा के-कस्ता काम गरेको छ ?

**सुनिल प्रजापति** – भक्तपुर नगरपालिकाले शिक्षामै बढी जोड दिइरहेको छ । हामी निर्वाचित भइसकेपछि स्थानीय सरकार ऐन बन्यो । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई जिम्मा दिइयो । कानून बमोजिम शैक्षिक विकासको लागि हामी प्रयासरत छौं । स्थानीय पाठ्यक्रम राख्ने अधिकारसमेत दिइएको हुँदा शिक्षक र शिक्षाविद्हरूको पटकपटक भेला बोलायौं । स्थानीय विषयहरूमा छलफल गर्‍यौं । भक्तपुरमा जन्मे हुर्केका राजनैतिक नेता, कार्यकर्ता, शहीद, संस्कृतिविद्, इतिहासविद्हरूलाई स्थानीय पाठ्यक्रममा राख्ने तयारीमा लाग्यौं र त्यहीअनुसार यो शैक्षिक सत्रबाट सबै विद्यालयमा कक्षा १ र ६ मा स्थानीय पाठ्यक्रम लागू गर्‍यौं । पाठ्यक्रममा स्थानीय चाडपर्वदेखि भूगोल, राजनीति, इतिहास, आन्दोलन, खेललगायतका विषयलाई समावेश गरेका छौं । भक्तपुरमा ९२ वटा विद्यालय छन्, ३५ वटा सरकारी र बाँकी निजी । ऐनमा कक्षा ८ को परीक्षा नगरपालिकाले नै लिने प्रावधान छ । सबै पक्षलाई समेट्ने गरी परीक्षा समिति बनायौं । उहाँहरूले प्रश्नपत्र बनाउने, परीक्षा लिने, कापी परीक्षण गर्ने र परिणाम घोषणा गर्नेदेखि अनुगमन, व्यवस्थापनसमेत गर्नुभयो र परीक्षा सफलतापूर्वक सम्पन्न भयो ।

सामुदायिक र संस्थागत विद्यालयबीच शैक्षिकस्तरमा भएको भिन्नतालाई हटाउन हाम्रो ध्यान गएको छ । सामुदायिक विद्यालयहरूको तल्लो कक्षाबाट नै स्तर सुधार्न शिक्षिकाहरूलाई मन्टेश्वरी तालिम दियौं । तालिम पछि ६ महिनासम्म निरन्तर अनुगमनको व्यवस्था गर्‍यौं ।

शिक्षकले राम्रोसँग काम नगरेसम्म विद्यार्थीहरू राम्रा हुँदैनन् । त्यसैले शिक्षकलाई तालिमको तयारी गर्दैछौं । कलेजमा पनि इतिहास, संस्कृति, भूगोल पढ्नेहरूको अभाव छ । त्यसैलाई ध्यानमा राखेर तेस्रो नगरसभामा नीति तथा कार्यक्रममा संस्कृति, भूगोल, इतिहास, नेपालभाषा आकर्षित बनाउने सोचले ती विषय लिएर पढ्ने विद्यार्थीहरूलाई निश्चित रकम छात्रवृत्तिको घोषणा गर्‍यौं । त्यसको कार्यविधि बन्दै छ । कार्यविधि आउनेबित्तिकै हामी अगाडि बढाउँछौं । । आर्थिक कारणले पढ्न नसक्ने विद्यार्थीलाई प्रमाणपत्र धितो लिएर रु.५ लाखसम्म शैक्षिक ऋणको व्यवस्था मिलाएका छौं । यसको कार्यविधि पनि बन्दैछ ।

भक्तपुर नगरपालिका भन्नेबितिक्कै शिक्षा क्षेत्रमा नमूना नगरपालिका । यसले राम्रो गर्छ भन्ने खालको जुन बुझाइ छ, तपाईंहरूले गरिराख्नु भएको जुन अभ्यास छ, राम्रो गर्ने चाहना र हौस्याउने कुराचाहि के रहेछ ?

**सुनिल प्रजापति** – आर्थिक अनुशासन र पारदर्शिता नेपाल मजदुर किसान पार्टीले सिकाएको शिक्षा हो । हरेक काम जनताको बीचमा गएर, जनतालाई देखाएर, जनताको सहयोग लिएर गर्नुपर्छ भन्ने पार्टीको नीति छ । हामीले घोषणापत्रमा पनि त्यही कुरा भन्यौं । हामी जति गर्न सक्छौं त्यति मात्र बोल्छौं । गर्न नसक्ने कुरा बोल्दैनौं । जे बोलेका छौं, त्यो गरेरै छाड्छौं भनेर लागेका पनि छौं ।

२०५६ सालमा ख्वप उच्च माविको स्थापना गर्‍यौं । त्यो सुरुवाती पाइला थियो । अहिले १९ वर्षपछि हेर्दा नगरपालिकाको ६ वटा त कलेज नै भइसकेको छ । ६ वटा शिशुस्याहार केन्द्रहरू छन् । कक्षा ११ र १२ सञ्चालन हुने एउटा मावि छ । त्यो माविमा अहिले २५ सयभन्दा बढी विद्यार्थीहरू पढ्छन् । अहिले ५० भन्दा बढी जिल्लाका विद्यार्थीहरू

त्यहाँ पढिरहेका छन् भने इन्जिनियरिङ कलेजमा ६५ जिल्लाका विद्यार्थीहरू पढिरहेका छन्। यो हिसाबले देशभरिकै सेवा नगरपालिकाले गरिरहेको छ। त्यसकारण हामीलाई प्रेरणा, उत्साह दिने भनेको नेपाल मजदुर किसान पार्टीले नै हो। एक कार्यकर्ताको हिसाबले हामीले आफ्नो अनुशासनको पालना गऱ्यौं, हाम्रो पार्टीको जो बसे पनि यो भन्दा फरक हुँदैन। अझ अगाडि बढाउने कोसिस हुन्छ। हामी अरुले जस्तो एउटा बोल्ने काम अर्को गर्ने गर्दैनौं। अहिले पनि स–साना कुराबाट सुरु गर्दैछौं। धेरै ठूला ठूला कल्पना गर्ने र गर्न नसक्ने कामको प्रचार गरिसकेपछि समस्या हुन्छ। हामी त्यसो गर्दैनौं। अहिले पनि जति गर्न सक्छौं, लामो समय छलफल गरिसकेपछि एउटा निष्कर्ष निकाल्छौं र त्यो काम गर्छौं। शिक्षामा जसरी अरु क्षेत्रमा पनि त्यसरी नै काम गरिरहेकाछौं।

*समग्रमा भक्तपुर नगरपालिकाको शैक्षिक अवस्था सन्तोषजनक पाउनुहुन्छ कि हुन्न ?*

**सुनिल प्रजापति–** सन्तोष अध्ययनको शत्रु हो भनेर का.माओले भन्नुभएको छ। सन्तोष लिने ठाउँ त छैन। सरकारी विद्यालयको शैक्षिकस्तर जुन रूपमा उठ्नुपर्ने हो त्यो उठिरहेको छैन।

*त्यसको कारणचाहि के होला ?*

**सुनिल प्रजापति–** अधिकाँश स्थायी शिक्षकहरू अनुभवी र तालिम प्राप्त हुनुहुन्छ तर अवकाश पाउन २ वर्ष, ४ वर्षमात्र बाँकी भएको कारणले पनि त्यसो भएको हुनसक्छ। योग्य, विषय वस्तुमा दखल भएका उर्जावान युवाहरूलाई शिक्षकमा भर्ना गरेको भए त्यस्तो समस्या आउँदैनथ्यो। अहिले थोरै पैसा लिएर पनि निजी विद्यालयले राम्रा राम्रा विद्यार्थीहरू उत्पादन गरिरहेका छन्। कतिपय सरकारी विद्यालय असाध्यै राम्रा छन्। देशकै नमुनाको रूपमा छन्। कतिपय विद्यालयमा स्तर कमजोर छ, त्यसैले पनि यो वर्ष हामीले ८–१० वटा विद्यालयका शिक्षकहरूलाई सरुवा गऱ्यौं। फेरि पनि हामी गर्दैछौं। विस्तारै शिक्षकहरूलाई सरुवा गरेर एकआपसमा अनुभव बाँड्ने, नत्र विद्यार्थी कम र शिक्षक बढी छन्। कति विद्यालयहरूमा विद्यार्थी धेरै छन्, शिक्षक कम छन्। दुईवटै गलत हो। त्यसलाई समानुपातिक रूपमा कसरी मिलाउने ? त्यो व्यवस्थापन गर्ने कोसिस हामी गरिरहेका छौं।

*शिक्षाको जगको रुपमा रहेको इसिडीलाई तालिमको कुरा गर्नुभयो, कतिवटा इसिडी छन्, नगरपालिकाभित्र ?*

**सुनिल प्रजापति –** हामीकहाँ जम्मा ३५ वटा इसिडीहरू छन्। ३५ वटामा ४२ कोटा छन् हामीसँग। यहाँ केही अप्ठ्याराहरू पनि छन्, इसिडी सञ्चालनको क्रममा। नियमानुसार २० विद्यार्थी बराबर एक शिक्षक राख्नुपर्ने, कतिपय विद्यालयहरूमा ३०/४० विद्यार्थी भए पनि एकजना मात्र दिइरहेको छ। निजी स्रोतले सञ्चालन गर्न नसकेको भए, त्यो सम्भव हुने थिएन, जे होस् जसोतसो चलिरहेका छन्। आजभन्दा १० वर्ष अघि जति कोटा दिएको थियो, त्यसबाहेक अरु थप कोटा दिएका छैनन्। त्यसमा पनि शिक्षकको तलब पहिला १८ सय, ३ हजार गर्दै अहिले जम्मा ६ हजार पुऱ्याएको छ। दिनको २०० रुपियाँले त चिया खान पनि पुग्दैन।

*अरु नगरपालिकाहरूले इसिडीका लागि २ हजार, १५ सयका दरले शिक्षकहरूलाई प्रोत्साहनस्वरुप नगद नै दिएको अवस्था छ, तपाईंहरुले पनि केही गर्नुभएको छ कि ?*

**सुनिल प्रजापति –** हामीले गरेका छैनौं, हामीले त्यो एक दुई हजार थप्नुभन्दा तालिम दिने, व्यवस्थित गर्ने, त्यसपछि अरु सरह लान सकिन्छ। यस विषयमा ध्यान दिइरहेका छौं। नगरपालिकाको क्षमता पनि हेर्नुपऱ्यो। कतिजना छन् भनेर हामीले हेऱ्यौं, ४२ जना हुनुहुन्छ। ४२ जनाको आ–आफ्नै समस्या त छ नै। त्यसमा नगरपालिकाले के गर्न सक्छ भनेर अध्ययन भएको छ, तर घोषणा गरेका छैनौं। उहाँहरूको माग न्यूनत्तम तलब दिनुपर्छ भन्ने हो।

*विद्यालयको अनुगमनका लागि के गर्नुभएको छ ?*

**सुनिल प्रजापति–** नगरपालिकाले शैक्षिक सुधार र आर्थिक सहयोगको पक्षबाट अनुगमन गरिरहेको छ। शौचालय, पुस्तकालय, भवन निर्माण आदि भौतिक सुधार गर्न अनुगमन भइरहेको छ। त्यसको निम्ति भनपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांको संयोजकत्वमा एउटा अनुगमन समिति छ।

*अनुगमनमा जाँदा पनि नजाँदा पनि भौतिक पूर्वाधारकै माग बढी आउँदो रहेछ, शिक्षा सुधार्ने मागचाहि किन नआएको होला ?*

**सुनिल प्रजापति –** सामुदायिक स्कुलका एकाधबाहेक ९९ प्रतिशत शिक्षकहरू तालिम प्राप्त छन्। भौतिक सुविधाको हिसाबले शौचालय, भान्छा, पुस्तकालयका कुराहरू कतिपय ठाउँमा कमजोर नै छन्।

त्यसैले हामीले केही विद्यालयलाई आर्थिक सहयोग गर्ने पनि निर्णय गरिसकेका छौं। भौतिक हिसाबले नेपाल सरकारले दिने पैसा पनि दिने निर्णय गरिसकेका छौं। अरु पनि शैक्षिक विकासको निम्ति भनेर राखिएको बजेट उहाँहरूलाई पठाइ दिन्छौं, अनुगमन गरेर मात्र पठाउँछौं। विद्यार्थी सङ्ख्या नै नभएको ठाउँमा त्यो पैसा लगानी गरेर त फाइदा छैन। जहाँ आवश्यकता, त्यहाँ प्राथमिकता हो।

*शिक्षा दुई तरिकाले चलिरहेको अवस्था छ, एउटा संस्थागत रुपमा, अर्को सरकारी रुपमा । नगरपालिकाले*

स्वाभाविक रूपमा सरकारीलाई नै प्राथमिकता दिँदा, संस्थागतहरूमाथि पक्षपात गरिएको भन्ने गुनासो छ नि ?

**सुनिल प्रजापति** – यहाँ अरु ठाउँमा भन्दा अलिकति फरक छ । निजी क्षेत्रलाई पनि हामीले हरेक कुरामा समावेश गर्दै लगेकाछौं । अन्तर विद्यालय खेलकुद प्रतियोगितामा सहभागी गरायौं र प्रत्येक विद्यालयलाइ साढे ६ हजारको दरले सामान उपलब्ध गरायौं । गएको वर्ष साढे नौ हजारको दरले उपलब्ध गरायौं । गत वर्ष ४७ वटा स्कुललाई सहयोग गर्‍यौं, यो वर्ष ७० वटालाई गर्‍यौं । त्यसमा निजी विद्यालय नै धेरै छन् । निजी र सरकारीमा हामीले भेद गरेनौं । प्रतिस्पर्धीहरू त बराबर हुनुपर्‍यो । अहिले निजी स्कुलहरूमा जस्तै कतिपय सरकारी स्कुलहरू पनि त्यत्तिकै राम्रा छन् । तिनीहरूलाई एक ठाउँमा राखेपछि अघि बढ्न मदत पुग्छ । प्रतिस्पर्धाको भावना बढ्छ । शैक्षिक स्तरमा विभेद नहोस् भनेर सामुदायिक विद्यालयलाई नगरपालिकाले प्राथमिकतामा राखेका छौं ।

शिक्षकहरूको कारण सामुदायिक विद्यालय आलोचित भएको अवस्था पनि छ, शिक्षकहरूको मनोबल बढाउनका लागि चाहिँ के गर्नुभएको छ ?

**सुनिल प्रजापति** – शिक्षकहरूलाई अनुशासनमा राख्न र शिक्षामा स्तर वृद्धी गर्न आवश्यकता अनुसार सरुवा पनि गरेका छौं । स्थानीय पाठ्यक्रममको विषयमा बढी केन्द्रित हुनुपर्छ, निजी क्षेत्रलाई भन्दा सामुदायिक क्षेत्रका शिक्षकलाई नै प्राथमिकता दिएर अघि बढिरहेका छौं । सरकारी स्कुललाई निजी स्कुलसरह माथि उठाउने कोसिस गरिरहेका छौं ।

स्थानीय पाठ्क्रम लागू भएको पनि एक वर्ष बित्ने क्रममा छ, यसको नतिजा केही आउने क्रममा छ ?

**सुनिल प्रजापति** – यो वर्ष गाईजात्रा हुनुभन्दा अघि नै विद्यालयहरूमा घिन्ताङघिसी सुरु भयो, शिक्षकशिक्षिकाहरू र विद्यार्थीहरूले त्यस नाचमा सहभागिता जनाए । गाथामग चर्हे आउनुभन्दा अघि नै बच्चाहरू खेल्न थाले । स्थानीय खेलको प्रतियोगिता गर्‍यौं । धेरै स्कुलका विद्यार्थीहरूले कसिपायँचामा प्रतिस्पर्धा गरे । परिणाम भनेको यसैगरी नै आउने हो, प्रयोग गरेर हेर्ने । लोपोन्मुख भएकोलाई उजागर गरेर जनताको सामु राखिदियौं, अब त्यसले जीवन्तता पाउने छ । सुरुवात गर्दा सानोबाटै गरेका हौं । लोप हुन लागेको खेल बच्चाहरूलाई सिकाएपछि कम्तिमा २०/३० वर्ष निरन्तरता पाउनेछ ।

स्थानीय पाठ्यक्रमको सन्दर्भमा पाठ्यपुस्तक नबन्दा शिक्षकहरूलाई गाह्रो भइरहेको छ नि ?

**सुनिल प्रजापति** – पाठ्यक्रमकै आधारमा पढाउने अन्तर्राष्ट्रिय अभ्यास हो । यहाँका शिक्षकहरूमा पाठ्यपुस्तकमा जे छ त्यो पढाउने बानी परेको छ । विद्यार्थीलाई पढाउनुभन्दा अघि शिक्षकले पढ्नुपर्छ भन्ने बानी बसाल्नका लागि कोसिस गरिरहेका छौं । शिक्षकले पुस्तकालयमा गएर सन्दर्भ सामग्रीको अध्ययन गरी पढाउने हो । चित्र देखाउनुपर्‍यो भने पेनड्राइभमै सबै दिइसकेका छौं, फोटाहरू दिइसकेका छौं, जीवनीहरू प्रकाशित गरी वितरण गरिसकेका छौं । कतिपय कुराहरू उहाँहरू आफैलाई जानकारी भएका विषयहरू पनि छन् । चाडपर्वको विषयमा हामीले भनिरहनु पर्दैन । त्यसकारण पाठ्यपुस्तक नै चाहिन्छ भनेर थोरैले मात्र भनेका छन् । अब पाठ्यपुस्तकविना नै पाठ्यक्रमको आधारमा पढाउने दिन आउँछ ।

यो नगरपालिकाको शैक्षिक सपना चाहिँ कस्तो छ ?

**सुनिल प्रजापति** – एउटै वाक्यमा भन्ने हो भने शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा नगरपालिकाले दिन्छ । त्यो हिसाबले हामी लागिरहेका छौं ।

त्यसको लागि गर्नुपर्ने कामको तयारी भइरहेको छ त ?

**सुनिल प्रजापति** – छ, हाम्रो तयारी छ । विभिन्न जिल्लाका विद्यार्थीले विश्वास गरेका छन्, अभिभावकहरूको विश्वास छ, सँगसँगै विधेयक पास गर्नका लागि घच्घच्याइरहेका छौं । पहिले नै संसदमा पुगिसकेको थियो । मन्त्रीले त्यहाँ पेश गरेपछि अगाडि बढ्ने कुरामा सरकारले दिएन । एकदिन त दिन्छ नै ।

विश्वविद्यालय सञ्चालनको अधिकार त स्थानीय तहलाई छैन नि, त्यो चुनौतीको कुरा हो, त्यसका लागि त ठूलै संघर्ष गर्नुपर्छ होला कि ?

**सुनिल प्रजापति** – चुनौतीपूर्ण नभएको त कुनै पनि विषय हुँदैन, पहिले शिशुस्याहारको पनि व्यवस्था थिएन, हामीले शिशुस्याहार सञ्चालन गर्‍यौं, कलेज सञ्चालनबारे अहिले पनि कानूनमा स्पष्ट छैन, पहिले पनि थिएन । ६ वटा कलेज सञ्चालन गरिरहेकै छौं । कानुनी प्रावधान मिलाएर, केन्द्रले बनाउनेमा केन्द्रले, प्रदेशले गर्नेमा प्रदेशले कानून बनाइदियो भने त सक्छौं भनेको मात्र हो । अधिकार छैन भनेर बस्यौं भने त केही पनि गर्न सकिन्न । अधिकार त लिने हो । कहाँबाट लिनुपर्छ, कानुनी प्रावधान मिलाउने हो । त्यसकारण अब विश्वविद्यालय विधेयक बन्यो भने कहिँ रोकिँदैन । त्यो अवस्थामा भक्तपुर नगरपालिका नै नेपालको पहिलो नगरपालिका हुनेछ, जसले शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा दिन्छ । त्यो हाम्रो सपना हो । त्यो छिट्टै पूरा हुन्छ ।

***प्रस्तुति : हरिसुन्दर छुकां***

*('नुवागी' अनलाइन, प्रकाशित मिति २०७५ पौषबाट)*

# भक्तपुरका मेयरको नारा : मागेर विकास हुन्न, आईएनजीओ चाहिएन

• विशाल सापकोटा

स्थानीय तह निर्वाचनमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले एकलौटी पारेको नगरपालिका हो, भक्तपुर। काठमाडौं महानगरपालिकाबाट नजिकै भएपनि यहाँ 'मोनोरेल' वा 'समृद्धि' को खासै चर्चा छैन।

२०६८ सालको जनगणना अनुसार भक्तपुर नगरपालिकाको जनसङ्ख्या ८३ हजार हो। अहिले एक लाख पुगेको अनुमान छ। कतिपय नगरपालिकामा यती आवादी एउटा वडामा छ।

भक्तपुर वर्षौंदेखि नेमकिपाको एकल पकडमा रहेको जिल्ला पनि हो। २०६४ सालको संविधानसभा निर्वाचनमा भक्तपुर-२ बाट सभासद निर्वाचित सुनिल प्रजापति अहिले भक्तपुर नगरपालिकाका मेयर छन्। उनी आफू ठूलो मतान्तर (११ हजार) ले विजयी मात्र भएनन्, १० वटै वडाका अध्यक्ष पनि जिताए। यसले नगरपालिकामा जे चाह्यो त्यही गर्न सक्ने सुविधामा छन्, मेयर प्रजापति।

स्थानीय जनप्रतिनिधि आएको दुई वर्ष बित्न लागदा धेरैले अत्यावश्यक भन्दा चर्चामुखी योजनामा समय र स्रोत खर्चिरहेका छन्। तर, भक्तपुरलाई अपवाद बनाउने प्रजापतिको दाबी छ। भन्छन्, 'हाम्रो पार्टीले शुरुदेखि नै भन्दै आएको छ- जनताको सेवा गर्ने हो भने राजनीति गर्ने, पैसा कमाउने हो भने व्यापार गर्ने।'

कतिपयले नेमकिपा र प्रजापतिको यो शैलीलाई उत्तर कोरियाको वर्कर्स पार्टी अफ कोरियासँग जोडेर कटाक्ष पनि गर्छन्, जुन प्रजापतिलाई वाईह्यात् लाग्छ।

## आईएनजीओ निषेध

संघीय सरकारको बजेटमा समेत ऋण र अनुदानको हिस्सा नघटेको बेला स्थानीय सरकारले अनुदान अस्वीकार गर्ने कुरा अपत्यारिलो लाग्छ। तर, भक्तपुरका मेयर प्रजापति ठाडै भन्छन्, 'मागेर विकास गरिन्न, आईएनजीओ चाहिएन।'

महाभूकम्पले क्षति पुऱ्याएका भक्तपुरका सम्पदाको पुनर्निर्माणमा जर्मन सरकारबाट १० मिलियन युरो (झण्डै एक अर्ब २० करोड) अनुदान लिने निर्णय नेपाल सरकारले गरेको थियो। तर, भक्तपुर नगरपालिकाले दाताको शर्त अस्वीकार गर्दै त्यो अनुदान लिएन। 'प्राचीन सम्पदा पुनर्निर्माणमा सिमेन्ट, छड चलाउने, अडिट पनि आफैं गर्ने, मुद्दा परे उतैको अदालतमा जाने, उनीहरूकै प्राविधिक टोली मातहत बस्नुपर्ने' मेयर प्रजापति भन्छन्, 'यस्तो पनि कहीँ हुन्छ ?'

शर्त मानेर अनुदान नलिने अडान दोहोऱ्याउँदै उनले भने 'नगरपालिकाकै बजेटले पुनर्निर्माणको काम सक्छौं। बरु बिस्तारै गर्छौं तर, पैसासँग स्वाभिमान साट्ने काम गर्दैनौं।'

'कसैले देला र विकास गरौंला भन्ने होइन, हामी आफैं गर्न सक्छौं', प्रजापतिले थपे।

आईएनजीओहरूलाई भक्तपुर नगरपालिकाभित्र पस्नै नदिने उनले बताए। '६ महिना, एक वर्ष समयावधि बाँकी भएकाहरूको नवीकरण गर्दिन्छौं' उनले भने, 'नयाँलाई छिर्न दिँदैनौं।'

यस्तो सम्भव छ त ? मेयर प्रजापति भन्छन्, सम्भव छ। उनी भन्छन्, 'इन्जिनियरिङ नहुँदा ३०० वर्षअघि हाम्रा पुर्खाहरूले यत्रा संरचना बनाए। अहिले हामी आफैले संरक्षण गर्न किन नसक्ने ? आफ्नो स्वाभिमान बचाइ राख्नका खोजेका हौं हामीले। मागेर कोही ठूलो हुन सक्दैन, स्वाभिमान मूल कुरा हो। स्वाभिमानी भएर बाँच्न गाह्रो होला, तर हामीले त्यसै गर्नुपर्छ।'

## 'केन्द्र सरकारले नियन्त्रण गर्न खोज्यो'

कानूनको विद्यार्थी। गाउँ नगर जिल्ला पञ्चायत २०४३ र ४४ मा निर्विरोध र बहुदलीय व्यवस्था पुनःस्थापनापछि ०४९ र ०५४ मा दुई पटक चुनाव लडेरै वडा अध्यक्ष भइसकेका व्यक्ति हुन्, प्रजापति। पहिलो संविधानसभामा सभासद पनि भए।

हामीले सोध्यौं- मेयरमा निर्वाचित भएर आएको २१ महिना बित्दै गर्दा के-के अप्ठ्याराहरू महसुस भयो ?

अप्ठ्याराहरू त जहाँ पनि हुन्छ तर, केन्द्रको दृष्टिकोण सुधार नहुनु मुख्य समस्या भएको उनको अनुभव छ। केन्द्र सरकारले नियन्त्रण मात्र गर्न खोजेको उनको निष्कर्ष छ। 'विभिन्न खालका आदेशबाटै स्थानीय तह सञ्चालन गर्न चाहेको छ', मेयर प्रजापतिले भने, 'संविधानले दिएको अधिकार प्रयोग गर्न छोडेर मन्त्रिपरिषदको अंकुश लाउने आदेश पालना

गरेर बसिन्न ।'

भाषणमा गाउँ-गाउँमा सिंहदरबारको अधिकार भन्ने तर, अधिकार केन्द्रमै सीमित राख्ने हो भने संघियता अर्थहीन हुने उनले बताए ।

उनले यसको लामो ब्याख्या गरे ।

केन्द्रीय मन्त्री र प्रशासकहरूको दृष्टिकोण असजिलो खालको छ । हामी निर्वाचित भएर आएको केही समयसम्म स्थानीय स्वायत्त शासन ऐन, २०५५ जीवितै थियो । तर, मन्त्रिपरिषदले फलानो काम गर, फलानो नगर भनेर आदेश जारी गरिरह्यो ।

हामीले ऐनभन्दा मन्त्रिपरिषदको आदेश माथि हुनसक्दैन भन्यौं र ऐन कार्यान्वयन गर्‍यौं । ऐन-नियम मिच्दै मन्त्रीस्तरीय, सचिवस्तरीय आदेश जारी गर्नु एकदमै गलत हो । देशभरका स्थानीय तहले यस्ता आदेशको अवज्ञा गर्नुपर्छ भन्ने पक्षमा छु म ।

स्थानीय सरकार सञ्चालन ऐनले प्राविधिक कर्मचारी राख्न पाउने अधिकार स्थानीय तहलाई दिएकोमा मन्त्रिपरिषदबाट कुनै पनि कर्मचारी भर्ना नगर्नु भन्ने आदेश आएको छ । यसको पनि अवज्ञा गरिनुपर्छ । ऐनले अधिकार दिएपछि किन भर्ना नगर्ने ?

## 'हामी होइन, केन्द्र नै छाडा'

स्थानीय तहहरू ऐनअनुसार चल्दा समस्या निम्तिने अनौठो डर केन्द्रीय प्रशासकहरूमा देखिएको मेयर प्रजापतिले सुनाए । स्थानीय तहलाई नियन्त्रण गर्न खोज्ने हो भने संविधान र संघीयता कार्यान्वयन हुन नसक्ने भएकाले केन्द्रका मन्त्री र प्रशासकहरू नै नियन्त्रित हुन जरुरी रहेको उनले बताए ।

युनिभर्सल पिस फेडेरेसन (युपिएफ) ले १६ र १७ मंसिरमा काठमाडौंमा गरेको विवादास्पद कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीको सकृयतालाई उदाहरणको रूपमा पेश गर्दै प्रजापतिले भने, 'कति देशमा प्रतिबन्धित धार्मिक समूहको कार्यक्रममा सहआयोजक भएर दौडधुप गर्नु संविधानले दिएको अधिकार हो ?'

स्थानीय तहलाई नियन्त्रण गर्ने प्रयासलाई लोकतन्त्रमाथिकै माखेसाङ्लो भन्दै उनले थपे, 'यो भक्तपुरको मात्र होइन, ७५३ तहकै सवाल हो । शिक्षा र स्वास्थ्य स्थानीय तहलाई दिन नहुने स्वास्थ्यमन्त्रीको विचार मान्न सकिन्न ।'

शिक्षालाई केन्द्रकै मातहत राखिनुपर्ने भन्दै आन्दोलन गर्न सत्तारुढ दलले भातृ संगठनहरूलाई उचालेको आरोप लगाउँदै मेयर प्रजापतिले भने, 'दुई तिहाइको सरकार स्थानीय तहहरूलाई कठपुतली बनाउने अभ्यासमा लाग्नु दुर्भाग्यपूर्ण छ ।'

## शिक्षा र स्वास्थ्य प्राथमिकतामा

भक्तपुर नगरपालिकाले आफ्नै पाठ्यक्रम लागू गरेको छ । स्थानीय चाडपर्व, परम्परा, संस्कृति, उपचार पद्धती, खाना, खेलकुदलगायतका विषय पाठ्यक्रममा समावेश गरेको छ । नगरका ९२ विद्यालयमा यो पाठ्यक्रम अनिवार्य छ । रञ्जना लिपी अनिवार्य गरिएको छ । स्थानीय तहको जिम्मामा आएको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको मेयर प्रजापति बताउँछन् ।

नगरपालिकाभित्र ६ वटा कलेज छन् । मनाङबाहेक सबै जिल्लाका विद्यार्थी अध्ययनरत रहेको भन्दै प्रजापतिले भने, 'भक्तपुर एउटा यस्तो नगरपालिका हो, जसले वर्षमा ४३२ इन्जिनियर, ४० नर्स र ४८ जना ओभरसियर उत्पादन गर्छ ।'

नगरपालिकाभित्र ६ वटा शिशुस्याहार केन्द्र संचालनमा छन् भने अझै थप्दै जाने उनको योजना छ । नर्सरीदेखि विश्वविद्यालयसम्मै गुणस्तरीय शिक्षाका लागि भक्तपुर बाहिर जान नपर्ने अवस्था बनाउने उनको दाबी छ । उनले भने, 'भ्रष्टहरूको पैसा जफत गरेर हुन्छ कि अरुतिर कटौती गरेर हुन्छ, शिक्षामा लगानी बढाउँछौं ।'

नगरपालिकाभित्र ३ वटा जनस्वास्थ्य केन्द्र छन्, जहाँ १६ जना विशेषज्ञ र ३० जना डाक्टर छन् । प्रत्येक वडामा ९ देखि ११ जना स्वास्थ्य स्वयंसेविका परिचालन गरेर घरघरमा नर्सिङ सेवा पुर्‍याउन थालिएको उनले जनाए ।

## बाँकी कार्यकालमा...

निर्वाचित भएको दुई वर्ष बित्न लाग्दा अधिकांश स्थानीय जनप्रतिनिधि ठूलठूला कामको फेहरिस्त देखाएर लोकप्रिय हुन खोजिरहेका छन् । प्रजापति भने साना लाग्ने कामहरू गरेर भक्तपुरलाई सुसंस्कृत सांस्कृतिक सहर बनाउने बताउँछन् ।

भूकम्पले भक्तपुरमा ठूला-साना गरी १३० भन्दा बढी सम्पदामा क्षति पुर्‍याएको थियो । 'ती मध्ये नगरपालिका आफैंले ४९ वटाको पुनर्निर्माण सकेको छ', भक्तपुर नगरपालिकाका मेयर प्रजापतिले भने, 'अरु धेरैमा काम भइरहेको छ ।' ठूला संरचनाको पुनर्निर्माण भने बाँकी कार्यकालमा सक्ने अवस्था नरहेको उनले बताए ।

ख्वपः विश्वविद्यालयको विधेयक पारित भए नगरपालिकाभित्र तत्कालै विश्वविद्यालय भने खोल्ने उनको सोच छ । उनका अनुसार, नगरपालिकाले १६ सय ५३ रोपनी जमिनमा दुई वटा एकीकृत आवास योजना पनि अगाडि बढाएको छ । यसले भक्तपुर नगरलाई अझ सुन्दर बनाउने उनको परिकल्पना छ ।

*(अनलाइन खबर, २०७५ माघ १ बाट)*

**कुराकानी**

# kg{lgdf{0f sfo{df sg}lj bz{lsf] ;xof]u 5g\

## - सुनिल प्रजापति, प्रमुख-भक्तपुर नगरपालिका



भक्तपुर नगरपालिका ऐतिहासिक र पुरानो नगरपालिका हो। नगरपालिकाले फोहोर व्यवस्थापनलाई कसरी अगाडि बढाएको छ ?

- फोहोर व्यवस्थापन हामी सबैको चुनौतीको विषय हो। भक्तपुर नगरपालिकामा औसत दिनको ३० टन फोहोर उत्पादन हुन्छ। त्यसमध्ये करिब ७० प्रतिशत कुहिने र ३० प्रतिशत नकुहिने फोहोर उत्पादन हुने अध्ययनले देखाएको छ। नगरपालिकाले कुहिने जतिको कम्पोष्ट मल बनाई किसानलाई सस्तोमा बिक्री गर्ने र नकुहिने जतिलाई फाल्ने व्यवस्था मिलाएको छ। त्यसको लागि घर घरमा २/२ वटा बाल्टिन वितरण गरी फरक-फरक दिनमा कुहिने र नकुहिने फोहोर संकलन गर्दै फोहोर व्यवस्थापन गर्दै आएका छौं। तर यो स्थायी समाधान भने होइन। फोहोर व्यवस्थापनको स्थायी समाधानको निम्ति विभिन्न विकल्पहरू पहिल्याउन विज्ञहरूको टोली गठन गरी अहिले त्यसको अध्ययन भइरहेको छ।

भक्तपुर नगरपालिकामा भूकम्पपछिको पुन:निर्माणको काम कहाँ पुगेको छ र निजी आवास पुन:निर्माणमा नगरपालिकाले भूकम्प पीडितलाई कस्तो सहयोग गरेको छ ?

- भक्तपुर २०७२ सालको भूकम्पबाट अति प्रभावित जिल्लाहरूमध्ये एक हो। भक्तपुर नगरपालिकाभित्र मात्रै आंशिक र पूर्ण गरी करिब ८ हजार घरमा क्षति भयो भने ठूला साना गरी १३० भन्दा बढी सम्पदामा क्षति पुगेको थियो। अहिले पुन:निर्माणको काम तीव्र गतिमा भइरहेको छ। हालसम्म नगरपालिकाले ३७ वटा सम्पदाहरूको पुन: निर्माण कार्य सम्पन्न गरिसकेको छ भने दर्जनौं सम्पदाहरू निर्माणाधीन छन्। पुरातत्त्व विभागले पनि कतिपय सम्पदाहरू निर्माण सम्पन्न गरिसकेको र कतिपय निर्माणकै क्रममा छन्।

  निजी आवास निर्माणको लागि पहिलो किस्ता बुझ्नेहरू ५,५६८ थिए भने दोश्रो किस्ता लिनेको सङ्ख्या १३६७ मात्रै छन्। झण्डै १२०० ले मात्रै तेश्रो किस्ता लिएको देखिन्छ। भनपाले भूकम्प पीडितहरूको घर निर्माणमा माटो जोडाईमा शतप्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशत नक्सा दस्तुर छुटको व्यवस्था गरेको छ। साथै मौलिक शैलीमा घर बनाउनेहरूका लागि मोहडामा लाग्ने इँटा, काठ र झिँगटीको खर्चमा ३५ प्रतिशत अनुदान दिने गरेको छ।

शिक्षा स्थानीय तहको मातहतमा नआउँदा नै नगरपालिकाले शैक्षिक उत्थानमा सकारात्मक काम गरेको थियो तर अहिले शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र आएपछि भक्तपुर नगरपालिकाले शैक्षिक गुणस्तर सुधार गर्न के कस्तो काम गरिरहेको छ ?

- भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेज सहित ६ वटा कलेज र एउटा मा.वि. संचालन गर्दै आएको छ। ती शैक्षिक संस्थाहरूमा ७६ जिल्ला (मनाङ बाहेक) का विद्यार्थीहरूले अध्ययन गरिसकेका छन्। अहिले पनि ६५ जिल्लाका ५,६०० विद्यार्थी अध्ययनरत छन्। संविधानले मा.वि. तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएपछि भनपाले शिक्षा ऐन निर्माण गर्‍यो। ऐनअनुसार सबै विद्यालयहरूमा व्यवस्थापन समिति गठन गर्‍यो र स्थानीय पाठ्यक्रम बनाई लागू गर्‍यो। शिक्षक विद्यार्थी अनुपात मिलाउन कतिपय विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको काज सरुवा गर्‍यो। सामुदायिक र निजीबीच भेद हटाउन सामुदायिक

विद्यालयका शिक्षकहरूलाई मन्टेश्वरी तालिम र त्यसको नियमित अनुगमन गर्दैछ । हरेक कार्यक्रममा सामुदायिक र निजीलाई सँगसँगै लग्ने प्रयास भइरहेको छ । अंग्रेजी, नेपाली, विज्ञान र गणितको शिक्षक तालिम र नियमित अनुगमनको व्यवस्था गर्दैछौं ।

भक्तपुर नगरपालिकामा आउने पर्यटकलाई नगरपालिकाले कसरी सेवा प्रवाह गर्दै आएको छ र भक्तपुरमा थप पर्यटकलाई आकर्षण गर्न नगरपालिकाले के काम गरेको छ ?

- भक्तपुर नगरपालिकाको पुरानो शहर छिर्ने १४ वटा नाकाहरू छन् । ती सबै नाकाहरूमा नगरपालिकाका कर्मचारीहरू बस्ने व्यवस्था छ । पुरानो शहरी क्षेत्र प्रवेश गर्न गैर सार्क मुलुकका पर्यटकको लागि ने.रु.१५००।- वा १५ डलर र सार्क र चीनका नागरिकहरूलाई ने.रु.५००।- लिने व्यवस्था छ । पर्यटकहरूको प्रवेशसँगै भक्तपुरको परिचयसहितको ब्रसर उपलब्ध गराइन्छ । भक्तपुरबारे थप बुझ्न चाहनेलाई खौमामा पर्यटक सूचना केन्द्रको व्यवस्था छ । नगरपालिकाले तालिम दिएका स्थानीय गाइडहरूले गाइड गर्छन् । ठाउँ-ठाउँमा शौचालयको व्यवस्था र भूकम्पले भत्केका सम्पदाहरू पुनःनिर्माणको काम भइरहेको छ । बढ्दो सङ्ख्यामा चिनीयाँ पर्यटकहरू आउन थालेको हुँदा नपाले नै चिनीयाँ भाषाको तालिम दिइरहेको छ ।

नगरपालिकाभित्र भएको ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको पुनःनिर्माण कहिले सम्पन्न हुन्छ र स्थानीयले कहिलेबाट पुरानै कलात्मक भक्तपुर भएको हेर्न पाउँछन् ?

- नगरपालिकाभित्रका क्षतिग्रस्त केही ठूला सम्पदाबाहेक अन्य सम्पदाहरू छिट्टै निर्माण सम्पन्न हुनेछ । भैरवनाथको मन्दिरको जीर्णोद्धार भइरहेको छ, बत्सला मन्दिर ५० प्रतिशतभन्दा बढी सम्पन्न भयो, केदार नाथ मन्दिर करिब सम्पन्न भयो, सिद्धिलक्ष्मी भर्खरै सम्पन्न भयो । तहाफल्चा, फसी देवल निर्माण भइरहेको छ । तर पुरानो नगरपालिका भवन, दरबार क्षेत्रमा रहेको कला सङ्ग्रहालयसहितको लाल बैठकजस्ता ठूला सम्पदा निर्माणमा अलि बढी समय लाग्नेछ । पुनःनिर्माण कार्यमा कुनै विदेशीको सहयोग छैन । नगरपालिकाको श्रोतले स्थानीय जनताको सहयोगमा उपभोक्ता समिति र अमानतमा निर्माण कार्य गर्दैछौं । केही ढिलै भएपनि स्थानीय जनताको सहयोगमा मौलिक शैलीमै निर्माण गर्न नपाले जोड दिइरहेको छ । सरकारले सहुलियत दरमा आवश्यक काठको व्यवस्था र आर्थिक व्यवस्था गरे भक्तपुरको पुरानो स्वरूप जनताले छिट्टै देख्न पाउने छन् ।

नगरपालिकामा जनप्रतिनिधि आएपछि विकास र सुशासनका काम के-के भएका छन् ?

- २०७४ साल जेठ ७ गते जनप्रतिनिधिहरूले पदभार ग्रहण गरिसकेपछि विकास निर्माणको कामले तीव्रता पायो । भूकम्पबाट क्षतिग्रस्त पाटी पौवा, ढुंगेधारा, पोखरी, सत्तल, मठ-मन्दिरको निर्माण तीव्र गतिमा अगाडि बढ्यो । १६५३ रोपनी जग्गामा संचालित देको मिवा इतापाके व्यवस्थित आवास योजनाले गति लियो, भनपा ९ स्थित चोखा, तुमचो दुगुरे आवास योजनामा सडकहरू पीच गर्ने, खानेपानी र बिजुलीको व्यवस्था गर्ने काम भइरहेको छ । २५ शैय्याको स्वीकृतिप्राप्त ख्वप अस्पताल भवन निर्माण कार्य शुरु हुँदैछ । भवन १०० शैय्या क्षमताको बनाउने तयारी छ ।

भनपा पारदर्शी नगरपालिका हो । यहाँका हरेक कुराको जानकारी नगरवासीहरूलाई दिन 'भक्तपुर मासिक', 'ख्वपपौ' नेपालभाषा प्रकाशन, फेसबुक पेज, भक्तपुर खबर डट कम अनलाइन पत्रिका र एफ.एम. कार्यक्रम संचालनमा छन् । यो नगरपालिका भ्रष्टाचार नहुने नगरपालिकामध्ये एक हो । विदेशी पैसाले चल्ने कुनै पनि गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले यहाँ नगरपालिकाको अनुमतिविना सजिलै काम गर्न पाउँदैनन् ।

भक्तपुर नगरपालिकामा खानेपानी प्रमुख समस्याको रूपमा रहँदै आएको छ, यसलाई व्यवस्थापन गर्ने काममा नगरपालिकाले के के काम गरेको छ ?

- भक्तपुर नगरपालिकाभित्र खानेपानीको श्रोत छैन । हालसम्म नगरकोट र बोडेको पानीकै भरमा नगरवासीहरूको जीवन चलिरहेको छ । जनसङ्ख्या वृद्धिसँगै खानेपानीको समस्या बढ्दै गएको हुँदा भनपा वडा नं. १ सल्लाघारी र भ.न.पा. ९ तुमचोमा डीप बोरिङ गरिएको छ । ती ठाउँहरूमा पानी ट्यांकी निर्माणको काम भइरहेको छ । काम सम्पन्न भएपछि त्यसबाट थोरै राहत मिल्ने आशा छ । अर्को विकल्प मेलम्ची खानेपानी नै हो । त्यो आइसकेपछि सहज हुने आशामा छौं । हिउँदको समयमा भनपाले नै टोल-टोलमा ट्यांकरबाट पानी वितरण गर्दै आएको छ ।

*(प्रमुख प्रजापतिसँग नगेन्द्र सापकोटाले गरेको कुराकानी मिति २०७५।१०।८ गतेको गोरखापत्रमा प्रकाशित)*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ पुष ८ गते आइतबार

### उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना ग्योला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### मूल्याङ्कन समिति

यस नगरपालिकाको आयोजनामा यही २०७५ पुष २१ गते हुने भक्तपुर व्यापी धाँ बाजा प्रतियोगिताको मूल्यांकन समितिमा देहाय बमोजिमका महानुभावहरूलाई छनौट गर्ने निर्णय गरियो :

### तपसिल

| | |
|---|---|
| १. रविन्द्र ज्याख्व - | संयोजक - वडाअध्यक्ष |
| २. उकेश कवां - | सदस्य - वडाअध्यक्ष |
| ३. गोविन्द दुवाल - | सदस्य - वडा सदस्य |
| ४. इन्दिरा लाछिमस्यू - | सदस्य - भ.न.पा. ९ |
| ५. विष्णुबहादुर मानन्धर - | सदस्य - भ.न.पा. ९ |
| ६. गोविन्द मल्ल - | सदस्य - भ.न.पा. ३ |
| ७. सञ्चज्ञान याकामी - | सदस्य - भ.न.पा. २ |
| ८. हरिगोविन्द रंजितकार - | सदस्य- भ.न.पा. ६ |
| ९. लक्ष्मीसुन्दर प्रजापति - | सदस्य - भ.न.पा. ४ |
| १०. शंखनाथ सुवाल - | सदस्य - भ.न.पा. ४ |
| ११. विष्णुभक्त कुसी - | सदस्य - भ.न.पा. ९ |
| १२. कुमार मुस्याख्व - | सदस्य - भ.न.पा. १० |

### नगदसहित पुरस्कार

यस नगरपालिकाको आयोजनामा यही २०७५ पुस २१ गते हुने भक्तपुर नगरव्यापी धाँ बाजा प्रतियागितामा पुरस्कृत हुने समूहहरूलाई देहायबमोजिम नगदसहित पुरस्कार वितरण गर्ने निर्णय गरियो–

प्रथम पुरस्कार - नगद रु.३० हजारसहित पुरस्कार
दोश्रो पुरस्कार - नगद रु.२५ हजारसहित पुरस्कार
तेश्रो पुरस्कार - नगद रु.२० हजारसहित पुरस्कार
सान्त्वना पुरस्कार– (२ समूहलाई) नगद रु.१० हजारसहित पुरस्कार

प्रतियोगितामा सहभागी टोलीहरूलाई प्रति टोली एक एक थान धाँ बाजा प्रदान गर्ने।

प्रतियोगितामा सहभागी टोलीहरूलाई खाजावापत प्रति टोली नगद रु.२,०००।– प्रदान गर्ने।

### निर्णायक छनौट

यस नगरपालिकाको आयोजनामा सर्वहारा वर्गका महान गुरु कार्लमार्क्सको द्विशतवार्षिक जन्म जयन्तीको अवसरमा यही २०७५ पुष ९ र १० गते हुने निबन्ध लेखन प्रतियोगिता तथा वक्तृत्वकला प्रतियोगतामा देहाय बमोजिम निर्णायकहरू छनौट गर्ने निर्णय गरियो–

**क. निबन्ध लेखन प्रतियोगिताका लागि निर्णायकहरू–**

| | |
|---|---|
| १. ज्ञान सागर प्रजापति | २. उद्धव सुजखु |
| ३. आशाकुमार चिकंबन्जार | ४. ओम धौभडेल |
| ५. कमिनिका न्याइच्याई | ६. सुलोचना छ्वाजु |

**ख. वक्तृत्वकला प्रतियोगताका लागि निर्णायकहरू–**

| | |
|---|---|
| १. सरोजराज गोसाई | २. रविन्द्र ज्याख्व |
| ३. प्रेमगोपाल कर्माचार्य | ४. मेघनाथ रिमाल |

निबन्ध लेखन तथा वक्तृत्वकला प्रतियोगितामा निर्णायक भई जिम्मेवार वहन गर्नु हुने महानुभावहरूलाई प्रति व्यक्ति कर बाहेक रु.१,०००।– प्रदान गर्ने निर्णय गरियो।

### समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

◆ **युवा तथा खेलकुद समिति**

**मिति २०७५।९।६ गते**

१. नगरपालिकाबाट विभिन्न वडामा व्यवस्थापन गरिएको फिजिकल फिटनेशका सामानहरू सम्बन्धी **जानकारीमूलक सूचना**को लागि सबै वडामा होर्डिङ्ग बोर्ड राख्ने निर्णय गरियो।

◆ **कृषि समिति**

**मिति २०७५।९।३ गते**

१. बासु. मा.वि. मा बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म एकमुष्ट रु.३,०००।- शुल्कमा ५ महिनासम्म कृषि प्राविधिक तालिम संचालन गर्ने निर्णय गरियो। साथै उक्त **तालिम सञ्चालनको** लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो।

२.सिद्धि कृषि सहकारी संस्था लि. को मिति २०७५।८।१४ गते च.नं. ३१/०७५/०७६ को पत्रअनुसार **गहुंको बीउ** उपलब्ध गराएवापत उक्त बीउको रकम रु.७,६०,०००।- उपलब्ध गराई दिन पत्राचार गरेकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

◆ **वातावण तथा पर्यटन समिति**

**मिति २०७५।८।२६ गते**

१. नियमित सरसफाइ अन्तर्गत यही २०७५ पुस १ गते जगाति चोकदेखि कमलविनायक चोकसम्मको सडक वरिपरि पेटी, सार्वजनिक स्थल र पोखरी **सरसफाइ** गर्ने निर्णय गरियो।

२. भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योग व्यवसायीहरूले अत्यधिक धूलो फालिरहेको र जनताको स्वास्थ्यमा अत्यधिक नकारात्मक असर परेको गुनासो आएको हुँदा सो क्षेत्रमा रहेका उद्योगहरूको निरीक्षण गर्ने तथा अत्यधिक धुवाँ फाल्ने र **प्रदुषण** गर्ने उद्योगहरूलाई तत्काल कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

३. पर्यटन सेवा केन्द्रहरूमा हाल रहेको सूचना पाटीहरू फेर्नु परेको अवस्था रहेको हुंदा परीक्षणको लागि केही काउण्टरहरूमा फ्लेक्स बोर्डको **सूचना पाटीहरू** राख्ने निर्णय गरियो।

◆ **शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७५।९।५ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १० मा वि.सं. २०४९ सालदेखि निरन्तर धार्मिक पूजा पाठ तथा अन्य अष्टमी ब्रत, आर्य तारा पूजा एवं दैनिक पूजा संचालन हुँदै आएको मंगल धर्म दीप गुम्बाले नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता गर्नको लागि सिफारिस पाउन यस नगरपालिकामा मिति २०७५।८।१२ गते दर्ता गरिएको पत्रअनुसार छलफल गर्दा त्यस गुम्बालाई दर्ताको लागि **सिफारिस** गर्ने निर्णय गरियो।

◆ **आर्थिक समिति**

**मिति २०७५।८।२६ गते**

१. विना अनुमति बालुवा, माटोलगायत निर्माण सामग्री ओसार पसार गरेको कारण प्रहरीबाट समाती कारबाहीका लागि यस नगरपालिकामा लेखी पठाएकोमा सम्बन्धित प्रहरी कर्मचारी तथा प्रहरी कार्यालयलाई नगरपालिकाबाट ठेकिएको जरिवानाको निश्चित प्रतिशत दिनुपर्ने माग भएमा साथै अन्य नगरपालिकाबाट पनि दिने प्रचलन रहेको जानकारी गराएको सन्दर्भमा त्यस्तो जरिवानाको २५ प्रतिशत शुरुदेखिको **इन्सेटिभ** स्वरूप सम्बन्धित प्रहरी वा प्रहरी कार्यालयलाई रकम उपलब्ध गराउने निर्णय गरियो।

◆ **लेखा समिति**

**मिति २०७५।८।२४ गते**

१. मिति २०७५।५।१३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचनाअनुसार सूचीकृत भई सम्पर्कमा नआएका लेखा परीक्षकहरूका नाममा तोकिएको विद्यालयहरू सम्पर्कमा आएका लेखा परीक्षकहरूको कार्य सम्पन्न गरी **लेखा परीक्षण** प्रतिवेदन पेश गरेको आधारमा बाँकी विद्यालयका लागि लेखा परीक्षक तोकी पठाउने निर्णय गरियो।

२. लेखा परीक्षणका लागि इन्टर्नसीप गर्न आएका विद्यार्थीहरूका लागि खाजा तथा पारवहन **खर्च** वापत मासिक रु.५,०००।- (पाँच हजार) उपलब्ध गराउने निर्णय गरियो।

३. आ.व. २०७५/०७६ को वार्षिक बजेटमा अनुमान गरेको आय व्ययको चौमासिक प्रतिवेदन लेखा शाखा र कर उपशाखाबाट पौष मसान्तसम्म पेश गर्न लगाई सोको **अध्ययन तथा विश्लेषण** गर्ने निर्णय गरियो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
व्यासी, भक्तपुर

**_Audio Notice_ सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Audio Notice **नम्बर** : १६१८०१६६१००९६

***भक्तपुर नगरपालिका***

## ◆ निर्माण समिति

मिति : २०७५/०८/२४ गते

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेश्वरी खोला सुधार कार्य | ८ | २,६६५,८४४।०२ | | | | | | वातावरण | |

ख) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमलविनायक पाइपलाइन बाटो ग्राभेलिङ्ग कार्य (उ.स.अ. रामबहादुर बस्नेत) | १० | ६१४,५५७५३ | | १,०२६,७३७४० | ६१५,५५०।५० | ५००,०००।०० | ७७,९९७५० | नपा | रू. ८,९७८।१५ आयकर कट्टी |
| २ | वडा कार्यालय भवन अगाडि आकाशे पानी संकलन गर्ने पानी ट्यांकी निर्माण कार्य | १ | २,५३०,०३७।३२ | | १,११०,७२५।५५ | ८३६,४११।६९ | ८२५,०००।०० | ११,४११।६९ | नपा | आंशिक पे.फ. गरी थप रू.८ लाख पेश्की सिफारिस |
| ३ | वडा कार्यायल तथा शिशु स्याहार परिसरमा पर्खाल मर्मत (उ.स.अ.ज्ञानेन्द्र महर्जन) | ७ | १,०७८,८०१।७४ | | १,१४८,९३५।१० | १,०४८,३६४।२३ | ८००,०००।०० | २४८,३६४।१० | नपा | |

ग) भुक्तानी सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा सिमेन्ट/डण्डी उपलब्ध गरिए बापत भुक्तानी | ९ | सिरूवा कन्स्ट्रक्सन प्रा.लि. | ३८८,६९७४० | | ३८८,६९७४० | नपा | | | |

घ) अन्य

१ भक्तपुर नगरपालिका वडा नं ३, बंशगोपालस्थित वडा कार्यालय भवन निर्माणको लागि खरिद गरिएको क्षे.फ.०-३-०-० भएको जग्गामा नपाको मापदण्डअनुसार तयार भएको प्रस्तावित ३ तल्ले भवनको नक्सा स्वीकृत गर्ने निर्णय गरियो ।

मिति : २०७५/०८/२७ गते

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गय:भिन्यो पुल बनाउने योजना स्थलको पानी डाइभर्सन कार्य | ७ | ६१९,१३८।३६ | | | | | | नपा | |
| २ | ५५ झ्याले दरबारमा लकर ऱ्याक बनाउने कार्य | ३ | ५१,२३४।२० | | | | | | नपा | |

मिति : २०७५/०९/०६ गते

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं. | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सल्लाघारी नपलीदेखि सृजनानगरसम्मको सडक पीच बाटो मर्मत | १ | १,०१६,४४६।५१ | | | | | | सडक बोर्ड | |
| २ | वडा नं. २ कार्यालयदेखि जिल्ला प्रशासन हुँदै पुरानो नपा भवन जाने बाटो मर्मत कार्य | २ | १,१८६,५०८।४७ | | | | | | सडक बोर्ड | |
| ३ | बासीकचा बाटो मर्मत कार्य | ३ | १,०३४,१२०।०० | | | | | | सडक बोर्ड | |
| ४ | भुलांचा बाटोदेखि अरनिको हाइवे जोड्ने बाटो मर्मत कार्य | ४ | १,०४४,२३५।११ | | | | | | सडक बोर्ड | |
| ५ | चुपिङ्घाट पुलदेखि गाहितीसम्मको बाटो मर्मत कार्य | ५ | १,०९४,१३१।६३ | | | | | | सडक बोर्ड | |
| ६ | महाकाली उकालोदेखि भोलाछेंसम्मको बाटो मर्मत कार्य | ६ | १,००६,८४६।४० | | | | | | सडक बोर्ड | |
| ७ | पुलाबाचादेखि हनुमानघाट पुलसम्मको बाटो मर्मत कार्य | ७ | १,१४५,५३१।६८ | | | | | | सडक बोर्ड | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | महेश्वरी उकालोदेखि पसिखेल बाटो पीच मर्मत कार्य | ८ | १,२७२,४००।८७ | | | | | | सडक बोर्ड | |
| ९ | कमलविनायक बसपार्कको ढलान बाटो मर्मत कार्य | ९ | १,२७०,५३७।५१ | | | | | | सडक बोर्ड | |
| १० | थालाछें नागपोखरीको पूर्व र उत्तरतर्फको बाटो मर्मत कार्य | १० | १,२७५,१५७।४५ | | | | | | सडक बोर्ड | |
| ११ | दरवार क्षेत्रमा सी.सी. क्यामरा, ब्याकअप सिस्टम जडान | २ | ४७३,३८३।४६ | | | | | | जि.स.स. | |
| १२ | एफ.एम. स्टेशन/स्टुडियोमा इलेक्ट्रिक र सीसी टि.भी. जडान कार्य | ९ | २८३,९२३।२९ | | | | | | शिक्षा | |
| १३ | सिद्धपोखरी परिसरमा सार्वजनिक शौचालय निर्माण कार्य | १ | ५,९९०,६८५।५९ | | | | | | नपा | |

उपभोक्ता समिति अनुमोदन

| | | | | |
|---|---|---|---|---|
| १ | च्यासिंमण्डप पुन: निर्माण कार्य | ५ | उपभोक्ता समिति अध्यक्ष सत्यनारायण दिदीया | अनुगमन समिति संयोजक राजाराम चवाल |
| २ | गय:भिंद्यो पुल बनाउने योजना स्थलको पानी डाइभर्सन कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष लक्ष्मीभक्त कवा | अनुगमन समिति संयोजक बलराम गोसाई |
| ३ | पुलाबाचादेखि हनुमानघाट पुलसम्मको बाटो मर्मत कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष भुवन गोसाई | अनुगमन समिति संयोजक हेरा ख्याजू |
| ४ | गोल्मढीमा खानेपानी ट्यांकी निर्माण कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष बलराम गोसाई | अनुगमन समिति संयोजक हरिरत्न गोर्खाली |
| ५ | महेश्वरी खेल मैदानमा जाली राख्ने कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष कृष्णगोविन्द लाखाजू | अनुगमन समिति संयोजक उकेश कवां |

अन्य

| | |
|---|---|
| १ | आ.व.०७५/७६ मा भक्तपुर नगरपालिका र सडक बोर्ड नेपालको संयुक्त लगानीमा संचालन हुने वार्षिक मर्मत सम्भारका कार्यक्रम अन्तर्गत वडा नं. १ देखि १० नं. वडा सम्मको माथि उल्लेखित योजनाहरूको कुल लागत रू.१,१३,४५,९१५।६३ बराबरको ल.ई. स्वीकृत भएकोमा नपाबाट रू.४३,४५,९१५।६३ बजेट बिनियोजित गर्ने तथा बाँकी रू.७०,००,०००।०० सडक बोर्ड नेपालबाट व्यहोरिने रकम उक्त कार्यालयबाट सहमति प्राप्त भइसकेपछि रकम सोधभर्ना हुने गरी हाललाई योजना कार्यान्वयन/संचालनको लागि योजना शाखालाई सहमति दिने निर्णय गरियो । |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो -

क. यस न.पा.को आ.व २०७५/२०७६ मा प्रथम किस्ता वृद्ध भत्ता वितरणको लागि देहाय बमोजिमका वडाअध्यक्षहरूको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो :

**तपसिल**

| वडा नं. | वडा अध्यक्ष | पेश्की | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | श्यामकृष्ण खत्री | ३०७२८००।- | २७,०८,८००।- | ३,६४,०००।- |
| २ | हरिप्रसाद बासुकला | ४४,५७,६००।- | ४१,५७,६००।- | ३,००,०००।- |
| ८ | महेन्द्र खायमली | २०,४३,२००।- | १८,५५,२००।- | १,८८,०००।- |
| १० | लक्ष्मीप्रसाद ह्यौमिखा | ३०,१७,६००।- | २८,१५,२००।- | २,०२,४००।- |
| ९ | रविन्द्र ज्याख्व | ५२,७६,०००।- | ४४,३२,०००।- | ८,४४,०००।- |
| ७ | उकेश कवां | ४७,८८,८००।- | ४४,००,०००।- | ३,८८,८००।- |
| ४ | कुमार चवाल | ५७,५५,२००।- | ५०,२८,०००।- | ७,२७,२००।- |
| ५ | प्रेमगोपाल कर्माचार्य | ४६,२३,२००।- | ४०,४०,०००।- | ५,८३,०००।- |
| ३ | राजकृष्ण गोरा | ४१,१६,०००।- | ३६,७७,६००।- | ४,३८,४००।- |

ख. नगरस्तरीय चित्रकला प्रतियोगिताको लागि वागीश्वरी स्रोत केन्द्रका स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यले रु.८०,०००।- पेश्की लिई रु.१३१५००।- बराबरको खर्चको फाँटवारी पेश गरी नपुग रु.५१,५००।- माग गर्नु भएको हुँदा निजको खर्च समर्थन गरी रु.८०,०००।- **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ग. कासष्ठकला र हेयर कटिङ्ग तालिमको लागि यस न.पा.का. कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवालले रु.१,००,०००।- पेश्की लिई कार्य सम्पन्न गरी रु.२,४३,३१२।- बराबरको खर्चको समर्थन गरी नपुग रु.१,४३।३१२।- **भुक्तानी** दिइएको बैठकबाट अनुमोदन गरियो ।

३. मिति २०७५ आश्विन ७ देखि १२ सम्म भएको नर्सरी व्यवस्थापन तथा बगैंचा हेरचाह तालिमको लागि कार्यपालिका सदस्य श्री सरिना ह्योलाले रु.१,००,०००।- पेश्की लिई रु.९०,०९६।- बराबरको खर्च समर्थन गरी **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

ङ. यस न.पा.का पर्यटन अधिकृत गौतमप्रसाद लासिवाले प्रयोग गरिराखेको न.पा.को मो. सा. नं. ८८२२ मर्मत गराउँदाको रु.६,२५०।- लक्ष्मी अटो वर्कशपको नाउँमा **भुक्तानी** दिने निर्णय गरियो ।

च. न.पा.का. सफाइ गाडी नं.२२६२ मर्मत गराउँदाको रु.६७,८००।- भक्तपुर अटो पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. न.पा.को ६९ औं स्थापना दिवसको उपलक्ष्यमा आयोजना गरिएको कार्यक्रममा पाल्नु भएका सम्पूर्ण प्रमुख अतिथि, अतिथि तथा सहभागीहरूलाई जलपान गराउँदाको रु.१,१७,६३३।- खर्च समर्थन गरी सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## मिति २०७५ पुष १६ गते सोमबार

### निर्णयहरू

### टौमढीमा सवारी प्रवेश निषेध

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा सम्वेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिममा स्वपुंग भैरव, उत्तरमा चर्तुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तिल माधव नारायण मन्दिरको पूर्वी ढोका (चलाखु) यति चारकिल्लाभित्रको क्षेत्रमा हाललाई बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निषेध गर्ने र उक्त निर्णय यही २०७५ माघ १ गतेदेखि कार्यान्वयन गर्ने सूचना सर्वसाधारणहरूको लागि प्रकाशित गर्ने निर्णय गरियो। सो क्षेत्रमा सवारी साधन पार्किङ्ग निषेध समेत गर्ने निर्णय गरियो।

### नपामा बैंक काउण्टर

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, व्यासी परिसरमा नेपाल बैंक लिमिटेडको काउण्टर तथा एटीएम काउण्टर सञ्चालन गर्न नेपाल बैंक कमलविनायक शाखासँग सम्झौता गर्ने निर्णय गरियो।

### मेयर कप कराँते

शहीद दिवसको अवसरमा यस नगरपालिकाको आयोजनामा फागुनको पहिलो हप्ता अन्तर नगर मेयर कप कराँते प्रतियोगिता सञ्चालन गर्न नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा प्रतियोगिता मूल समारोह समिति गठन गर्ने निर्णय गरियो।

### समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिको देहायबमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो -

◆ **युवा तथा खेलकुद समिति**

**मिति २०७५।९।९ गते**

१. नगरपालिकाद्वारा सञ्चालित विभिन्न खेल प्रशिक्षणका प्रशिक्षकहरूलाई तपसिलअनुसार **तलब वृद्धि** गर्ने निर्णय गरियो-

क. प्रशिक्षकहरूलाई रु.१०,५००।-

ख. सहायक प्रशिक्षकहरूलाई रु.१०,०००।-

**मिति २०७५।९।११ गते**

१. भक्तपुर नगरपालिकाद्वारा २०७५ फागुन महिनामा आयोजना हुने अन्तर नगर मेयर कप कराँते प्रतियोगिताको लागि भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा तपसिलअनुसार सदस्यहरू रहने गरी १२५ सदस्यीय **मूल आयोजना समिति गठन** गर्ने निर्णय गरियो-

**तपसिल**

१. संयोजक :- मेयर श्री सुनिल प्रजापति
२. सदस्य :- उपमेयर श्री रजनी जोशी
३. सदस्य :- वडाध्यक्ष श्री श्यामकृष्ण खत्री
४. सदस्य :- वडाध्यक्ष श्री उकेश कवां
५. सदस्य :- वडाध्यक्ष श्री कुमार चवाल
६. सदस्य :- वडाध्यक्ष श्री हरिप्रसाद बासुकला
७. सदस्य :- वडाध्यक्ष श्री राजकृष्ण गोरा
८. सदस्य :- वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य
९. सदस्य :- वडाध्यक्ष श्री हरिराम सुवाल
१०. सदस्य :- वडाध्यक्ष श्री महेन्द्र खायमली
११. सदस्य :- वडाध्यक्ष श्री रविन्द्र ज्याख्व
१२. सदस्य :- वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा
१३. सदस्य :- कार्यपालिका सदस्य श्री सुनिता प्रजापति अवाल
१४. सदस्य :- कार्यपालिका सदस्य श्री रोशनमैंया सुवाल
१५. सदस्य :- कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल
१६. सदस्य :- कार्यपालिका सदस्य श्री सरिना द्योला
१७. सदस्य :- कार्यपालिका सदस्य श्री छोरीमैंया सुजखु प्रजापति
१८. सदस्य :- वडा सदस्य श्री विश्वराज सिल्पकार
१९. सदस्य :- वडा सदस्य श्री सुर्यप्रसाद श्रेष्ठ
२०. सदस्य :- वडा सदस्य श्री गंगालक्ष्मी बमनु
२१. सदस्य :- वडा सदस्य श्री श्यामसुन्दर मातां
२२. सदस्य :- वडा सदस्य श्री रत्नकाजी नायभारी
२३. सदस्य :- वडा सदस्य श्री तुल्सीलक्ष्मी दुमरु
२४. सदस्य :- वडा सदस्य श्री मंगललक्ष्मी शाही
२५. सदस्य :- वडा सदस्य श्री राजकुमार सिल्पकार
२६. सदस्य :- वडा सदस्य श्री कृष्णगोपाल चौगुठी
२७. सदस्य :- वडा सदस्य श्री पशुपति प्रजापति
२८. सदस्य :- वडा सदस्य श्री राजेन्द्र माक
२९. सदस्य :- वडा सदस्य श्री पुर्णगोपाल राजचल
३०. सदस्य :- वडा सदस्य श्री बलराम न्हिसुतु
३१. सदस्य :- वडा सदस्य श्री सम्झना खाईजु लाखे
३२. सदस्य :- वडा सदस्य श्री गोविन्द दुवाल
३३. सदस्य :- वडा सदस्य श्री सिद्धिराम अवाल
३४. सदस्य :- वडा सदस्य श्री सितादेवी नेपाली
३५. सदस्य :- वडा सदस्य श्री हिरा ख्याजु
३६. सदस्य :- वडा सदस्य श्री हरिरत्न गोर्खाली
३७. सदस्य :- वडा सदस्य श्री रञ्जना त्वाती
३८. सदस्य :- वडा सदस्य श्री रिजु कपाली

३९. सदस्य :- वडा सदस्य श्री कृष्णगोपाल छुस्यावाग
४०. सदस्य :- वडा सदस्य श्री शिवप्रसाद बाला
४१. सदस्य :- वडा सदस्य श्री पञ्चमाया दुवाल
४२. सदस्य :- वडा सदस्य श्री जगतलाल मानन्धर
४३. सदस्य :- वडा सदस्य श्री ईन्द्रबहादुर प्याथ
४४. सदस्य :- वडा सदस्य श्री ज्ञानकुमार मगजु
४५. सदस्य :- वडा सदस्य श्री जितेन्द्र मुनंकर्मी
४६. सदस्य :- वडा सदस्य श्री बिजयलक्ष्मी शाक्य

### जिल्ला कराँते संघ

४७. श्री प्रकाशमोहन धौभडेल
४८. श्री राजेन्द्र कपाली
४९. श्री मनोज हाडा
५०. श्री रोशन प्रजापती
५१. श्री मृगेन्द्र धौभडेल
५२. श्री राधिका देउला
५३. श्री जितेन्द्र चक्रधर
५४. श्री राजन चित्रकार
५५. श्री रामशरण त्वाती
५६. श्रीसागर लामा
५७. श्री अन्जु हाछेथु

### भक्तपुर जिल्ला संघहरू

५८. भलिवल संघ अध्यक्षः- श्री विनोदचरण राय-२
५९. फुटबल संघ अध्यक्षः- श्री गौतम सुजखु-४
६०. बुद्धिचाल संघ अध्यक्षः- श्री निराजन प्रजापति-२
६१. एथ्लेटिक्स संघ अध्यक्षः- श्री आसराम गोठे-१
६२. कबड्डी संघ अध्यक्षः- श्री विनोद प्रजापति-४
६३. जिम्न्यास्टिक संघ अध्यक्षः- श्री दिपक प्रजापति -६
६४. किक बक्सिङ्ग संघ अध्यक्षः- श्री राजुसिं बजिको -६
६५. टि.टि.संघ अध्यक्षः- श्री प्रेमकृष्ण खर्बुजा -२
६६. खो खो संघ अध्यक्षः- श्री उपेन्द्र सुवाल -४
६७. बक्सिङ्ग संघ अध्यक्षः- श्री केशव त्वानाबासू -७
६८. ब्याटमिन्टन संघ अध्यक्षः- श्री राजेन्द्र प्रजापति-९
६९. उसु संघ अध्यक्षः- श्री शुभ मुनंकर्मी-२
७०. तेक्वान्डो संघ अध्यक्षः- श्री इन्द्रप्रसाद मानन्धर-
७१. शारीरिक सुसंगठन संघ अध्यक्षः- श्री बाबुकाजी मानन्धर-९
७२. भक्तपुर पत्रकार महासंघ

### १ देखि १० वडा खेलकुद समितिहरू

७३. १ वडा खेलकुद समितिः- श्री बाबुकाजी धौबन्जार
७४. २ वडा खेलकुद समितिः- श्री गणेशप्रसाद सुवाल
७५. ३ वडा खेलकुद समितिः- श्री शिवराम धुख्वा
७६. ४ वडा खेलकुद समितिः- श्री पशुपति प्रजापति
७७. ५ वडा खेलकुद समितिः- श्री बलराम न्हिसुतु
७८. ६ वडा खेलकुद समितिः- श्री राजुसिं बजिको
७९. ७ वडा खेलकुद समितिः- श्री केदार तुईतुई
८०. ८ वडा खेलकुद समितिः- श्री लक्ष्मीप्रसाद दुवाल
८१. ९ वडा खेलकुद समितिः- श्री राजेश प्रजापति
८२. १० वडा खेलकुद समितिः- श्री दिलिपनारायण श्रेष्ठ
८३. श्री रोशन राज तुईतुई -७
८४. श्री रेभिड कुस्मा
८५. श्री दिलभक्त जयना
८६ श्री प्रभाषकुमार चालिसे
८७. श्री अम्बिका धौभडेल
८८. श्री गौतमप्रसाद लासिव
८९. श्री दिलिपकुमार सुवाल
९०. श्री कृष्णगोविन्द सुवाल
९१. श्री रामकृष्ण प्रजापति
९२. श्री कृष्णसुन्दर प्रजापति-४
९३. श्री ईन्द्रभक्त पंच-१
९४. श्री मुना बासुकला-२
९५. श्री ईन्द्रप्रसाद राजलवट-१
९६. श्री श्याम बासुकला-२
९७. श्री कृष्णराम जाकिबन्जार-४
९८. श्री पुण्यराम बासी-८
९९. श्री कृष्णप्रसाद कोजु -८
१००. श्री बिष्णुराम दुमरु -७
१०१. श्री तुल्सीराम लाखे -२
१०२. श्री पृथ्वी बासुकला-
१०३. श्री बिजय याण्डो
१०४. श्री सूर्य लामा
१०५. श्री सावित्री प्रजापति
१०६. श्री तुल्सीकुमार त्वायना
१०७. ख्वप सः
१०८. श्री पद्मा खयरगोली
१०९. श्री राजेश ब्याञ्जु -२
११०. श्री सुलोचना सिजख्व -६
१११. श्री हरिकृष्ण प्रजापति -९
११२. श्री शिवशरण कार्की
११३. श्री ज्ञानेन्द्र कपाली
११४. श्री गणेश सुकमणी
११५. श्री रबिना सुवाल
११६. श्री दामोदर लिवी
११७. श्री लक्ष्मीप्रसाद दुवाल

११८. श्री विश्वराम सिबन्जार
११९. श्री साईला बैद्य
१२०. श्री रामेश्वर कोजु
१२१. श्री जीतबहादुर खाईजु
१२२. श्री बिजय लोहला
१२३. श्री राजेश दिष्टि
१२४. श्री पुण्यराम लाखा
१२५. श्री गोविन्दराम थुसा

### ◆ महिला बालबालिका तथा समाज कल्याण समिति

**मिति २०७५।९।९ गते**

१. नगरपालिकाद्वारा सञ्चालन गरिने **चिनीयाँ भाषा तालिम** दुई समूहहरू निम्नअनुसार समयमा सञ्चालन गर्ने निर्णय गरियो –

समूह 'क' : ३:००–५:०० बजेसम्म – ४० जना
समूह 'ख' : ५:००–७:०० बजेसम्म – ४० जना

२. भनपाबाट सञ्चालन गरिने **नेपाल भाषा** ( प्रचलित लिपी र रञ्जना लिपी) सांझ ५:००–७:०० बजेसम्म १ समूह सञ्चालन गर्ने ।

३. शिशु स्याहार केन्द्रहरूबारे निम्न अनुसार निर्णय गरियो–

- भनपा १ वडामा सञ्चालित शिशु स्याहार केन्द्रलाई भेटनरी कार्यालयको क्वार्टरमा **स्थानान्तरण** गर्न आवश्यक भौतिक पूर्वाधारको लागि निर्माण समितिमा अनुरोध गर्ने ।
- भनपाद्वारा वडा वडामा सञ्चालित शिशु स्याहार केन्द्रहरू प्रत्येक वडामा सञ्चालन गर्न **अध्ययन गर्ने** निर्णय गरियो ।
- भनपाबाट सञ्चालित शिशु स्याहार केन्द्रहरूमा आवश्यक सुधार तथा व्यवस्थापनका लागि अध्ययन एवं अनुगमन गर्न **विज्ञहरूलाई अनुरोध** गर्ने निर्णय गरियो ।

### ◆ सहकारी संस्था अनुगमन समिति

**मिति २०७५।९।१५ गते**

१. भ.न.पा. सहकारी संस्था अनुगमन समितिबाट भक्तपुर नगरपालिका वडा नं. २ स्थित हाम्रो अरनिको बचत तथा ऋण सहकारी संस्था लि. मा मिति २०७५।९।१० गते ११:०० बजे **अनुगमन गर्ने** निर्णय गरियो ।

### ◆ कृषि समिति

**मिति २०७५।९।१५ गते**

१. भक्तपुर नगरपालिका क्षेत्रको भेलुखेल, दत्तात्रय, च्याम्हासिंह, नःपुखुमा तरकारी तथा फलफूल बजार राख्ने **प्रस्ताव** पेश गर्ने निर्णय गरियो ।

२. भनपा वडा नं. १० स्थित तः ध्याकोचा भन्ने ठाउँमा सःशर्त बजेटबाट कृषि कुलो बनाउने **प्रस्ताव** पेश गर्ने निर्णय गरियो ।

### ◆ शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०७५।९।१५ गते**

१. भक्तपुर नगरपालिकाको सूचना तथा समाचारहरू जनतामाझ जानकारी दिन आधिकारिक रूपमा अनलाइन सञ्चार माध्यममा **भक्तपुर खबर डट कम** (Bhaktapur Khabar.Com) पत्रिका सञ्चालन गरिरहेको र उक्त अनलाइन पत्रिका नेपाल सरकार सूचना तथा प्रसारण विभागमा दर्ता प्रक्रिया अघि बढाउने र साथै नगर प्रमुख सुनिल प्रजापतिका स्वकीय सचिव कृतिका प्रजापतिलाई उक्त अनलाइन पत्रिकाको सम्पादक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

२. जनप्रकाशन गृह भक्तपुरबाट प्रकाशित पुस्तक 'रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन' १०० प्रति र सेवा निवृत्त शिक्षक समाज भक्तपुरबाट प्रकाशित स्मारिका 'शैक्षिक अनुभव' ६० प्रति **खरिद गर्ने** निर्णय गरियो ।

## ◆ निर्माण समिति

मिति : २०७५/०९/१२ गते

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ख्वप एफ एम र ख्वप टि.भी. कार्यालय कोठा व्यवस्थापन | ६ | १५२,८५५।३० | | | | | | शिक्षा | |
| २ | कमलविनायक पर्यटक शौचालय सुधार कार्य | १० | १०६,९१४।९५ | | | | | | पर्यटन | |
| ३ | पशु सेवा चिकित्सालयमा शिशुस्याहार केन्द्र व्यवस्थापन | १ | ४०७,५७२।८७ | | | | | | महिला बाल बालिका | |
| ४ | दतात्रय पर्यटक सूचना केन्द्र भवन निर्माण (रिभाइज्ड) | ९ | ५,८६७,०२०।२८ | | | | | | नपा | |

**ख) पेश्की फछ्र्यौट**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाराहीस्थानदेखि घलाते बाटो रिटेनिङ्ग वाल (उ.स.अ पूर्णप्रसाद सुवाल) | ३ | २,५८१,६४४।४५ | | १,१०६,६३५।८४ | ८५०,१८२।५० | ८५०,०००।०० | १८२।५० | नपा | आंशिक पे.फ. गरी थप रू.१५ लाख पेश्की सिफारिस |
| २ | क्वाठण्डौ नासचा स्थित नास:द्यो उत्तरामुखी पाटी पुन: निर्माण कार्य | १० | ६१४,३०२।५८ | ७४७,१५७।३७ | ७१६,१०७।१९ | ६८५,०८०।१० | ६८६,५७०।०० | | | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| ३ | गय:भिंद्यो पुल निर्माण कार्य पहिलो चरण (उ.स.अ लक्ष्मीभक्त कवां) | ७ | ९,९९१,८४९।३० | | ९,२७६,२७६।९२ | ९,०६७,५२४।९५ | ९,०००,०००।०० | ६७,५२४।९५ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |

**ग) भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा वाल लगाउने, प्लाष्टर गर्ने सम्बन्धी श्रम ठेक्का भुक्तानी | ९ | | | ३८२,६९५।५५ | बोलपत्रदाता शान्ति कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ | ३२३,४८२।०० | नपा | |
| २ | नपा भवनमा आल्मुनियम पार्टिशन कार्य | २ | | | १३०,५०९।०० | बी एण्ड एस आल्मुनियम एण्ड डेकोर्स प्रा.लि. भक्तपुर | ९५,११७।०० | नपा | |

**घ) उपभोक्ता समिति अनुमोदन**

| | | | | |
|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष शिवराम धुख्वा | अनुगमन समिति संयोजक मुक्तिराम स्वनेपा |
| २ | सिद्धपोखरी परिसरमा सार्वजनिक शौचालय निर्माण कार्य | 1 | उपभोक्ता समिति अध्यक्ष गणेशभक्त कोजू | अनुगमन समिति संयोजक विश्वराज सिल्पकार |
| ३ | पशु सेवा चिकित्सालय शिशुस्याहार केन्द्र व्यवस्थापन | 1 | उपभोक्ता समिति अध्यक्ष पियुस दुमरू | अनुगमन समिति संयोजक विश्वराज सिल्पकार |

**ङ) म्याद थप**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १, | भानेरोड पीच गर्ने कार्य | ९ | उपभोक्ता समिति अध्यक्ष बिष्णुभक्त कुसी | मिति २०७५ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |

**च) अन्य**

| | |
|---|---|
| १, | भ.न.पा. वडा नं. ७ र ८ महेश्वरी तथा लिवाली प्लानिङ्ग क्षेत्रको बाटोमा पीच गर्ने कार्यको मिति २०७३/११/१७ गतेको बोर्ड बैठकबाट रू. १,०२,०८,३०८।७२ स्वीकृत भए अनुसार बोलपत्र आह्वान गरी सोही अनुसार आर. आर. कन्स्ट्रक्सन भक्तपुरलाई सबभन्दा कम भ्याट बाहेक रू.८२,१०,८३६।२० स्वीकृत गरी मिति २०७४/०५/१९ मा सम्झौता भई कार्य संचालन भएकोमा विविध कारणले म्याद भित्र कार्य सम्पन्न गर्न नसकिएकोले उक्त बोलपत्र रद्द गरी निजको धरौटी जफत र नियमानुसार कार्य ढिलाई बापत दैनिक रू. ११२४।७८ (0.0५%) का दरले मिति २०७५/०९/१६ सम्मको जम्मा रू.५०,६१५।१० जरीवाना तथा बैक धरौटी २ पटक गरी रू.३,०७,८७४।०० र बैक ग्यारेन्टी रू.४,६४,०००।०० समेत गरी जम्मा रू.७,७१,८७४।०० अक्षरेपि सात लाख एकहत्तर हजार आठ सय चौहत्तर रूपैयाँ असुल उपर गरी बाँकी पीच गर्ने कार्य उपभोक्ता समिति वा अमानत मार्फत गराउने निर्णय गरियो । |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस कार्यालयको खर्च भएर नजाने जिन्सी खातामा जनिएका खर्च भएर जाने र आयकर ऐन, २०५८ को अनुसूची २ को ऱ्हास कट्टीको ऱ्हास खर्च २ को ६ अनुसार ऱ्हास योग्य सम्पत्तिहरूको ऱ्हास कट्टी आधार रकमबाट यस दफाको उपदफा २ बमोजिम गणना गरी ऱ्हास खर्च कटाउँदा दुई हजार (रु.२०००।–) भन्दा कम भएमा अतिरिक्त ऱ्हास खर्च वापत सो बाँकी सबै गणना गर्न सकिने व्यवस्था भएकोले निम्न लिखित रु.२०००–। भन्दा कम रकम रहेको र खर्च भएर जाने खाता जनिनु पर्ने जिन्सी सामानहरू मिनाहा गरी **लगत कट्टा** गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | विवरण | परिमाण | एकाई दर | जम्मा |
|---|---|---|---|---|
| १ | क्यासबक्स | २ | ८००। | ८००। |
| २ | सेन्टर पञ्च | १ | ४५। | ४५। |
| ३ | सेन्टर ईष्टिच मेशिन | १ | ८००। | ८००। |
| ४ | चांडे (टाटा) | ६ | ७९२। | ४७५२। |
| ५ | फाईल राउण्ड रैती (ओचा) | २ | २६०। | ५२०। |
| ६ | फेक्जिवल स्केल | १ | ७५०। | ७५०। |
| ७ | फेक्जिवल टेप | १ | १०००। | १०००। |
| ८ | गार्डेन सिजर | १ | ३००। | ३००। |
| ९ | गनस्टोभ | २ | ४२२।५० | ८४५। |
| १० | हावा राख्ने पम्प | २ | १७०। | ३४०। |
| ११ | होम टेम्पलेट फाईल | १ | ६५०। | ६५०। |
| १२ | फलामको बेल्चा | ६ | ३६।६७ | २२०। |
| १३ | किस्ती | ८ | ४३।७५ | ३५०। |
| १४ | लाईन केबल | २ | ४२५। | ८५०। |
| १५ | नक्सा बोर्ड | १ | ३००। | ३००। |
| १६ | सूचना बोर्ड | ८ | ४४८।१३ | ३५८५। |
| १७ | फोन बक्स | ३ | २२०। | ६६०। |
| १८ | पाईप कटर | १ | ६५०। | ६५०। |
| १९ | पावर स्टोन पेन्सिल कटर | १ | ४९०। | ४९०। |
| २० | साईन बोर्ड (फलेक्सको ) | ५२ | ३७२।२९ | १९३५९। |
| २१ | स्टेपल फुली | २ | ४५०। | ९००। |
| २२ | काठको बेल्चा | २ | १०८। | २१६। |
| २३ | सुटकेश | ३ | ९३३।३३ | २८००। |
| २४ | प्लेट | ९० | ३०। | २७००। |

ख. नयाँ नियुक्ति भएका सव ओभरसियर र कम्प्युटर अपरेटरहरूको लागि आवश्यक पर्ने २० (बीस) थान कम्प्युटर नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाबाट जिम्न्यास्टिक प्रशिक्षणको लागि आवश्यक म्याट खरिदको रकम रु.३३९०००।– आइ.पी.स्टेशनरी एण्ड जनरल सप्लायर्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. सफाइ गाडी नं.४५५४ मर्मतको गाडीका ड्राईभर श्री विश्वराम कोजूले पेश गर्नु भएको निवेदनअनुसार रकम रु.३१,६४०।– भक्तपुर अटो पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. सफाइ गाडी नं. २२६७ मर्मतको गाडीका ड्राईभर श्री रविन कोजूले पेश गर्नु भएको निवेदन अनुसार रकम रु.६८७०।– भक्तपुर अटो पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. नपाको ६९ औं स्थापना दिवसको लागि आवश्यक टेण्ट, मेच र पालको जम्मा रु.४१८६६।– तलेजु बैंक्वेटलाई **भुक्तानी** दिने निर्णयगरियो ।

# मिति २०७५ पुष २३ गते सोमबार

## निर्णयहरू

### चौथो नगरसभा उद्घाटन कार्यक्रम

यस भक्तपुर नगरपालिकाको चौथो नगरसभाको उद्घाटन समारोह निम्न मिति, समय र स्थानमा गर्ने निर्णय गरियो :

प्रमुख अतिथि : नारायणमान बिजुक्छें, अध्यक्ष नेपाल मजदुर किसान पार्टी

मिति : २०७५ पुस ३० गते, सोमबार

समय : बिहान ११:०० बजे

स्थान : ख्वप कलेजको प्राङ्गण, देकोचा, भ.न.पा. ६

### मठको नक्सा

भक्तपुर नगरपालिका साविक वडा नं. ३ हाल वडा नं. ९ कि.नं. ६९७ को क्षे.फ. ०-५-३-१ को घर जग्गामा मठ घर बनाउन स्वीकृति पाऊँ भनी भ.न.पा.वडा नं.९ बस्ने गुचात्व मठ गुठीका राजेन्द्र पुरीको निवेदन पेश भएकोमा सो उपर कार्बाही भई उक्त कित्ता जग्गा निजी मठ गुठीको जग्गा भएको अवस्था हुँदा जग्गा धनी पुर्जामा निवेदकका पिता शंकर पुरी जनिएतापनि उक्त जग्गा नामसारी नगरी निजी मठ गुठीको नाममा नक्सा पास प्रक्रिया अगाडि बढाउन बाञ्छित हुने हुँदा हाललाई निवेदकको निवेदन माग बमोजिम नक्सा पास प्रक्रिया अगाडि बढाउने ।

### समितिहरूको निर्णय अनुमोदन

विभिन्न समितिको देहायबमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

◆ **युवा तथा खेलकुद समिति**

**मिति २०७५।९।१६ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा यही २०७५ फागुन ५ गतेदेखि ८ गतेसम्म अन्तर नगर मेयर कप **कराँते** प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा यही २०७५ फागुन ५ देखि ८ गतेसम्म हुने अन्तर नगर मेयर कप कराँते प्रतियोगिताको लागि भक्तपुर नगरपालिका टीम तयारी गर्न युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्रीको संयोजकत्वमा तपसिलअनुसार सदस्य रहने गरी **टीम तयारी समिति** गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. संयोजक - श्री श्यामकृष्ण खत्री
२. सदस्य - श्री कुमार चवाल
३. सदस्य - श्री हरिप्रसाद बासुकला
४. सदस्य - श्री राजेन्द्र कपाली
५. सदस्य - श्री राजुसिं बजिको
६. सदस्य - श्री राधिका देउला
७. सदस्य - श्री रविना सुवाल
८. सदस्य - श्री सुलोचना सिजख्व
९. सदस्य - श्री विणा सुवाल
१०. सदस्य - श्री अन्जु हाछेथु
११. सदस्य - श्री मृगेन्द्र धौभडेल
१२. सदस्य - श्री रामशरण त्वाती
१३. सदस्य - श्री कृष्णगोविन्द सुवाल

३. भक्तपुर योङ्ग सर्कलको आयोजनामा २०७५ पौष २८ गतेदेखि माघ १ गतेसम्म हुने भक्तपुर नगरस्तरीय अन्तर वडा फुटसल प्रतियोगिताको लागि रु.५,०००।- (अक्षेरूपी रु.पाँच हजार) **आर्थिक सहयोग** गर्ने निर्णय गरियो ।

**◆ शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।९।२२ गते**

१. मिति २०७५।९।२१ गते सञ्चालन भएको नगरव्यापी धाँ बाजा प्रतियोगिता सम्पन्न भएको हुँदा उक्त प्रतियोगिताको **समीक्षा** गरियो ।

२. विद्यार्थी क्रियाकलाप केन्द्रित विधिद्वारा सञ्चालन हुने **पाठ्यक्रममा आधारित तालिम** सञ्चालन गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. विश्व प्रसिद्ध भैरवनाथ मन्दिर जीर्णोद्धार सहयोग सम्बन्धमा उद्योगी, व्यापारीहरूको बैठक मिति २०७५।९।२४ गते दिनको ३:०० बजे भ.न.पा. सभा कक्षमा **बैठक बस्ने** निर्णय गरियो ।

४. नगरवासीहरूको **स्वास्थ्य शिविर** सञ्चालन गर्ने हाललाई मधुमेह तथा मृगौला रोग (ब्लड सुगर क्रेटिनाइन) शिविर वडा नं. १ देखि १० सम्मका वडा समितिको कार्यालयहरूले २०७५ फागुन मसान्तसम्ममा सञ्चालन गर्ने गरी परिपत्र गर्ने निर्णय गरियो ।

**◆ वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।९।१८ गते**

१. फोहोरमैला व्यवस्थापन अध्ययन कार्यदल तर्फबाट प्रत्येक वडामा उत्पादित घरदैलोको **फोहोर मैलाको डाटा संकलन** गर्नको लागि आवश्यक सर्भेयरहरूको नामावली मिति २०७५ पौष २० गते शुक्रबारसम्म नगरपालिका कार्यालयमा पठाई दिन ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ लाई पत्राचार गर्ने निर्णय गरियो ।

२. डाटा संकलन कार्यको लागि आवश्यक हुने निम्नअनुसारका सामानहरू नगरपालिकाबाट **उपलब्ध गराउने**

क. डिजिटल स्प्रोङ्ग बालेन्स- ४५ थान
ख. ग्लोभ्स (पंजा) ग. माक्स
घ. डट्पेन ङ. डायरी
च. प्लाष्टिक ब्याग छ. रजिष्टर

३. कार्यक्रमको आवश्यक पर्ने खर्च रकमको लागि **पेश्की रकम** रु.५०,०००।- (अक्षरूपी रु.पचास हजार) वातावरण तथा पर्यटन समितिका सदस्य एवं नगर कार्यपालिका सदस्य श्री सरिना द्योलालाई खर्च गर्न लगाउने निर्णय गरियो ।

४. फोहोरमैला व्यवस्थापनमा संलग्न वडा निरीक्षक, ड्राईभर, हेल्पर र सफाइ मजदुरहरू गरी जम्मा १५ जना जतिसँग अध्ययन टोलीसँग **छलफल कार्यक्रम** २०७५ पौष २० गते दिनको २:०० बजे भ.न.पा. मा गर्ने निर्णय गरियो र कर्मचारी सहभागी गराउने जिम्मा श्यानिटेशन उपशाखालाई दिने निर्णय गरियो ।

**◆ निर्माण समिति**

**मिति २०७५।८।१८ गते**

१. भ.न.पा. साविक वडा नं. १ हाल भ.न.पा. वडा नं. ९ स्थित कि.नं. २२४ र १०४ क्षे.फ. ०-२-३-२ र ०-१-१-० को जग्गामा घर निर्माणको लागि भ.न.पा. वडा नं. ९ बस्ने कृष्णभाई ज्याख्वले उत्तरतर्फ सन्धियार राम मानन्धरको कि.नं. १०५ मा बनेको घरसँग घर लाईन मिल्ने गरी पूर्वतर्फको गल्ली बाटोमा घर लाईन नक्सा पास गरी पाऊँ भनी माग निवेदन सम्बन्धमा साईटमा गएर निरीक्षण गर्दा उक्त घरको पूर्वतर्फको ५',८'७" र ५'४" चौडा Dead end गल्ली बाटो भएको हुँदा निवेदकको माग बमोजिम उत्तरतर्फको कि.नं. १०५ मा बनेको घरसँग घर लाईन मिल्ने गरी घर लाईन सुविधा दिने निर्णय गरियो ।

| मिति : २०७५/०९/१२ गते | | | | |
|---|---|---|---|---|
| क) उपभोक्ता समिति अनुमोदन | | | | |
| १ | थालाछें नागपोखरीको पूर्व र उत्तर तर्फको बाटो मर्मत कार्य | १० | उपभोक्ता समिति अध्यक्ष दिगुनारायण दुवाल | अनुगमन समिति संयोजक जितेन्द्र मुनंकर्मी |
| २ | वडा नं. २ कार्यालयदेखि जिल्ला प्रशासन हुँदै पुरानो नपा भवन जाने बाटो मर्मत कार्य | २ | उपभोक्ता समिति अध्यक्ष रोशन सुवाल | अनुगमन समिति संयोजक रत्नकाजी नायोभारी |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरिया–

क. भ.न.पा. ४ नं. वडा (साविक १४ वडा) निवासी रामदास प्रजापतिको **घर टहरा सार्वजनिकीकरण** गर्न मालपोत कार्यालयमा पत्राचार गर्ने ।

ख. पुरातत्त्व विभागको मिति २०७५।९।१६ मा प्रेषित पत्रबारे छलफल हुँदा पुरातत्त्व विभागको समेत एक जना प्रतिनिधित्व रहने गरी यसै भक्तपुर नगरपालिकामा स्मारक क्षेत्रमा **निजी आवास नक्सा** स्वीकृतिका लागि एक समिति गठन गरी एकद्वार प्रणाली मार्फत छिटो छरितो सेवा प्रदान गर्ने राय सहितको पत्राचार गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिकाको लागि आवश्यक एम्बुलेन्स र शववाहन खरिद विषयमा १५ दिने Catalogue खरिदको सूचना प्रकाशित हुँदा पर्याप्त सूचना नआएको हुँदा पुनः ७ दिने Catalogue **खरिद सूचना** प्रकाशित गर्ने ।

घ. एक्साभेटर मर्मतका लागि रु.६५,५४०।– न्यौपाने इन्जिनियरिङ प्रा.लि. लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. आन्तरिक लेखा परीक्षक विनोद आगन्जाले प्रयोग गरेको मोटरसाईकल नं ३५५८ को मर्मत **भुक्तानी** रु. ७९२५।– लक्ष्मी अटो वर्कशपलाई दिने निर्णय गरियो ।

च. फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले नगरपालिका बोर्ड बैठकको निर्णयानुसार जनप्रतिनिधिहरूको मिति २०७५ कात्तिक २६, २७ र २८ गते भैरहवा, स्याङ्जा र पोखरा भ्रमणको लागि भनपा ९ का वडाध्यक्ष श्री रविन्द्र ज्याख्वज्यूले रु.६०,०००।– पेश्की लिई भ्रमण सम्पन्न गरी रु.६६,७४१।– को खर्चको फाँटवारी समर्थन गरी निजको नामको सुरु ६०,०००।– पे.फ. गरी रु. ६७४१।– नपुग **भुक्तानी** दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने तीनपाङ्ग्रे ट्राईसाईकल खरिद गर्न मिति २०७५।८।१४ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार म्यादभित्र ३ (तीन) वटा मात्र सिलवन्दी बोलपत्र पर्न आएकोले मिति २०७५।९।१ गते भ.न.पा. सभा कक्षमा विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७५।९।५ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार भएको र बोल रकममा सबभन्दा कम उल्लेख गर्ने जिया छाङ मोटरबाईक एसेम्बलिङ्ग कम्पनीको भ्याटसहित रु.४४,२९,६००।– (चौवालीस लाख उनान्तीस हजार ५ सय मात्र) को सिलबन्दी बोलपत्र स्वीकृत गर्ने सिफारिस भए अनुसार मिति २०७५।९।११ गतेको मजदुर दैनिक पत्रिकामा बोलपत्र स्वीकृतिको आशयपत्र समेत प्रकाशित भइसकेको म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको हुँदा उक्त **सिलवन्दी बोलपत्र स्वीकृति** गरी खरिद गर्ने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाको लागि आवश्यक पर्ने एम्बुलेन्स र शववाहन खरिदको लागि स्पेसिफिकेसन आह्वानको सूचना मिति २०७५।८।६ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित गर्दा म्यादभित्र पर्याप्त मात्रामा स्पेसिफिकेसन प्राप्त हुन नआएको हुँदा उपरोक्त अनुसार पर्न आएको स्पेसिफिकेसनलाई यथावत कायम गरी पुनः ७ दिनको स्पेसिफिकेसन आह्वानको **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

# ऐतिहासिक भैरवनाथ मन्दिरको जीर्णोद्धारमा नगरवासी र सर्वसाधारणको योगदान एवम् सहभागिता सम्बन्धमा

## भक्तपुर नगरपालिकाको अनुरोध



नेपालीहरूको गौरवको रूपमा विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुरको तौमढीस्थित ऐतिहासिक सम्पदा भैरवनाथ मन्दिरको भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत जीर्णोद्धार गरिरहेको सम्पूर्ण नगरवासीहरू र सर्वसाधारणमा जानकारीको लागि अनुरोध गरिन्छ ।

हाम्रा पुर्खाले सिर्जेको उक्त ऐतिहासिक सम्पदाको जीर्णोद्धार र सम्बर्द्धनमा सर्वसाधारण इच्छुक महानुभावहरूको समेत योगदान, सहभागिता र अपनत्व होस् भन्ने उद्देश्यले उक्त मन्दिर जीर्णोद्धारमा भौतिक र आर्थिक सहयोग गर्न चाहने इच्छुक महानुभावहरूलाई आफ्नो श्रद्धा एवम् गच्छेअनुसार सहयोग र योगदान गर्नुहुन अनुरोध गरिन्छ ।

उपरोक्त अनुसार योगदान गर्न इच्छुक दाताहरूले भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिको नाममा **नेपाल बैंक लिमिटेड भक्तपुर कमलविनायक शाखामा रहेको खाता नं. ०१९००१०६६१२८३९००००१** मा आफ्नो श्रद्धा एवम् गच्छेअनुसार रकम जम्मा गरी सोको रसिद मन्दिर परिसर अगाडि रहेको उपभोक्ता समितिको सम्पर्क कार्यालयमा उपलब्ध गराई दिनुहुन र भौतिक सहयोग गर्न चाहनेहरूले सोझै उपभोक्ता समितिको सम्पर्क कार्यालयमा उपलब्ध गराई दिनुहुन भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

सहयोग र योगदान गर्नुहुने महानुभावहरूको नामावली उपभोक्ता समितिको सम्पर्क कार्यालय, मन्दिर परिसरमा र भक्तपुर नगरपालिकाका प्रकाशनहरू ‘भक्तपुर’ मासिक, ‘ख्वप पौ’, फेसबुक पेज, भक्तपुर खबर डट कम, एफ.एम. रेडियोलगायतमा प्रकाशित तथा प्रसारण गरिने समेत जानकारी गराइन्छ ।

**सम्पर्क गर्ने स्थान र पदाधिकारी**

- उपभोक्ता समिति अध्यक्ष न्हुछेराम भेले, मो.नं. ९८४१५९०१०५
- भक्तपुर नगरपालिका, योजना शाखा प्रमुख रामगोविन्द श्रेष्ठ, मो.नं. ९८४१३६३५४६
- भक्तपुर नगरपालिका, सम्पदा उपशाखाका ई.सूर्यभक्त खर्बुजा, मो.नं.९८४१५१४१६२

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

## द्विशताब्दीऔं जन्म दिवस

# भारतबारे कार्ल मार्क्स

फकरुल अलाम




फकरुल अलाम

गएको अक्टोबर महिनामा दिल्लीको एउटा किताब पसलमा मैले 'भारतबारे कार्ल मार्क्स'(कार्ल मार्क्स अन इण्डिया) नामको पुस्तक भेटाएँ। पुस्तकको सम्पादन अलिगढ मुस्लिम विश्वविद्यालयका पूर्वप्राध्यापक इक्बाल हुसेनले गरेका छन्। अलिगढ इतिहासकार समाजको संरक्षकत्वमा टुलिका बुक्सले सन् २००६ मा सो पुस्तक प्रकाशन गरेको रहेछ। त्यसमा अलिगढका विख्यात इतिहासकार प्राध्यापक इरफान हबिबको लामो भूमिका भएकाले पनि मलाई त्यो पुस्तकले तान्यो। पुस्तकका पाना पल्टाउँदै गर्दा मेरो दिमागमा एडवार्ड सइडको पुस्तक 'ओरियन्टालिज्म' मा रहेको एउटा प्रसङ्ग खेलिरहेको थियो। सइडले सो पुस्तकमा मार्क्ससँग 'पूर्वीयतावादी'( ओरियन्टालिस्ट) दृष्टिकोण रहेको दाबी गरेका छन्। मैले सइडको सो पुस्तक सन् १९८० मा पहिलो पटक पढेको थिएँ। त्यसले ममा गहिरो प्रभाव पारेको थियो। मार्क्सले भारतबारे लेखेका लेख र भारतसम्बन्धि उनको बुझाई परख गरी सइडले मार्क्सबारे गरेको दाबी कति सही हो वा होइन भनी बुझ्ने विचार गरें।

### कार्ल मार्क्सले भारतबारे किन, कसरी र के लेखे ?

प्राध्यापक हुसेनले लेखेको भूमिकामा मार्क्सले सन् १८५३ देखि 'द न्यु योर्क डेली त्रिब्युन' मा भारतबारे लेख्न थालेको कुरा उल्लेख छ। मार्क्सका लेखहरू सामान्यतया भारतको इतिहाससँग जोडिएका छैनन्। न त उनलाई अंग्रेजी भाषामा लेख्ने लेखककै रूपमा मात्र हेरिन मिल्छ। तथापि उनले हरेक वर्ष पाठकको सङ्ख्या बढ्दै गएको अंग्रेजी भाषामा भारतीय उपमहाद्वीपबारे लेखेका थिए ! हुसेनका अनुसार मार्क्सको लागि त्रिब्युनमा ती लेखहरू लेख्न उत्ति रुचि भने लागेको थिएन। त्रिब्युनका लागि ती लेख लेख्नुपर्दा उनी आफ्ना अरु महत्त्वपूर्ण काममा ध्यान दिन सक्दैनथे। जस्तै उनी त्यही समयमा ऋनड्रिसाँ (न्वगलमचष्ककभ-१८५७) र अर्थराजनीतिक आलोचनामा योगदान(१८५६) नामका कृति लेख्दै थिए। त्यत्तिबेला मार्क्सको आर्थिक अवस्था निकै गएगुज्रेको थियो। भारत र अरु समसामयिक घटनाक्रमबारे 'त्रिब्युन'मा लेख लेखेवापत प्राप्त हुने पैसा र एंगेल्सले पठाउने सहयोगबाहेक आफ्नो परिवारको खर्च धान्न मार्क्ससँग अरु कुनै आर्थिक स्रोत नै थिएन। अर्को शब्दमा उनले भारतबारे जति पनि लेख लेखे, ती सबै (जीविकोपार्जन गर्न) लेख्नै पर्ने भएर लेखे।

'भारतबारे कार्ल मार्क्स' पुस्तकमा संकलित ५९ वटा लेखहरू सन् १८५० को दसकमा भारतीय उपमहाद्वीपमा भइरहेका घटना र ती घटनाका गम्भीर प्रभावबारे गहिरो जानकारी भएको मानिसले नै लेखेको प्रष्ट बुझिन्छ। पूँजीवाद र ऐतिहासिक परिवर्तनबारे मार्क्सका विचार निर्माणको निम्ति भारतमा घटेका ती घटनाक्रम कच्चा पदार्थ सरह थिए। विशेषतः भारतमा बेलायती शासनले पुऱ्याएको हानी र त्यसले भारतीय उपमहाद्वीपका जनताबीच भित्रभित्रै सल्काएको असन्तोषको आगोप्रति मार्क्सको विशेष चासो थियो। भित्रभित्रै सल्किरहेको त्यो असन्तोषको आगोले सन् १८५७ मा विस्फोटक रूप धारण गऱ्यो। त्यो साल भारतमा भएको सैनिक विद्रोहबारे जानकारी लिन र तिनका कारण तथा प्रभावबारे विश्लेषण गर्न मार्क्सले निकै जाँगर गरेका थिए। त्यत्तिबेला अङ्ग्रेजहरूले मच्चाएको हत्याकाण्डको विषयमा पनि मार्क्सले विश्लेषण गरेका थिए।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले भारतबारे 'त्रिब्युन' पत्रिकामा लेखेका सामग्रीहरू 'भारतबारे कार्ल मार्क्स' नामको पुस्तकमा संकलन गरिएका छन्। त्यसमा संग्रहित लेख-रचना कुनै लामा र कुनै छोटा-छोटा छन् भने तिनले समेटेका विषयवस्तुका आधारमा पनि भिन्नताहरू छन्। कुनै लेख सामान्य टिपोटमा सीमित छन् भने केही लेखहरू लामो आकारमा गहिराईसम्म पुगेर लेखिएका छन्। कुनै रचना तत्कालीन समयमा भइरहेका घटनाको वर्णन वा युद्धको

संक्षिप्त विवरण मात्र हुन् भने कतिपय अरु लेखहरूमा भारतीय उपमहाद्वीपमा भइरहेका उथलपुथलको विश्लेषणात्मक टिप्पणी गर्दै तिनका प्रभावबारे निष्कर्ष निकालिएका छन्। तर, जे विषयमा जसरी लेखे पनि मार्क्सले आफ्नो मूल तर्क प्रमाणित गर्न मनग्य तथ्य–तथ्याङ्क प्रस्तुत गर्ने गरेका छन्। भारतबाट इस्ट इण्डिया कम्पनीले संकलन गर्ने ठूलो मात्राको राजस्व होस् वा भारतीयका लागि तिनीहरूले गर्ने खर्चको चर्चा गर्दा होस् अथवा भारतीय उपमहाद्वीपका जनताको हितको किमार्थ ख्याल नगरी सौखिन जीवनयापन गर्ने लोभी मनसायका बेलायती प्रशासकको कुरा गर्दा होस्, मार्क्स मनग्य तथ्यकै आधारमा निष्कर्षमा पुगेका हुन्छन्। उनले तत्कालीन भारतमा उठेका विद्रोहहरू र तिनले निम्त्याएका विपत्तिबारे विस्तृत रूपमा लेखेका छन्। बेलायत र भारतबीचको व्यापारबारे उनले प्रशस्त तथ्याङ्क प्रस्तुत गरेका छन्। भारत र चीनबीच हुने अफिमको व्यापारिक कारोबारबारे पनि उनले तथ्य–तथ्याङ्क प्रस्तुत गरेका छन्। चीन र भारतबीचको अफिम कारोबारको सबभन्दा बढी फाइदा अङ्ग्रेजहरूले उठाउने गर्थे। भारतमा अफिमको खेती गरी चीनमा व्यापार गर्ने काम बेलायतीहरूले गर्थे।

भारतमा भएको सिपाहीं विद्रोहबारेको लेखमा मार्क्सले सो घटनाको सैनिक कोणबाट निकै राम्ररी विश्लेषण गरेका छन्। सिपाहीं विद्रोहका विभिन्न चरणबारे उनले आफ्नो टिप्पणीसहित व्याख्या गरेका छन्। विद्रोह दबाउन अङ्ग्रेजहरूले लिएका रणनीतिबारे उनले प्रष्ट चित्रण गरेका छन्। उनले सो लेखमा सिपाहीं विद्रोहको आर्थिक पक्षबारे जोडका साथ लेख्नुका साथै तत्कालीन परिस्थितिमा प्राप्त हुनसक्ने सबै तथ्याङ्कको आधारमा सो विद्रोह चालु रहे अङ्ग्रेजले भोग्नुपर्ने आर्थिक प्रभावबारे चर्चा गरेका छन्। अङ्ग्रेज शासकहरूका हरेक दाबीको रौ चिरा केलाएर उनले उनीहरूको लोभ र क्रुरताको पर्दा उघारिदिएका छन्। सन् १८५३ सम्म लेखिएका लेखहरूमा मार्क्सले अङ्ग्रेज शासनका विध्वंसकारी र हानीकारक प्रभावबारे चर्चा गरेका छन्। सो संकलनको अन्तिम लेखमा उनले सिपाहीं विद्रोहलाई दबाए पनि र भारतमा 'शान्ति' कायम गरे पनि भारतीय जनताभित्रको बैचेनी कायम रहेको लेखेका छन्। इस्ट इण्डिया कम्पनीले आफूमाथि गरेको दमनबाट वाक्कदिक्क भारतीय जनताबीच विद्रोहको मनग्य सङ्केत रहेको मार्क्सले लेखेका छन्।

## अङ्ग्रेजी भाषाका सिद्धहस्त लेखक

'भारतबारे कार्ल मार्क्स' पुस्तक पढ्दा मलाई सबभन्दा पहिलो चकित पारेको पक्ष अङ्ग्रेजी लेखनमा मार्क्सको सिद्धहस्तता हो। सन् १८५० को दसकमा भारतमा भइरहेका घटनाबारे जुन शक्ति र स्पष्टताका साथ उनले व्याख्या गरेका छन्, त्यो कुराले मलाई चकित तुल्यायो। उदाहरणको लागि बेलायतको अनुदार पार्टीका नेता लर्ड स्टान्लेले 'विपरीत विचारहरूलाई एकै ठाउँमा ल्याउने सुत्र फेला पारी' गरेको संसदीय तिकडमलाई मार्क्सले 'समय सम्मिलन' को सूचक भन्ने शब्दावली प्रयोग गरेका छन्। के यो शब्दावलीको प्रयोग निकै रोचक छैन त ? आज हामी बाँचिरहेको बंगलादेशको सन्दर्भमा र विशेषतः चुनावी वर्षहरूमा यो शब्दावलीको प्रयोग सान्दर्भिक हुने गर्दैन र ? 'भारत' शीर्षकमा सन् १८५३ को जुलाई १ मा लेखेको लेखमा मार्क्सले यो शब्दावलीको प्रयोग गरेका छन्। मार्क्सले 'बेलायतका विभिन्न पार्टीले भारतबारे राख्ने धारणा र ती कूलीन, पैसातन्त्री र मिलमालिक (उद्योगपत्ति) बीच भारतको प्रगतिका बारेमा रहेको झगडाको कसरी विचारा हिन्दु (भारतीय जनता) ले फाइदा उठाउन सक्छन्' भन्नेबारे एउटा अर्को लेख लेख्ने तयारी गरिरहेको जानकारी पाठकसमक्ष राखेर व्यङ्ग्यपूर्वक सो लेखको अन्त्य गरेका छन्। आजको समयमा उभिएर हेर्दा अहिले समाजमा कूलीन (राजा–महाराजा) वर्ग त नहुन सक्छ तर 'पैसातन्त्री' र 'मिलमालिक' शब्दहरू आज हामी बाँचिरहेको समयको लागि पनि उत्तिकै सान्दर्भिक छैन र ?

वास्तवमा मार्क्सले यहाँ चर्चा गरेको लेख भारतबारे उनले लेखेको एउटा लामो प्रभावशाली लेख हो। सन् १८५३ को जुलाई ११ मा सो लेख 'त्रिव्युन'मा प्रकाशित भएको थियो। यो लेख तुलनात्मक रूपमा लामो लेख हो। 'इस्ट इण्डिया कम्पनी–इतिहास र परिणाम' शीर्षकको सो लेख व्यङ्ग्यपूर्ण टिप्पणीले भरिपूर्ण छ। त्यसपछि लेखिएका अन्य धेरै लेखहरू पनि व्यङ्ग्यपूर्ण नै हुने गरेका थिए। मार्क्सले तिनमा निकै तिक्ततापूर्वक इस्ट इण्डिया कम्पनीको 'तीखो मानवतावाद' बारे टिप्पणी गरेका छन्। अर्कोतिर उनले आफूले भन्ने गरेको 'पाखण्डपूर्ण शान्तिकामी' को वास्तविकता उजागर गरिदिएका छन्। त्यसो गरेर उनी वास्तवमा भारतीय जनतामाथि कसरी कम्पनीले शोषण गरिरहेको छ भन्ने कुरा देखाउन चाहन्थे। बेलायती राजनीतिका आफ्ना पाखण्ड सहयोगीको सहयोगमा कम्पनीका आत्मकेन्द्रित अधिकारीहरूले नङ्ग्याएको बेलायतको वास्तविकता देखाउन चाहन्थे। 'भारतको प्रश्न' शीर्षकको लेखकमा प्रखर वक्ता र सिद्धान्तनिष्ठ राजनीतिक व्यक्तिको रूपमा चित्रण गरिएका बेन्जामिन डिजरायलबारे मार्क्सले गरेको बुद्धिमत्तापूर्ण चरित्रचित्रण हेरौं : "कुनै समय उनी सूक्तिहरूमा छाउन सफल भए। तर अहिले उनी औपचारिक सम्मानको निरसताभित्र ती सूक्तिहरू गाड्ने प्रयासमा लागेका छन्।"

## भारतमा बेलायती उपनिवेशको विरोध

मार्क्स बेलायती उपनिवेशवादका स्थायी विरोधी थिए। बेलायतीहरू 'भारतमा लुटपाट मच्चाउने सुविधा' चाहिरहेकोमा मार्क्स विश्वस्त थिए। त्यो निष्कर्षमा पुग्न उनलाई इस्ट इण्डिया कम्पनीको कुनै नयाँ घोषणापत्रको आवश्यकता पर्दैनथ्यो। मार्क्सले सन् १७९० देखि भएको स्थायी बसोबासको विरोध गरेका थिए। जमिनदारी र जमिनको जोताहासँग कर उठाउने ज्योत्वारी प्रणालीको विरोध गरेका थिए। मार्क्सले ती सबै प्रणालीलाई भारतका जनतामाथि आर्थिक शोषण गर्ने कम्पनीका विभिन्न जालसाझीको रूपमा व्याख्या गरेका थिए। मार्क्सको विचारमा भारतमा सरकारको नीतिको विरोध गर्ने र स्वतन्त्र व्यापारको पक्षमा वकालत गर्ने म्यान्चेस्टरका नेता जोन ब्राइट जस्ता राजनीतिज्ञहरू समेत राम्रो मनसायका थिएनन्। उनीहरू पनि भारतलाई ध्वस्त बनाउनमा सरकार जत्तिकै दोषी थिए किनभने बेलायती कपडा भारतजस्तै कब्जामा लिइएका बजारमा विस्तार गर्नुपर्छ भन्ने पक्षमा गरेको वकालतबाट पनि उनीहरूले वास्तविक मनसाय प्रष्ट हुन्छ।

बेलायती कम्पनीको ध्वंसकारी नीतिको प्रमाणको रूपमा उनले बंगालका कपडा बुन्ने जनताको अवस्थाबारे प्रकाश पारेका थिए। बेलायती शासकहरूले बंगालका कृषि र कपडा उद्योगलाई ध्वस्त बनाइदिएका थिए। युरोपले कुनै बेला कसरी भारतीय कपडाको उल्लेख्य उपभोग गरेको थियो भन्नेबारे चर्चासँगै मार्क्सले बेलायती उपनिवेशवादीहरूले भारतका घरेलु कपडा र घरमै कपडा बुन्ने चर्खा विस्थापन कसरी गरेका थिए भन्नेबारे लेखेका छन्। भारतकै स्थानीय कपडा उत्पादन प्रणाली ध्वस्त बनाएर बेलायती उपनिवेशवादीहरूले युरोपेली बजारबाट भारतीय कपडा विस्थापन गर्न सफल भएका थिए।

*(फकरुल अलाम बंगलादेशका प्राज्ञ, लेखक र अनुवादक हुन्। उनी हाल ईस्ट-वेस्ट युनिभर्सिटीका प्रो-भीसी छन्।)*

*स्रोत : मन्थली रिभ्यु*

*नेपाली अनुवाद : नीरज*



# जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

## गुंखिचा व फइया मचा

छन्हु तानो खुन्हुं छम्ह गुं खिचा प्याचाया पर्वच्वे लं वया चोंगू यचुगू ल तों वन। संयोगं छम्ह फइया मचा वया भतिचा क्वे चोना चोंगू व गुंखिचां खन। व गुंखिचां वइत नएगु मती तल। तर छुं तोह मदएका गथे व फइया मचा स्याना नए धइगु वया मने वन। अकिं व फइया मचाइत थमनं सत्रु धका धाएमाल अले सत्रुइत योथे याएजी धका वं मती तल। 'खुसि सीलं चिलाहुं, छं आमकन चोना ल बुलुका ब्यूगुलिं जि बुलुगु ल तोनेमाल' धका व गुंखिचां व फइया मचा इत धाल। ल व गुं खिचा चोंथासेंलं फइया मचा चों थासें को न्ह्याना वया चोंगुलिं 'ग थे जिं ल तोनां छि गुखीचाइथा ल बुलुइ' धका व फइया मचां साधु जुया धाल। 'जि प्वा दंका ल तोने मधुंका छं आमथें हनेमा मानेमा मदएक ल तोने त स्वे ज्यूला' धका व गुंखिचां धाल। 'जि नएगु धा तोनेगु धा जि चिकिंधिगुलिं मांइगु दुरु तोने दुसा चा, ल आतले तोने म्वानि, अकिं छि योथे ल तोना दिसँ' धका अले व फइया मचां धाल। आम खँ हेथे जुसानं थगुने छं जित व जिमि जाति फुकसित बो ब्यूगु दु' धका व गुंखिचां धाल। 'अब्ले जि बुहे मबू नि' धका व फइया मचां धाल। 'छ पिं मुर्खपिं फुक फइतए ख्वा उथें उथें चों बोब्यूम्ह छला मेम्ह ला धका गथे सीके। बोब्यूम्ह छ मखुसा छंमां जुइ का उकि छु पागु दु, अकिं छंत थनलं छ्वे बी मखु' धका व गुंखिचां धया व बिचाराम्ह फइया मचाइत कअ वना स्याना नल।

दुःख बीपिं वा नास् याइपिसं मखुगुहे हेथि न्यागुं तोह लुइका दुःख विया नास याएफु।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# जेलाँ पुखुचाको ढुङ्गेधाराको मुहान



ओम धौभडेल

केही दिनअघि भक्तपुर नगरको वडा नं ८ स्थित जेलाँ टोलको पुखुचा भन्ने स्थानमा रहेको पोखरीको जीर्णोध्दार कार्य भक्तपुर नगरपालिकाले गर्‍यो। त्यहाँ रहेको एउटा पोखरीको कारण त्यस ठाउँको नाम नै पुखुचा भनिएको सन्दर्भमा त्यस ठाउँबारे केही जानकारी राख्नु आवश्यक हुन आउँछ। अझ समग्र ठाउँ नै जेलाँ भनिएको सन्दर्भमा सर्वप्रथम त जेलाँ नामाकरण भएको बारे त्यतातिर हाम्रो ध्यान जानु आवश्यक छ। यसको पछाडि भक्तपुर नगरको भौगोलिक अवस्थाबारे पनि हेक्का राख्नु जरुरी छ। भक्तपुर नगरको पूर्वी भेगमा पर्ने च्याम्हासिंहबाट नगर प्रवेश गर्नासाथ सूर्यमढी टोल पुग्छ। यही सूर्यमढी टोलको चारवटा बाटो भएको एउटा खुल्ला ठाउँ आउँछ। जहाँबाट सोझै पश्चिमतर्फ लागे तचपाल टोल पुग्छ। उतरतर्फ लागे त्वचा र दक्षिणतिर लागे जैंला टोल पुग्छ। जेलाँ शब्दको उत्पति जा लाँ अर्थात कम्मर जस्तो भिरालो परेको बाटो भन्ने बुझिन्छ। हुन पनि जेलाँ टोलको अवस्थिति पनि शरीरको कम्मरजस्तै भिरालो छ। नगरको दक्षिण पूर्वी कुनामा ठाडो उकालोमाथि जेलाँ टोल बसेको छ। विशेषगरि नगरको दक्षिण भेगको हनुमन्ते खोला नाघ्नासाथ यो उकालो शुरु हुन्छ। नगरको दक्षिणपूर्वको यस्तो भौगोलिक अवस्थामा बसेको जेलाँ टोल सामरिक दृष्टिकोणले अति संवेदनशील भेग पनि हो। जहाँबाट तत्कालीन समयको राजदरबार वाने लायकुसम्म सजिलैसित पुग्थ्यो। पुल तरेर जेलाँ पुग्ने दुईतिरका बाटोमा उकालोसँगै ढोका भएको तथा बीचको ढुङ्गाले छोपेको बाटोमा नयाँबस्ती यस्तै सामरिक कारणले नै तर्जुमा गरिएको हो। मल्लकालीन २४ टोलबस्तीहरूमध्ये जेलाँ टोललाई एउटा छुट्टै टोलको रूपमा नलिए तापनि लिच्छवि राजा आनन्ददेवले चारैतिर अष्टमातृकासहित श्रीयन्त्राकार नगर बसाउँदा जेलाँभेगलाई एउटा महत्त्वपूर्ण भेगको रूपमा लिएको देखिन्छ। त्यसो त जेलाँ टोलको स्वरूपको विषयका साथसाथै भक्तपुर नगर स्थापनाबारे उल्लेख गर्नु सान्दर्भिक हुन्छ। किराँतकालीन भक्तपुर नगरबारे यथेष्ट जानकारी प्राप्त नभएको सन्दर्भमा लिच्छविकाललाई मात्र आधार बनाएर अगाडि बढ्ने हो भने पनि भक्तपुर नगरको स्वरूप धेरै हदसम्म ब्यवस्थित नगर हो भन्ने प्रमाण मिल्छ। विशेषगरि लिच्छवि राजा आनन्ददेवले विक्रमको नवौं शताब्दीतिर वास्तुसम्मत भक्तपुर नगर स्थापना गरेकोलाई यहाँ इंगित गर्न सकिन्छ। हनुमन्ते र खासाङखुसुङ खोलाले घेरिएको यो ठाउँलाई नगरको रूपमा स्थापना गर्ने क्रममा नगरको मध्य भागमा भैरव र त्रिपुरासुन्दरी स्थापना गरी चारैतिर अष्टमातृका देवी स्थापना गरेको थियो। यसमा नगरको दक्षिण पूर्वी दिशामा माहेश्वरी अर्थात बातां अजिमा स्थापित गरेको देखिन्छ। भौगोलिक रूपले चारैतिर सम्म परेर होचो अग्लो कृषिको खासै उपयोग नहुने ठाउँमा भक्तपुर नगर बसेको छ। पूर्वका केही भागबाहेक नगरको अन्य दिशामात्र हेरेपनि यसको पुष्टि हुन्छ। यसमा नगरको दक्षिणपूर्व दिशा पनि भौगोलिक हिसावले यस्तै अवस्थाको छ। दक्षिणतिर माहेश्वरी पिठ होचो तर सम्म परेको ठाउँमा छ। अहिलेको माहेश्वरी खेल मैदान यही पिठ पछाडि अवस्थित छ। पिठ र खेल मैदानलाई बीचमा पारी दुईतिर दुईटा खोला बगेको छ। नगरकोटदेखि छहरा पहरा फाँट हुँदै बग्दै आएको खोला यही माहेश्वरी पिठ नजिक पुगेपछि कुम्ह खुसीले चिनिन्छ। यही खोला तरेपछि पूर्वतिर ठाडो उकालो आउँछ। जसलाई मैं तँ अर्थात राँगो लैजाने उकालो भनिन्छ। बीचमा अर्को एउटा बाटो छ जुन सिंढीले युक्त छ। यहाँबाट सिधै मचो भैरव स्थान पुगिन्छ। त्यस्तै पश्चिमतर्फको पुल तरेपछि आउने अर्को ठाडो उकालोबाट इनाचो वाँचुटोल पुग्छ। विशेषगरी पूर्वमा मैं तँ को उकालो पछि एउटा बाटो सिधै



जमिन मुनि भेटिएको कुलो

पश्चिमतिर हानिएको छ। जुन मचो भैरव हुँदैं इनाचोसम्म पुग्न सकिन्छ। यही मैंत हुँदै पश्चिम लाग्दा मचो भैरव नपुग्दै बाटोको उत्तरतर्फ एउटा पोखरी छ। पूर्व पश्चिम लाम्चो यो पोखरी उक्त बाटोसँगै जोडिएको अवस्थामा छ। पोखरीको पूर्वतर्फ एउटा पाटी छ। पोखरीको उत्तर दिशाको पर्खालमा दुईवटा ढुङ्गेधारा देख्न सकिन्छ। ढुङ्गेधारामा पानी आउन छाडेको पनि धेरै भइसक्यो। पोखरीको उत्तरपूर्वी कुनामा एउटा लामो तर लिच्छविकालीन झैं देखिने ढुङ्गेधाराको डुँड त्यतिक्कै फालिराखेको अवस्थामा छ। हेर्दा त्यस्तै देखिने अर्को एउटा ढुङ्गेधाराको डुँड पश्चिमतर्फको पर्खालमा सम्याएर राखेको छ। यी दुवै ढुङ्गेधाराका डुँडहरू एउटै खालका ढुङ्गाले मात्र बनेको छैन, एउटै समय कालखण्ड तथा बनौट शैलीको देखिन्छ। यहाँ हाल रहेका दुइटै ढुङ्गेधारा मल्लकालीन जस्तै देखिन्छ। यी दुवै ढुङ्गेधाराबाट पानी आउन छाडेको धेरै भएतापनि ढुङ्गेधाराको मुनिबाट पानी रसाइरहेको छ। यसैबीच अहिले यही पुखुचाको जीर्णोध्दारको क्रममा पश्चिमतर्फको ढुङ्गेधारा जहाँबाट हरहमेसा पानी रसाइरहेको थियो, त्यसको बारे स्थानीयले चासो लिई ढुङ्गेधाराको मुहानबारे खोजबिन गर्न थाले। खोजबिनको क्रममा केही फिट खनी हेर्दा पाको ईँटाले बनेको पक्की पाइप प्रणाली ब्यवस्थित ढङ्गले राखेको पाइयो। ढुङ्गेधाराबाट केही फिट पश्चिम गई सोझै उत्तरतिर लागेको यो प्रणाली अरुको निजी घर मुनिबाट गएको अवस्थामा ती प्रणालीबाट पाइप पठाउँदा १८/२० फिटसम्म पाइप भित्र गएको देखियो। यसबाट यो ढुङ्गेधारामा पानी आउने प्रणालीमा कुनै अवरोध नभएको पुष्टि भयो। र पुनः यसको मुहान खोज्न दुईघर बीचको एउटा सानो सार्वजनिक ठाउँ धाल्पामा खन्ने काम भयो। यसपटक पनि उही माटाका प्रणाली भेटियो। तर त्यसमा पानी नरहेको अवस्थामा सधैं रसाइरहेको पानीको खोजीको लागि पुनः त्यसको तल खन्ने काम भयो। अर्को ३/४ फिट तल पुगेपछि त्यहाँ एउटा अचम्मको पानीको कुलो भेटियो। पाको ईँटाले दुईतिर ढल जस्तै बनाई त्यसको माथि पुनः पाको ईँटाले नै छोपी ब्यवस्थित तरिकाले पानी आउने कुलो हाम्रा पुर्खाहरूले धेरै पहिले नै विकास गरिसकेको देखियो। जुन माटाका पाइपभन्दा धेरै पुरानो हुनुपर्छ। यो ढल जस्तो देखिने कुलो सोझै उत्तरतर्फबाट आएको देखिएकोले अब त्यो पानी कहाँबाट आइरहेको हो त्यसको मुहान खोज्नु पहिलो कदम हुन आउँछ। यो ढुङ्गेधारामा आउने पानीको मूल स्रोतको बारेमा अध्ययनको खाँचो महसुस गरी ढुङ्गेधाराभन्दा माथि अर्थात उत्तरतर्फको बस्तीको अध्ययनमा हाम्रो ध्यान जानु जरुरी छ। यो भनेको जेलाँ टोलको एउटा पुरानो बस्ती पनि हो। त्यसो त २०७२ सालको भूकम्पले यो पुरै बस्ती ध्वस्त भैसकेको छ। तैपनि यहाँ पानीको संरचना देख्न सकिन्छ। भनाइको अर्थ ठाउँ ठाउँमा इनार, ढुङ्गेधारा, पोखरी, जऱ्हँहरू बाँकी नै छन्। यसमा उक्त ठाउँनेरको ताहामला बाटोभन्दा उत्तरतिरको चोकको एउटा सानो घेराको तर गहिरो इनारलाई पहिलो गन्तब्य मान्न सकिन्छ। त्यस्तै यो सानो ननिबाट केही दूरी उत्तरपूर्व लागेपछि अर्को एउटा ननि पुग्छ जसको नाम दुवननि हो। यो ननिको पनि बीचमा एउटा इनार छ। यी दुवै इनारहरूको सम्वन्ध पुखुचाको ढङ्गेधारासित भएको हुनसक्छ। यो एउटा महत्त्वपूर्ण खोजबिनको विषय बन्न आउँछ। त्यसो त यो इनारबाट नै हाल भेटिएको कुलोमा पानी आएको हो भन्नु अलि मनासिव नहोला। हचुवाको भरमा यसरी आकलन गर्नु अलि हतार नै होला। यसको लागि विभिन्न वैज्ञानिक परीक्षण बाट पुष्टि गर्नु अति आवश्यक हुन आउँछ। यसमा पनि दुवननिको इनारको विषयमा छुट्टै अध्ययन हुनु आवश्यक हुन्छ।


दुवननिको इनार

भक्तपुर जेलाँको झताप्वः गल्लीबाट मचो भैरव निस्कने ताहामला गल्लीको झण्डै झण्डै मध्यभागनेर दुवननि बसेकोछ। विशेषगरी ननि वरपर सबै घरजग्गा दुवालहरूको भएको कारण ननिको नामाकरण नै दुवननि कहलियो। यो ननिको बीचमा एउटा इनार छ। ढुङ्गेधाराको मुहान खाज्दै जब म यहाँ इनार हेर्न पुगे। सो इनारको चारैतिर लगाएको पर्खालभित्र आँखा पुग्दा एउटा ढुङ्गामा केही अक्षर लेखेको देखें। तर अभिलेख रहेको ढुङ्गा उल्टो पारिराखेको हुँदा पढ्न कठिन त थियो नै। सवैभन्दा दुख त तब लाग्यो, उक्त अभिलेख रहेको ढुङ्गाको आधाभाग खिइसकेको रहेछ। कुनैबेला सुल्टो नै अभिलेख रहेको थियो। इनारमा पानी तान्दा डोरी सोही ढुङ्गामा

पर्ने रहेछ। डोरी तलमाथि गर्दागर्दा दिनहुँ ढुङ्गा खिइँदा यसको आधाभाग नै चोइटिएछ। पछि चोइटिएको भाग तल पारी सग्लो भाग माथि पार्ने क्रममा अभिलेख नै उल्टो पर्न गएको रहेछ। जुन अहिले पनि उल्टो नै छ। हामी अभिलेख हेर्दै गर्दा सत्तरी नाघेकी एक बुढी आमा हामीलाई केही भन्दै हुनुहुन्थ्यो। इनारको बारेमा आफूले जानेको केही कुरा बताउने क्रममा यो इनारमा अति शुध्द भई मात्र पानी निकाल्न हुने र रजस्वला भएकाहरूले पानी निकाल्न नहुने पनि भन्न छुटाउनु भएन। तर यहाँका दुवालहरूचाहीँ जुठो पर्दा पनि यो इनारको पानी निकाली अरुलाई दिंदा शुध्द हुने भन्नुभयो। यो सबै कुरा उही शिलापत्रमा लेखेको छ भनेपछि शिलापत्र पढ्न हतार माने। यसकारण बाँकी रहेको आधाभाग अभिलेख पनि महत्त्वपूर्ण हुने ठानी आफूले सके जतिको पाठ यहाँ दिएको छु। यो पाठ अहिलेसम्म अप्रकाशित शिलापत्र हो।



इनारको शिलापत्र

*शुभ ॥ बालकृष्ण भारो विश्वेश्वर*
ल्होङास लोहो लहया थ्व व मुल्हान
*रचक्वा बालकृष्णाया उथिकोजन परिवार*
*रखरं सम्वत ८३२ माघ बदि ३ बृहस्पतिवार कृत शुभम ॥*

यस पाठको आधारमा नेपाल सम्वत ८३२ माघ वदि ३ बृहस्पतिवारको दिन बालकृष्ण भारोले दुवननिको यो इनार तथा वरपरको ठाउँमा जीर्णोध्दार गरेको ब्यहोरा परेको छ। यहाँ बालकृष्ण भारो को हुन् अहिलेसम्म पत्ता लागेको छैन। तर दुवालहरूको निजी ननिभित्रको इनार तथा वरपरको ठाउँ अरु बाहिरका ब्यक्तिले गर्ने कम मात्र आशंका गर्न सकिन्छ। यसकारण बालकृष्ण भारो पनि यहीकै स्थानीय दुवाल हुनसक्छ। यो एक अर्को अध्ययनको पाटो हो। भक्तपुरका तत्कालीन राजा भूपतिन्द्र मल्लको नाम कही उल्लेख नगरी यो शिलापत्र राखेको देखिन्छ। तत्कालीन समयका एक प्रभावशाली ब्यक्ति भएको कारण आफ्नो नामको पछाडि भारो राख्ने हैसियतका बालकृष्णले यो दुवननिको इनार मर्मत गर्ने देखि वरपर ढुङ्गाले छाप्ने काम गर्दा नै यो इनारबाट बढी भएको पानी माटाका पाको कुलो मार्फत पुखुचाको ढुङ्गेधारासम्म जोडेको हुनसक्छ। सम्वभतः यही दुवननि र वरपरका पानीको मूलबाट नै पुखुचाका ढुङ्गेधाराहरूमा पानी आइरहेको अवस्थामा बीचमा पानी आउन बन्द भएको कारण ने.सं. ८३२ मा बालकृष्ण भारोले इनारको जीर्णोध्दार गरी वरपर ढुङ्गाले छापी पाको इँटाले बनेको कुलो राखी यो ढुङ्गेधारामा पानी आउने गरेको हुनसक्छ। यसको आधार निर्क्यौल गर्न धेरै तरिका अपनाउन सकिन्छ। सर्वप्रथम त जेलाँ मचो भैरवदेखि ताहामला, दुवननि लगायतका ठाउँ ठाउँमा रहेका इनार, जर्हुँ आदिमा नुन तथा चिनी राखी त्यसको स्वादको पानी कुन ढुङ्गेधाराबाट आएको छ पत्ता लगाउन सकिन्छ। अझ योभन्दा पनि भरपर्दो अर्को तरिका खान मिल्ने रंगको प्रयोग हो। फरक फरक खाद्य रंग बेग्लाबेग्लै इनारहरूमा राखी सो रंगको पानी कुन ढुङ्गेधारामा आएको छ, हेर्न सकिन्छ। पूर्वमा मँ तँदेखि इनाचो वाँचुत्व सम्मका ढुङ्गेधाराहरूको पानीको स्रोत यही तचपाल, इनाचो, जेलाँका बस्तीहरू भएको आधारमा भक्तपुर तचपाल क्षेत्रदेखि उत्तरतिरका प्रायः सबै इनार, जलद्रोणी, पोखरी ढुङ्गेधारा आदि जल संरचनाको नक्सा तयार गरी भविष्यको लागि सुरक्षित अवधारणा निर्माण गर्न सकिन्छ। यसबाट प्रत्येक ढुङ्गेधारामा पानी आउने स्रोत, कुलो, तथा निकासबारे जानकारी राखी अभिलेखिकरण तथा नक्सा तयार गर्न सके हाम्रा पूर्खाहरूले आजभन्दा सयौं वर्ष पहिले निर्माण गरेका जलसंरचनाबारे भविष्यको पुस्तालाई जानकारी दिन सकिनेछ।

## बासिबियाँलो



१६ काँटीबाट ५ वटा कोठा बनाइएको छ। अब ३ काँटी सारेर ६ वटा कोठा बनाउनु होस्। (उत्तर ८० पृष्ठमा)

# लगानी सम्मेलन र ५२ अर्बको कुरा

बी. श्रेष्ठ

देशको विकास र प्रगतिको नारा फलाकेर सत्तामा जानेहरू अचेल 'समृद्धि' को हल्ला बढी नै गर्न थालेका छन्। विकास र प्रगतिको नारा पुरानो भएर हो वा जनताले पत्याउन छोडेकोले अझ ठूलो चै चै देखाइएको छ– समृद्ध नेपालको ! तर विडम्वना ! विकास र प्रगतिको लागि सरकार इमानदारी पूर्वक लागेको आर्थिक र सामाजिक सूचकले दिएको छैन। विकास र प्रगतिको लागि बजेटमा विनियोजन गरेको पूँजीगत खर्च नगण्यमात्र उपयोग भएको छ। झन्डै ८० प्रतिशत पूँजीगत रकम खर्च गर्न सरकार असफल भएको छ। यस्तो धरातलीय यथार्थमा 'समृद्ध नेपाल' को कुराले आकाशको फल वा बकम्फुसे हल्लाभन्दा बढी औचित्य राख्दैन।

नेपालीमात्र होइन थुप्रै विदेशीले पनि भन्दै आएका छन्– नेपालको विकास गर्न आवश्यक जनशक्ति, श्रोत साधन प्रशस्त छन्। तर पञ्चायतकालदेखि बहुदल र गणतन्त्रको सत्तामा जानेहरूले विकासको नारा फलाक्न छोडेका छैनन्। तैपनि देश गरिब राष्ट्रको सूचीबाट उम्कन सकेको छैन, झन् ओरालो लाग्नबाट पनि बच्न सकेको छैन।

'प्रजातन्त्र' र 'गणतन्त्र' का ठूल्ठूला नारा फलाकेर सत्तारोहण गर्ने पूँजीवादी पार्टीहरूले देशमा दलाल पूँजीवादी नीति र कार्यक्रम थोपर्दा आत्मनिर्भरता र स्वाभिमान जस्ता शब्द कै अवमूल्यन गरेका छन्। त्यसैले देशको विकास–प्रगति र समृद्धिका नारा फलाकेर देशलाई झन् बढी परनिर्भरताको दलदलमा पुऱ्याएका छन्। तर पनि तिनीहरू पटक्कै लाज मान्दैनन्।

आत्मनिर्भरता र स्वाभिमानलाई तिलाञ्जली दिएर जो भेटे पनि, जहाँ गए पनि नेपालमा लगानी गर्न आग्रह अनुरोध गरिरहेका छन्। लगानीकर्ताहरूले मुखेन्जी आश्वासन त थुप्रै दिएका छन् तर व्यवहारमा सबै हच्किएका छन्। तिनीहरूले १०–१५ अर्बको 'प्रतिबद्धता' दिन्छन् तर दुईचार अर्बको लगानी हुन्छ। लगानी रकमभन्दा भ्रष्टाचार र कमिशनको रकम निक्कै ठूलो आकारमा देखिन्छ। राज्यको ढुकुटीमा पनि प्रशस्तै रकम थुप्रिएको छ। यसका पछाडि विभिन्न कारणहरू औंल्याइएका छन्, त्यसमा देशको कुशासन र भ्रष्टाचारलाई एक प्रमुख कारण बताइएको छ। लगानी गर्न चाहनेहरू स्वीकृति वा अनुमतिको लागि प्रशासनिक प्रक्रियामा आउँदा तलदेखि माथिसम्म घुस र कमिशन दिन बाध्य छन् र आजित हुन्छन्। जुन देशमा पाइला पाइलामा घुस र कमिशन हुन्छ, भ्रष्टाचार झन्डै संस्थागत भएको छ त्यस्तो देशमा सच्चा लगानीकर्ताहरू तर्सेर भाग्नु स्वाभाविक छ। केवल नाफाको लागि मरिहत्ते गर्ने पूँजीपतिहरू पनि सहजै आउँदैनन्। तर 'कालो धन' लाई सेतो बनाउनु पर्नेहरू भने खोजीखोजी आउन सक्छन्।

यस्तो संकेत स्विस बैंकमा ५५ नेपालीका ५२ अर्ब रूपैयाँ थुप्रिएको खबरले दिएको छ। देशमा कर छलेर संचित भएको रकम विदेशी बैंकमा जम्मा गरेको र व्यवसायमा लगानी गरेको विवरण हालै प्रकाशमा आएको छ। 'नेपाल लिक्स–२०१९' नाम दिइएको यो विवरण खोज पत्रकारहरूको अन्तर्राष्ट्रिय संयन्त्र (आइसिआइजे) सँगको सहकार्यमा खोज पत्रकारिता केन्द्र (खोपके) ले हालै सार्वजनिक गरेको हो। त्यसमा नेपाली र गैरआवासीय थुप्रै नेपालीहरू समेटिएका छन्। त्यो धनको यथार्थ प्रकाशमा नआए पनि सबैले शंकास्पद मानेका छन्। त्यति ठूलो रकम स्वच्छ आम्दानीको भनी पत्याउनेहरू विरलै देखिएका छन्। देश र जनताको रगत पसिनामा ब्रम्हलुट र कानुनलाई उल्लंघन गरेर थुपारेकोले त्यसबारे सर्वत्र सोधखोज हुन थालेको छ।

पञ्चायतकालमा राजा–रानीलगायतका राजपरिवार र दरबारियाहरूले देश र जनताको रगत पसिनाबाट जम्मा भएको वा अन्य तरिकाबाट आर्जन गरेको धन स्विस बैंकमा सञ्चित गरेका थिए। जनआन्दोलनको बेला त्यसको चर्चा व्यापक रूपमा भएको थियो र जनता सडकमा उत्रने एउटा कारक बनेको थियो। अहिले 'नयाँ राजा' हरूका विश्वासपात्रहरूको स्विस बैंकमा थुपारिएको शंकास्पद धन, विदेशमा अवैध लगानी र अवैध रकम देशमा लगानी भइरहेको अर्थात 'कालो धन' लाई सेतो पारेको विवरणले जनतालाई उद्विग्न र आक्रोशित पार्नु स्वाभाविक छ।

नेपाल मजदुर किसान पार्टीले सदनदेखि सडकसम्म विदेशी बैंकमा कुनै नेपालीले धन सञ्चय गर्न पाउनु हुन्न भन्ने कुरामा जोड दिँदै आएको छ। तर सत्तामा जानेहरू कसैले पनि त्यस कुरालाई गम्भीरतापूर्वक लिएनन् र लिएका छैनन्।

अहिले आधा खर्बभन्दा बढी रकम विदेशी बैंक र व्यवसायमा लगानी गरेको विवरण बाहिर आएको छ। त्यसरी विदेशी बैंकमा जम्मा गर्ने र व्यवसायमा लगानी गर्नेहरू मध्ये फेला नपरेकाहरू अझ कति छन् ? यता सरकार लगानीकर्ताहरू खोजी हिंड्ने उता नेपालीले वैध वा अवैध रकम विदेशी बैंक र व्यवसायमा लगानी गर्नेको विवरणले नेमकिपाको आवाज र मागलाई गम्भीरतापूर्वक नलिनुको परिणाम हो भन्दा अतिशयोक्ति हुने छैन। अब पनि कानुन उल्लंघन गरी, कर छलीलगायतका अवैध आम्दानी गरी विदेशी बैंकमा रकम सञ्चित गर्ने र व्यवसायमा लगानी गर्नेहरुलाई 'देखिने' गरी कारबाही नगर्ने हो भने यो रोगले महामारीको रूप लिने निश्चित छ। यद्यपि प्रम ओलीले विदेशी बैंकमा सञ्चिति र विदेशमा लगानीबारे अनुसन्धानलाई तीव्र रूपमा आडि बढाउन निर्देशन दिएका छन्। राजश्व छली गरेका आम्दानीलाई गैरकानुनी उपाय अवलम्बन गरी शुद्धीकरण गर्ने प्रवृत्ति बढेको अवस्थामा प्रमको निर्देशन कत्तिको प्रभावकारी होला ? निर्देशन दूधको साक्षी बिरालो नहोस्– सर्वत्र अपेक्षा गरिएको छ ।

सरकारले आगामी चैतमा लगानी सम्मेलन गर्दैछ। त्यो सम्मेलन लगानीकर्ताहरूको विश्वास जित्न हो कि कालो धनलाई सेतो बनाउने थप अवसर र 'नेपाल लिक्स–२०१९' का शंकास्पदहरूलाई चोख्याउन ? नेपालीको वैध–अवैध रकम विदेशी बैंकमा सञ्चित र विदेशमा लगानी गरेको टुलुटुलु हेर्ने सरकारले वैदेशिक लगानीको लागि सम्मेलन गर्ने कुरामा लगानी कर्ताहरूले कसरी लेलान् ? यो चाहिं प्रतिक्षाको विषय हो ।

तर 'नेपाल लिक्स–२०१९' सार्वजनिक भए पछि आधा दर्जन उद्योगी व्यवसायीले चुनौती र खण्डन गरेका छन्। आरोपितहरूले सजिलै दोष स्वीकार गर्ने छैनन् त्यो सबैलाई थाहा भएको कुरा हो। फेरि वाइडबडी विमान खरिद प्रकरणमा आरोपित ठहऱ्याएका मध्ये एकलाई पछि निर्दोष ठहर गरिएको थियो। तर 'नेपाल लिक्स–२०१९' मा उल्लेखित मध्ये कतिपयले चुनौती र खण्डन गरे पनि खोपकेका सम्पादकले आइसिआइजेले उपलब्ध गराएको विवरणमाथि थप खोज र अनुसन्धान गरेर प्रतिवेदन तयार गरिएकाले तथ्यमा कुनै समस्या छैन भनेका छन्। यसबाट उक्त प्रतिवेदन केवल बहस र सस्तो लोकप्रियताको विषय नहुनेमा धेरैले विश्वास गरेका छन्। त्यसैले विगतमा मदन भण्डारीको 'हत्या' सम्बन्धमा सत्य–तथ्य भनेर प्रकाशित गरेको धारावाहिक विवरणको नियति उक्त प्रतिवेदनले भोग्ने छैन– यही अपेक्षा छ ।

## तपाईंको भान्छा

# भान्साबाटै उच्च रक्तचाप नियन्त्रण

भान्सामा सधैं हुने प्याजले रगत पातलो पार्छ र कोलेस्टेरोल घटाउँछ। प्याजले एस्प्रिन औषधिको काम पनि गर्दछ। प्रतिदिन ५० ग्राम काँचो प्याज खानाले उच्च रक्तचाप नियन्त्रणमा सहयोग पुग्दछ। त्यस्तै भट्मासले पनि कोलेस्टेरोलको स्तर कम गर्छ। तरबुजाको सफा बाहिरी भाग, जसलाई प्रायः सधैं फ्याँक्ने वा जनावरलाई खुवाइने गरिन्छ, त्यसबाट निस्कने रसले उच्च रक्तचाप कम गर्नुका साथै सारा शरीरमा शीतलता दिन्छ। त्यस्तै पुदिनाको चिया धमनीका लागि राम्रो मानिन्छ र यो हृदयको धड्कन कम गर्न पनि लाभदायी छ।

तुलसीले रक्तचाप कम गर्छ। ५ देखि १० वटासम्म तुलसीको पातको लेदो बनाएर दही या महीसँग बिहान सवेरै सेवन गर्नु पर्छ। त्यस्तै गहुँको घाँसको रस रक्तचाप कम गर्न लाभदायक हुन्छ। प्रतिदिन १० देखि १५ ग्राम गहुँको घाँस यसका लागि पर्याप्त हुन्छ। उच्च रक्तचाप भएका व्यक्तिका लागि आहारामा पोटासियमयुक्त खाद्यपदार्थ प्रयोग गर्नु लाभदायी हुन्छ। पोटासियमले मुटुको काममा सकारात्मक असर पार्छ। यसका महत्त्वपूर्ण श्रोतहरू– गहुँ, खजुरी, आलु, बदाम, बन्दा, केरा तथा अन्य फलको रस, बीउ, खरबुजा आदि हुन्। क्याल्सियमले रक्तचाप घटाउन मद्दत पुऱ्याउँछ। क्याल्सियम दूध र दूधबाट बनेका चीज, हरियो पात भएका तरकारी, रसदार फल, हरियो केराउ, बदाम, तिल र सूर्यमुखीको बीउबाट प्राप्त गर्न सकिन्छ। 'स्वास्थ्य खबरपत्रिका' बाट

बसिबियाँलोको उत्तर



# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण (९)

यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ – 'भक्तपुर'

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| | वडा नं. १३ (हाल वडा नं. ३) | | | | | | | |
| २२९ | तालाको मठघर | इनार र चोक | बाटो | पसल र बाटो | कृष्ण प्रजापतिको घर | गुथिमा दर्ता भएको मठ त्यसमाथि मठ घर | दक्षिण मोहडा कवल ५, बीचमा बाटो भएको | वर्ष ३, २०४२ अंक १२ |
| २३० | तालाको | दबु | बाटो | गणेशको च्छेँ घर | बाटो | भजनीयाहरूको दत्तपाटी। त्यसमाथि गणेशको कौसी घर | दक्षिण मोहडा कवल ५, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २३१ | तालाको | बाटो | बाटो | जगतको घर | बाटो | सुवालहरुको दत्तपाटी। त्यसमाथि जगतको ४ तले घर | दक्षिण मोहडा कवल ३, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २३२ | घट्खाको पाटी | बाटो | वत्सला मन्दिर | पुष्पलालको पाताल | मूलसडक | पुष्पलालको दत्तपाटी। त्यसमाथि ३ तले घर नित्यनाथको | पूर्व मोहडा कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २३३ | घट्खाको पाटी | बाटो | हाडाहरूको चोक | साझा बाटो | बाटो | इश्वर दास, रमादेवी हाडा र राम दास समेतको निजी। त्यसमाथि ५ तले घरमा इश्वर दास, रमादेवी हाडा र रामदासहरू बसेको | पूर्व मोहडा कवल ३, दक्षिण १ त्यसमा बाटोसमेत भएको | वर्ष ३, २०४२ अंक १२ |
| २३४ | घट्खाको पाटी | विष्णुमायाको साझा सागाल | बाटो | बाटो | बाटो | सार्वजनिक। हाल जगसम्म भत्केको चिन्ह मात्र बाँकी भएको | दक्षिण मोहडा कवल ४ | वर्ष ३, २०४२ अंक १२ |
| २३५ | मुकोलाछेँ | सडक | गणेशलालको घर | भैरवको मन्दिर र इनार | पाटी | भजन गुथिको पाटी र त्यसमाथि ४ तले घरमा भजन बसिआएको | पूर्व मोहडा कवल ५ | वर्ष ३, २०४२ अंक १२ |
| २३६ | मुकोलाछेँ | बाटो | ईनार | पाटी | बाटो | सार्वजनिक पाटी | पूर्व मोहडा कवल ५, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २३७ | कोलाछेँ | बाटो | स्वंगमिखाको घर | बाटो | कृष्णबहादुरको घर | कृष्णबहादुरको निजी पाटी माथि ३ तले घर | पूर्व मोहडाको २ कवल | वर्ष ३, २०४२ अंक १२ |
| २३८ | कागथान्चा | बाटो | ढुंगेधारा | बाटो | सडक | सरकारी पाटी | ४ ठाउँमा १-१ कवले जम्मा ४ कवले | वर्ष ३, २०४२ अंक १२ |
| २३९ | कुलालको पसल अगाडि | बाटो | बाटो | बाटो | चैतन्यको घर | गणेशको पाटी, हाल धाप | उत्तर मोहडा ३ कवले, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २४० | सेल पसलको अगाडि | बाटो | भजनघर | मूलसडक | पुर्षोतमको घर | धल्चा गुथिको दत्तपाटी हाल ३ कवल पाटी बाँकी अरु पसल | पूर्व मोहडा ३ कवले, पूर्व पश्चिम ९ कवले | वर्ष ३, २०४२ अंक १२ |
| २४१ | मंगलाछेँ गल्ली | चोक | बाटो | रामप्रसादको घर | विस्वम्भरको घर | ५ कवल पाटी मध्ये २ कवल विश्वम्भरको र ३ कवल रामप्रसादको, माथि २ जनाको घर | पश्चिम मोहडा ५ कवल | वर्ष ३, २०४२ अंक १२ |
| २४२ | मंगलाछेँ गल्ली | बाटो | मरस्याको घर | कसैंको घर | बाटो | ४ जनाको दत्तपाटी हाल पेटीमात्र बाँकी | पूर्व मोहडा ३, कवल उत्तर दक्षिण १-१ | वर्ष ३, २०४२ अंक १२ |
| २४३ | ओरालाको अगाडि | बाटो | बाटो | ईनार | बाटो | सार्वजनिक पाटी | पश्चिम दक्षिण मोहडा ७ कवल | वर्ष ३, २०४२ अंक १२ |
| २४४ | तालाको ढुंगे धारा ईखालाछी | बाटो | बाटो | बाटो | ढुंगेधारा | ७ कवल पाटीमध्ये २ कवल पाटी, ५ कवल दलान पसल, गुथिमा दर्ता भएको | उत्तर मोहडा ७ कवल | वर्ष ३, २०४२ अंक १२ |
| २४५ | तालाको कलधाराको पाटी | बाटो | घत्व र दर्बना | धारा | गुथीघर | माथि विष्णुप्रसाद समेत बसेको | पूर्व मोहडा ३, उत्तर १ कवल | वर्ष ४, २०४३ अंक ९/१० |
| २४६ | नारांको घर तलको | बाटो | दर्बना धत्व | भांडो बनाउने ठाउँ घर | चक कत्व ईंटा छापेको | रामबहादुरको दत्तपाटी | पूर्व मोहडा ३ कवले, दक्षिण १ | वर्ष ४, २०४३ अंक ९/१० |
| २४७ | बाहाताल लायकु | बाटो | नारी विकास पुस्तकालय | बाटो | बाटो | सितलेश्वरी राजोपाध्यायको दत्त पाटी | पूर्व मोहडा ३ कवले, उत्तर दक्षिण १-१ | वर्ष ४, २०४३ अंक ९/१० |

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| | वडा नं. १६ (हाल वडा नं. ३) | | | | | | | |
| २७८ | तेखाचो | बाटो | रत्नकेशरी मूलको घर | मूल सडक | बाराहीको सत्तल | माथि बाराहीको सत्तलपाटी | पूर्व पश्चिम २-२ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २७९ | तेखाचो | बाटो | बाटो | बाटो | पोखरी | आफ्नै दत्तपाटी (?) | गजुर छाना भएको पाटी जस्तो पसल | वर्ष ५, २०४३ अंक ४ |
| २८० | तेखाचो | प्रेमबहादुरको घर | पोखरी जाने बाटो | मूल सडक | पोखरी | सार्वजनिक पाटी | उत्तर मोहडा ३ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २८१ | तेखाचो | श्रीपति लालको घर | बाटो | गंगाको घर | बाटो | सार्वजनिक पाटी | दक्षिण मोहडा ३ कवल, पश्चिम १ | वर्ष ५, २०४३ अंक ४ |
| २८२ | तेखाचो धकुफल्चा | बाटो | धनबहादुरको घर | किसलालको घर | बाटो | लतंकाजी मानन्धरसमेत ११ जनाको देबासी दत्तपाटी | पूर्व मोहडा ३ कवल, दक्षिण १ | वर्ष ५, २०४३ अंक ४ |
| २८३ | तेखाचो | बाटो | मंगलालको साझा घर | छत्रको घर | चोक | भजनपाटी, सानुसमेतको घर | दक्षिण मोहडा ५ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| २८४ | बाराही अगाडि | विश्वनाथको घर | विकुलालको घर | मूलबाटो | साझा चोक | बाराही पाटीमाथि फांजुको घर | उत्तर मोहडा ६ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २८५ | वंसको | तुल्सीको घर | बाटो | बाटो | गलेश्वरको घर | हाल फल्चामात्र बाँकी भएको, व्यासदेवको दत्त/अहिले जीत व्ययजूले पसल राखेको | उत्तर मोहडा ३ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २८६ | बिला मैल | काजीबहादुरको घर | मुनकुमारको घर | बाटो | चारजनाको घर | हर्षबहादुर नायभासमेत ४ जनाको दत्त पाटी माथि ऐसमेत २ जनाको घर | उत्तर मोहडा २ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २८७ | दनाको ठाउँको | बाटो | बाटो | बाटो | गणेशको मन्दिर | चन्द्रबहादुर अवालको दत्तपाटी | उत्तर मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २८८ | पीठ, बाराही नदीको | बाटो | बाटो | बाटो | बाराही नदी | बाराही नदीको ताहाफल्चा | दक्षिण मोहडा १७ कवल र पश्चिम, उत्तर र पूर्व १-१-१ | वर्ष ५, २०४३ अंक ४ |
| २८९ | बंगस पाटी | बाटो र इनार | चन्द्रमानको घर | बगैंचा | बाटो | पाटीमाथि कृष्ण मन्दिर भजन घर, गंगा महारानीले बनाएको पाटी | दक्षिण मोहडा ९ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| २९० | बंगस पाटी | चिभाल मन्दिर | प्रेमबहादुर घर | बाटो | कमीको ज्यासल र पोखरी | किसमान सरदारको दत्तपाटी | उत्तर मोहडा ५ कवलमा २ कवल पसल भएको | वर्ष ५, २०४३ अंक ४ |



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 33

Since that time Jang has uniformly set himself against satti; he cannot prohibit it, but he does everything to discourage it. In October 1852, when the “Barra Captain Sahib” (Jang’s most intimate and attached friend), who had been with him from infancy, and accompanied him to England) died of dropsy, Jang, by his efforts and persuasions, succeeded in preventing either of his widows from per- forming satti. He says, and probably truly, that when the common people get accustomed to see that men of rank die and their bodies are burnt without satti, they will, of their own accord, gradually give up such an inhuman and unreasonable practice. There is already a considerable diminution in the number of sattis; they do occasionally take place, but very rarely.

Jang has great faith in European surgical skill, and is; indeed, very fond of surgery, at which he often does a little himself. I remember his excising a small fatty tumour from a man’s neck very successfully; and in any cases of slight injuries among his followers he generally doctors them himself. He has a sort of laboratory in his garden where he prepares constantly a large quantity of a particular sort of medicine, in which he has great faith.* Its composition is a profound secret; he says it contains the precious metals, even diamonds and pearls. He con- siders it very valuable, and, I suspect, drives a profit- able trade by selling it in small quantities to his brethren and family and others when sick. As a compliment to him, and to please him, they will willingly take it, and pay well for it too, whatever faith they may have in its real efficacy.

*(* In medical cases, Jang says his own country doctors under- stand their treatment better than Europeans do. When he himself is indisposed he never consults me medically, but does invariably in everything surgical.)*

I have seen it applied in some cases, where certainly it did no harm, though I do not think it did much good. I remember a couple of sepoys getting a good deal mauled about the face, neck, and arms by a bear whom Jang was in pursuit of, and they came to the rescue. The wounds were not serious, though very painful, skin-deep. Jang said, as they were slight, he could cure them with his own medicine.

I have often found it exceedingly convenient to be able to borrow some of his instruments when our hospital was deficient in them.

Jang has great faith in vaccination, and has had all his children, most of his brothers’, and those of the royal family vaccinated. I received five hundred rupees for vaccinating his eldest boy in L850, when he was in England.

In 1851, shortly after the detection of the conspiracy against him and the removal to Allahabad of the State prisoners, he took me to the house of the “Mihla” Sahib (the King’s brother, and one of the prisoners) to vaccinate his little girl, the King’s niece. As Jang was suspicious that there might be some treachery against him in this the house of his enemy, he took a brace of Purdey’s pistols, loaded, with him, concealed in his dress, and a talwar under a loose robe, which he wrapped round him. When the child was brought in, Jang had our chairs brought to the table, and rather surprised me by drawing out his pistols, putting them on full cock and laying one down on the table before me, another before himself. He did not say a word, but gave me a look which I under- stood fully. It was the first time I ever vaccinated a patient and a princess too, under protection of a cocked pistol. When it was over, putting the pistols in his belt, and wrapping his robe round him, he retired for a few minutes into the private apartments of the child’s mother, just to pay his respects.

Fortunately, nothing untoward occurred to him; and we left the house without having any "scene." I received two hundred rupees as a fee. Jang occasionally amused himself by vaccinating patients, but rarely succeeded with them.

In August 1854 Jang asked me to prescribe for one of his wives, daughter of the ex-Raja of Coorg, who was very ill. I declined doing so, unless I saw the patient. He then allowed me to see her. Her apartments are low, narrow, passage rooms, and she was lying on a mattress-bed on the floor, with a slave-girl using a hand-punkha over her. Her hair was unconfined and loose over her shoulders.

On the second visit I opened a large abscess on her right side, much to Jang's delight and the astonishment of his own two native doctors, who were present. On her being a little faint, I told them to give her a little water ; while she drank it, I had to stand up in the sill of an open window, looking into the Court, so that my feet might not touch the drugget, or any part of the furniture directly or indirectly connected with her bed, although two minutes before there was no objection to my feeling her pulse, &c. &c, examining and lancing her side — a regular case of swallowing the camel and straining at the gnat.

This, however, is a common practice even among themselves; when a lady is sitting on a couch or a sofa, any male relations who may be admitted to see her and talk to her, must keep at such a distance that they do not touch the carpet on which her seat is placed; of course they may not sit on the same couch. The elder brother, as a general rule, is not allowed to see the faces of his younger brothers' wives; but the younger brothers may see the faces of the wives of all those brothers who are older than themselves. Before an elder brother, the wife of his junior, if in the room, keeps her face veiled as a mark of respect. This rule is pretty strictly observed among people of rank and position.

**(To be continued)**

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७५ पुस महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्यास्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २४० | ९० | ४७ | १० | ११ | २६ | १३ | १२ | ८ | ५ | ० | ० | ० | ० | २ | १ | ३ | १ | ७ | १ |
| २ | रजनी सुवाल जरेजू | २७९ | ७७ | ३३ | २० | ३ | १५ | ३ | ० | २ | ३ | ० | ० | ० | २ | ० | ० | ० | ० | १ | १ |
| ३ | अनु गोसाई | २९८ | ११६ | ४१ | २९ | ५९ | ४९ | ६ | २१ | ३६ | ३ | २ | ० | ३ | ० | ४ | ९ | ८ | २ | ८ | २ |
| ४ | विमला कुम्पाख | ५६० | ११५ | ४४ | १९ | ८ | १२ | ३ | ११ | ९ | २ | ० | १ | १ | ० | ३ | २ | २ | ० | ७ | ३ |
| ५ | मन्जु छुकां | ४४९ | ९० | २७ | १२ | २ | १ | ३ | ५ | ५ | १ | ० | ० | ० | ० | ० | ० | ७ | ० | ३ | १ |
| ६ | सृजना बोहजू | २७५ | ५१ | १८ | १३ | १३ | ५ | ० | ३ | ६ | ६ | ४ | १ | ० | १ | ५ | ० | ० | ५ | ७ | ४ |
| ७ | सुमित्रा राजचल | २६३ | ५३ | १६ | १३ | ९ | १२ | ३ | ४ | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३६ | ४ |
| ८ | सरिता गोसाई | १०० | ३६ | ९ | ४ | ४ | १ | ३ | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ४ | ३ |
| ९ | सविना दुवाल | २ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ |
| १० | मोनिका पही | २६५ | ६० | २७ | १० | १२ | ६ | १० | ० | ५ | ३ | १ | ० | ० | ० | ० | ० | ० | ० | ५ | ६ |

संकलन - कमल केशरी राजचल

# नेपालको संविधान २०७२ (४०)

भाग – ३०

## संकटकालीन अधिकार

**२७३. संकटकालीन व्यवस्था :** (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विश्रृंखलता, प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष यस धारा बमोजिम प्रदेश वा प्रदेशको कुनै भागमा संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्नेछ।

(३) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश त्यस्तो घोषणा वा आदेश भएको मितिले एक महीनाभित्र अनुमोदनका लागि संघीय संसदका दुवै सदनमा पेश गरिनेछ।

(४) उपधारा (३) बमोजिम अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले अनुमोदन गरेमा त्यस्तो घोषणा वा आदेश भएको मितिले तीन महीनासम्म कायम रहनेछ।

(५) उपधारा (३) बमोजिम अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश उपधारा (४) बमोजिम अनुमोदन नभएमा स्वतः निष्क्रिय हुनेछ।

(६) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (१) बमोजिमको अवस्था अझै विद्यमान छ भनी उपधारा (४) बमोजिमको अवधि समाप्त नहुँदै अर्को एक पटक तीन महीनामा नबढाई संकटकालीन घोषणा वा आदेशको अवधि थप गर्ने प्रस्ताव संघीय संसदमा पेश गर्न सकिनेछ।

(७) उपधारा (६) बमोजिमको प्रस्ताव संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले पारित भएमा त्यस्तो प्रस्तावमा उल्लिखित अवधि सम्मका लागि संकटकालीन अवस्थाको घोषणा वा आदेश कायम रहनेछ।

(८) प्रतिनिधि सभा विघटन भएको अवस्थामा उपधारा (३), (४), (६) र (७) बमोजिम संघीय संसदले प्रयोग गर्ने अधिकार राष्ट्रिय सभाले प्रयोग गर्नेछ।

(९) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्नेछ। त्यसरी जारी भएको आदेश संकटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुनेछ।

(१०) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग-३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ।

तर धारा १६, धारा १७ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा १८, धारा १९ को उपधारा (२), धारा २०, २१, २२, २४, धारा २६ को उपधारा (१), २९, ३०, ३१, ३२, ३५, ३६ को उपधारा (१) र (२), ३८, ३९, ४० को उपधारा (२) र (३), ४१, ४२, ४३, ४५ र धारा ४६ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन।

(११) उपधारा (१०) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन।

(१२) यस धारा बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने पीडितले त्यस्तो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महीनाभित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दाबी गर्न सक्नेछ। त्यस्तो दाबी परेमा अदालतले संघीय कानून बमोजिम क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ।

(१३) यस धारा बमोजिमको घोषणा वा आदेश राष्ट्रपतिले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(क्रमशः)

# आ.व. २०७५/७६ पौष महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३७० | २४१ | २८२ | २५४ | १९० | ४४७ | ३३८ | २३० | ३५६ | ३१९ | २२५ | ३०३ | ३४८ | ४५७ | ३३६ |
| ■ सार्क तथा चिनियाँ | ३१३ | २२८ | ३२६ | ३५७ | १९७ | ४५० | ३८७ | २९६ | ५४८ | ४४० | ४७४ | ४८३ | ४३४ | ७९२ | ४५२ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३७२ | २३० | ४८६ | ४२० | ४८४ | ३४० | २९३ | २७२ | १५३ | १९५ | २११ | १६२ | २८८ | १४० | ११९ |
| ■ सार्क तथा चिनियाँ | ५०४ | ४८७ | ३०८ | ३११ | २२४ | २९० | २८३ | २४२ | २०१ | १५९ | १७४ | १७६ | १६१ | १२८ | १४० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ पौष | ८,८६१ | ९,९६५ | १८,८२६ |
| २०७४ पौष | ७,६३६ | ८,७७२ | १६,४०८ |
| प्रगति | १,२२५ (१६.०६%) | १,१९३ (१३.६०%) | २,४१८ (१४.७४%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# देश संघीयतामा जानु के गल्ती थियो ?

गणतान्त्रिक नेपालको संविधानले स्थानीय तहलाई स्थानीय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको क्षेत्रसहित अधिकार सम्पन्न बनाएको छ । त्यसैले 'सिंहदरबार गाउँमा' भन्ने नारा लाई हर्ष र गर्वका साथ भट्याएको पनि प्रशस्तै सुनिन्छ । तर व्यवहारमा त्यो नारा थेगोमा सीमित भएको अनुभव जनप्रतिनिधिहरूले गरिरहेका छन् भने राजनीतिशास्त्रीहरूले सिंहदरबार सिंहदरबारको पर्खाल नाघेर आउन नसकेको विश्लेषण गरिरहेका छन् ।

देश संविधानअनुसार संघीय सरचनामा गइसकेको छ तर संघीयता अनुरूपको बन्दोवस्त अझै व्यवहारमा आउन सकेको छैन । यसको पछाडि कतै संघीयताको अर्थ र मर्म नै नबुझी संघीयतालाई आत्मसाथ गरेको कारणले त होइन ? त्यसो भन्न पनि संविधान निर्माणको क्रममा संघीय बन्दोवस्तको अध्ययन गर्न संविधान सभाका सदस्यहरूले थुप्रै देशको अध्ययन भ्रमण गरेका थिए । त्यो भ्रमणको उपलब्धि संविधानमा संघीयता समावेश मै सीमित हुन पुगेको छ, व्यवहारमा उतार्न सकिएको देखिएन ।

संघीयताले अधिकार र कर्तव्यलाई केन्द्र, प्रदेश र स्थानीयतहमा विकेन्द्रित गर्छ । यस्तै भनिएको र हुनुपर्ने हो । तर व्यवहारमा केन्द्र सरकारको मानसिकतामा परिवर्तन आउन सकेको छैन । त्यसैले संघीयता अनुरूपका अधिकार प्रत्यायोजनको लागि केन्द्र सरकारसँग प्रदेश सरकार र स्थानीय सरकारले माग गरिरहेका छन् । यसस्थितिले केन्द्रमा बस्नेहरूले संघीयतालाई केवल भाषणको विषयवस्तुमात्र बनाएको दृष्टिगोचर भइरहेको छ । कुरा संघीय गणतान्त्रिक संविधानको गर्ने व्यवहार भने पुरानै संविधानअनुसार गरिरहेको स्थितिमा संघीयता 'हाँसको चाल न कुखुराको चाल' भएको छ ।

प्रदेश र स्थानीयतहलाई अधिकार सम्पन्न भन्ने तर अधिकार जति आफुमै केन्द्रित गरेर संघीयताको औचित्य र सार्थकता कसरी सावित गर्न सकिन्छ ? स्थिति कहाँसम्म देखिएको छ भने स्थानीयतहलाई प्रत्यायोजन गरिसकेको अधिकारसमेत खोस्ने काम भएको छ । केन्द्रको यो चाला अपरिपक्वताको परिचय हो कि संघीयता विरोधी चरित्र ? यसरी स्थानीय तहलाई कुण्ठित पार्ने काममा केन्द्र सरकारमात्र होइन, प्रदेश सरकार पनि पानीमाथिको ओभानो देखिएको छ । यदि स्थानीय सरकार संविधानले दिएको अधिकार अनुरूप काम गर्न सक्दैन भन्ने केन्द्र र प्रदेशलाई लागछ भने देश संघीयतामा जानु के गल्ती थियो ?




भक्तपुर नगरपालिकाको चौथो नगरसभाको समुद्घाटन कार्यक्रममा मञ्चासीन प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित) (माथि), समुद्घाटन कार्यक्रममा उपस्थित अतिथिहरू (तल)



जिल्ला कार्यालय दर्ता नं. १८/०५८/०६० Bhaktapur Monthly भक्तपुर जिल्ला हुलाक कार्यालय दर्ता नं. १/०६१/०६२

# निरंकुश जहानियाँ शासनविरुद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !



शुक्रराज शास्त्री



धर्मभक्त माथेमा



दशरथ चन्द



गंगालाल श्रेष्ठ

## भक्तपुर नगरपालिका परिवार